# शिक्षा २०८१

# Siksha 2024

## वार्षिक शैक्षिक पत्रिका

## Annual Educational Journal

वर्ष ४०, सङ्ख्या ५४

**प्रधान सम्पादक**

इमनारायण श्रेष्ठ

**Chief Editor**

Ima Narayan Shrestha

**सम्पादकहरू**

वासुदेव वस्ती

श्रीहरि श्रेष्ठ

चिनाकुमारी निरौला

**Editors**

Basu Dev Osti

Shree Hari Shrestha

China Kumari Niraula

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

Government of Nepal

Ministry of Education, Science and Technology

**Curriculum Development Center**

Sanothimi, Bhaktapur

**प्रकाशक**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

ISSN : 2505-0842

प्रकाशन वर्ष : २०८१, असार

सङ्ख्या : १०००

©सर्वाधिकार : प्रकाशकमा

Notice Board : 1618016630797

यस पत्रिकामा समाविष्ट लेख रचना पूर्णत: लेखकहरूका निजी विचार हुन् । यिनले पाठ्यक्रम विकास केन्द्रको आधिकारिक प्रतिनिधित्व गर्दैनन् ।

**आवरण पृष्ठ तथा लेआउट डिजाइन**

निर्मला भण्डारी पोखरेल

मुद्रण :

# सम्पादकीय

पाठ्यक्रम सिकाइ प्रक्रियाको केन्द्र हो भने पाठ्यपुस्तक, स्रोतसामग्री, सन्दर्भ सामग्री जस्ता अन्य पाठ्यसामग्री पाठ्यक्रम कार्यान्वयनकालागि परिधीय सामग्री हुन् । पाठ्यक्रमको कार्यान्वयनलाई प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउने र सिकाइको रूपान्तरणलाई सहजीकरण गर्ने उद्देश्यले यस केन्द्रले लगभग चार दशकदेखि शिक्षा पत्रिकाको प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । पाठ्यक्रमलाई केन्द्रमा राखेर सैद्धान्तिक अवधारणा, व्यावहारिक अभ्यास र विद्वान्का विचारलाई प्राथमिकता दिइने यस पत्रिकामा पाठ्यक्रम विकास, कार्यान्वयन, मूल्याङ्कन, शिक्षण योजना निर्माण तथा सुधारलगायत विकसित सामग्रीको प्रबोधीकरणसम्बद्ध विषयक्षेत्र समेटिन्छन् । शिक्षामा परिवर्तन पाठ्यक्रमबाट र व्यक्तिमा परिवर्तन शिक्षाबाट हुन्छ भन्ने गूढार्थलाई स्वीकार्दै समाजले सिकाइमा अपेक्षा गर्ने र व्यावहारिक जीवनमा अपेक्षित शिक्षासम्बद्ध विषयवस्तुलाई सरोकारवालासमक्ष पुऱ्याउनु यसको लक्ष्य रहेको छ । मूलतः इच्छित पाठ्यक्रम, कार्यान्वयनमा रहेको पाठ्यक्रम र प्राप्त पाठ्यक्रमसम्बद्ध विषय क्षेत्रलाई समेटी शिक्षापत्रिकाको यस अङ्कको संरचना तय गरिएको छ ।

शिक्षा पत्रिकाको यस अङ्कमा अबको उच्च शिक्षा, सङ्घीयतामा शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्स र भावी मार्गचित्र, पुस्तक समीक्षा, गुरुकुल शिक्षा र मूल्याङ्कन पद्धति, स्थानीय तहमा शिक्षा प्रशासनको औचित्य, सामुदायिक शिक्षा सबलीकरणका आयाम र अध्याय, कर्मचारी तालिम,अनिवार्य शिक्षासम्बन्धी केही दृष्टिकोण, विद्यालय सुशासन, सिकाइमा सूचना प्रविधिको प्रयोग, परियोजनापरक सिकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, सक्षमतामा आधारित पाठ्यक्रम र प्रयोग, विविधता भएका सिकारुको सिकाइ, विकेन्द्रीकरण जस्ता विविध पक्ष समावेश गरिएको छ । सिकाइ स्थूल र सामान्य प्रक्रियाबाट सुरु भई विशिष्टता र सूक्ष्मतातर्फ जाने सैद्धान्तिक प्रारूपभित्र शिक्षा, सिकाइ, सहजीकरण र दायित्व पक्षको बोध र प्रतिबिम्बनलाई प्रवाह गर्ने प्रयासलाई लेखकको वैचारिकताका रूपमा प्रस्तुत गरिएको छ । लेखकको स्वतन्त्र विचारलाई सामान्य सम्पादन गरी प्रस्तुत यस अङ्कका लेख रचनाले पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा वैचारिक मन्थन गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यस पत्रिकामा समावेश गरिएका लेख रचनाको रखाइ क्रम रचनाकारको नामको वर्णानुक्रमअनुसार राखिएको छ ।

लेखकका विचार अमूल्य र अग्रगामी हुन्छन् र तिनले पाठकका मस्तिष्कमा ऊर्जा पैदा गर्छन् । यसमा आफ्ना लेख रचना दिनुहुने सम्पूर्ण महानुभावप्रति कृतज्ञता प्रकट गर्दै प्रकाशनका क्रममा आवश्यक सहयोग पुऱ्याउनु हुने सबै प्रति आभार प्रकट गर्दछौँ । यसमा समावेश लेखहरू पढी रचनात्मक सुभाव दिनुहुन पाठकहरूलाई अनुरोध गर्दै दूरगामी, रचनात्मक र तथ्यपरक सुझावका आधारमा आगामी अङ्कहरूलाई अझ परिष्कृत बनाउन पाठ्यक्रम विकास केन्द्र पाठकवर्गमा सान्दर्भिक प्रतिक्रियाको अपेक्षा गर्दछ ।

वि.सं. २०८१, असार

पाठ्यक्रम विकास केन्द्र,
सानोठिमी, भक्तपुर

# विषयसुची


| क्र.स. | लेख शीर्षक | ✍लेखक | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १. | गुरुकुल शिक्षा पद्धति र विद्यार्थीको सिकाइ मूल्याङ्कन | ✍अणप्रसाद न्यौपाने | १ |
| २. | स्थानीय तहमा शिक्षा प्रशासनको औचित्य, चुनौती र समस्या तथा समाधनाका उपाय | ✍अनन्तकुमार पौड्याल | ११ |
| ३. | एकीकृत पाठ्यक्रम र शिक्षण सिकाइ | ✍आनन्द पौडेल, पिएचडी | २८ |
| ४. | डोरबहादुर विष्टको 'भाग्यवाद र विकासः पुस्तकको समीक्षा | ✍खगराज बराल, पिएचडी | ३९ |
| ५. | कर्मचारी तालिमको आवश्यकता | ✍गणेशप्रसाद भट्टराई, पिएचडी | ४९ |
| ६. | नेपालमा महिला उद्यमशिलताको विकासमा स्टार्टअपको महत्त्व तथा आवश्यकता | ✍गम्भीरबहादुर हाडा | ५८ |
| ७. | अनिवार्य शिक्षासम्बन्धी केही दृष्टिकोण | ✍जयराम अधिकारी | ७२ |
| ८. | नेपालमा विद्यालय सुशासन | ✍डुकेन्द्र घिमिरे | ८६ |
| ९. | शिक्षण सिकाइमा सूचना प्रविधि प्रयोगको अपरिहार्यता | ✍बाबुकाजी कार्की | ९५ |
| १०. | सक्षमतामा आधारित पाठ्यक्रम र यसको प्रयोग | ✍युवराज अधिकारी | १०४ |
| ११. | अपेक्षित उच्च शिक्षा | ✍प्रा. विद्यानाथ कोइराला, पिएचडी | ११५ |
| १२. | कार्यसम्पादनमा आधारित शिक्षक बढुवाका विविध आयामहरू | ✍सरस्वती गुरागाई | १२२ |
| १३. | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका नमुना | ✍श्रीप्रसाद भट्टराई | १३५ |
| १४. | सङ्घीयतामा शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्स र भावी मार्गचित्र | ✍हरिप्रसाद लम्साल, पिएचडी | १४५ |

| | | | |
|---|---|---|---|
| १५. | Practicing Project-Based Learning (PBL) in School | ✍Babu Ram Dhungana, PhD | १५७ |
| १६. | Differentiated Instruction: Tailoring Learning for Diverse Learners | ✍Basanta Raj Dhakal | १६७ |
| १७. | Tactical Curriculum Implementation for Educational Excellence in the Contemporary Learning Landscape | ✍Deepak Thapa | १७७ |
| १८. | Exploring Culturally Sensitive Pedagogy in a Public School in Nepal | ✍Milan Acharya | १८९ |
| १९. | The Importance of Proper Citation: A Guide for Academic Integrity | ✍Raj Kishor Prasad Yadav | २०० |
| २०. | Role of Decentralized Renewable Energy for Social Transformation in Nepal | ✍Rana Bahadur Thapa, PhD | २०८ |

# गुरुकुल शिक्षा पद्धति र विद्यार्थीको सिकाइ मूल्याङ्कन

✍अणप्रसाद न्यौपाने*


**लेखसार**

*वैदिक शिक्षा प्रचलनमा रहेका हरेक गुरुकुलका आआफ्ना विशेषताहरू थिए । विशेष अध्ययनमार्फत सांसारिक बन्धनबाट मुक्त हुने ज्ञान आर्जन हुन सक्छ भन्ने मान्यताअनुसार सिप विकास गरी मोक्षतर्फ डोऱ्याउने खालको शिक्षा गुरुकुलमा प्रदान गरिन्थ्यो । परम्परागत गुरुकुलहरूमा विद्यार्थी मूल्याङ्कन गुरुकै तजबिजमा हुन्थ्यो । गुरुले नै मूल्याङ्कन गरी स्नातकहरूलाई दीक्षान्त समारोहमा सरिक गराउँथे । नेपालका गुरुकुलहरूले गुरुकुलीय परम्पराअनुसार सञ्चालित संस्थाहरू क्रमश: औपचारिक विद्यालयका रूपमा मूलप्रवाहीकरण भएपछि सरकारले निर्धारण गरेको मानकअनुसार विद्यार्थीको सिकाइ मूल्याङ्कन र परम्परागत गुरुकुलीन अभ्याससमेत सँगै गर्दै आएका छन् तापनि उक्त पद्धति चुनौतीरहित भने छैन ।*


## १. गुरुकुल शिक्षाको परिचय

गुरुकुलको शब्दिक अर्थ गुरुको वंश, गुरुखलक वा गुरु घराना हो । यो एउटा शिक्षा पद्धति पनि हो । यसले विद्यार्थी लाई भोजन र आवासको नि:शुल्क व्यवस्था गरी पठनपाठन आदि गराउने आश्रम, गुरुको सेवाशुश्रुषा गरी विद्या आर्जन तथा अध्ययन गरिने प्राचीन पद्धतिको विद्याकेन्द्र (बृहत् नेपाली शब्दकोष, २०४०) भन्ने बुझिन्छ । त्यसैले यो आधुनिक आवासीय विद्यालय जस्तै हो (सिंह र मिश्र, ई.सं. २०१९) जहाँ शिक्षार्थीहरू आवासीय रूपमा बस्छन् र सिकाइ पूरा गरेपछि समावर्तन (दीक्षान्त) मा सहभागी हुन्छन् । पौराणिक कालमा ऋषिमहर्षिको आश्रमलाई गुरुकुल भनिन्थ्यो । यस्ता आश्रमहरूमा बृहस्पति, शुक्राचार्य (उशना), परशुराम, धौम्य, द्रोण, सान्दीपनि, वशिष्ठ, विश्वामित्र, वाल्मीकि, भारद्वाज, दुर्वासा, कपिल, कण्व, जमदग्नि, अत्रि, गौतम, वामदेव, वेद, शौनक, अगस्त्य, कश्यप, राजर्षि जनक (बराल, २०७७) का आश्रमहरू उल्लेखनीय थिए ।

हिन्दु संस्कृतिमा चार पुरुषार्थ, चार वर्ण र चार आश्रमको मान्यता छ । आफ्नो उद्देश्य प्राप्तिमा यिनीहरू एकअर्कासँग अन्योन्याश्रित छन् । गुरुकुलले यिनै मान्यतासँग सम्बन्ध राख्छ । यसमा विशेषगरी गुरुले मानस तथा बौद्धिक संस्कारबाट पूर्ण गराउन शास्त्र तथा उपयोगी विधाद्वारा शिक्षा प्रदान गरिन्थ्यो (श्रीवास्तव, ई.सं. २००२) । गुरुकुलले सांसारिक उन्नति र मोक्ष प्राप्तिसँग प्रत्यक्ष सम्बन्ध राख्छ । यसको प्राप्ति हेतु ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास आश्रमको विधान (विष्ट, ई.सं. २००५) हो ।

गुरुकुल शिक्षा वैदिक सनातनी परम्परामा आधारित शिक्षा हो । वैदिक दर्शनका सैद्धान्तिक मान्यता गुरुकुल शिक्षाका पनि मान्यता हुन् (बराल, २०७७) । त्यसैले गुरुकुलमा हिन्दु दर्शनमा आधारित शिक्षा प्रदान गरिन्छ । हिन्दु दर्शनका मुख्य चार विषय वेद, वेदाङ्ग, उपाङ्ग र उपवेदको अध्ययन

*सहसचिव, केन्द्रीय आयोजना कार्यान्वयन एकाइ

अध्यापन हुन्छ (भट्टराई, २०७८) । यहाँ वेदअन्तर्गत ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद पर्दछन् भने वेदाङ्गअन्तर्गत शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिष विषयहरू पर्दछन् । उपाङ्गअन्तर्गत पुराण, न्याय, मीमांसा र धर्मशास्त्रको अध्ययन हुन्छ भने उपवेदअन्तर्गत आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्यवेदको अध्ययन हुन्छ (सेरिड, ई.सं. २००७) । यसका साथै साहित्य, दर्शन, ज्योतिष, व्याकरण, तर्कशास्त्र, नक्षत्र विज्ञान, गणित, शस्त्र विद्या, चिकित्सा शास्त्र, कलाकौशललगायतका विषयहरू (सक्सेना, ई.सं. २०२१) अध्यापन हुन्छन् । वैदिक कालदेखि अहिलेसम्म यो परम्परा गुरुशिष्य परम्पराका रूपमा चलिआएको छ ।

यहाँ गुरुकुल शिक्षा र यस पद्धतिमा विद्यार्थीको सिकाइ मूल्याङ्कनको इतिहास, विद्यार्थीको सिकाइ मूल्याङ्कनका पक्षहरू, यसका चुनौती र चुनौती सामना गर्ने उपायहरूका बारेमा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

## २. गुरुकुल शिक्षाको इतिहास

गुरुकुल शिक्षा पद्धति निकै पुरानो शिक्षा पद्धति हो । यस शिक्षा पद्धतिको इतिहास प्राचीन कालभन्दा पहिलाको वैदिक तथा पौराणिक काल हो । पूर्वीय वैदिक सनातन परम्परामा गुरुशिष्य परम्परासम्बन्धी चर्चा वैदिक, पौराणिक तथा आर्ष ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ (बराल, २०७७) । हिन्दु धर्म र सोसँग सम्बन्धित शिक्षा वैदिक कालीन शिक्षा पद्धतिलाई पछ्याउँदै उत्तरवैदिक काल सुरु भएको हो । विशेषतः श्रुति परम्परामा अडिएको वैदिककालीन शिक्षाको समयपछि पौराणिक कालमा समेत मौखिक रूपमा यो शिक्षा पद्धति हुर्कदै गयो । पौराणिक कालका गुरुकुलहरूमा गणित, ज्योतिष, खगोल, भूगोल जस्ता विषयलगायत आध्यात्म विज्ञान, पदार्थ विज्ञानका साथै चौसट्ठी कलाको शिक्षा दिइन्थ्यो (बराल, २०७७ ) ।

नेपालमा गुरुकुलको विकासक्रमलाई खोजी गर्दै जाने हो भने उत्तरवैदिक कालसम्म पुग्न सकिन्छ (दहाल, ई.सं. २००९) । नेपालमा शिक्षाको सुरुआत समेत गुरुकुलबाटै भएको हो । वैदिक शिक्षामा गुरुकुल, ऋषिकुल, देवकुल तथा पितृकुल प्रणाली प्रचलनमा थिए । प्रत्येक गुरुकुलका आआफ्ना विशेषता थिए । कुनै गुरुकुल वैदिक ज्ञानका लागि, कुनै गुरुकुल धनुर्विद्याका लागि, कुनै गुरुकुल शस्त्र अस्त्रका लागि, कुनै गुरुकुल ज्योषितका लागि, कुनै गुरुकुल गणित एवम् खगोल विज्ञानका लागि प्रसिद्ध थिए (बराल, २०७७) । शिष्य जुन खालको शिक्षा आर्जन गर्ने हो सोहीअनुसारको गुरुकुलमा जानुपर्थ्यो ।

नेपालमा प्राचीन कालदेखि नै विभिन्न माध्यमबाट अनौपचारिक रूपमा शिक्षा लिने र दिने प्रचलन रहेको पाइन्छ । गोपालदेखि लिच्छविकाललाई नेपालको इतिहासमा प्राचीन काल भन्ने अर्थमा नेपालको इतिहासको सुरुदेखि लिच्छविकालसम्मलाई गुरुकुल शिक्षाको पनि प्राचीनकाल मान्न सकिन्छ (बराल, २०७७) । गुरुकुल शिक्षा र बौद्ध शिक्षा प्राचीनकालीन नेपालका प्रमुख शिक्षाका उदाहरण हुन् (भट्टराई, २०७८) । त्यस वेला मठमन्दिर, गुम्बा, विहार, गुरुको आश्रम, चौतारा, पाटी पौवा आदि शिक्षा लिने दिने केन्द्रका रूपमा थिए तर ती केन्द्रहरू वैज्ञानिक नीति नियम, कानुनका आधारमा सुसञ्चालन नभई गुरुको आज्ञा र निर्देशनअनुसार सञ्चालित थिए (शर्मा, २०६८) । नेपालमा अङ्ग्रेजी शिक्षा पद्धतिको जग नबसुन्जेल गुरुकुल शिक्षा पद्धति नै प्रमुख रूपमा चलनचल्तीमा रह्यो (शर्मा, २०५७ ) । विदेह (मिथिला) राज्य शैक्षिक उन्नयनमा उत्कृष्ट थियो ।

विन याज्ञवल्क्य राजा जनकका सल्लाहकार समेत थिए । मानवता, प्रेम, अहिंसा, त्याग, समर्पण र सत्यको खोजबाट मोक्ष प्राप्तिमा आधारित शिक्षा नै त्यो वेलाको शिक्षाको गन्तव्य थियो । १८८५ सालमा याक्यवल्क्यको आश्रममा कर्मकाण्ड पाठशालाको थालनी भएको थियो (अधिकारी, २०७८) ।

नेपालको पहिलो गुरुकुलका रूपमा मटिहानी गुरुकुललाई (शर्मा, २०६८) मानिन्छ । उक्त गुरुकुलका विद्यार्थीले सिक्ने र गुरुहरूबाट सिकाउने शैली उत्तरवैदिक कालबाट क्रमशः हस्तान्तरित हुँदै आएको थियो । संवत् १७५१ मा रामलाल दास (तस्मैया बाबा) मठाधीश रहेको र १७७५ मा मटिहानी पाठशाला स्थापना भएको (अधिकारी, २०७८) देखिन्छ । यहाँ बालागुरु षडाननले समेत अध्ययन गरेको र पछि बनारसबाट आचार्यसम्मको औपचारिक शिक्षा प्राप्त गरेका थिए (अधिकारी, २०७८) । उनले नै भोजपुरको दिङ्लामा १९३२ सालमा संस्कृत पाठशाला स्थापना गरेका थिए । यससँगै कास्की, पर्वत, देवघाट, पाल्पा, तौलिहवा, जनकपुर, दाङ, स्वर्गद्वारी, गुल्मी, दुम्जालगायतका स्थानहरूमा गुरुकुलहरू स्थापना हुँदै गए ।

कालक्रमिक रूपमा हेर्दा मल्लकालको प्रारम्भदेखि वि.सं. १९१० सम्मको अवधिलाई गुरुकुल शिक्षापद्धतिको माध्यमिक काल भन्न सकिन्छ (बराल, २०७७) भने आधुनिक काल वि.सं. १९१० पछि सुरु भएको मान्न सकिन्छ । नेपालको औपचारिक संस्कृत पाठशाला जङ्गबहादुर राणाकै समयमा चार जना गुरु र ६७ जना संस्कृतका विद्यार्थीहरू भएको नारायणहिटी पाठशाला संवत् १९२७ मा चलिरहेको थियो (बराल, २०७७) । यसबाट संवत् १९२७ भन्दा अगाडिदेखि नै संस्कृत पाठशाला स्थापना भएको अनुमान गर्न सकिन्छ । यस जानकारीबाट नारायणहिटी पाठशाला नै नेपालको जेठो संस्कृत पाठशाला मान्नुपर्ने देखिन्छ (शर्मा, २०६८) ।

जङ्गबहादुर प्रधानमन्त्री छँदा उनका साहिँला छोरा जनरल जीतजङ्गले आर्यघाटदेखि दक्षिण राजराजेश्वरी घाटमा संस्कृतको पठनपाठन र कर्मकाण्ड गराउन केही ब्राह्मण बटुक जम्मा गरी संवत् १९३१ साल (ई.सं. १८७४) मा आफ्नो निजी खर्चमा संस्कृत पाठशाला सुरु गरी त्यहाँ पढाउन पण्डित विष्णुहरि शर्मालाई नियुक्ति गरेका थिए (शर्मा, २०६८) । संवत् १९३४ मा रानीपोखरीमा पाठशालाको स्थापना भएको हो । यसपछि नेपालमा एकातिर संस्कृत पाठशालाका रूपमा स्थापना हुँदै जाने र औपचारिक रूपमा विद्यालय सञ्चालन हुने क्रम विकसित हुँदै जान थाल्यो भने अर्कातिर परम्परागत गुरुकुलहरू समेत सञ्चालन हुँदै आउन थाले । सञ्चालनका हिसाबले हेर्दा नेपालका कतिपय ठाउँमा औपचारिक विद्यालयका रूपमा स्थापित पाठशाला राज्यकोषबाट खर्च बेहोरिने गरी सञ्चालनमा थिए भने कतिपय ठाउँमा भारतको वनारस, प्रयाग, वृन्दावन, हरिद्वारलगायतका विभिन्न स्थानमा गई अध्ययन गरी आएका संस्कृतका विद्वान्हरूले स्वप्रयासमा संस्कृत पाठशाला र गुरुकुल स्थापना तथा सञ्चालन गरेका (बराल, २०७७) देखिन्छन् ।

समयक्रमसँगै संस्कृत शिक्षाप्रति प्रहार हुन थालेपछि गुरुकुल शिक्षासमेत सङ्कुचन हुन गयो । एकाध चलेका यस्ता गुरुकुलहरू २०६१ सालपछि औपचारिक विद्यालयका रूपमा मूलप्रवाहीकरण गर्ने सरकारको नीतिअनुरूप मूलप्रवाहमा आउन थाले (सेरिड, ई.सं. २००७) । यसअगि गुरुकुलीय परम्पराअनुसार सञ्चालित यी संस्थाहरू क्रमशः औपचारिक विद्यालयका रूपमा परिवर्तन भएपछि सरकारले निर्धारण गरेको मानकअनुसार मूल्याङ्कन पनि गर्ने र परम्परागत रूपमा आवासीय गुरुकुलीन अभ्यास पनि गर्दै आएका छन् । नेपालमा हाल १४३ ओटा गुरुकुलका तह (शिक्षा तथा मानवस्रोत विकास केन्द्र, २०८०) मूल प्रवाहीकरण भई सञ्चालनमा रहेका छन् ।

## ३. गुरुकुलमा विद्यार्थीको सिकाइ मूल्याङ्कनका पक्षहरू

गुरुकुल पद्धतिमा विद्यार्थीको सिकाइ मूल्याङ्कनका पक्षहरूलाई मूल प्रवाहीकरण नभएका गुरुकुल र मूलप्रवाहीकरण भएका गुरुकुलका रूपमा फरक फरक तरिकाबाट हेर्नुपर्ने हुन्छ । मूलप्रवाहीकरण भएका गुरुकुलहरूमा विद्यार्थीको सिकाइ मूल्याङ्कन पाठ्यक्रम विकास केन्द्रले तोकेको ढाँचा र पद्धतिअनुसार हुने भएकाले यहाँ सो पद्धतिले नसमेटेका पक्षहरूसँग सम्बन्धित विषय तथा अवधारणाहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

गुरुकुल शिक्षा पद्धति श्रुति परम्पराबाट विकसित हुँदै आएको परम्परा हो । यसको मुख्य विषयवस्तु वैदिक संहिता र सोसँग सम्बन्धित साहित्यहरू हुन् । यसको उद्देश्य आदर्श पालना गर्नु र नयाँ आदर्शको स्थापना गर्नु थियो (सिंह र मिश्र, ई.सं. २०१९) । यस कालमा मानवता, प्रेम, त्याग, अहिंसा, समर्पण, सत्यको खोजद्वारा मोक्ष प्राप्तिमा आधारित थियो । त्यसैले यसमा सिकारुको सर्वाङ्गीण विकास गर्न (सिंह र मिश्र, ई.सं. २०१९) हरसम्भव प्रयत्न गरिन्थ्यो । त्यसैले शिक्षण सिकाइ वातावरण सहयोगात्मक थियो ।

गुरुकुल शिक्षाको प्रमुख लक्ष्य मोक्षका लागि ज्ञान प्राप्ति हो । विशेष अध्ययनबाट मात्र सांसारिक बन्धनबाट मुक्त हुने ज्ञान आर्जन हुन सक्छ । स्मृतिचन्द्रिकाअनुसार यस्तो अध्ययनका सात अङ्गहरू शुश्रुषा, श्रवण, ग्रहण, धारणा, उहापोह, अर्थ विज्ञान र तत्त्वज्ञान छन् । वाचस्पतिले अध्ययन गर्ने (सुन्ने), शब्द (अर्थग्रहण), उद (तर्क र सामान्यीकरण), शुद्ध प्राप्ति (मित्र वा सहपाठीहरूको समर्थन), दान (प्रयोगद्वारा अनुभव गर्ने) प्रक्रिया सुझाएका छन् । जुन कुरा समस्या समाधानका लागि सुझाएका जोन डिवेका तीन चरण: समस्या पहिचान, विकल्प छनोट र प्रयोगसँग मेल खान्छ (चौवे, ई.सं. १९५९) । तसर्थ ज्ञान आर्जन अध्ययन मात्र होइन समस्या समाधानसमेत हो । यसबाट क्रमिक रूपमा सुधारात्मक सिकाइ र प्रयोग सम्भव छ ।

वैदिक संहितामा भएका विषयवस्तुहरूको अनुशीलन गर्नु, उच्च नैतिकता कायम गर्नु र प्रत्येक ऋचाहरू कण्ठाग्र गर्नु नै त्यस वेलाका वटुकहरूको ज्ञानआर्जन शैली थियो । गुरुको सान्निध्यमा गएर निश्चित अवधिसम्म नियम पालना गर्दै शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिषसहितको वेदाध्ययन गर्ने परिपाटी (शर्मा, २०६८) रहेबाट शिक्षा आर्जनका लागि विद्यार्थीले नियम पालनासहित व्यवहार परिमार्जन गर्नु पर्थ्यो भन्ने प्रस्ट पार्दछ । शिक्षार्थीले पढेका कुराहरू कण्ठ बनाउनु पर्थ्यो (सक्सेना, ई.सं २०२१) । यसकारण शिक्षार्थीले विषयवस्तुहरू ध्यानपूर्वक श्रवण गरी कण्ठ बनाएको कुराको अभिव्यक्ति दिनु पर्थ्यो । अभिव्यक्तिमा शुद्धता, हाउभाव, उदात्त, अनुदात्त, स्वरित एवम् सन्नतर स्वरशैली मिले नमिलेको गुरुले नै श्रवण गरी गुरु आफैँ वा जान्ने विद्यार्थीमार्फत कमजोरीहरू सुधार गर्न लगाउने र पूर्ण सिकाइपश्चात् थप विषयवस्तु सिकाउने गरिन्थ्यो ।

गुरुकुल शिक्षा सिकारुमा परा विद्याको ज्ञान र सिपहरूका साथसाथै अपरा विद्याको ज्ञान र सिप पनि आवश्यक (विष्ट, ई.सं. २००५) मानिन्छ । परा तथा अपरा विद्या आर्जन गर्दा ब्रह्मचार्य पालना हुन्थ्यो । वादविवाद, विचार विमर्श तथा शास्त्रार्थमा सहभागी भएर आफ्नो योग्यताको परिचय दिइन्थ्यो (सक्सेना, ई.सं. २०२१) । प्राचीनकालदेखि नै ‘आत्मान विधि’ अर्थात् ‘आत्मलाई जान’ तरिका प्रयोगमा (विष्ट, ई.सं. २००५) थियो । यसबाहेक आगमन निगमन, आत्मदर्शन, कथावाचन,

स्मरण, समालोचना, विश्लेषण, व्यावहारिक ज्ञान तथा सम्मेलन आदिबाट विषयवस्तु र भिन्न भिन्न अवस्थाअनुसार अध्ययन तथा अभिव्यक्तिमा विविध विधिहरूको प्रयोग गरिन्थ्यो (सक्सेना, ई.सं. २०२१) । विधिगत विविधताले सिकारुको सिकाइ र प्रस्तुति शैलीमा निखारता ल्याउथ्यो ।

परम्परागत गुरुकुल शिक्षामा प्रवेशका लागि जाति र उपनयन संस्कारलाई प्रवेश योग्यताका रूपमा स्वीकार गरिएको थियो । गुरुकुलमा राख्नु अगि सिकारुका बारेमा गुरुले सोधपुछ गर्ने र गुरुकुलका परम्परा तथा उसले दैनिक रूपमा सम्पादन गर्नुपर्ने क्रियाकलापका बारेमा केही समय सिकाइ सकेपछि नियमित शिक्षार्थीका रूपमा प्रवेश गराउने परम्परा अहिलेसम्म पनि छ । यज्ञ वा संस्कारद्वारा ब्राह्मण, क्षेत्रीय, वैश्यहरूका लागि क्रमशः ६, ८ र १२ वर्षमा (श्रीवास्तव, ई.सं. २००२) उपनयन संस्कार गरी शिक्षाका लागि गुरुकहाँ जाने चलनले गुरुकुल प्रवेशपूर्व उक्त योग्यता पूरा गर्नुपर्ने व्यवस्था थियो । यद्यपि नालन्दा, तक्ष्यशिला, विक्रमशिला, वल्लभी जस्ता विश्वविद्यालय प्रवेश परीक्षा हुन्थ्यो (सिंह र मिश्र, ई.सं. २०१९) ।

शिक्षार्थीले शिक्षामा व्यतित गर्ने अवधिका आधारमा फरक फरक नाम दिइन्थ्यो जस्तैः २४ वर्ष उमेरसम्म सहभागी हुनेलाई बसु, ३६ वर्ष उमेरसम्म सहभागी हुनेलाई रुद्र तथा ४८ वर्ष उमेरसम्म सहभागी हुनेलाई आदित्य (भट्टराई, २०७८) । पाणिनिले समेत चार प्रकारका शिक्षक वा गुरुहरूको चर्चा गरेका छन् : आचार्य, प्रवक्ता, श्रोत्रीय र अध्यापक (बराल, २०७७) । यसरी गुरुहरूले प्राप्त गरेको ज्ञान र विषयका आधारमा गुरुहरूको विभाजन गरिनुले विद्यार्थीका सिकाइमा समेत प्रत्यक्ष रूपमा अनुकरणीय प्रभाव पार्दछ ।

आश्रममा लिखित परीक्षा नभई मौखिक परीक्षा (चौवे, ई.सं. १९५९) परम्परा नै चल्थ्यो । गुरुले सबै प्रकारका शास्त्र पढाउथे र पूर्ण बनाउथे, नियमित रूपमा वटुकहरूको परीक्षा लिन्थे र समावर्तन संस्कारपछि परिवारमा पठाउथे (श्रीवास्तव, ई.सं. २००२) । परीक्षाका मापदण्ड थिएनन् तर गुरुहरूको निष्पक्षता र विद्वता निकै सह्रानीय थियो । सामान्यतया छ महिनामा दीक्षान्त समावर्तन हुन्थ्यो । यसले निर्णयात्मक मूल्याङ्कनमा गुरुहरूको कुशलता प्रस्ट पार्दछ ।

वटुकहरू गुरुभन्दा पहिले उठ्ने र गुरुभन्दा पछि सुत्ने गर्नुपर्थ्यो (सिंह र मिश्र, ई.सं. २०१९) । त्यसैले उक्त शिक्षा कठोर अनुशासनमा आधारित थियो । सिकाइको व्यावहारिक उपयोग गर्नु नै सिकाइको प्रस्थान हुन्थ्यो । यसरी सिकारुलाई सिकाउदा क्रमबद्ध रूपमा सिकाइन्थ्यो । पहिले श्रवण अनि मनन र अन्त्यमा निदिध्यासन सिकाइको क्रम हुन्थ्यो (चौवे, १९५९ डिसेम्बर) । शुद्ध श्रवण शुद्ध उच्चारणसँग सम्बन्धित थियो भने मनन विश्लेषणात्मक ग्रहणसँग सम्बन्धित थियो । यसकारण ब्राह्मणहरू पौरोहित्य कर्मकाण्डबारे ज्ञान र सिप हासिल गर्दथे तथा प्राणायाम र व्यायाममा अभ्यास गर्दथे । तत्कालीन समयमा श्रवण, मनन, व्याख्या, प्रदर्शन, प्रश्नोत्तर तथा छलफलका माध्यमबाट शिक्षण हुन्थ्यो (शर्मा, २०५७) ।

तत्कालीन शिक्षा श्रुति परम्परामा आधारित रहेको र सोही परम्परामा व्यवहार र आदत निर्माणले समेत प्रश्रय पाएकाले आध्यात्मिक संस्कार, नैतिकता, जीवनमुखी व्यवहारपरक थियो भन्ने देखिन्छ । विद्यार्थीको व्यवहारपरक सिकाइको मूल्याङ्कन लिखित रूपमा गर्नुभन्दा अवलोकन, दैनन्दिनी कार्य विश्लेषण, जीवनवृत्तिको तयार मौखिक अभिव्यक्तिका रूपमा हुन्थ्यो । तसर्थ कुशल सिप विकास व्यावहारिक जीवनयापनका साथै मोक्षतर्फ डोऱ्याउने खालको शिक्षाको त्यस वेला अभ्यास हुन्थ्यो ।

यज्ञशालाहरू अहिलेका प्रयोगशाला जस्तै थिए (चौवे, ई.सं. १९५९) । गुरुकुलमै यस्ता यज्ञ स्थलहरू बनाउने चलन अहिले पनि छ जहाँ शिक्षार्थीहरूले गुरुसँगै प्रयोगाात्मक अभ्यास गर्दछन् । उक्त प्रयोगात्मक अभ्यासमा राम्रो गर्नेहरूका लागि गुरुले बाह्य काममा समेत सिफारिस गर्छन् । भिक्षाटन, हवन, पशुसेवालगायतका व्यावहारिक शिक्षा व्यावहारिक प्रयोगबाटै सिद्ध गरिन्थ्यो । गुरुकुल शिक्षामा कमजोर विद्यार्थीका लागि निदानात्मक कार्य निरन्तर दिइन्थ्यो । कमजोरीका कारण खोजी सोको निराकरण प्रयासले सिकाइमा सुधार आउथ्यो । निरन्तर सुधार गर्दा सुधार नआए साङ्केतिक सजाय दिइन्थ्यो । विशेषगरी आदत निर्माण र समय पालनामा निकै ख्याल गरिन्थ्यो ।

परम्परागत गुरुकुलहरूमा विद्यार्थीको सिकाइ मूल्याङ्कनको आधार गुरु नै थिए । गुरुको निर्णय र आज्ञा नै मूल्याङ्कन विधिका आधारभूत तत्त्व हुन्थे (पोखेल, २०६७) । गुरुले नै मूल्याङ्कन गर्ने र स्नातकहरूलाई दीक्षान्त समारोहमा सरिक गराउथे । यस सम्बन्धमा 'सर्वस्मात विजयमन्विच्छेद गुरु शिष्य पराजयेत्' अर्थात् गुरु शिष्यसित बाहेक सबैसित विजय चाहन्छन् (घिमिरे, २०७८) भन्ने मान्यता गुरुमा पाइन्थ्यो । यसले गुरुले विद्यार्थीको क्षमता आफ्नोभन्दा पनि अब्बल रहोस् भन्ने मान्यता राख्छ । सिकाइका क्रममा गुरुले थप वातावरण, हौसला, चुनौती  र अवसर उपलब्ध गराउथे । जुन विषय निर्माणात्मक मूल्याङ्कनसँग सम्बन्धित छ ।

शिक्षार्थीहरूले आफूलाई अब्बल सावित गर्न विभिन्न शास्त्रार्थ सभा तथा गोष्ठीहरूमा स्वयम् सहभागी हुनुपर्थ्यो । यस्ता सभामा विषयवस्तुका साथसाथै तर्कवितर्क, खण्डनमण्डन, विश्लेषण, संश्लेषण गर्ने तथा शुद्ध र आकर्षक शैलीमा प्रस्तुति गर्नु पर्थ्यो । यस्तो प्रस्तुति गुरुकुलमा आन्तरिक तथा बाह्य दुवै रूपमा हुन्थ्यो । अध्ययन समाप्त गरिसकेपछि वेद तथा विभिन्न शास्त्रका विद्वान्हरूको विद्वत्सभालाई शिक्षार्थीले आफूले आर्जन गरेको ज्ञान, सिप, शील, स्वभाव र शास्त्रार्थले सन्तोष गराउन सक्नु (शर्मा, २०५७) पर्थ्यो । यसमा सिकारुको स्वप्रयास यसमा ज्यादै महत्त्वपूर्ण हुन्छ । विभिन्न गुरुकुल र स्थानहरूका विद्वानहरूका बिचमा गरिने यस्तो सहभागिताले व्यक्तिका साथै गुरुकुलको स्तरीयतासमेत बताउने गर्दछ ।

परम्परागत गुरुकुलहरूमा सिकाइ मूल्याङ्कन वैज्ञानिक प्रणालीमा आधारित नभई गुरुको निर्देशनमा आधारित थियो । गुरुका अनेकौं विधि र प्रक्रियाहरू हुन्थे । सामान्यतया मूल्याङ्कन विधि तीन तहका हुन्थेः मौखिक, प्रयोगात्मक र अङ्कनात्मक । मौखिकमा संवादात्मक, प्रश्नोत्तरात्मक, प्रवचनात्मक शैलीका परीक्षा, प्रयोगात्मकमा आचारात्मक, हस्तक्रियात्मक, स्वरणात्मक, अनुशिक्षणात्मक र अभिनयात्मक तथा अङ्कनात्मकमा लेखात्मक, चित्रात्मक, मुद्रात्मक र शिल्पात्मक (पोखरेल, २०६७) मूल्याङ्कन विधिहरू पदर्थे । यसबाट अनेकौं विधि तथा प्रक्रियाहरू उपयोगमा ल्याई सिकारुको सिकाइ सुधार प्रयत्न गरिन्थ्यो भन्ने प्रस्ट हुन्छ ।

सङ्क्षेपमा हेर्ने हो भने परम्परागत गुरुकुलहरूमा विद्यार्थीको मूल्याङ्कन परम्परागत तरिकाबाट हुने प्रस्ट देखिन्छ । निर्माणात्मक मूल्याङ्कन नाम दिई विद्यार्थीको सिकाइ सुधार गर्ने परम्परा नभए पनि सोका विभिन्न पक्ष तथा तरिकाहरूको उपयोग गरी अघोषित अभ्यास भएको देखिन्छ भने गुरुकुललाई औपचारिकीकरण गर्नुपूर्व साङ्केतिक रूपमा निर्णयात्मक मूल्याङ्कनले समेत स्थान पाएको देखिन्छ ।

## ४. विद्यार्थीको सिकाइ मूल्याङ्कनका चुनौतीहरू

नेपालमा गुरुकुल शिक्षा पद्धतिको प्रारम्भ भएको लामो समय भइसकेको छ । संवत् १९१० मा अङ्ग्रेजी विद्यालय शिक्षा प्रारम्भ नहुन्जेलसम्म परम्परागत गुरुकुल नै नेपालको शिक्षाको मूल प्रवाह थियो । शिक्षाको विकास तथा विस्तारका क्रममा २००७ सालपछि धेरै विद्यालयहरू खुले । वि.सं. २०६३ सालपछि मूलधारका विद्यालय सरह मूलप्रवाहीकरण हुन थालेपछि गुरुकुल शिक्षा पद्धतिमा गुरुकुलीय शिक्षा पद्धतिअनुसारका शिक्षण सिकाइका अभ्यास सँगसँगै औपचारिक विद्यालयीय शिक्षाका शिक्षण सिकाइका अभ्यासहरू मिसिन पुगे । मूलप्रवाहीकरणबाट टाढै रहेका गुरुकुलहरूमा अध्ययन गर्ने विद्यार्थीको सिकाइ मूल्याङ्कन र मूलप्रवाहीकृत गुरुकुलहरूका विद्यार्थीको सिकाइ मूल्याङ्कनमा फरकपन देखापरेको छ । विशेष गरी गुरुकुल शिक्षा पद्धतिमा सिकाइ सहजीकरणसम्बद्ध उत्कृष्ट अभ्यास जस्तैः निरन्तर सिकाइ र मूल्याङ्कन, साक्षरता केन्द्रित शिक्षाको समस्तर र पहुँच, विज्ञता हासिल गर्ने शिक्षाका लागि उपयुक्त पात्र चयन, सिकारुको सिकाइप्रतिको समर्पणको निरन्तरताको न्यूनता (प्रारुप, २०७६) छ । अधिकांश गुरुकुलहरू छात्रहरूका लागि मात्र सञ्चालित छन् । विद्यार्थीको समता र समावेशीय मूल्याङ्कनले प्रवेश पाउन सकेको छैन । अधिकांश गुरुकुलहरू पुरानै शैली र ढाँचामा चलिरहेका छन् । संलग्न जनशक्तिलाई परम्परागत मूल्याङ्कन र आधुनिक मूल्याङ्कनको सम्मिश्रण गरी तालिम प्रदान गर्न सकिएको छैन । सिर्जनात्मकता र प्रतिभा प्रस्फुटनका लागि प्रतिकुल शैली हो भन्ने जान्दाजान्दै पनि कण्ठ गर्ने शैली हटाउन सकिएको छैन । शिक्षासम्बद्ध पेसागत जनशक्तिलाई शास्त्रीय विषयगत ज्ञान तथा सिपमा निपुण हुन प्रोत्साहन गर्ने प्रयास गरिए पनि उत्पादित जनशक्तिलाई आधुनिक पेसागत तालिम दिई सिप र प्रविधिमा दक्ष बनाउन स्रोतसाधन र लगावमा वृद्धि गर्न सकिएको छैन । यो आम जनताको जीवन र संस्कार सुधार्ने शैली हो भन्नेभन्दा पनि यो हिन्दु बाहुनक्षेत्रीहरूका लागि हो भन्ने सोचबाट छुट्कारा दिन सकिएको छैन । गुरुकुल शिक्षा पद्धतिमा गुरुहरूको सिप परिमार्जन हुन नसक्दा आधुनिक बालमनोविज्ञानमा आधारित सिकाइ सहजीकरणसम्बद्ध सिप र प्रविधिको प्रयोग तथा विश्वव्यापी परिवर्तनका नयाँ आयामहरूसँगको तादात्म्यता मिलाउनु पर्ने अर्को चुनौतीका रूपमा खडा भएको छ । विद्यार्थीको सिकाइ एवम् मूल्याङ्कनमा आधुनिक सूचना प्रविधिको उपयोग तथा विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्न सकिएको छैन । विद्यार्थीको सिकाइ मूल्याङ्कनका लागि सहजीकरण निर्देशिका एवम् स्रोतसामग्री विकास तथा वितरण, आधुनिक शैक्षणिक सामग्री व्यवस्थापन र प्रबोधीकरणको समुचित प्रबन्ध र आधुनिक शिक्षाशास्त्रका असल अभ्यासको प्रयोग हुन सकिरहेको छैन । यसमा व्यक्तिगत विभिन्नताको सम्बोधन हुने गरी बालमैत्री सिकाइ र वस्तुगत मूल्याङ्कन व्यवस्था अझै निकै टाढा छ । शास्त्रीय रूपमा खारिएका विगतका कतिपय विधिहरूको अभ्याससमेत नहुनु र क्रियात्मक अनुसन्धान, घटना अध्ययन, सुधारात्मक अध्ययन एवम् विशिष्टीकृत सिकाइका लागि सुधारात्मक मूल्याङ्कन हुन नसक्नु यसको अर्को जटिलता हो ।

विद्यार्थी मूल्याङ्कन गुरु परम्परामा आधारित छ । यसमा उस्तै समस्या समाधानमा समेत एकरूपताको अभाव देखिन्छ । सिकाइ प्रमाणीकरण कम हुने तथा परम्परागत शैलीका गुरुहरू अध्यापनमा मात्र बढी चाख राख्ने भएकाले मूल्याङ्कन, प्रमाणीकरण र अभिलेखीकरण ओझेलमा परेको देखिन्छ । श्रुति परम्पराबाट हुर्किएका विषयवस्तुहरू अहिले पनि प्रयोगमा छन् । बालमनोविज्ञानसम्मत निदानात्मक शिक्षण, उपचारात्मक शिक्षण तथा निर्णयात्मक मूल्याङ्कनका सम्बन्धमा मूलप्रवाहीकरण भएका गुरुकुलहरूका शिक्षकलाई दिइने तालिम तथा सहजीकरण न्यून भएको अवस्थामा मूलप्रवाहीकरणमा नपरेका गुरुकुलका गुरुहरूको अवस्था झनै कमजोर रहनु

अस्वाभाविक मान्न सकिँदैन । गुरुकुल शिक्षा पद्धतिमा रहेर अध्ययन गरेका विद्यार्थीमा पूर्वीय दर्शनअनुसारका आचरणको विकास भएको पाइए पनि उनीहरूमा आएको व्यवहारको स्थायी परिवर्तन प्रवृत्ति, अभिवृत्ति तथा जेहनदारिताको मुल्याङ्कन पक्ष कमजोर छ । गुरुको प्रयासमा शिष्यहरूको आदत निर्माण भए पनि सोको पुस्ट्याइँ गने कार्य जटिल छ । विश्वव्यापी जनशक्तिको उपयोगमा विस्तार भइरहँदा उक्त पक्षहरूको मापन तथा प्रमाणीकरणमा विविधीकरण गर्न सकिएको छैन ।

## ५. चुनौती समाधानका उपायहरू

गुरुकुल शिक्षा पद्धतिमा विद्यार्थीको सिकाइ मूल्याङ्कनको विश्लेषण गर्दा विभिन्न सैद्धान्तिक, कार्यक्रमिक, व्यावहारिक तथा नीतिगत प्रकृतिका चुनौतीहरू देखापरेको कुरा उपयुक्त तथ्यहरूले प्रस्ट पार्दछन् । यसको उचित व्यवस्थापनका लागि देहायका सुझावहरू दिइएको छ :

- गुरुकुलका विद्यार्थीको मूल्याङ्कनको समन्वय तथा सहजीकरणका लागि प्रदेशस्तरमा विज्ञ समूह तयार गरी सिकाइ मूल्याङ्कनका लागि वस्तुगत आधारहरू यकिन गर्ने र सिकाइ सहजीकरणसम्बद्ध उत्कृष्ट अभ्यास आदान प्रदान र सुपरिवेक्षण गर्ने

- मूलप्रवाहीकरणमा नआएका गुरुकुलहरूलाई मूलप्रवाहीकरण नहुञ्जेलसम्मका लागि नजिकको गुरुकुलबाट प्राविधिक सहयोग उपलब्ध गराउने

- पुरानै शैली र ढाँचामा चलिरहेका गुरुकुलमा संलग्न जनशक्तिलाई परम्परागत मूल्याङ्कन र आधुनिक मूल्याङ्कनको सम्मिश्रण गरी तालिम प्रदान गर्न प्रदेशमा रहेको शिक्षा तालिम केन्द्रमार्फत जिल्ला तथा स्थानीय तहसँग समन्वय र साझेदारी गर्ने

- सिकाइको मूल्याङ्कन तथा सिक्नका लागि मूल्याङ्कन गर्ने गरी तालिमका ढाँचा विकास गरी सिर्जनात्मकता र प्रतिभा प्रस्फुटनका लागि गुरुकुल शिक्षासम्बद्ध पेसागत जनशक्तिलाई शास्त्रीय विषयवस्तुको ज्ञान तथा सिपमा निपुण हुन प्रोत्साहन गर्ने

- आधुनिक बालमनोविज्ञानमा आधारित सिकाइ सहजीकरणसम्बद्ध सिप, प्रविधिको विश्वव्यापी परिवर्तन तथा नवीन आयामहरूसँगको तादात्म्यता मिलाउन आधुनिक तथा परम्परागत गुरुकुलहरूको सहकार्य र साझेदारी कार्यक्रम सञ्चालन गर्ने

- विद्यार्थीको सिकाइ सुधार तथा अभिलेखीकरणका लागि निर्णयात्मक र निर्माणात्मक मूल्याङ्कनमा आधारित आधुनिक सूचना प्रविधिको उपयोग तथा विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्न सहजीकरण निर्देशिका एवम् स्रोतसामग्री विकास तथा वितरण, आधुनिक शैक्षणिक सामग्री व्यवस्थापन गर्ने

- शास्त्रीय रूपमा खारिएका विधिहरूलाई समयानुकुल बनाई अभ्यास गर्नका लागि अनुसन्धान र विकास गर्नुका साथै क्रियात्मक अनुसन्धान, घटना अध्ययन, निदानात्मक

अध्ययन, विशिष्टीकृत सिकाइको सुधारात्मक मूल्याङ्कनसहित सिकाइ प्रमाणीकरण र अभिलेखीकरण गर्ने

- सिकाइ विधिहरूको विविधीकरण, निदानात्मक शिक्षण विधि, उपचारात्मक तथा निर्माणात्मक मूल्याङ्कनका सम्बन्धमा गुरुकुलहरूका शिक्षकलाई सघन तालिम तथा सहजीकरण सेवा सञ्चालन गर्ने

- साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, षड्मासिक र वार्षिक रूपमा ज्ञान तथा सिपको परीक्षण सिकाइकै अभिन्न अङ्गका (पोखेल, २०६७) रूपमा प्रयोग गर्न सिकाइ सुधार योजना तर्जुमा र कार्यान्वयन गर्ने

## ६. निष्कर्ष

हिन्दु दर्शनअनुसारको शिक्षा र संस्कार एकीकृत रूपमा प्रदान गर्न ऋषिमहर्षिको आश्रममा सञ्चालित शिक्षा परम्परा गुरुकुल शिक्षा पद्धतिमा निरन्तर सिकाइ सहजीकरणसम्बद्ध उत्कृष्ट अभ्यास, सिकारुको सिकाइप्रतिको समर्पणमा लगाव वृद्धि, निर्देशिका, स्रोतसामग्री विकास तथा वितरण, आधुनिक शैक्षणिक सामग्री व्यवस्थापन, बालमनोविज्ञानअनुसारको निदानात्मक एवम् उपचारात्मक शिक्षणका लागि तालिम तथा सहजीकरण गर्दै आवधिक मूल्याङ्कनलाई सिकाइका लागि मूल्याङ्कनका अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु सिकाइको अभीष्ट लक्ष्य पूरा गर्नु हो ।

## सन्दर्भ सामग्री


अधिकारी, प्रकृति (२०७८), राणकालीन शिक्षा (पहिलो संस्करण), काठमाडौँः एडु सञ्जाल प्रा.लि. ।

कोइराला, विद्यानाथ र अन्य (२०७२), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, काठमाडौँः पिनाकल पब्लिकेसन ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०६७), गुरुकुल सन्देश, भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद् ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०६८), गुरुकुल सन्देश, भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद् ।

घिमिरे, गणेशप्रसाद (२०७८), गुरुकुल शिक्षाः नागरिक दैनिक (१८ वैशाख २०७८) ।

चौवे, डा. सरयुप्रसाद (ई.सं. १९५९): *भारतीय शिक्षाको इतिहास* (प्रथम संस्करण), इलाहावादः रामनारायण लाल

दहाल, कमला (ई.सं. २००९), प्राचीन नेपालमा शिक्षा, काठमाडौँ, त्रिभुवन युनिभर्सिटी जरनल (भोल्युम २ ५, सङ्ख्या १), पृ. १२१-१३८

पाठ्यक्रम विकास केन्द्र (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७९), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, ऋषिराम (२०६७), 'पौरस्त्य शिक्षा पद्धति, सिकाइ सिद्धान्त र मूल्याङ्कन विधि', गुरुकुल सन्देश, भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ. ५-११ ।

पोखरेल, ऋषिराम (२०६८), 'गुरुकुल शिक्षा पद्धति एवम् उत्प्रेरक सिद्धान्त', गुरुकुल सन्देश, भक्तपुर : गुरुकुल सन्देश गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ. २७-३१ ।

शर्मा, गोपीनाथ (२०५९), नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू, काठमाडौँ : मकालु बुक्स एन्ड स्टेसनर्स ।

शर्मा, गोपीनाथ (२०५७), नेपालको शैक्षिक इतिहास, काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, फणीन्द्र (२०६८), 'गुरुकुलीय शिक्षा र जीवन', गुरुकुल सन्देश, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्ल्यास रिपोर्ट २०७७, भक्तपुर ।

शर्मा, वेणीमाधव (सन् १९८३), दीक्षा रहस्य, दिल्ली : चौखम्बा प्रकाशन ।

सक्सेना, अञ्चल (इस २०२१), भारतीय शिक्षा पद्धतिः आदि से वर्तमान तकः

International journal on Education, Modern management, Applied science and Social (VOl.03 ,No. 04(I)) pp 125-133

सिंह, भूपेन्द्र र मिश्र,पतञ्जलि (२०७५), भारतीय शिक्षा व्यवस्थाः वैदिक काल से आधुनिक काल तकः शैक्षिक उन्मेष (खण्ड २, अङ्क २), आगरा, केन्द्रीय हिन्दी संस्थान, पृ. ११७-१२७

Bhatia, :.(2019). Education system in ancient india. Retrive from february, 24, 2019:9:35, *http://www.hindilibraryindia.com/history*

CERID (2007). Education in Gumbas, Vihars and Gurukuls in Nepal:Linking with Mainstream Education. Formative Research Project, CERID.TU: kathmandu

Chatterjee, Mitali(1999), Education inAncient India(second Edition2014), New DElhi: D.K. Printworld(p)Ltd.

# स्थानीय तहमा शिक्षा प्रशासनको औचित्य, चुनौती र समस्या तथा समाधनाको उपाय

✍अनन्तकुमार पौड्याल*

**लेखसार**

*जनताको घरआँगनबाट सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय तहमा रहेका स्रोतसाधन, ज्ञान, सिप, प्रविधि, क्षमता र अनुभवलाई समेटी परिचालन गर्न स्थानीय सरकारको गठन भएको हो । स्थानीय तहले गर्ने विकासात्मक कार्यमध्ये सामाजिक विकासको क्षेत्रअन्तर्गत शिक्षा, युवा तथा खेलकुदलाई समावेश गरी शैक्षिक प्रशासनको काम गर्न स्थानीय तहका कर्मचारी सङ्गठन संरचनामा विषयगत शाखाका रूपमा शिक्षा क्षेत्रलाई समेटिएको छ । तर स्थानीय तहका कर्मचारीको दरबन्दी तेरिजमा कर्मचारीको पद, तह र सङ्ख्यामा फरक छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ ले स्थानीय तहलाई सङ्गठन व्यवस्थापन तथा सर्वेक्षण गर्ने जिम्मेवारी सुम्पिएबमोजिम अहिले धेरैजसो पालिकाहरूले उक्त कर्मचारी सङ्गन ढाँचा र दरबन्दी तालिकालाई कर्मचारी समायोजनको अवस्था, स्थानीय तहको कार्यबोझ र जनशक्तिको आवश्यकताका आधारमा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापनको अध्ययन सर्वेक्षण तथा पुनरवलोकन गराई परिमार्जित कर्मचारी सङ्गठन संरचना तथा दरबन्दीको व्यवस्थापन कार्यहरू गरिरहेका छन् । स्थानीय तहमा हुने सामाजिक विकास शाखाअन्तर्गतको सङ्गठन संरचनामा शिक्षा शाखाको स्थान र भूमिका निर्क्योल गर्नुपर्ने अर्को आवश्यकताको विषय बनेको छ ।*

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले गर्नुपर्ने २३ ओटा काम, कर्तव्य र जिम्मेवारी तोकिदिए पनि स्थानीय तहको शिक्षा प्रशासन हेर्ने शाखाले गर्नुपर्ने कार्यहरू योभन्दा बढी रहेका छन् । यसैगरी शिक्षा शाखाले गर्नुपर्ने तर नलेखिएका प्रशासनिक कामहरू पनि धेरै छन् तर स्थानीय तहमा सीमित स्रोतसाधन र जनशक्ति हुने भएकाले स्थानीय सरकारको सम्पूर्ण शिक्षा प्रणाली र सम्पूर्ण विद्यालय तथा शैक्षिक सङ्घ संस्थाहरूको अनुगमन, निरीक्षण तथा नियमन गर्नुपर्ने हुँदा स्थानीय सरकारको अपेक्षाअनुसार शिक्षा क्षेत्रमा सुधार र परिवर्तन गर्ने कार्य गर्न पनि चुनौतीपूर्ण छ । चुनौतीको सम्बोधनका लागि कर्मचारीको क्षमता पहिचान र विकासमा ध्यान जान जरुरी छ । कर्मचारी तयारी तथा छनोट गरी सिफारिस गर्ने निकायहरूले समेत स्थानीय तहका शिक्षा हेर्ने अधिकृत जनशक्ति तयार गर्न विकास प्रशासन, सार्वजनिक प्रशासन, आर्थिक प्रशासन, कार्यविधि कानुन शास्त्र, कार्यालय सञ्चालन र आन्तरिक व्यवस्थापन, खेलकुद, अनुसन्धान आदि जस्ता विषयक्षेत्रहरू समेटिएको अलग्गै एकीकृत सघन कोर्सको व्यवस्था गर्नुपर्ने पनि देखिन्छ । यसका अलावा स्थानीय तहमा रहेका शिक्षा प्रशासन हेर्ने संरचनाको सुदृढीकरण र पर्याप्त ससर्त बजेट र कार्यक्रम व्यवस्था गर्नुपर्दछ । सूचीको कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेश सरकारका शिक्षा हेर्ने निकाय र स्थानीय तहहरूले संयुक्त पहल गर्नुपर्छ ।*

*अधिकृत दसौँ तह, शिक्षा प्रशासन

## १. विषय प्रवेश

स्थानीय सरकारलाई नीतिगत रूपमा स्थानीय तह भनिन्छ । यो स्थानीय जनताबाट निर्वाचित जनप्रतिनिधिहरूबाट स्थानीय क्षेत्रको शासन र प्रशासन सञ्चालन गर्ने सङ्गठित निकाय हो । नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ढ) ले सङ्घ, प्रदेश र स्थानीय तहलाई सङ्घीय इकाइहरू भनी परिभाषित गरेको छ । हाम्रो देशमा एउटा केन्द्रीय सरकार छ, सातओटा प्रदेशमा सातओटा र सातओटा प्रदेशअन्तर्गत ७५३ ओटा स्थानीय सरकारहरू रहेका छन् । बोलीचालीको भाषामा स्थानीय जनप्रतिनिधिको सरकारलाई स्थानीय सरकार भनिए तापनि नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ढ) ले संविधानबमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई स्थानीय तह भनी परिभाषित गरेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ को खण्ड (म) अनुसार स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

## २. स्थानीय सरकारको औचित्य

केन्द्रीय सरकारबाट जारी हुने विकासका नीति, कार्यक्रम र बजेटले ब्ल्याङ्केट एप्रोचमा आधारित हुन्छन् । स्थानीय स्तरका जनचाहना र आवश्यकतालाई विशिष्ट रूपमा सम्बोधन गर्न स्थानीय सरकारबाटै विकासका नीति, कार्यक्रम र बजेट आउनु पर्दछ । स्थानीय तहमा छरिएर रहेका र लुकेर बसेका स्रोत, साधन, ज्ञान, सिप, प्रविधि, क्षमता र अनुभवलाई समेटी तिनलाई स्थानीय क्षेत्र र देशको विकासका लागि परिचालन गर्न स्थानीय सरकारको आवश्यकता पर्दछ । स्थानीय तहबाट सञ्चालन हुने सुशासन र सेवाप्रवाहबाट विकास निर्माणका कार्यहरूमा जनताको साथ सहयोग, विश्वास, जनसहभागिता र समर्थन प्राप्त हुन्छ ।

## ३. शिक्षा प्रशासन

शिक्षा प्रशासन भनेको शिक्षा हेर्ने निकाय र शैक्षिक संस्थाहरूको सञ्चालन, व्यवस्थापन र नियमन हो । शैक्षिक प्रशासन सञ्चालन गर्न सरकारले सम्पादन हुने कामको विवरणका आधारमा कार्यालय, शाखा कार्यालयको स्थापना र यसका लागि विभिन्न तहका कर्मचारीको व्यवस्था गर्दछ । कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी तोक्छ । कर्मचारीलाई तलब, भत्ता, सुविधाको व्यवस्था गर्छ । आवश्यकताअनुसार शैक्षिक संस्थाको स्थापना गर्ने अनुमति प्रदान गर्दछ । त्यस्ता संस्थाहरूमा काम गर्न शिक्षक र कर्मचारीहरू नियुक्त गरिन्छ । कर्मचारी र शिक्षकहरूको तह र कामको विवरणका आधारमा तलब, भत्ता, सुविधाको व्यवस्था गर्छ । संस्था सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक तथा भौतिक स्रोतसाधनको व्यवस्था गर्छ । शैक्षिक संस्थाहरूबाट सम्पादन हुनु पर्ने कामको विवरण तोकिएबमोजिम भए नभएको हेर्न सुपरिवेक्षण तथा अनुगमन गर्छ । अनुगमन गरेपछि कामको मूल्याङ्कन गर्छ । मूल्याङ्कनबाट प्राप्त निष्कर्ष र नतिजाबमोजिम नयाँ नयाँ नीति, नियम, कानुन र योजनाहरू बनाइन्छन् । यी सबै प्रक्रियाहरू पूरा गर्न गर्नुपर्ने काम नै शिक्षा प्रशासन हो ।

## ४. स्थानीय तहमा शिक्षा प्रशासनको औचित्य

हाम्रो देशमा गणतन्त्रात्मक व्यवस्था अगि स्थानीय तहको शिक्षा प्रशासन जिल्ला शिक्षा कार्यालयबाट चल्थ्यो । साविकमा जिल्ला, क्षेत्रीय तथा विभाग स्तरका निकायहरूले गर्ने शिक्षा प्रशासनका कार्यहरू स्थानीय तहमा स्थानीय सरकारले शिक्षासम्बन्धी नीति बनाउने, कानुन बनाउने,  मापदण्ड तोक्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन र नियमन गर्ने व्यवस्था कानुनमा नै गरिदिएको हुँदा स्थानीय तहमा शिक्षा प्रशासन औचित्यपूर्ण भएको हो ।

यसका अतिरिक्त  स्थानीय तहको शैक्षिक विकासका लागि आवधिक योजनाहरू निर्माण गर्न, विद्यालयहरूको आन्तरिक सक्षमतालाई अभिवृद्धि गर्न, नगरपालिका र समितिलाई सल्लाह दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आएका शिक्षाका नवीनतम चिन्तनहरूका बारेमा प्रबोधीकरण गर्न र स्थानीय तहका शैक्षिक मुद्दाहरूलाई स्थानीय सरकारसमक्ष पुऱ्याउन स्थानीय शिक्षा प्रशासनको भूमिका आवश्यक हुन्छ । स्थानीय शिक्षा प्रशासनले साक्षर पालिका घोषणा, निरन्तर शिक्षा, बालविवाहमुक्त नगरपालिका आदि जस्ता अभियानको अगुवाइ गर्न सक्छ । विद्यालय व्यवस्थापन समितिको गठनमा सहजीकरण गर्न सक्छ । तहगत रूपमा प्रधानाध्यापकको छनोट गर्ने सम्बन्धी कार्य गर्न सक्छ । यसैगरी स्थानीय सरकारका नगर शिक्षा समितिको सचिवालयको काम गर्न, स्थानीय तहमा गठन हुने सामाजिक विकास समितिको शिक्षासम्बन्धी भूमिकालाई प्रभावकारी बनाउन र नगरपालिकाको नगरसभामा प्रस्तुत गरिने वार्षिक नीति तथा कार्यक्रम र बजेटमा शिक्षासम्बन्धी विषयहरू लैजाने कार्यमा शिक्षा प्रशासनको भूमिका महत्त्वपूर्ण रहन्छ । विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधारको निर्माण कार्यमा विद्यालयलाई आवश्यक सल्लाह र परामर्श दिन सक्छ ।

## ५. स्थानीय तहमा शिक्षा प्रशासनको अवस्था

स्थानीय तहमा सामाजिक विकास समिति र नगर शिक्षा समितिहरू रहेका  हुन्छन् । नगर शिक्षा समितिले शिक्षा नियमावली, २०५९ को नियममा भएको व्यवस्थाबमोजिम कार्य गर्दछ । सामाजिक विकास समितिअन्तर्गत शिक्षा शाखा, स्वास्थ्य शाखा र महिला बालबालिका तथा समाज कल्याण शाखाहरू पर्दछन् । शिक्षा शाखाले नगर शिक्षा समितिको सचिवालयको काम गर्दछ । कतै कतै सामाजिक विकास समितिको सचिवालयको कामसमेत शिक्षा शाखाले गरेको हुन्छ । यसै गरी शिक्षा नियमावली, २०५९ को नियममा भएबमोजिम शिक्षा शाखाले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठनसम्बन्धी कार्यहरू गर्नुपर्दछ । शिक्षासम्बन्धी विभिन्न दिवस तथा समारोहको आयोजनामा पनि स्थानीय शिक्षा प्रशासन व्यस्त रहनु पर्दछ । विद्यालयमा रिक्त रहेको अस्थायी करार शिक्षकको नियुक्तिका लागि छनोट समितिमा रही आवश्यक कार्यहरू गर्नुपर्दछ । यसै गरी शिक्षक र विद्यालय कर्मचारीको तलब भत्ता र विद्यालयको अनुदान रकम यकिन गरी नगरपालिकाको लेखा शाखामा प्रमाणित विवरण उपलब्ध गराउनुपर्ने हुन्छ । यसरी हेर्दा स्थानीय तहमा शिक्षा प्रशासनले कर्मचारी प्रशासन, विद्यालय प्रशासन, आर्थिक प्रशासन र परीक्षा प्रशासनको काम गर्नुपर्दछ । स्थानीय तहमा रहेका सबै सामुदायिक, संस्थागत विद्यालय, बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, विद्यालय बाहिर हुने अध्यापन सेवा प्रदायक संस्था र शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूको अभिलेख सुरक्षित राख्नु शिक्षा प्रशासन हेर्ने शिक्षा शाखाको जिम्मेवारीमा पर्दछ ।

## ६. सङ्गठन संरचना र कर्मचारी दरबन्दी

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजन प्रयोजनका सन्दर्भमा सबै स्थानीय तहहरूलाई जनसङ्ख्यालगायतका आधारमा वर्गीकरण गरी कर्मचारी सङ्गठन ढाँचा र दरबन्दीको तालिका उपलब्ध गराएको थियो । स्थानीय तहहरूले पनि उक्त ढाँचा र दरबन्दी तालिकाबमोजिम न्यूनतम दरबन्दी कायम गरी कार्य सञ्चालन गर्दै आइरहेका छन् । नेपालको संविधानको धारा ३०२ बमोजिम राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने प्रयोजनका लागि समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको सिफारिसमा सङ्घ प्रदेश र स्थानीय तहको सङ्गठन संरचना र दरबन्दी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको थियो । सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना निर्देशक समितिको मिति २०७३।०५।२१ को निर्णयअनुसार सङ्घ, प्रदेश तथा स्थानीय तहको सङ्गठन संरचना प्रतिवेदनले पनि स्थानीय तहको सङ्गठनात्मक संरचनाको खाका सिफारिस गरेअनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयबाट ४६० ओटा गाउँपालिकामा एकै प्रकारको सङ्गठन तथा दरबन्दी संरचना कायम गरिएको थियो भने ५० हजारसम्म जनसङ्ख्या भएका १८० ओटा नगरपालिका र ५० हजारभन्दा बढी जनसङ्ख्या भएका ९६ ओटा नगरपालिकाका लागि अलग अलग दुई किसिमको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत भएको थियो । ११ ओटा उपमहानगरपालिकाका हकमा एकै किसिमको र पाँचओटा महानगरपालाकमा एकै किसिमको र काठमाडौँ महानगरपालिकामा छुट्टै सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरिएको थियो । सोबमोजिम स्थानीय तहमा हुने शिक्षा युवा तथा खेलकुद शाखाहरूको सङ्गठन संरचना र दरबन्दी विवरण यस प्रकार रहेको छ :

(क) २५ हजारसम्म जनसङ्ख्या भएका ३३४ गाउँपालिकाको सङ्गठन संरचना पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाचौँ (१ जना)- शिक्षा, युवा तथा खेलकुद शाखा ।

(ख) २५ हजारभन्दा बढी जनसङ्ख्या भएका १२६ गाउँपालिकाको सङ्गठन संरचना, पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत साता/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (१ जना- शिक्षा, युवा तथा खेलकुद शाखा ।

(ग) २५ हजारसम्म जनसङ्ख्या भएका ३१ ओटा नगरपालिकाको सङ्गठन संरचना, पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (१ जना- शिक्षा, युवा तथा खेलकुद शाखा ।

(घ) २५ हजारदेखि ५० हजारसम्म जनसङ्ख्या भएको १५१ ओटा नगरपालिकाको सङ्गठन संरचना, पदः शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (१ जना- शिक्षा, युवा तथा खेलकुद शाखा ।

(ङ) ५० हजारदेखि ७५ हजारसम्म जनसङ्ख्या भएका ६८ ओटा नगरपालिकाको सङ्गठन संरचना, पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत छैठा/सातौँ/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (१ जना- शिक्षा, युवा तथा खेलकुद शाखा ।

(च) ७५ हजारभन्दा माथि जनसङ्ख्या भएको २६ ओटा नगरपालिकाको सङ्गठन संरचना, पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (१ जना- शिक्षा, युवा तथा खेलकुद शाखा ।

(छ) उपमहानगरपालिको सङ्गठन संरचना, शिक्षा, युवा तथा खेलकुद महाशाखा, पद : उपसचिव, रा.प.द्वि. (शिक्षा) वा अधिकृत नवौँ/दसौँ तह १ जना, प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा एकाइमा पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत साता/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (२ जना, माध्यमिक शिक्षा शाखा, पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाचौँ (२ जना र युवा तथा खेलकुद शाखामा पदः शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत साता/आठौँ तह १ जना र प्रा.स. र ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ १ जना ।

(ज) सङ्घीय राजधानीबाहेकका ५ ओटा महानगरपालिकाको सङ्गठन संरचना, शैक्षिक प्रशासन महाशाखा, पद : उपसचिव, रा.प.द्वि. (शिक्षा) वा अधिकृत नवौँ/दशौँ तह १ जना, प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा एकाइमा पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स./ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (२ जना, माध्यमिक शिक्षा शाखा, पदः शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत साता/आठौँ तह १ जना र प्रा.स./ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (२ जना र युवा तथा खेलकुद शाखामा पदः शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स./ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ (१) जना ।

(झ) सङ्घीय राजधानीको महानगरपालिका (१) को सङ्गठन संरचना- शैक्षिक प्रशासन महाशाखा, पदः उपसचिव, रा.प.द्वि. (शिक्षा) वा अधिकृत नवौँ/दशौँ तह १ जना, प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा इकाइमा पद : शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स./ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाचौँ (२ जना, माध्यमिक शिक्षा शाखा, पदः शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स./ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाचौँ (२ जना र युवा तथा खेलकुद शाखामा पदः शाखा अधिकृत, रा.प.तृ. वा अधिकृत सातौँ/आठौँ तह १ जना र प्रा.स./ना.सु. (रा.प.अनं. प्रथम) र सहायक पाँचौँ २ जना ।

सङ्घीय मन्त्रालयबाट जारी सङ्गठन संरचना तथा दरबन्दी तेरिज कतिपय स्थानीय तहका लागि पर्याप्त र अनुकूल नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ ले स्थानीय

तहलाई सङ्गठन व्यवस्थापन तथा सर्वेक्षण गर्ने जिम्मेवारी सुम्पिएबमोजिम अहिले धेरैजसो पालिकाहरूले उक्त कमर्चारी सङ्गठन ढाँचा र दरबन्दी तालिकालाई कर्मचारी समायोजनको अवस्था, स्थानीय तहको कार्यबोझ र जनशक्तिको आवश्यकताका आधारमा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापनको अध्ययन सर्वेक्षण तथा पुनरवलोकन गराई परिमार्जित कर्मचारी सङ्गठन संरचना तथा दरबन्दीको व्यवस्थापन प्रतिवेदन पारित गरेका छन् । कुनै कुनै नगरपालिकाले त शिक्षा शाखामा रहने शाखा प्रमुखको दसौँ तह (उपसचिव) को दरबन्दीलाई हटाएर सातौँ वा आठौँ तहको दरबन्दी कायम गर्ने प्रस्तावसमेत गरेको पाइएको छ ।

## ७. कार्य क्षेत्र

अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनसंरचना समितिको प्रतिवेदन, २०७४ बमोजिम आधारभूत तथा माध्यमकि शिक्षा र खेलकुद कार्यक्षेत्रलाई सामाजिक विकास कार्य विभाजनअन्तर्गत राखिएको छ । (हे. परिच्छेद १५, पृष्ठ ११८) स्थानीय तहमा गर्नुपर्ने शिक्षासम्बन्धी काम कर्तव्य र अधिकारको सूची स्थानीय सरकार सञ्चालन ऐनमा स्पष्ट रूपमा लेखिएको छ । स्थानीय तहमा शिक्षासम्बन्धी गर्नुपर्ने काम, कर्तव्य र जिम्मेवारी शिक्षा शाखाको हो । सङ्गठन संरचनामा युवा तथा खेलकुदको समेत जोडी शाखाको नाम शिक्षा, युवा तथा खेलकुद शाखा राखिएको छ । यसको अर्थ शिक्षा प्रशासनले युवा तथा खेलकुद विकाससम्बन्धी काम गर्नुपर्ने भन्ने नै हो । नगरपालिकाका शिक्षा प्रशासन हेर्ने शाखाले केही काम कर्तव्यहरू शिक्षा शाखाको मौजुदा सङ्गठन संरचना र जनशक्तिले मात्र गर्न नसक्ने किसिमका पनि रहेका छन् । एउटा काम कर्तव्य र अधिकार कार्यान्वयन गर्दा स्वतः अर्को कार्यान्वयनमा आउन सक्ने सम्भावना भएका केही कार्यक्षेत्रहरू पनि छन् । खासमा स्थानीय तहका शिक्षा शाखाले गर्नुपर्ने कार्यहरू स्थानीय सरकार सञ्चालन ऐनले तोकेभन्दा बढी हुन्छन् ।

## ८. सामाजिक विकास शाखाअन्तर्गत शिक्षा शाखा पर्ने कि नपर्ने

सङ्घीय मन्त्रालयबाट जारी स्थानीय तहको कर्मचारी सङ्गठन संरचनामा सामाजिक विकास शाखाअन्तर्गत स्वास्थ्य शाखा र महिला बालबालिका तथा समाजकल्याण शाखा रहेका र शिक्षा युवा तथा खेलकुद् शाखा  र शैक्षिक प्रशासन महाशाखा अलग्गै रहेको देखिन्छ । अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनसंरचना समितिको प्रतिवेदन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा र खेलकुदसम्बन्धी कार्यलाई सामाजिक विकास क्षेत्रभित्र राखेको देखिन्छ । कतिपय पालिकाहरूले स्थानीय तहको कर्मचारी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा शिक्षा, युवा तथा खेलकुद शाखालाई सामाजिक विकास महाशाखाअन्तर्गत वा सामाजिक विकास शाखाअन्तर्गत शिक्षा, युवा तथा खेलकुदलाई उपशाखाका रूपमा राखेको पाइएको छ जब कि शिक्षा प्रशासनमा नवौँ/दसौँ तहका अधिकृत कर्मचारी शाखा प्रमुख रहने अवस्था छ ।

## ९. स्थानीय तहको काम कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेका सूचीमा मूलतः स्थानीय तहमा शिक्षासम्बन्धी नीति बनाउने, कानुन बनाउने,  मापदण्ड तोक्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन र नियमन गर्ने कुरा उल्लेख छ । त्यस्ता थप कार्यहरूको विवरण तल दिइएको छ :

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षाको नीति बनाउने, कानुन निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने र नियमन गर्ने

२. सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, तथा नियमन ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन

४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द भएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।

१७. ट्युसन कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीय स्तरको शैक्षिक ज्ञान सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## १०. शिक्षा शाखाले सम्पादन गर्नुपर्ने अतिरिक्त कामको विवरण

स्थानीय सरकार सञ्चालन ऐनले तोकेका काम कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय तहहरूले गरेको कर्मचारी व्यवस्थापन तथा सर्वेक्षण अध्ययन प्रतिवेदनहरू अध्ययन गर्दा शिक्षा प्रशासन हेर्ने शाखाले गर्नुपर्ने कार्यको विवरण स्थानीय सरकार सञ्चालन ऐनले तोकेको भन्दा बढी देखिन्छ ।

**शिक्षा प्रशासन कार्यहरू:**

(क) औपचारिक तथा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन गर्ने, अनुगमनसम्बन्धी कार्य गर्ने

(ख) शैक्षिक स्तर सुधारका लागि विद्यालयको सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने

(ग) संस्थागत विद्यालयहरूको स्थलगत निरीक्षण गरी नियमानुसार सञ्चालन भए नभएको अनुगमनसम्बन्धी कार्य गर्ने

(घ) विद्यालयका निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन प्रकियाको अनुमगन गर्ने

(ङ) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापनसम्बन्धी कार्य गर्ने

(च) तहगत तथा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने

(छ) विद्यालयका शिक्षक तथा कर्मचारीका लागि तालिमसम्बन्धी कार्य गर्ने

(ज) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने

(झ) विपन्न बालबालिकाहरूलाई विद्यालय जान प्रेरित गर्ने कार्यक्रम ल्याउन आवश्यक पहल गर्ने

(ञ) शैक्षिक स्तर सुधारका लागि विद्यालय अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने

(ट) स्थायी शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम फाइलिङ गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्ने र शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने

(ठ) स्थायी शिक्षकहरूको असाधारण तथा अध्ययन बिदा रेकर्डसम्बन्धी कार्य गर्ने

(ड) माध्यमिक तहसम्मको समग्र शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने

(ढ) सामुदायिक तथा संस्थागत विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठनसम्बन्धी कार्यमा सहजीकरण गर्ने

(ण) विद्यालयमा प्रधान अध्यापक नियुक्ति र शिक्षक छनोट प्रक्रियाको अनुगमन गर्ने र आवश्यक कार्य गर्ने

(त) विद्यालयलाई वितरण गरिने कार्यक्रम अनुदान तथा सोको बजेट व्यवस्थापनसम्बन्धी कार्य गर्ने

(थ) विद्यालय र शिक्षक तथा कर्मचारीको अभिलेख अद्यावधिक गराई राख्ने

(द) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको आवश्यकता पहिचान गरी सिफारिस गर्ने

(ध) सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरूको अनुगमन र नियमन गर्ने

(न) पाठ्यक्रम कार्यान्वयन गर्ने गराउने

(प) विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धिसम्बन्धी कार्य गर्ने

(फ) बाल गृह, पुनःस्थापना केन्द्र, दिवा केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्रहरूको स्थापना, सञ्चालन, अनुगमन र नियमनसम्बन्धी कार्यहरू गर्ने

(ब) विद्यालयको जग्गा, जमिन, भवन, कक्षाकोठा, खेल मैदान, प्रयोगशाला र पुस्तकालयहरूको अभिलेख राख्ने

(भ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन गर्ने

(म) शिक्षाको पहुँचबाट बञ्चित समूहलाई अनौपचारिक शिक्षाको विकास विस्तार गर्न विभिन्न कार्यक्रमको सञ्चालन एवम् समन्वयसम्बन्धी कार्य गर्ने

(य) विद्यालयबाहेकका स्थानीय स्तरमा सञ्चालित शैक्षिक संस्थाहरूसँग समन्वय, सहजीकरण, अनुगमन, नियमन गर्ने

(र) विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गर्ने

## युवा तथा खेलकुद विकाससम्बन्धी कार्यहरू

(क) युवा जागरण, सशक्तीकरण र परिचालनसम्बन्धी कार्य गर्ने

(ख) युवा सिप, उद्यमशिलता तथा नेतृत्व विकाससम्बन्धी कार्य गर्ने

(ग) युवा परिचालका लागि नगरपालिकाको युवा नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने

(घ) युवाहरूलाई स्वरोजगारउन्मुख अनौपचारिक शिक्षा तथा ज्ञान तथा सिपहरूलाई आयमूलक कार्यक्रमहरूसँग आवद्ध गर्ने कार्यक्रम सञ्चालन गर्ने

(ङ) युवा उद्यमशिलताको पहिचान गर्दै युवाहरूलाई स्वरोजगार उन्मुख अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत विकास भएका थान तथा सिपहरूलाई आयमूलक कार्यक्रमहरूसँग आबद्ध गर्ने कार्यक्रम सञ्चालन गर्ने, गराउने

(च) युवा नेतृत्व विकासका कार्यक्रहरू सञ्चालन गर्ने

(ज) खेलकुदको विकास र प्रवर्धन गर्ने

(झ) गाउँ र नगरस्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने र सहभागिता जुटाउने

(ञ) खेलकुदका माध्यमबाट अनुशासित युवाहरूको विकाससम्बन्धी आवश्यक कार्यहरू गर्ने

(ट) विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने

(ठ) अन्तरविद्यालय स्तरीय, राष्ट्रपति रनिङ सिल्ड, मेयर कपलगायतका प्रतियोगिता सञ्चालन गर्ने

(ड) राष्ट्रिय स्तरमा सञ्चालन हुने विद्यालयस्तरीय प्रतियोगितामा सहभागी छनोट गर्न आधारहरू तयार गरी सिफारिस गर्ने

(ढ) जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्धन र विकाससम्बन्धी काम गर्ने

(ण) भाषा, कला, साहित्य संस्कृतिको संरक्षण, संवर्धन, विकास र प्रवर्धन गर्ने

(त) भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकाससम्बन्धी कार्यहरू गर्ने

## अन्य प्रशासनिक कार्यहरू

यसमा कामको विवरण कतै लेखिएको हुँदैन तर शिक्षा प्रशासनका हिसाबले गर्नुपर्ने कार्यहरूमै पर्दछन् । यी यस्ता प्रशासनिक कार्यहरू हुन् जुन दैनिक रूपमा नगरी सुखै छैन र शिक्षा शाखाले गर्नुपर्ने मुख्य र प्राविधिक कार्य गर्ने समय निकाल्न कठिन हुन्छ ।

(क) विभिन्न समितिहरूको गठन र पुनर्गठन, योजनाहरूको अवधिको म्याद थप, ऐन, नियम र कार्यविधिको निर्माण र संशोधन, कार्यपालिका बैठकमा लैजानु पर्ने प्रस्ताव, शाखा र उपशाखाहरूको व्यवस्थापन र जिम्मेवारी बारे गर्नुपर्ने कार्यका बारेमा पर्याप्त समय अगावै स्थानीय तहका अध्यक्ष वा नगरप्रमुखर प्रशासकीय अधिकृतसमक्ष प्रस्ताव लैजाने

(ख) विभिन्न निकायहरूबाट पठाइएका उजुरी र जाहेरी पत्रसँग सम्बन्धित कागजात, विवरण तयार गरी राय प्रतिक्रिया र प्रतिवेदन पठाउने

(ग) आफ्नो शाखासँग सम्बन्धित दर्ता चलानीका कामहरू गर्ने । पत्र व्यवहार गर्ने । पत्र व्यवहारका फाइल, निर्णय तथा कागजातहरू सुरक्षित तवरले राख्ने

(घ) आफू मातहतका कर्मचारीहरूको कामको सुपरिवेक्षण र सहजीकरण गर्ने

(ङ) विद्यालय शिक्षक र कर्मचारीहरूको तलब भत्ता र विद्यालयहरूलाई उपलब्ध गराउनुपर्ने अनुदानहरूको विवरण तयार गरी नगरपालिकाको कार्यालयमा पेस गर्ने

(च) राष्ट्रपति शैक्षिक सुधारलगायत विभिन्न कार्यक्रमहरूबाट आउने कक्षाकोठा र भवन निर्माणसम्बन्धी प्रशासनिक काम गर्ने

(छ) विद्यालयमा व्यवस्थापन समितिको गठनमा सहजीकरण गर्ने

(ज) विद्यालयमा हुने गरेका विव्यस, प्रधानाध्यापक र शिक्षकहरूको द्वन्द्व व्यवस्थापन गर्ने

(झ) शिक्षकलाई मासिक रूपमा तलब खुवाउनु पर्ने मागको सम्बोधन गर्ने

(ञ) कक्षा थप सम्बन्धमा परेका निवेदनको आधारमा विद्यालयको स्थलगत अवलोकन भ्रमण

(ट) शिक्षा समितिको सचिवालयको काम गर्ने

(ठ) विद्यालयहरूमा हुने अभिभावक भेला र सामाजिक परीक्षणमा सहभागिता जनाउने, वार्षिक प्रतिवेदन अध्ययन गरी सुझाव दिने ।

## ११. स्थानीय तहमा शिक्षा प्रशासन र स्वायत्तता

शिक्षा युवा तथा खेलकुद शाखा वा शैक्षिक प्रशासन महाशाखाका ज्येष्ठ कर्मचारीले नै शाखा प्रमुख वा विभाग प्रमुखको जिम्मेवारी पाएका हुन्छन् । हाल केही स्थानीय तहहरूमा जिल्ला शिक्षा समन्वय एकाइ, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका विभागीय निकाय वा मन्त्रालयमा काम गरेका अनुभवी कर्मचारीहरूबाट स्थानीय तहको शिक्षा प्रशासन सञ्चालन भइरहेको छ । केही स्थानीय तहहरूमा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएका नवप्रवेशी शिक्षा अधिकृतहरूबाट शिक्षा प्रशासन चलेको छ । जिल्ला शिक्षा कार्यालयको विद्यालय निरीक्षक र प्राविधिक सहायक पदमा रहँदाको कार्य प्रकृति र स्थानीय तहको शिक्षा अधिकृत र सहायक पाँचौं पदमा रही गर्नुपर्ने काम, कर्तव्य र जिम्मेवारी फरक छ । स्थानीय तहको शिक्षा प्रशासनमा शिक्षाका कर्मचारीहरूले प्राविधिकभन्दा बढी प्रशासनिक काम नै बढी गर्नुपर्दछ भन्ने कुरा यस अगिका बुँदाहरूमा उल्लेख भएबाट प्रस्ट हुन्छ । स्थानीय तहमा शिक्षा शाखाहरू शिक्षा प्रशासन सञ्चालन गर्न र ससर्त बजेटका कार्यक्रमहरू सञ्चालन गर्न प्रायः बढी स्वायत्त हुन्छन् । तर स्थानीय तहको वित्तीय समानीकरण, राजस्व बाँडफाँड र आन्तरिक आम्दानीको स्रोतबाट सञ्चालन गर्नुपर्ने कार्यक्रमको विकास गर्न र त्यस्ता कार्यक्रमहरूको सञ्चालन गर्न नगर शिक्षा समिति र स्थानीय सरकारसँग पर्याप्त समन्वय गर्नुपर्ने हुनसक्छ । यसैगरी स्थानीय तहको शिक्षा प्रशासनले पालिकाका विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारीको आन्तरिक व्यवस्थापन गर्नुपरेमा र तिनको व्यवस्थापनका लागि लागि कार्यविधि बनाई स्थानीय नीति नियम तथा कार्य गर्नुपरेमा त्यस्ता कार्यविधिहरूको मसौदासमेत तयार गरी नगर शिक्षा समितिमार्फत वा सोझै स्थानीय सरकार प्रमुखसमक्ष समन्वय गर्नुपर्ने हुन्छ । नवप्रवर्तनात्मक र सिर्जनात्मक कार्यहरू गर्न विगतमा जस्तो बजेट र कार्यक्रम प्राप्त गर्न स्वायत्तता शाखा हुन्छ, विगतमा जस्तो विभाग र केन्द्रको मुख ताक्नु पर्दैन । कर्मचारीहरूले आफ्नो पेसागत क्षमता विकासका लागि स्थानीय तहबाट क्षमता विकास कार्यक्रम र बजेट पारित गराई तालिम र अवलोकन भ्रमण जस्ता अवसरहरू प्राप्त गर्न सक्छन् । यसलाई एउटा राम्रो अवसरका रूपमा लिन सकिन्छ ।

## १२. प्राज्ञिक योग्यताका विषयवस्तु र कर्मचारी छनोटका लागि निर्धारित पाठ्यक्रम र प्राविधिक सेवाबिचको सम्बन्ध

शिक्षा प्रशासनका लागि उम्मेद्वार हुन हासिल गर्नुपर्ने न्यूनतम् प्राज्ञिक योग्यताका विश्वविद्यालयीय पाठ्यक्रमहरू प्रायः शिक्षण विज्ञान, शैक्षिक मनोविज्ञान, शैक्षिक योजना, शैक्षिक व्यवस्थापन, शैक्षिक मूल्याङ्कन आदि जस्ता शिक्षाको प्राविधिक पक्षसँग मात्र बढी केन्द्रित रहेका देखिन्छन् । यसैगरी शिक्षा प्रशासनका लागि उम्मेद्वार सिफारिस गर्न लिइने लिखित परीक्षाका पाठ्यक्रमहरू पनि शिक्षा शिक्षण र शैक्षिक व्यवस्थापनसँग बढी केन्द्रित रहेको पाइन्छ । तर स्थानीय तहको शिक्षा प्रशासन हेर्ने शिक्षा अधिकृतको कार्य प्रकृति भने विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकारभन्दा केही फरक छ । स्थानीय तहको शिक्षा शाखाले गर्नुपर्ने काम कर्तव्य र जिम्मेवारी हेर्दा प्राज्ञिक योग्यता र पेसागत योग्यताका पाठ्यक्रम र विषयवस्तुहरू पर्याप्त देखिँदैन । शिक्षाका कर्मचारीले शैक्षिक प्रशासन र शिक्षा शास्त्रअन्तर्गत पर्ने शैक्षिक प्रशासनसम्बन्धी विषयका अतिरिक्त विकास प्रशासन, सार्वजनिक प्रशासन, आर्थिक प्रशासन, कार्यविधि कानुन, कार्यालय सञ्चालन र आन्तरिक व्यवस्थापन, खेलकुद, अनुसन्धान, आदि जस्ता विषयक्षेत्रका बारेमा समेत नीतिगत तथा प्राविधिक ज्ञान हासिल गरेको हुन आवश्यक देखिन्छ । यसका लागि विश्वविद्यालयका शैक्षिक सङ्काय तथा

उम्मेद्वार छनोट गरी सिफारिस गर्ने निकायहरूले उक्त विषयका एकीकृत तथा बहुविषयक पाठ्यक्रम विकास गर्न, त्यस्तो विषय पठनपाठन गर्न र छनोट परीक्षाको विषयसूची (सिलेबस) निर्माण गर्न आवश्यक देखिन्छ ।

## १३. स्थानीय तहमा शिक्षा प्रशासनलाई अवसर

(क) स्थानीय तहमा शिक्षा प्रशासनका लागि सबैभन्दा महत्त्वपूर्ण अवसर भनेको आफ्नो लागि आवश्यक पर्ने व्यवस्थापकीय कानुनहरू आफैँ बनाई लागु गर्न पाउनुलाई लिन सकिन्छ । तालुक अड्डाको बाटो हेरिरहनु पर्दैन । नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले गाउँसभा र नगर सभालेले अनुसूची ८ र अनुसूची ९ बमोजिमका सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था गरिदिएको छ ।

(ख) अर्को महत्त्वपूर्ण अवसर भनेको शिक्षाको राष्ट्रिय नीतिलाई सघाउने र शिक्षा शाखाले आवश्यक अनुभूत गरेका विषयमा नवप्रवर्तनात्मक तथा विकासात्मक कार्य गर्नका लागि आवश्यक पर्ने बजेट, स्रोत र साधन स्थानीय सरकारबाट व्यवस्था गराई कार्यान्वयन गर्न सकिन्छ । यस सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा व्यवस्था भएको २३ ओटा काम कर्तव्य र अधिकारले नीतिगत आधार प्रदान गरेको छ

(ग) विभिन्न विषयगत शाखा, उपशाखा, एकाइहरू रहेको स्थानीय तहको कार्यालयको एउटै सङ्गठन संरचनाभित्र रहँदा अन्य शाखाहरूको कार्यक्रमबारेमा जानकारी हुने र आपसी सहकार्य र समन्वयमा विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन सर्न सकिन्छ ।

(घ) शाखाले गर्नुपर्ने कार्यहरूमा परेका अप्ठेरोमा स्थानीय सरकारका प्रमुख, विषयगत समितिका पदाधिकारी र जनप्रतिनिधिहरूबाट अभिभावकत्व प्राप्त गर्न सकिन्छ ।

(ङ) स्थानीय शिक्षाप्रेमी, सरोकारवाला सङ्घ संस्था र समुदायसँग नजिकमा रही काम गर्ने अवसर प्राप्त भएको छ ।

(च) आफ्ना शाखाका लागि आवश्यक पर्ने नीति तथा कार्यक्रम, बजेट, ऐन (कानुन आफैँले निर्माण गरी आफैँले कार्यान्वयन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण गर्ने, बैठक गोष्ठी कार्यशालाहरू सञ्चालन गर्ने, स्थानीय शैक्षिक मामिलाहरूका बारेमा छलफल गर्ने, समस्या समाधान गर्ने, अन्तरशाखा समन्वय र सहकार्य गर्ने आदि जस्ता कार्यहरू गर्न स्वायत्तता हुने भएको हुँदा शिक्षा प्रशासनमा काम गर्ने शिक्षा अधिकृत र कर्मचारीलाई बहुआयामिक बन्ने र नेतृत्वसिप विकास गर्ने अवसर छ ।

(छ) कतिपय स्थानीय तहले कर्मचारी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन कार्य पूरा गरी विषयगत शाखा र कर्मचारीको कार्यविवरण तयार गरेका छन् । त्यस आधारमा नयाँ नियुक्त भएर आउने कर्मचारीले आफूले गर्नुपर्ने कार्यको विवरण समयमै पाउन सक्छन् ।

## १४. चुनौती

स्थानीय तहका शिक्षा प्रशासनमा अवसरका सम्भावनाहरू हुँदाहुँदै पनि कतिपय चुनौतीहरू पनि छन् । स्थानीय सरकारको सम्पूर्ण शिक्षा प्रणाली र सम्पूर्ण विद्यालय तथा शैक्षिक सङ्घ र संस्थाहरूको अनुगमन, निरीक्षण तथा नियमन गर्नुपर्ने हुँदा स्थानीय सरकारको अपेक्षाअनुसार शिक्षा क्षेत्रमा सुधार र परिवर्तन गर्ने कार्य चुनौतीपूर्ण नै छ । एकातिर स्थानीय तहमा काम गर्न पर्याप्त स्रोत साधन र समयको कमी छ भने अर्कातिर केन्द्रीय नीति नियमहरूको सीमाभित्र रही काम गर्नुपर्दा स्थानीय तहका जनप्रतिनिधिहरूबाट आउने विभिन्न थरिका दबाबहरूको सामना गर्नु पनि स्थानीय शिक्षा प्रशासनका लागि अर्को चुनौतीपूर्ण अवस्था बन्न सक्छ । यसका अतिरिक्त स्थानीय तहका शिक्षा प्रशासनमा आउने केही चुनौतीहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

(क) स्थानीय तहमैत्री शिक्षा ऐन, नियमावली जारी नहुँदा साविकको राज्यव्यवस्थाबमोजिम बनेका ऐन, कानुनबमोजिम काम गर्न

(ख) स्थानीय तहको समग्र शैक्षिक प्रशासन, कार्यालय प्रशासन तथा विद्यालय क्षेत्रको आर्थिक प्रशासनका कार्यहरू समेत गर्नुपर्दा नवप्रवर्तनात्मक कार्य र विद्यालय क्षेत्रको शैक्षिक सुधारमा ध्यान दिन र पर्याप्त समयको व्यवस्था गर्न

(ग) सामाजिक विकास समितिको सचिवालय सामाजिक विकास शाखाले गर्ने भएकाले सामाजिक विकासअन्तर्गत पर्ने शाखाहरूको सङ्गठन संरचना स्पष्ट नहुँदा सामाजिक विकास शाखामा शिक्षा शाखाले आवश्यक भूमिका निर्वाह गर्न

(घ) स्थानीय सरकार जनताको नजिक हुने भएको हुँदा विद्यालयका अभिभावकहरू विद्यालयमै समाधान हुने समस्यासमेत लिएर आउने हुँदा शिक्षा प्रसाशन स्थानीय विपत् समाधान गर्न समय दिनु पर्दा समयमै शाखाको विषयगत कार्य गर्न

(ङ) अधिकांश विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी र शिक्षक सङ्ख्याको कमी हुँदा शैक्षिक समस्याहरू समाधान गर्न नसकेको भन्ने गुनासो थेग्न

(च स्थानीय तहको स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपर्ने अवस्थामा स्थानीय जनप्रतिनिधिहरूबाट आउन सक्ने भनसुन र दबाब थेग्न

(छ) स्थानीय तहमा कर्मचारीको कमीका कारण अन्य विषयगत शाखाको कामसमेत गर्ने गरी थप जिम्मेवारीहरू बहन गर्न

(ज) पाठ्यक्रम विकास केन्द्र र अन्तर्गतका सङ्घीय तथा प्रदेश सरकारका निकायबाट समयमै पर्याप्त अभिमुखीकरण नहुँदा पाठ्यक्रम र पाठ्यपुस्तक परिवर्तन भएको अवस्थामा पाठ्यक्रम कार्यान्वयन, पठनपाठन र मूल्याङ्कन विधि सम्बन्धमा आउने जिज्ञासाहरू समाधान गर्न

(झ) शिक्षकको सरुवा सहमति, प्रअ नियुक्ति, विद्यालय व्यवस्थापन समिति गठन, कक्षा थप, शिक्षकको नियमितता, पुरस्कार र सम्मान, विद्यालयको आर्थिक हिसाबकिताबको हिनामिना, अख्तियार दुरुपयोग भएको उजुरी आदि विवादास्पद विषयमा समयमै उचित निर्णय लिनुपर्ने र आवश्यक काम कारबाही गर्न

## १५. समस्या

(क) स्थानीय तहको शिक्षा प्रशासनमा कर्मचारीको कमी हुनु

(ख) आफ्नो विषयगत शाखाभन्दा अन्य विषयगत शाखाको कामको समेत जिम्मेवारी वहन गर्नुपर्ने बाध्यता रहनु

(ग) आधिकारिक निकायबाट कर्मचारीको पद नाम र तह र श्रेणीअनुसारको कार्य विवरण उपलब्ध नहुनु

(घ) कतिपय पालिकामा शिक्षा शाखा रही काम गर्ने र कागजात फाइल आदि सुरक्षित रूपमा राख्ने दराज फर्निचर तथा कोठाको कमी हुनु

(ङ) अन्य केही विषयगत शाखाहरूको तुलनामा शिक्षा शाखालाई स्थानीय तहबाट कार्यक्रम सञ्चालन तथा शैक्षिक सुधारका लागि अपर्याप्त कार्यक्रम र बजेट विनियोजन हुनु वा कार्यक्रम र बजेटको व्यवस्था नै नहुनु

(च) शिक्षा शाखाका मुद्दाहरूले स्थानीय तहमा छलफलका लागि कम महत्त्व पाउनु

(छ) स्थानीय तहको कार्यालय प्रमुख र शिक्षा शाखाका प्रमुखहरूको श्रेणी र तह र ज्येष्ठताबमोजिम पदीय मर्यादा र जिम्मेवारीमा उचित सम्बोधन नहुनु

(ज) स्थानीय तहमा लेखा तथा आर्थिक प्रशासन हेर्ने कर्मचारीका कारण विद्यालयको अनुदान समयमा निकासा हुन नसक्दा विद्यालयबाट गुनासो आउनु

(झ) कतिपय सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूले शाखाको काम कारबाहीमा राजनीतिक संरक्षणको प्रभाव उपयोग गर्नु

(ञ) कक्षा १०, कक्षा ११ र १२ को परीक्षा कार्यक्रम तथा सिटिइभिटीका शैक्षिक कार्यक्रमको सञ्चालन र अनुगमन तथा प्रदेश स्तरका निकायहरूबाट सञ्चालित शैक्षिक विकास र सुधारका कार्यक्रम सम्बन्धमा स्थानीय तहका शिक्षा शाखाहरूसँग समन्वय र जानकारी नहुँदा कुनै अनियमितता भएको शङ्का लागी सम्बन्धित सरोकारवालाले राखेको जिज्ञासा सम्बन्धमा उत्तरविहीनताको अवस्था आउन सक्नु

## १६. सुझाव

(क) स्थानीय तहमा रहेका शिक्षा प्रशासन हेर्ने शिक्षा शाखाको सुदृढीकरण र शैक्षिक कार्यक्रम सञ्चालनका लागि पर्याप्त ससर्त बजेट र कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट समेत व्यवस्था गर्नुपर्दछ ।

(ख) स्थानीय सरकार सञ्चालन ऐनले तोकेका स्थानीय तहको शिक्षासम्बन्धी काम कर्तव्य र अधिकारको सूचीमा रहेका तर अधिकांश स्थानीय तहले कार्यन्वयन गर्न नसकेका सूचीको कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेश सरकारका शिक्षा हेर्ने निकायले आवश्यक पहल गर्नुपर्छ ।

(ग) सङ्घीय सरकारका केन्द्रीय विभाग र जिल्लाको शिक्षा हेर्ने भनी राखिएका शिक्षा विकास तथा समन्वय एकाइबाट सम्पादन हुने कार्यहरूसँग स्थानीय तहले गर्नुपर्ने भनी स्थानीय सरकार सञ्चालन ऐनमा तोकिएका काम कर्तव्य र अधिकारहरू (जस्तैः शिक्षक सरुवा र दरबन्दी मिलान, सिकाइ उपलब्धि परीक्षण, विद्यालय सम्पत्ति संरक्षण र व्यवस्थापन, विद्यालयको शैक्षिक पूर्वाधार निर्माण) जुधेको अवस्थामा सङ्घीय निकायहरूले आवश्यक निर्देशन दिएर सहजीकरण गरिदिनुपर्छ ।

(घ) परीक्षा नियन्त्रण कार्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, चिकित्सा शिक्षा आयोग आदि जस्ता केन्द्रीय निकाय र प्रदेश मन्त्रालय तथा प्रदेश सरकारका क्षेत्रीय निकायहरूबाट स्थानीय तहमा सञ्चालन गर्ने शैक्षिक विकास र सुधारका कार्यक्रमहरूमा स्थानीय तहसँग समन्वय गरी शिक्षा शाखालाई सहभागी बनाउनुपर्छ ।

(ङ) कर्मचारी सङ्गठन संरचना र कर्मचारी दरबन्दीमा जुन एकरूपता हुनुपर्ने हो त्यो पाइएको देखिँदैन । यसलाई सङ्घीय मन्त्रालयले पुनरवलोकन गरी एकरूपता ल्याउन समीक्षा गर्नुपर्दछ र संशोधन गर्नुपर्दछ । यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कर्मचारी प्रशासन महाशाखाले समयमै आवश्यक पहल गर्नुपर्दछ ।

(च) सङ्घीय मन्त्रालयको कर्मचारी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणलाई समयानुकूल पुनरवलोकन गरी स्थानीय तहको शिक्षा प्रशासनका लागि आवश्यक पर्ने सङ्ख्यामा पर्याप्त जनशक्ति रहने व्यवस्था गर्नुपर्दछ ।

(छ) सङ्घीय मन्त्रालयको कर्मचारी सङ्गठन तथा व्यवस्थापन प्रतिवेदनबमोजिम सामाजिक विकास समितिअन्तर्गत शिक्षा शाखा रहने नरहने सोको नीतिगत यकिन हुनुपर्दछ । यदि रहने भएमा शिक्षा शाखा, स्वास्थ्य शाखा र महिला शाखाको सङ्गठन संरचनामा उक्त तीनओटै शाखाहरूमध्ये ज्येष्ठ कर्मचारी नै सामाजिक विकास शाखा प्रमुख रहने व्यवस्था गर्नुपर्दछ ।

## १७. निष्कर्ष

शिक्षा प्रशासन स्थानीय सरकारको एक अभिन्न अङ्ग हो । शिक्षा प्रशासनले स्थानीय तहभित्र शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने, शैक्षिक संस्थाहरूको नियमन तथा व्यवस्थापन गर्ने र स्थानीय तहको शैक्षिक स्तर उकास्ने विभिन्न प्रकारका विकासात्मक कार्यहरू गर्दछ । स्थानीय तहले गर्नुपर्ने शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरिदिएको छ । यसका अतिरिक्त स्थानीय तहमा शिक्षा शाखाले शिक्षा प्रशासनसम्बन्धी अन्य धेरै कामहरू गर्नुपर्ने हुन्छ । स्थानीय तहमा शिक्षा प्रशासनसम्बन्धी काम गर्न स्थानीय तहको प्रकारअनुसार अलग्गै शाखा र कर्मचारी सङ्गठनको संरचना र दरबन्दीको तेरिज कायम गरिएको छ । शिक्षा शाखाले गर्नुपर्ने नीतिगत निर्णयहरू नगर शिक्षा समितिबाट पारित गराउन आवश्यक हुन्छ । स्थानीय तहमा शिक्षा प्रशासनमा रही कार्य गर्न कर्मचारीहरूका लागि अवसरहरू पनि छन् र केही चुनौतीहरू पनि । तर ती चुनौतीहरू सामना गर्न नसकिने किसिमका छैनन् र समस्या पनि समाधान गर्नै नसकिने किसिमका पनि छैनन् । खाँचो छ त केवल शिक्षा प्रशासनमा कार्यरत कर्मचारीको उच्च मनोबल र कार्यसम्पादन क्षमता, स्थानीय तहको प्रतिबद्धता, प्रदेश सरकार र सङ्घीय सरकारका सम्बद्ध मन्त्रालयहरूको समसायिक पहलको । समग्रमा भन्नु पर्दा स्थानीय सरकारको शिक्षा प्रशासन प्रभावशाली र महत्त्व पाउने निकाय हो, यसको सबलीकरणका लागि सबै सरोकारवाला, सम्बद्ध पक्ष र तालुक निकायहरूको सहयोग आवश्यक हुन्छ ।

## सन्दर्भ सामग्री

नेपाल सरकार, नेपाल कानुन आयोग, नेपालको संविधान (२०७२), बबरमहल, काठमाडौँ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनसंरचना समितिको प्रतिवेदन, २०७४

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह र अन्तर्गतको सङ्गठन संरचना र दरबन्दी तेरिज । (स्थानीय तहहरू सबै) सिंहदरबार, काठमाडौँको वेबसाइट *https://mofaga.gov.np/detail/524*

स्थानीय तहहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण खण्ड (ख) गाउँपालिकाहरूको दरबन्दी तेरिज (४६०) र खण्ड (घ) न.पा./उ.म.पा./म.न.पा. हरूको दरबन्दी तेरिज स्थानीय तहको सङ्गठन ढाँचा र दरबन्दी तेरिज) (publichealthupdate.com)

# एकीकृत पाठ्यक्रम र शिक्षण सिकाइ

आनन्द पौडेल, पिएचडी*

**लेखसार**

नेपाल सरकारले आधारभूत तह कक्षा १-३ मा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । यसले शिक्षकलाई बढी क्रियाशील बनाउने, सिकारुलाई शिक्षण सिकाइ क्रियाकलापमा आकर्षित तथा सहभागिता गराउने र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्ने उद्देश्य लिएको छ । पाठ्यक्रमलाई भिन्न भिन्न तरिकाबाट एकीकृत गर्ने सिद्धान्त र अभ्यासहरू विद्यमान रहेका छन् । नेपालमा विषयगत र विधागत स्वरूपलाई अवलम्बन गरिएको भए तापनि विषयगत विधाको वर्चस्व नै देखिन्छ ।  एकीकृत पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तथा अभ्यास पुस्तकहरू विकास भएका छन् । यसले सिकाइ प्रक्रियालाई थप सहयोग गरेको छ । पाठ्यक्रमको कार्यान्वयनका क्रममा निकै समस्याहरू पनि विद्यमान रहेका छन् । पूर्व तयारी नगरीकन पाठ्यक्रम कार्यान्वयनमा आउनु पाठ्यक्रमको व्यवस्थित रूपमा प्रवोधीकरण हुन नसक्नु, शिक्षक तालिम सुस्त गतिमा अगाडि बढ्नु, शिक्षक तालिम बढी सैद्धान्तिक र कम प्रयोगात्मकमा आधारित भई सञ्चालन गर्न, शिक्षक सहयोग पद्धति संस्थागत हुन नसक्नु, विद्यालयको भौतिक तथा कक्षाकोठा वातावरण बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री बनाउन नसकिनु जस्ता समस्याका कारण एकीकृत पाठ्यक्रमको कार्यान्वयन पक्ष चुनौतीपूर्ण बन्दै गएको छ । यी समस्याहरूको समाधानका लागि विशेष प्राथमिकता प्रदान गर्नुपर्ने अवस्था रहेको छ ।

## १. पृष्ठभूमि

पाठ्यक्रम समग्र शिक्षण सिकाइको एक प्रमुख साधन हो । प्रारम्भिक कक्षादेखि नै बालबालिकाहरूले साक्षरता सिप, लेखन सिप, सुनाइ, बोलाइ जस्ता ज्ञान तथा सिप हासिल गर्ने गर्छन् । यस्ता सिप खेल, नाटक, सामाजिक अध्ययन, गणित विज्ञान,  सङ्गीत, स्वास्थ्य शारीरिक शिक्षा जस्ता विषयमा हुने अन्तरक्रिया, चित्रात्मक प्रस्तुति, सिर्जनात्मक क्रियाकलापमार्फत सिक्ने गर्छन् । बालबालिकाहरूलाई यति नै सिक्नुपर्छ भनेर सीमाबद्ध गर्नुभन्दा पनि समग्रतामा उनीहरूको वास्तविक जीवनसँग आबद्ध गरेर सिक्ने प्रयाप्त अवसर प्रदान गर्नुपर्छ । यही अवधारणाका आधारमा एकीकृत पाठ्यक्रम विकास तथा कार्यान्वयनमा आएको हो । यसका लागि बालबालिकाहरूलाई खोजी गर्ने सिर्जनात्मक अभ्यास गर्ने प्रविधिसँग खेल्ने र सिक्ने अवसर प्रदान गर्नु पर्छ । प्रकृति र वातावरण बुझ्ने र खेल्ने अवसर दिनुपर्छ । परिवारका सबै सदस्यहरूसँग पर्याप्त मात्रामा अन्तरक्रिया गर्ने पारिवारिक कार्य वातावरणबाट सिक्ने अवस्था सिर्जना गर्नुपर्छ । त्यसै गरी समाज तथा समुदायसँग घुलमिल हुने र सिक्ने अवसर प्रदान गर्नुपर्छ । सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरूमा सहभागिता गराई सिकाइका लागि थप अवसर प्रदान गर्नु नितान्त जरुरी हुन्छ । आफ्ना सहपाठी साथीसँग नियमित रूपमा छलफल तथा अन्तरक्रिया गरी गराई एकआपसमा सिक्ने

* पूर्व उपसचिव, नेपाल सरकार

सिकाउने अवसर प्रदान गर्नुपर्छ । यी सबै कार्यलाई व्यवस्थित गरी सिकाइलाई समग्रतामा र जीवनसँग आबद्ध गर्ने उद्देश्यका साथ विकसित हुने पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो भनेर भन्न सकिन्छ ।

## २. एकीकृत पाठ्यक्रमको अवधारणात्मक पक्ष

एकीकृत पाठ्यक्रमको अवधारणालाई बुझ्दा देहायका पक्षहरूका बारेमा पनि स्पष्ट हुन जरुरी हुन्छ :

बहुविषयमा आधारित एकीकृत पाठ्यक्रमले विभिन्न विषयहरू व्यवस्थित गरेको हुन्छ । साझा शीर्षक तय गरी विभिन्न विषयले अपेक्षा गरेका ज्ञान तथा सिप विकास गर्ने गरी पाठ्यक्रमलाई व्यवस्थित गरिन्छ । विभिन्न विषयमा आधारित भई सिकाइ उपलब्धि हासिल गर्नुपर्ने हुन्छ ।

**अन्तरविषयमा आधारित एकीकृत पाठ्यक्रम :** विभिन्न विषयगत विधाका आधारमा सिकाइका वा सिकाइ उपलब्धिका पाठ शीर्षक (Theme) चयन गरी पाठ्यक्रमलाई व्यवस्थित गरिन्छ । यसले विषयगत विधाको संरचनालाई हटाउँछ । तुलनात्मक रूपमा यसमा सिकाइ उपलब्धिहरूको स्तर केही उच्च रहन्छ । जीवन्त अनुभवसँग आबद्ध पाठ्यक्रमः विषयगत विधालाई अन्त्य गर्छ । उच्च तहका सिकाइ उपलब्धिहरू व्यवस्थित गरिन्छ । सिकारुको वास्तविक जीवनमा आबद्ध गरी सिकाइ उपलब्धि हासिल गर्ने गरी सिकाइको व्यवस्थापन गरिन्छ । जीवनका समस्याहरू समाधान गर्ने गरी पाठ्यक्रमलाई व्यवस्थित गरिन्छ ।

एकीकृत पाठ्यक्रमका सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न तरिकाबाट परिभाषित गरेका छन् । Brazee and Capelluti (1995) का अनुसार एकीकृत पाठ्यक्रम सिकारुको समग्र सिकाइमा केन्द्रित, सिकारुको सिकाइ आवश्यकतालाई ससाना सिकाइ आवश्यकतामा विभक्तभन्दा पनि बृहत् स्वरूपमा व्यवस्थित, र परम्परागत विषयगत विधाभन्दा पनि सिकारुका जीवनसँग सम्बन्धित प्रश्नहरूमा केन्द्रित गरी विकसित भएको पाठ्यक्रम हो । त्यसै गरी Humphreys, Post, and Ellis (1981) ले एकीकृत पाठ्यक्रमलाई सिकारुले आफ्नो वातावरणमा आधारित भई गरिने अध्ययन हो जसबाट सिकारुले विभिन्न विषयवस्तुसँग सम्बन्धित ज्ञान हासिल गर्ने गरी व्यवस्थित पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमका रूपमा लिएका छन् । Shoemaker (1989) का अनुसार विषयगत विधाभन्दा माथि उठेर बृहत् अध्ययनका आधारमा पाठ्यक्रमका विभिन्न पक्षहरूका बारेमा समग्रतामा शिक्षण तथा सिकाइलाई सिकारुको वास्तविक जीवनसँग आबद्ध गरी अन्तरक्रियात्मक तरिकाबाट सिकाइ हुने गरी व्यवस्थित पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो भनेर परिभाषित गरेका छन् ।

माथि प्रस्तुत परिभाषा तथा एकीकृत पाठ्यक्रमको अवधारणात्मक पक्षबाट एकीकृत पाठ्यक्रमका निश्चित विशेषता रहने पक्ष उजागर हुन पुगेको छ ।

**एकीकृत पाठ्यक्रम :** बृहत् स्वरूपमा समग्रतामा सिकाइ गर्ने पक्ष सुनिश्चित गरिएको हुन्छ । विषयगत विधाभन्दा पनि अन्तरविषयगत विधामा आधारित हुन्छ । सिकाइलाई सिकारुको जीवनसँग जोडिएको हुन्छ । सिकारु सक्रिय हुने र सिकाइ मूलतः अन्तरक्रियात्मक हुन्छ । सिकाइ मूल्याङ्कनलगायतका पक्षहरू अन्तरविषयगत अवधारणाका आधारमा सञ्चालन हुन्छन् ।

गार्डनरले तय गरेका बहुबौद्धिक सिप तथा सिकाइका तरिकालाई उच्च प्राथमिकता प्रदान गरी एकीकृत पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु उचित हुन्छ । विविधतालाई सम्मान गर्दै सिकाइ उपलब्धि हासिल गर्न गराउन एकीकृत पाठ्यक्रम सफल हुनुपर्छ । त्यसै गरी विद्यमान सिकाइ मूल्याङ्कन पद्धतिमा आवश्यक सुधार गर्दै सिकारुका सिकाइ उपलब्धिको मूल्याङ्कन हुने प्रबन्ध गर्नुपर्छ । विशुद्ध नवीनतम मूल्याङ्कन पद्धति विकास गरी कार्यान्वयन जाँदाको जोखिमलाई न्यूनीकरण गर्न विद्यमान पद्धतिमै केही सुधार गरी शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा हुने कठिनाइको अग्रिम व्यवस्थापन गर्नु उत्तम हुन्छ । सामाजिक तथा सांस्कृतिक अवस्था फरक फरक छ । त्यसैले पाठ्यक्रमले विविधतालाई सम्मान गर्दै सबै वर्गका बालबालिकाले समता तथा समान शैक्षिक अवसर पाउने वातावरण सिर्जना गर्नु पर्छ । एकीकृत पाठ्यक्रम एकल विषयभन्दा पनि बहुविषयको सम्बोधन हुने गरी व्यवस्थित गरिने भएकाले विद्यालय तथा कक्षाकोठाभित्र रहेको समावेशी तथा विविधताको पक्षलाई उचित सम्बोधन गर्न ध्यान दिनुपर्छ ।

एकीकृत पाठ्यक्रम कार्यान्वयनका क्रममा कक्षाकोठामा आधारित वा घर वा समुदायमा आधारित परियोजना कार्य समावेश गर्न जोड दिनु राम्रो हुन्छ । यसले खोजमुखी, सिर्जनशील सिकारु तयार गर्न मदत गर्छ । किताबी ज्ञानभन्दा बाहिर पनि ज्ञान तथा सिप सिक्ने पर्याप्त अवसर प्रदान गर्नुपर्छ । यसका लागि परियोजना कार्यलाई बढी प्रथमिकता प्रदान गर्नुपर्छ । समग्र वा बृहत् स्वरूपको सिकाइलाई प्राथमिकता प्रदान गरिने भएकाले सिकाइ योजना तयार तथा कार्यान्वयनमा केही लचकता दिनुपर्छ । यसले शिक्षक तथा सिकारुले कक्षाकोठा र सन्दर्भअनुसार उपयुक्त ज्ञान तथा सिप विकास गर्न सहयोग पुग्न जान्छ । एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा अभिभावकको अहम् भूमिका रहन्छ । उनीहरूको सक्रिय सहभागिताबिना एकीकृत पाठ्यक्रम विकास तथा कार्यान्वयन हुन सक्दैन । अतः पाठ्यक्रम विकास तथा कार्यान्वयन चरणमा अभिभावक सक्रियतालाई उच्च प्राथमिकता प्रदान गर्नुपर्छ ।

एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनले सिकारुमा विभिन्न सिप विकास गर्छ । केही प्रमुख सिपहरूमा सहकार्य, जीवन्त अनुभवसँगको तादात्म्यता, स्वगतिमा हुने सिकाइ, योजनाबद्ध सिकाइ र सहजीकरण, विद्यालय समुदाय वा विद्यालय परिवार सहसम्बन्ध समग्रतामा सिकाइरहेका छन् ।

## ३. एकीकृत पाठ्यक्रमको महत्त्व

एकीकृत पाठ्यक्रम विकास तथा कार्यान्वयनको भूमिका महत्त्वपूर्ण हुन्छ । यसले सिकारुलाई आफूले सिकेका ज्ञान तथा सिपलाई वास्तविक जीवनमा जोड्न र प्रयोग गर्न मदत गर्छ र यसका लागि यसले सधैँ प्रोत्साहन गर्छ । सिकाइको गहिराइमा पुग्न मदत गर्छ र सिकाइलाई दिगो पना दिन्छ । एक्काइसौँ शताब्दीका मुख्य मुख्य सिप जस्तै समालोचनात्मक चिन्तन सिर्जनात्मकता प्रभावकारी सञ्चार र सहकार्य हासिल गर्न मदत गर्छ । वास्तविक जीवनका समस्या समाधानमा सहयोग गर्छ । सिकाइ समस्या समाधान गर्न मदत गर्छ किनकि यसमा समस्या समाधान गर्न उनीहरूलाई सक्रिय बनाइन्छ । सिकाइ उपलब्धिमा सुधार गर्छ ।

सिकारु केन्द्रित शिक्षण सिकाइलाई प्रोत्साहित गर्छ । एकीकृत एवम् प्रयोगात्मक सिकाइलाई प्रवर्धन गर्छ । सहकार्य संस्कार विकास हुन्छ र प्रभावकारी सञ्चार हुन जान्छ । सिकारुको सिकाइ क्रियाकलापमा सहभागितामा अभिवृद्धि गर्छ । सान्दर्भिक शिक्षा प्रदान हुन्छ । विभिन्न विषयगत

विधाबिचको सहसम्बन्ध सिकारुले सहज रूपमा थाहा पाउँछन् । जीवन्त अनुभवसँग सिकाइ जोडिने भएकाले सिकारु सिकाइप्रति आकर्षित हुन्छन् र सिकेको ज्ञान तथा सिप सहज रूपमा जीवनमा प्रयोगमा ल्याउन सक्छन् । सिकारुमा समालोचनात्मक सोच तथा सिप, समस्या समाधान सिप, समूहमा कार्य गर्ने कलाकौशल आदिको विकास हुन जान्छ र यसबाट उनीहरू प्रतिस्पर्धी हुन्छन् । सिकारुमा नवप्रवर्तनात्मक सोचको विकास हुन्छ । सिकारु तथा अभिभावकले सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापनमा लगानी वृद्धि गर्न सक्छन् । शिक्षकले उचित रूपमा सहजीकरण गर्ने सिकारु बढी क्रियाशील हुने र अभिभावकको पनि सहयोग हुन जाने भएकाले सिकारुको सिकाइ उपलब्धिमा उल्लेख्य प्रगति हुन जान्छ । यतिका धेरै महत्त्व बोकेको एकीकृत पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन भन्ने गुनासोहरू पनि आउने गरेका छन् ।

नेपालको सन्दर्भमा एकीकृत पाठ्यक्रमको प्रभाव स्पष्ट रूपमा देखिने अवस्थामा छैन । भर्खर यो कार्यान्वयनमा आएको र सबै शिक्षकले एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइसम्बन्धी तालिमसमेत प्राप्त नगरेको अवस्थामा प्रभाव हेर्ने वेला भइसकेको छैन । तर विश्वका अन्य मुलुकमा गरिएका अध्ययन अनुसन्धानहरूले भने एकीकृत पाठ्यक्रमको सकारात्मक प्रभाव हुने पक्षमा निचोड निकालेका छन् । सिकारुको सिकाइ प्रतिको आकर्षण बढेको (Zhbanova et al., 2010), विद्यार्थीमा उत्सुकता बढेको (Guthrie et al., 2000), सिकाइ प्रक्रियामा सहभागिताको अवस्थामा उल्लेख्य मात्रामा अभिवृद्धि भएको (Anderson & Cook, 2014), सिकाइ उपलब्धिमा वृद्धि भएको (Poldberg et al., 2013) जस्ता निष्कर्ष निकालेका छन् । यसबाट पनि प्रभावकारी रूपमा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा जाँदा शिक्षण सिकाइमा धेरै सकारात्मक प्रभाव पर्ने निष्कर्षहरू प्राप्त भएकाले पनि यसको महत्त्व अझै बढी रहेको पुष्टि हुन जान्छ ।

## ४. अभिभावक सक्रियता

बालबालिका सिकाइ प्रक्रियामा सक्रिय रूपमा सहभागी भए नभएको पक्षका लागि अभिभावकको सक्रियता बढाउनु पर्छ । सिकाइ क्रियाकलापमा सहभागी भएर वा सिकारुलाई वेला वेला सिकाइका बारेमा प्रश्न गरेर वा आफ्नो सक्षमताअनुसार सिकारुलाई सिकाइ प्रक्रियामा सहजीकरण गरेर अभिभावकको सक्रियता बढाउनु पर्ने हुन्छ । यसका लागि अभिभावक तयारी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रम कार्यान्वयनसँग अभिभावक शिक्षा र सहभागितामा प्राथमिकता प्रदान गर्नुपर्छ । अभिभावकले आफ्ना बालबालिकालाई सिकाइ प्रक्रियामा पृष्ठपोषण पनि प्रदान गर्न सक्छन् । यसका लागि पनि उनीहरूलाई उत्प्रेरित गर्नुपर्छ । त्यसै गरी अभिभावकले एकीकृत पाठ्यक्रमले तय गरेको विषयवस्तु (Theme) वा क्रियाकलापसँग सम्बन्धित सिकाइ सामग्रीको व्यवस्थापनमा पनि सहयोग पुऱ्याउनुपर्छ । कतिपय अवस्थामा घर परिवार, वरपरको वातावरण, सामाजिक सांस्कृतिक परिवेश तथा स्थानीय पेसा पनि बालबालिकाका लागि सिकाइका विषयवस्तु हुन्छन् । यस्तो अवस्थामा अभिभावकले आफ्ना बालबालिकालाई आवश्यक सहयोग गर्नुपर्छ । त्यसैले अभिभावकको सक्रियता एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा अत्यन्त प्रभावकारी हुने पक्षलाई ध्यान दिई योजनाबद्ध रूपमा कार्यान्वयनमा जानुपर्छ ।

नेपालको सन्दर्भमा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा देखा परेका मूलभूत समस्याहरूमा शिक्षक तयारी, कक्षाकोठा वातावरण सुधार, अभिभावकको सक्रिय परिचालन र शिक्षकका लागि आवश्यक शैक्षणिक सहयोग प्रदान गर्न नसक्नु रहेका छन् । अझै पनि सबै शिक्षकले एकीकृत पाठ्यक्रममा

आधारित तालिम प्राप्त गर्न सकेको अवस्था छैन । शिक्षक तथा सिकारुलाई आवश्यक अतिरिक्त सिकाइ सामग्री व्यवस्थापन हुन सकेको अवस्था छैन । त्यसैगरी अभिभावक शिक्षा प्रदान गर्न सकिएको छैन । विद्यालयमा आधारित शैक्षिक सहयोग पद्धति व्यवस्था हुन सकेको अवस्था छैन । नियमित रूपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्न सकेको अवस्था छैन । यसबाट एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट अपेक्षित सिकाइ उपलब्धिमा सुधार गर्ने लक्ष्य हासिल गर्ने कार्य अझै चुनौतीका रूपमा रहेको छ ।

## ५. कक्षाकोठामा सिर्जनात्मक पक्षको प्रवर्धन

एकीकृत पाठ्यक्रमको कार्यान्वयनका लागि कक्षाकोठामा सिर्जनात्मक अभ्यास हुने गरी व्यवस्थित हुन जरुरी हुन्छ । यसका लागि शिक्षकले विभिन्न पक्षहरूमा ध्यान दिनु उत्तम हुन्छ । सबै बालबालिकालाई स्वागत गर्ने र स्वागत योग्य कक्षाकोठा वातावरण निर्माणमा गरिनु पर्छ । शिक्षण सिकाइ क्रियाकलाप विकास तथा सञ्चालन प्रक्रियामा बालबालिकाका विचार तथा भावना राख्ने पर्याप्त अवसर प्रदान गर्नेर उनीहरूका विचारलाई सम्मान गर्ने कार्यले सिर्जनात्मकता प्रवर्धन हुन जान्छ । शिक्षण सिकाइमा सिकारुलाई सिकाइका लागि बढी स्वतन्त्रता प्रदान गरेर पनि सिर्जनात्मक बनाउन सकिन्छ । सिर्जनात्मक अभ्यास गर्ने पर्याप्त अवसर दिने गरी शिक्षण सिकाइ क्रियाकलापहरू छनोट गर्ने कार्यमा सिकारुलाई पनि सहभागिता गराउँदा उत्तम हुन्छ । बालबालिकालाई पर्याप्त मात्रामा पृष्ठपोषण प्रदान गरी सिकाइ प्रति आकर्षित गर्नुपर्छ । सिकारुलाई सधैँ सिर्जनात्मक कार्यमा लाग्न अभिप्रेरित गर्नुपर्छ । सिर्जनात्मकताका लागि पर्याप्त समय र अभ्यास चाहिने पक्षलाई ध्यान दिई सिकाइ क्रियाकलाप चयन तथा सञ्चालन गर्नुलाई उत्तम ठानिन्छ । बालबालिकाका सिर्जनात्मक अभ्यासको कक्षाकोठामा प्रदर्शन गर्ने र निरन्तर रूपमा प्रयोगमा ल्याउने कार्यले उनीहरूलाई थप सिर्जनशील हुन प्रोत्साहन मिल्छ । सिकेको ज्ञानलाई व्यवहारमा उतार्न सहजीकरण गर्नु उत्तम हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा जहिले पनि नयाँ नयाँ तरिका अवलम्बन गरी सिकारुलाई शिक्षण सिकाइ प्रति आकर्षित गर्नुपर्छ । परिवर्तनमा आधारित शिक्षण सिकाइ सञ्चालनलाई प्राथमिकता प्रदान गर्नुपर्छ । दैनिक कार्यतालिकालाई आवश्यकताअनुसार परिवर्तन गरी सिर्जनात्मक अभ्यासलाई समावेश गरिनुपर्छ । शिक्षकभन्दा सिकारुलाई बढी सक्रिय हुने वा गराउने वातावरण निर्माण गर्नुपर्छ । सधैँ सकारात्मक हुने र शैक्षणिक परिवर्तनका लागि तयार हुनुपर्छ ।

## ६. एकीकृत पाठ्यक्रमको कार्यान्वयनको अवस्था

हालै मात्र मकवानपुर तथा नवलपुर पूर्व जिल्लाका केही विद्यालयको अवलोकन गर्दा देखिएको अवस्था देहायबमोजिम रहेको: विद्यालयका शिक्षक भन्छन् कक्षा १ देखि ३ सम्म नयाँ किताब आएका छन् । किताबहरू पहिलाका भन्दा केही ठुला र रङ्गीन छन् । किताबहरू विषयगत नै छन् । अभ्यास तथा क्रियाकलापमा विविधता कायम गरिएको छ । तर पाठ्यपुस्तकमा राखिएका विषयवस्तु विभिन्न विषयगत विधाले अपेक्षा गरेका सिकाइ उपलब्धि एउटै पाठबाट सम्बोधन हुने गरी व्यवस्थित भएका छैनन् । विषयगत क्रियाकलापहरू नै रहेका छन् । एकीकृत पाठ्यक्रमको सिद्धान्तअनुसार एउटै क्रियाकलापले विभिन्न विधा वा विषयको सिकाइ उपलब्धि हासिल हुने गरी व्यवस्थित हुन सकेको अवस्था छैन ।

त्यसै गरी शिक्षण सिकाइका सम्बन्धमा शिक्षकको भनाइ यस्तो रहेको छः सबै शिक्षकले एकीकृत पाठ्यक्रममा आधारित तालिम प्राप्त गरेको अवस्था छैन । एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार शिक्षण सिकाइ हुने गरेको छैन र यसका लागि कक्षाकोठाको वातावरण उपयुक्त छैन । एकै कक्षामा ९० जना विद्यार्थी राखेर पठनपाठन गराउने अवस्था छ । विद्यार्थी चाप उच्च रहेको कारण समूह कार्यलगायतका गुणस्तरीय सिकाइका लागि तय भएका क्रियाकलाप सञ्चालन हुने अवस्था छैन । एकीकृत पाठ्यक्रमका बारेमा सामान्य अभिमुखीकरण मात्र भएको तर शिक्षण सिकाइको तौरतरिकाका बारेमा आवश्यक सिप विकास भइसकेको छैन । शिक्षक सहयोग पद्धति पनि विकास भएको अवस्था छैन । यी सबै अवस्थाका कारण एकीकृत पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी हुन सकेको अवस्था छैन । कक्षाकोठामा भएको शिक्षण सिकाइको अवलोकन गर्दा शिक्षण सिकाइ परम्परागत रूपमा नै विषयगत विधाका आधारमा सञ्चालन गरेको अवस्था भेटियो । विद्यार्थीको चाप हेर्दा एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार शिक्षण हुन सक्ने अवस्था देखिएन । अर्कोतर्फ शिक्षकले शिक्षण सिकाइलाई पाठ्यक्रमसँग र सिकारुको जीवन्त अनुभवसँग जोड्न सकेको अवस्था पनि देखिएन ।

## ७. एकीकृत पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या

पाठ्यक्रम विकास केन्द्रलगायत शिक्षाका विभिन्न निकायहरूमा एकीकृत पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक सिप विकास गर्ने पर्याप्त अवसर छैन । एकीकृत पाठ्यक्रम पूर्व तयारीबिना कार्यान्वयनमा आएको छ । आधारभूत तह कक्षा १-३ मा अध्यापनरत सबै शिक्षकले तालिम प्राप्त गर्न सकेका छैनन र अझै केही वर्ष कुर्नु पर्ने अवस्था छ । सङ्घदेखि विद्यालय तहसम्म एकीकृत पाठ्यक्रम कार्यान्वयनका लागि उपयुक्त जनशक्ति तयार हुन सकेको छैन । अभिभावकलाई सचेत गराई सिकारुको सिकाइ उपलब्धि सुधार अभ्यासमा सहभागी गराउन सकिएको छैन । विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति संस्थागत हुन सकेको छैन । सीमित स्रोत र साधनमा पाठ्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ । एकीकृत पाठ्यक्रमको कार्यान्वयन पक्षलाई सूक्ष्म रूपमा समीक्षा गर्दा मूलतः यसको तयारीमा नै प्रमुख समस्या रहेको अवस्था निकाल्न सकिन्छ ।

पहिलो, एकीकृत पाठ्यक्रमको सिद्धान्तअनुसार पाठ्यक्रम व्यवस्थित हुन सकेको अवस्था देखिँदैन । थिम विकास गरिनु राम्रो हो तर पुनः विषयगत संरचनाका आधारमा सिकाइ सामग्री विकास गरिनु यसको अर्को समस्याका रूपमा रहन पुगेको छ । दोस्रो, विषयवस्तु तथा क्रियाकलाप एकीकृत हुन सकेनन् । विषयवस्तुको प्रस्तुतीकरणले विषयगत विधा बोक्यो तर विभिन्न विधालाई एकीकृत गर्न सकेन । त्यसै गरी क्रियाकलाप तथा अभ्यासमा केही अभ्यास गरिए तापनि एकीकृत तथा पाठ्यक्रमले तय गरेको विधा गत सिकाइ उपलब्धिको एकीकरण गर्न सकेको अवस्था रहेन । तेस्रो, एकीकृत पाठ्यक्रमको प्रभावकारी रूपमा प्रबोधीकरण गर्न सकिएन । कक्षा १-३ मा पठनपाठन गराउने सबै शिक्षकमा समान बुझाइको विकास हुन सकेन ।

यसै गरी चौथो, पूर्व तयारी कम भयो । शिक्षकलाई पूर्ण रूपमा तयार नगर्दासम्म शिक्षण सिकाइ एकीकरण हुन सक्दैन । एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि आवश्यक सहजीकरण सिप विकास गर्ने गरी शिक्षक तालिम सञ्चालन भएको छैन । पाँचौं, तालिम सञ्चालन प्रक्रियाले सिप विकासभन्दा पनि विषयवस्तुको ज्ञान प्रदानमा जोड दिएको अवस्था छ । कक्षाकोठामा आधारित भई नमुना शिक्षण गरी गराई तालिम सञ्चालन गर्ने पद्धति अझै विकास हुन सकेको

छैन । सैद्धान्तिक पक्षको बाहुल्यता र अभ्यासभन्दा पनि Power Point Presentation ले नै प्राथमिकता र निरन्तरता पाउँदै आउनुले पनि अपेक्षित सिप विकास हुन सकेको छैन ।

छैटौँ, शिक्षक तालिम सञ्चालनको सङ्ख्या र सञ्चालन गर्ने निकायको सीमितता रहेको छ । हालको गति र योजनामा तालिम सञ्चालन गर्ने हो भने अझै केही वर्ष शिक्षक तालिम सञ्चालन गर्न लाग्ने अवस्था देखिन्छ । प्रदेश तहमा रहेका शिक्षा तालिम केन्द्रको क्षमता सबै शिक्षकलाई शीघ्र तालिम सञ्चालन गर्न पर्याप्त छैन ।  सातौँ, विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास हुन सकेको अवस्था छैन । एकातर्फ एकीकृत पाठ्यक्रमका बारेमा सिप विकास हुन नसक्नु, अर्कोतर्फ विद्यालयमा आधारित शिक्षक सहयोग प्रदान गर्ने पद्धति नहुनु एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सकारात्मक अवस्था होइन ।

आठौँ स्थानीय तहले एकीकृत पाठ्यक्रममा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक मानवीय तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्ने अवस्था नरहनु रहेको छ । सङ्घबाट प्राप्त एकीकृत पाठ्यक्रममा आधारित शिक्षक तालिम कोटा र बजेटअनुसार तालिम सञ्चालन गर्ने स्रोत व्यक्ति स्थानीय तहमा तयार हुन सकेको अवस्था छैन । सीमित मात्रामा तयार भएका स्रोत व्यक्तिबाट सबै स्थानीय तहमा तालिम सञ्चालन गर्न सक्ने क्षमता देखिँदैन । नवौँ, अधिकांश विद्यालयमा कक्षाकोठाको संरचना तथा विद्यार्थीको बसाइ व्यवस्थापन, विद्यार्थीको चाप आदि एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि उपयुक्त बन्न सकेको अवस्था  छैन । यसका लागि सबै स्थानीय तह जिम्मेवार हुन सक्ने अवस्था र सामर्थ्य पनि देखिँदैन ।

दसौँ, विद्यालय व्यवस्थापन एकीकृत पाठ्यक्रम कार्यान्वयनका लागि विविध पक्षहरूका कारण जिम्मेवार हुन अझै नसक्नु । शिक्षक व्यवस्थापन, भौतिक सुधार, प्रारम्भिक बाल विकासका शिक्षकको व्यवस्थापन, कक्षाकोठाको व्यवस्थापन, विद्यालय स्वास्थ्य तथा सरसफाइ जस्ता समस्यामा नै विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापनको ध्यान र प्राथमिकता हुने अवस्था कायम रहनु अर्को समस्याका रूपमा रहन पुगेको छ ।

एघारौँ, पाठ्यक्रम विकास तथा शिक्षक तालिम सञ्चालन गर्ने निकाय पृथक पृथक हुनु अर्को समस्याका रूपमा रहेको छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम तयार गर्ने, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तालिमका प्याकेज तथा प्रशिक्षक तयार गर्ने र प्रदेश शिक्षक तालिम केन्द्रले शिक्षक तालिम सञ्चालन गर्ने परिपाटीका कारण पनि आवश्यक समन्वय र सहकार्यको कमी रहन पुगेको छ ।

बाह्रौँ, प्रदेश शिक्षा तालिम केन्द्र शिक्षक तालिमका लागि मात्र जिम्मेवार हुनु र तालिमपश्चात् शिक्षकले तालिम सिप कक्षाकोठामा रूपान्तरण गरे नगरेको पक्षमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने सक्ने संस्थागत क्षमता नहुनु । तेरौँ, शिक्षा व्यवस्थापक तथा पाठ्यक्रम विज्ञहरूबिच समान बुझाइ अझै हुन सकेको अवस्था छैन । कसैले हालको पाठ्यक्रम एकीकृत पाठ्यक्रम भएको तर्क गर्छन् भने कतिपयले यसले एकीकृत पाठ्यक्रमको वास्तविक मर्म बोक्न नसकेको भनाइ रहेको पाइन्छ । त्यसै गरी सिकाइ सामग्रीमा पनि कसैको बुझाइ फरक रहेको पाइन्छ । बहुविषयको सिकाइ उपलब्धि सम्बोधन गर्ने गरी विकसित क्रियाकलाप पुस्तिका मात्र कार्यान्वयनमा जानुपर्छ भन्ने बुझाइ छ भने कसैको विषयगत विधा कायम गर्नुपर्ने धारणा पनि रहेको अवस्था छ ।

## ८. एकीकृत पाठ्यक्रममा आधारित सिकाइ क्रियाकलापको नमुना

- तलको चित्र अवलोकन गर्न लगाउने
- कक्षाका सबै बालबालिकालाई करिब ५ मिनेट चित्रमा के के फलफूल छन् ? कहाँ कहाँ पाइन्छन् ? कुन कुन रङका छन् ? कस्ता कस्ता आकारका छन् ? आदि प्रश्नका बारेमा विचार गर्न लगाउने ।
- विद्यार्थीलाई ससाना समूहमा बस्न लगाउने
- समूहमा देहायका विषयमा छलफल गर्न लगाउने

(क) चित्रमा कति प्रकारका रङ रहेका छन् ?

(ख) चित्रमा कस्ता कस्ता आकार भएका फलफूल छन् ?

(ग) जम्मा कतिओटा फलफूल रहेका छन् ?

(घ) पहिलो लाइनमा कतिओटा फलफूल रहेका छन् ?

(ङ) पहिलो र दोस्रो लाइनमा रहेका फलफूलको सङ्ख्याबाट तेस्रो लाइनको फलफूल घटाउँदा कतिओटा फलफूल बाँकी रहन्छन् ?

(च) चित्रमा रहेका फलफूल कहाँ कहाँ बढी पाइन्छ ?

(छ) आफूलाई मन परेको फलफूलको चित्र कोर्न लगाउने

उपर्युक्त प्रश्नहरूमा केन्द्रित भई छलफल गर्दा देहायका विषयहरूका बारेमा सिकाइ हुन्छ :

- **भाषिक सिप विकास :** शव्द भणडार, वाक्य सरचना, सञ्चार, निर्देशनको पालना बोध क्षमता विकास
- **गणित :** आकार प्रकारको पहिचान। सङ्ख्याको पहिचान र सामान्य जोड घटाउ
- **स्वास्थ्य :** पोषणयुक्त खाना तथा स्वस्थ बानी विकास
- **विज्ञान :** खानाको वर्गीकरण विभिन्न प्रकारका फलफूलहरू सजीव र निर्जीवको अवधारणा
- **मेरो सेरोफेरो :** सफा ताजा खानेकुरा । हिमाल पहाड तराईको अवधारणा विकास

विद्यमान आधारभूत तह कक्षा १-३ को पाठ्यक्रमले तय गरेका सिकाइ उपलब्धिको प्राप्तिको अवस्था हेर्दा माथिका क्रियाकलापले देहायका सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ ।

| विषय | हासिल हुने सिकाइ उपलब्धि |
|---|---|
| नेपाली | • कुराकानी, छलफल, र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न : कक्षा १<br>• कुराकानी, छलफल, र प्रश्नोत्तरका क्रममा सहभागी भई उपयुक्त भाषाको प्रयोग गर्न: कक्षा २<br>• उपयुक्त भाषा प्रयोग गरी उपयुक्त भाषाको प्रयोग गर्न : कक्षा ३ |
| गणित | • आफ्नो वरपर पाइने ज्यामितीय आकारहरू : कक्षा १<br>• देवनागरिक लिपिमा १०० सम्म गन्ती गर्न, पढ्न, लेख्न र तुलना गर्न : कक्षा १<br>• १ देखि २० सम्मका सङ्ख्या अक्षरमा लेख्न, कक्षा १<br>• पहिलोदेखि दशको स्थान पहिचान गर्न, कक्षा १ |
| हाम्रो सेरोफेरो | • सफा र ताजा खानेकुरा खाने बानी बसाल्न, कक्षा १ र २<br>• आफ्नो स्वास्थ्य प्रति सचेत हुन, कक्षा १<br>• चित्र कोरी रङ भर्न, कक्षा १<br>• आकृति कोर्न र रङ भर्न, कक्षा २ |

उपर्युक्तानुसार एक क्रियाकलापबाट विभिन्न विषयगत विधाले अपेक्षा गरेका पाठ्यक्रमले तय गरेका सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ । जति बढी सिकारुलाई चिन्तन, मनन, छलफल र सोच्ने समय दियो त्यति नै बढी सिकाइ उपलब्धि हासिल गराउने गरी एकै क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । यसका लागि शिक्षकमा सिर्जनशील क्षमता र बहुआयामिक चिन्तन हुन जरुरी छ । पाठ्यक्रमले तय गरेका सिकाइ उपलब्धिलाई राम्ररी बुझेको अवस्थामा कक्षा १ देखि ३ सम्म नै कक्षा गत रूपमा तय गरेका सिकाइ उपलब्धि एकै पटक विकास गर्न पनि सकिन्छ । एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा विषयवस्तुको प्रस्तुतीकरण पक्ष गौण हुनुपर्छ र सिकाइ प्रक्रियाले उच्च स्थान प्राप्त गर्नु पर्छ । सिकाइ प्रक्रिया सजिलो छ तर शिक्षक बढी रणनीतिक हुन पर्छ । यस अर्थमा पनि शिक्षकको पेसागत विकास पक्ष एकीकृत पाठ्यक्रमको सफल कार्यान्वयनका लागि अत्यन्त महत्त्वपूर्ण पक्षका रूपमा रहन्छ ।

सिकारु सक्रियता धेरै हुन्छ । सिकारुबिच सघन अन्तरक्रिया हुन्छ । सिकारुबिच प्रभावकारी सञ्चार हुन्छ । सक्रिय सिकाइ हुन्छ । सक्रिय सुनाइ अभ्यास हुन्छ । समूहमा कार्य हुन्छ । नेतृत्व क्षमता विकास हुन्छ । गहिरो सोच गर्ने क्षमता विकास हुन्छ । जीवन र जगतसँग सिकाइ जोडिन्छ । तर्क गर्ने क्षमता विकास हुन्छ । समालोचना गर्ने क्षमता विकास हुन्छ । यस प्रकारका सिपलाई व्यवहारकुशल सिप पनि भन्ने गरिन्छ । अत: एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तथा विद्यालय समान रूपमा प्रतिबद्ध हुन जरुरी हुन्छ ।

## ९. निष्कर्ष

एकीकृत पाठ्यक्रम कार्यान्वयनका क्रममा निश्चित पक्षहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ । सिकाइ योजना तयार गरेर मात्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । यस प्रकारको योजना वार्षिक, एकाइ वा थिमगत वा दैनिक हुन सक्ने छ । शिक्षण सिकाइ क्रियाकलापलाई जीवन्त अनुभवसँग जोड्न र दैनिक व्यवहारसँग आबद्ध गर्नुपर्छ । यसका लागि परिवेश अनुकूलका सिकाइ क्रियाकलाप र सिकाइ सामग्री चयन गर्नु उत्तम हुन्छ । विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सक्रिय बनाई सबैलाई सहभागी बनाउनु पर्छ । सिकारुलाई अभ्यास गरेर तथा कुनै वस्तु छोएर वा चलाएर सिक्ने पर्याप्त अवसर प्रदान गर्नुपर्छ । सिकारुलाई सिर्जनात्मक क्रियाकलाप गर्न लगाउने र सिकाइ उपलब्धि अभिवृद्धि गर्ने अवसर प्रदान गर्नुपर्छ । सिकारुको निरन्तर मूल्याङ्कन गरी सुधारात्मक शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ । सिकारुको सिकाइ चाहना, गति र सिक्न सक्ने क्षमताअनुसार सिकाइ क्रियाकलापमा विविधता कायम गर्नुपर्छ । सिकाइ क्रियाकलापलाई बढी प्रयोगात्मक, अभ्यासमा केन्द्रित गरी विद्यार्थी आफैँले खेलेर, छोएर, कार्यमा सहभागी भएर, अनुभव गरेर, छलफल गरेर, समूह कार्य गरेर, सहपाठीबिच कुराकानी गरेर सिक्ने पर्याप्त अवसर प्रदान गर्नुपर्छ । कक्षाकोठा वा घर वा समुदायमा आधारित ससाना परियोजना कार्य सञ्चालन गरेर सिक्ने पर्याप्त अवसर प्रदान गर्नुपर्छ ।

प्रारम्भिक कक्षाका बालबालिकाहरू धेरै लामो समयसम्म एकै स्थानमा वा एकै क्रियाकलापमा बस्न र सिक्न कठिन हुने भएकाले छोटा छोटा क्रियाकलापहरू सञ्चालन गर्ने गरी योजना तयार गर्नुपर्छ । सिकाइ क्रियाकलापमा विविधता कायम गर्ने यसका लागि कक्षाकोठाभित्र, कक्षाकोठा बाहिरका क्रियाकलाप सञ्चालनमा जोड दिनुपर्छ । बढीभन्दा बढी सिर्जनात्मक अभ्यास जस्तैः खेल, चित्रकला, समूह कार्य, गायन, वादन, नृत्य, नाटक आदि क्रियाकलाप सञ्चालनमा प्राथमिकता दिनुपर्छ । सिकारुलाई उनीहरूको इच्छाअनुसार सिकाइ सामग्री विकासमा सरिक गराई विकसित सामग्री प्रयोगमा ल्याउनु पर्छ । चित्र कोरेर, चित्रमा रङ भरेर समूहमा प्रस्तुत गर्न लगाउनु पर्छ । भाषिक, सामाजिक विविधता, लैङ्गिक पक्ष तथा अपाङ्गता भएका बालबालिकाको पक्षलाई समेत ध्यानमा राखी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्छ । वैयक्तिक सिपहरू; सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिपको विकासमा प्राथमिकता दिनुपर्छ । निरन्तर मूल्याङकनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा संस्थागत गर्नुपर्छ ।

एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा लागि अब लिने बाटो भनेको शिक्षक तयारी र दर्बिलो शिक्षक सहयोग संयन्त्र विकास नै हो । पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि आवश्यक सिप विकास हुने गरी शिक्षक तालिम सञ्चालन गर्नुपर्छ । विगतको ढर्रामा गरिने शिक्षक तालिमले एकीकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने अवस्था देखिँदैन । पूर्ण रूपमा कक्षाकोठामा कसरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने भनेर अभ्यासमुखी तालिम सञ्चालन प्रक्रिया अवलम्बन गर्नुपर्छ । त्यसैगरी विद्यालयमा आधारित शिक्षक सहयोग पद्धतिलाई संस्थागत गरी आवश्यकताअनुसार शिक्षकलाई पृष्ठपोषण प्रदान गर्ने पद्धति स्थापित गर्नुपर्छ ।

## सन्दर्भ सामग्री

Anderson, D., & Cook, T. (2014). Committed to differentiation and engagement: A case study of two American secondary social studies teachers. Journal of Social Studies Education Research, 5(1), 1-19. Retrieved from *http://jsser.org*

Poldberg, M.M., Trainin, G., & Andrzejczak, N. (2013). Rocking your writing program: Integration of visual art, language arts, & science. Journal for Learning Through the Arts, 9(1), 1-20. Retrieved from *http://www.escholarship.org/uc/class_lta*

Zhbanova, K.S., Rule, A.C., Montgomery, S.E., & Nielsen, L.E. (2010). Defining the difference: Comparing integrated and traditional single-subject lessons. Early Childhood Education Journal, 38, 251-258. doi:10.1007/s10643-010-0405-1

GON (2020). *National Curriculum Framework.* Curriculum Development Centre, Sanothimi.

# डोरबहादुर विष्टको ‘भाग्यवाद र विकास’: पुस्तकको समीक्षा

✍खगराज बराल, पिएचडी*

**लेखसार**

*डोरबहादुर विष्ट मूलतः मानवशास्त्री र समाजशास्त्री हुन् । उनले सातओठा पुस्तक लेखेका छन् । उनले सन् १९९० मा प्रकाशित गरेको अङ्ग्रेजी भाषाको पुस्तक ‘फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)' को नेपाली भाषाको पुस्तक ‘भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को’ हो । यसको अनुवादक वसन्त थापा हुन् । पुस्तकका आठओटा अध्याय छन् । परिचय खण्डलाई छाड्दा नेपालमा जात प्रथादेखि निष्कर्षसम्म आठ अध्याय रहेको यो पुस्तकमा परिवार संरचना, सामाजिकीकरण, मूल्य प्रणाली र व्यक्तित्वका तत्त्वहरू, राजनीति र सरकार, शिक्षा, विदेशी सहायता र विकास र निष्कर्ष रहेका छन् । लेखक विष्टले उल्लिखित अध्यायमा तेत्तिस वर्ष पहिलेको नेपाली परिवेशअनुसारको विश्लेषणसहितको विचार प्रस्तुत गरिएको छ । तेत्तिस वर्ष पहिलेको अवस्था र वर्तमान अवस्थामा खासै भिन्न पाउन सकिँदैन । शिक्षा र प्रशासन तथा व्यवस्थापनमा रहेका विसङ्गति र विकृतिलाई विष्टले उल्लेख गरेका विषयवस्तुमा खासै सुधार भएको पाइँदैन । पुस्तकमा उल्लिखित विषयवस्तुलाई संवदनशील रूपमा अध्ययन गरी सुधारका लागि प्रयास गर्नु वर्तमानको आवश्यकता हो ।*

## १. विषय प्रवेश

डोरबहादुर विष्टको अङ्ग्रेजी भाषाको पुस्तक ‘फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)' को नेपाली अनुवाद गरिएको पुस्तक होः ‘भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को’ । यस नेपाली अनुवादका अनुवादक हुन् वसन्त थापा । पुस्तकले सन् १९९० मा प्रकाशन गरेको यो पुस्तक लेखनमा विभिन्न विदेशी संस्था एवम् दाताहरूले सहयोग गरेका थिए । यस्तो सहयोगबाट लेखिएको पुस्तक हुनाले यो पुस्तक पढ्दा दाताहरूको आग्रहको नजानिँदो गन्ध पुस्तकमा पाउन सकिन्छ । मूलतः विष्ट मानवशास्त्री र समाजशास्त्री हुन् । पुस्तकमा नेपाली समाजको मानवशास्त्रीय र समाजशास्त्रीय विश्लेषण प्रशस्तै पाइन्छ । परिचय खण्डलाई छाड्दा यस पुस्तकमा नेपालमा जात प्रथादेखि निष्कर्षसम्म आठ अध्याय रहेको यो पुस्तकमा परिवार संरचना, सामाजिकीकरण, मूल्य प्रणाली र व्यक्तित्वका तत्त्वहरू, राजनीति र सरकार, शिक्षा, विदेशी सहायता र विकास र निष्कर्ष जस्ता विषयमा विश्लषणात्मक विचार प्रकट गरिएको छ । पाद टिप्पणी र सन्दर्भ सामग्रीसहित उल्लेख गरिएको यस पुस्तकमा बौद्धिक बहस गर्ने प्रशस्त ठाउँहरू छन् । यस लेखकमा विशेष गरी शिक्षा र नेपालका प्रशासन तथा व्यवस्थापन क्षेत्रका विष्टले उठाएका विषय र त्यसमा विश्लेषण गर्ने प्रयास गरिएको छ र अन्त्यमा निष्कर्ष निकालिएको छ ।

* पूर्व सचिव, नेपाल सरकार

## २. समीक्षा तथा विश्लेषण

डोरबहादुर विष्टद्वारा लिखित अङ्ग्रेजी पुस्तक 'फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)' को नेपाली अनुवाद गरिएको पुस्तक हो: 'भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को' । मूलतः अङ्ग्रेजी भाषामा लेखिएको यो पुस्तक सन् १९९० मा प्रकाशित भएको थियो । वसन्त थापाद्वारा नेपाली भाषामा अनुवाद गरिएको यस पुस्तकको नेपाली संस्करण सन् २०२० मा भएको थियो । अङ्ग्रेजी भाषामा प्रकाशित भएको झन्डै तिस वर्षपछि नेपाली भाषामा प्रकाशन भएको हो । यो पुस्तक डोरबहादुर विष्टको परिवारले प्रकाशन गरेको हो ।

डोरबहादुर विष्टको पुस्तक फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)' प्रकाशन भएको तीन दशक भएको छ । गत वर्ष यसको नेपाली अनुवाद पनि प्रकाशन भएको भयो । अनुदित पुस्तकको नाम 'भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को' राखिएको छ । तीन दशकसम्म पनि विष्ट र उक्त पुस्तकको समसायिकता र सान्दर्भिकता कम भएको छैन (ढकाल, २०७७) ।

वास्तवमा लेखक डोरबहादुर विष्ट मानवशास्त्री तथा समाजशास्त्री हुन् । उनलाई नेपालका मानवशास्त्रका पिता पनि भन्ने गरिन्छ । ललितपुर जिल्लाको झरुवारासीमा जन्मेका विष्ट विद्यालय तहको शिक्षकदेखि विश्वविद्यालयको प्राध्यापकसम्मको शिक्षण पेसामा संलग्न रहे । वि.सं. २०४८ सालमा जुम्लाको चौधबिस क्षेत्रका साथै डिल्लीचौर गाउँ विकास समितिको लासीका कर्णाली इन्स्टिच्युट स्थापना गरी सामाजिक रूपान्तरणका लागि काम गरे । वि.सं. २०५२ सालमा चौधविसबाट काठमाडौं जाने भनी तत्कालीन शाही नेपाल वायु सेवा निगमबाट नेपालगन्ज पुगेका विष्ट काठमाडौं पुगेनन्, त्यहींबाट बेपत्ता भए ।

डोरबहादुर विष्टले केही पुस्तक लेखेका छन् । उनका प्रकाशित कृतिहरूमा 'सबै जातको फूलबारी', 'सोताला', 'डोरबहादुर विष्टका कथाहरू', 'हामी किराँती-राई', 'पिपुल अफ नेपाल (People of Nepal)' र 'फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)'। 'पिपुल अफ नेपाल' र 'फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन' अङ्ग्रेजी भाषामा लेखिएका पुस्तक हुन् । लेखकको 'फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)' नामको अङ्ग्रेजी भाषाको पुस्तकलाई वसन्त थापाद्वारा अनुवादित 'भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को' नाममा नेपाली भाषाको पुस्तक हो ।

पुस्तकको मुख्य विषयवस्तु खण्ड १६४ पृष्ठको छ । सन्दर्भ सामग्रीले १८ पृष्ठ ओगटेको छ । प्रिलिम्सले २२ पृष्ठ ओगटेको छ । परिचयलाई अध्यायमा राखिएको छैन । परिचयलाई हटाउँदा पृष्ठभूमि, नेपालमा जात प्रथा, परिवार संरचना र बाल्यकालको सामाजिकीकरण, मूल्य प्रणाली र व्यक्तित्वका तत्त्वहरू, राजनीति र सरकार, शिक्षा, विदेशी सहायता र विकास र निष्कर्ष गरी आठ अध्याय राखिएका छन् ।

सन् १९९० मा अङ्ग्रेजी भाषामा प्रकाशित ‘फेटालिज्म एन्ड डिभलपमेन्टः नेपाल्ज स्ट्रगल फर मोडनाइजेसन (Fatalism and Development: Nepal's Struggle for Modernaization)' को वि.सं. २०७६ मा नेपाली भाषामा अनुवाद भएको डोरबहादुर विष्टको ‘भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को’ पुस्तक पढेपछि वर्तमान समयमा पनि उत्ति नै घतलाग्दा विचार वर्तमान समयमा पनि सोचनीय र महत्वपूर्ण छन् । पृष्ठभूमि, नेपालमा जात प्रथा, परिवार संरचना र बाल्यकालको सामाजिकीकरण, मूल्य प्रणाली र व्यक्तित्वका तत्त्वहरू, राजनीति र सरकार, शिक्षा, विदेशी सहायता, विकास र निष्कर्ष गरी आठ अध्यायमा साङ्केतिक रूपमा ज्यादै धेरै विषय दिइएको छ । हरेक अध्यायको समीक्षा एउटा पुस्तक नै हुन सक्छ । यहाँ राज्य सञ्चालनसँग सम्बन्धित शिक्षा र प्रशासन तथा व्यवस्थापनसम्बन्धी उठाइएका विषयलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

जङ्गबहादुर राणा प्रधानमन्त्री भएपछि थापाथली दरबारमा स्थापना गरिएको अङ्ग्रेजी स्कुल नै नेपालको आधुनिक शिक्षाको प्रारम्भ हो । यही अङ्ग्रेजी स्कुल नै आधुनिक शिक्षाको प्रारम्भ बिन्दु हो । शिक्षा प्रदान गर्न स्कुलको स्थापना, तहगत र कक्षागत शिक्षा, पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रावधान, परीक्षा र मूल्याङ्कन, शैक्षिक वर्ष, कक्षा घन्टीको प्रावधान, प्रमाणपत्र जारी जस्ता विशेषताले आधुनिक शिक्षालाई परम्परागत शिक्षाबाट भिन्न देखाइएको छ ।

आधुनिक शिक्षालाई युरोपेली ढाँचाको शिक्षा वा पश्चिमी ढाँचाको शिक्षा भनिन्छ । अझ विशेष गरी ब्रिटिस ढाँचाको शिक्षालाई आधुनिक शिक्षा भनियो, यस्तो किसिमको शिक्षा प्रदान गर्ने विद्यालयलाई आधुनिक शिक्षा भनियो । इस्ट इन्डिया कम्पनीबाट शासित भारत र भारतकै कलकत्ता, पटना, बनारस गई पढ्ने नेपालीमा यसको प्रभाव पनि पर्‍यो । भारतमा रहेको इस्ट इन्डिया कम्पनीले आफूलाई आवश्यक पर्ने पियन, क्लरिकल स्टाफ, सेल्समेन, कारिन्दा, लेखापाल जस्ता दैनिक काम गर्ने तल्लो तहका कामदारका लागि उपयुक्त हुने शिक्षा दियो । भारत गएर शिक्षा लिने नेपालीले पनि सोहीबमोजिमको शिक्षा लिए । लगाए अह्राएको काम गर्ने कामदार जस्ता भएर आए ।

शिक्षा प्रणालीले सरकारलाई चाहिने कारिन्दा उत्पादन गर्थ्यो । खास गरी विदेशी सरकारहरूसँग सञ्चार गर्नका लागि । त्यस वेलाका नेपालका धेरैजसो पेसेवरहरू चाहे ती डाक्टर, इन्जिनियर वा वास्तुविद् जेसुकै हुन्, नेपाली शिक्षा प्रणालीका उत्पादन नभई भारतीय कलेजहरूमा पढेर आएका थिए (विष्ट, सन् २०२०: पृ. ११९) । अहिले पनि नेपालमा त्यही ढाँचाको शिक्षा छ । विष्टले भने जस्तै नेपाली शिक्षा पद्धतिका वर्तमान उत्पादनमा पनि कि त जागिर खाने, कि त विदेशमा विदेशीले लगाए अह्राएको काम गर्ने कामदार हुने । यी दुईभन्दा अर्को विकल्प वर्तमान शिक्षाको उत्पादनमा पनि देखिँदैन । मानिसहरू शिक्षालाई सरकारी कार्यालयमा जागिर पाउने माध्यमका रूपमा मात्रै हेर्थे र त्यस्तो जागिर मनग्गे हुने अपेक्षा राख्थे । त्यसभन्दा पर्तिर शिक्षाको अरू फाइदा देख्दैनथे (विष्ट, सन् २०२०: पृ. ११९) ।

दरबार स्कुलमा पढाइ पूरा गर्ने सबैलाई राणाहरूले कुनै न कुनै प्रशासनिक पदमा बहाली दिन्थे । हुँदाहुँदा स्कुले शिक्षा सरकारी जागिर पाउन नभई नहुने भयो (पृ. ११७) । विगतमा पढ्नु भनेकै सरकारी जागिर पाउनु थियो । तर पढाइ र सरकारी जागिरबिच कुनै तालमेल भने थिएन । व्यक्तिको शैक्षिक योग्यता र उसले पाएको कामको सोझो सम्बन्ध केही हुँदैनथ्यो, ती केवल औपचारिक डिग्री थिए । सन् १९५० को दशकमा केही समयसम्म औपचारिक शिक्षा, खास गरी

स्नातकको प्रमाणपत्र काम पाउनका लागि महत्त्वपूर्ण योग्यता बन्न पुग्यो । यसले समग्र शिक्षा प्रक्रियालाई असर पाऱ्यो र गुणस्तरयुक्त शिक्षाको सट्टा प्रमाणपत्रमुखी शिक्षाले बढावा पायो (विष्ट, सन् २०२०: पृ. १२०) ।

लेखकले नेपाली विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीको प्रवृत्तिलाई पनि बडो सटिक किसिमले व्यङ्ग्य गरेका छन् । प्रस्तुत पुस्तक प्रकाशन भएको तेत्तिस वर्षपछि पनि नेपालका विद्यालय तथा विश्वविद्यालयमा यही प्रवृत्ति दोहोरिएको पाइन्छ । विद्यार्थीहरू आफू असफल भएकोमा लाज मान्दैनन् र आफ्नो असफलताका लागि आफूलाई दोषी ठान्दैनन् तर शिक्षक वा कापी जाँच्ने परीक्षकलाई दोष्याएर उनीहरूप्रति आक्रोशित हुन्छन् वा रिस पोख्छन् (पृ. ८०) । परीक्षामा अङ्क कम आएर त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी केन्द्रीय विभागमा विद्यार्थीबाटै आगलागी हुनु, शिक्षक पिटिनु, अङ्क कम आएको भनेर अनशन बस्नु जस्ता कार्य वर्तमान समयमा पनि देखिएका छन् । विद्यार्थीमा मिहिनेत गर्ने प्रवृत्ति घट्दै गएको छ । विश्वविद्यालयदेखि विद्यालयका शिक्षकहरूबाट यही डरका कारण कतिपय परीक्षा प्रणाली आवश्यक छैन भन्ने आवाज पनि कहिलेकाहीँ निस्कने गरेको सुनिन्छ ।

विद्यार्थीमा मात्र होइन, दोष लगाउने प्रवृत्ति राजनीतिक कार्यकर्ता र व्यापारीहरूमा पनि छ । आफूले जिम्मेवारी पूरा नगर्ने तर दोष भने अरूलाई दिने । यही कुरा राजनीतिक कार्यकर्ता र व्यापारी वर्गमा पनि लागु हुन्छ जो आफूले जिम्मेवारी पूरा गर्न नसकेकामा न लाज मान्छन् न दोष स्वीकार्न तयार हुन्छन् (विष्ट, सन् २०२०: पृ. ८०) ।

नेपाली विशेषगरी नेपाली नेताले समयलाई महत्त्वहीन ठानेको कुरालाई तेत्तिस वर्ष अगाडिको प्रकाशित पुस्तकमा पनि विष्टले बढो सान्दर्भिक ढङ्गले उठाएका छन् । ढिलो आउने मानिसलाई ढिलो भएकामा क्षमा मागे पुग्छ भन्ने राम्ररी थाहा हुन्छ (विष्ट, सन् २०२०: पृ. ८४) । क्षमा मागेपछि समयको महत्त्वलाई कुनै वास्ता गरिँदैन, काम छिटो होस् वा ढिलो । नेपाली समाजले समयलाई महत्त्वहीन र अनावश्यक कुरा ठान्छ । समयमा गरिएको र ढिलो गरिएको कामबिचको भिन्नताले कुनै अर्थ राख्दैन । उम्कने ठाउँ नपाएर वा अर्को कुनै विकल्प नपाए मात्र मानिसहरू बाध्य भएर कुनै काम गर्छन् (विष्ट, सन् २०२०: पृ. ८४) । लाग्छ, नेपालमा सम्पादन हुने गरेका विकास र अन्य काम समयको प्रवाहसँगै भएको हो, कसैको प्रयत्नबाट भएको होइन । सरकारको प्रयत्न, कर्मचारीको प्रयत्नबाट नेपालमा काम भएको हो भन्न सक्ने अवस्था छैन ।

नोकरीमा चाकरी प्रथा अहिले पनि उत्तिकै बलवान् रूपमा चलिरहेको छ, मात्र चाकरीको तरिका फरक भएको छ । चाकरी विशेष गरी सरकारी क्षेत्रको खास चासोको विषय हो । लेखक विष्टले चाकरी प्रथाका सम्बन्धमा यसको ऐतिहासिक विशेषतासहित मर्मस्पर्शी रूपमा पुस्तकमा उल्लेख गरेका छन् । अहिले पनि चाकरी प्रथा यहाँको सामाजिक जीवनको अभिन्न अङ्ग भएर रहेको छ र सरकारको हरेक तहमा चाकरी प्रथा रहेको प्रस्ट देखिन्छ । चाकरी विशेषगरी बिहानको समयमा गरिन्छ । जुन व्यक्तिको कृपा खोजिएको हो उसलाई भेट्न भनेर त्यस व्यक्तिको घरमा घन्टौँ समय बिताउँछन्, आँगनमा कुर्छन्, ज्यू हजुर टक्र्याउँछन् र फर्कन्छन् । कोही चाकरी गर्न दिनहुँ जान्छन् भने कोही एक दुई दिन बिराएर पुग्ने गर्छन् । आफैं उपस्थित भएर दर्शनभेट गर्नुबाहेक मानिसहरू कुनै कोसेलीपात पुऱ्याएर वा सेवा दिएर पनि चाकरी गर्छन् । ठुलो मानिएको व्यक्तिको घरमा धेरै चाकरीवालाहरू दिनहुँ हाजिर हुन्छन् (विष्ट, सन् २०२०: पृ. ८८) ।

नेपालमा चाकरी प्रथा तत्कालै हट्नेवाला छैन । यसका नयाँ नयाँ संस्करण चाकरी बजारमा आएका छन् । चाकरीमा गर्नुपर्ने एउटा प्रमुख काम सूचना पुऱ्याउनु हो (पृ. ८९) । सूचना तथा सञ्चार प्रविधिमा आएको उल्लेखनीय उपलब्धिसँगै चाकरीका पनि नयाँ नयाँ तरिकाहरू अपनाएका छन् । चाकरी नेपाली सङ्गठनात्मक जीवनमा कतिसम्म भिजेको छ भने कसैले यसलाई हटाउने प्रयास गरेमा त्यस प्रयासलाई तल र माथि दुवै तहका मानिसले अहंकार र धृष्टताको अभिव्यक्ति मान्छन् (विष्ट, सन् २०२०: पृ. ९०) ।

लेखकले चाकरीका सम्बन्धमा दिएका अभिव्यक्ति समयान्तरले फरक रूपमा देखिए पनि सारमा उस्तै र एउटै देखिन्छन् । नयाँ प्रशासकहरूका लागि चाकरीवालहरूको उपस्थिति आफ्नो शक्ति देखाउने माध्यम बन्यो अनि चाकरी सबै मन्त्रालयको अभिन्न अङ्गका रूपमा संस्थागत हुन गयो (विष्ट, सन् २०२०: पृ. १०७) । हिजोआज चाकरीले पनि रूप फेरेको छ । जसले जसरी चाकरी गरेर पुग्दैन, चाकरी गर्नेको दल, त्यसमा पनि दलभित्रको गुट र आफ्नो समूह र समूहको नेताको मान्छे हुनुपर्छ । एक किसिमले मुलुक नै राज्यसत्ता सञ्चालकको क्याप्चरमा रहेको महसुस हुन्छ । यसको सङ्केत विष्टले तेत्तिस वर्ष पहिले नै आफ्नो पुस्तकमा दिइसकेका थिए ।

विष्टले चाकरीका सम्बन्धमा बृहत् चर्चा गरे पनि नेपालमा चाकरी रोकिएन । बरु नेपालमा काम लिनु छ भने आफ्ना मान्छे चाहिन्छ भनेर त्यही किसिमको अभ्यास गर्न थालियो । यति मात्र होइन, स्रोतमा आफ्नो नियन्त्रण रहेकै कारण मानिसहरू चाकरी गर्न आउन भन्ने प्रकट र अप्रकट चाहना राखे (ढकाल, २०७७) ।

यसभन्दा थप कुरा विष्टले 'आफ्नो मान्छे' पदावलीलाई यसरी परिभाषित गरेका छन्: 'आफ्नो मान्छे' भन्नाले भित्रियाहरूको मण्डलीलाई बुझाउँछ अर्थात् त्यस्ता मान्छेहरूका समूह जसलाई आवश्यकता पर्दा गुहार्न सकिन्छ (विष्ट, सन् २०२०: पृ. ९६) । विष्टले दिएको 'आफ्नो मान्छे' को परिभाषा ज्यादै सटिक र मर्मस्पर्शी छ । यो परिभाषाले विगतलाई भन्दा वर्तमानलाई बढी स्पष्ट पारेको प्रतीत हुन्छ । लेखक विष्टले नेपालमा पञ्चवर्षीय योजनाको हालतलाई तेत्तिस वर्ष पहिले लेखेको पुस्तकका कुरा र वर्तमान अवस्था दुरुस्त देखिन्छ । पञ्चवर्षीय योजनाहरू बनाउनका लागि बनाइएका दस्तावेज हुन्, कार्यान्वयनका लागि होइन । यो विल्कुलै प्राज्ञिक अभ्यास र बुद्धि विलास जस्तै काम हो । पहिलो कुरा त राष्ट्रिय योजना आयोग कुनै राष्ट्रिय योजना ऐन वा कानुनमार्फत् स्थापना भएको अङ्ग नै होइन, यो त विकास समिति ऐनअन्तर्गत स्थापित संस्था हो । सरकारको कार्यकारीको इच्छानुसार मनोनयन हुने उपाध्यक्ष र सदस्यहरू कार्यकारीको इच्छानुसार पदमा रहेर काम गर्छन् । उनीहरू कार्यकारीप्रति उत्तरदायी भएपछि नेपाली जनताप्रति उत्तरदायी हुनुपर्ने अवस्था नै छैन ।

पञ्चवर्षीय योजनामा राखिएका लक्ष्य, उद्देश्य, कार्यक्रमहरू योजनाका अन्त्यसम्म अधिकांश हासिल भएका नै हुँदैनन् । योजनाका दस्तावेज लोक सेवा आयोगलगायत प्रतियोगितात्मक परीक्षाका लागि अध्ययन सामग्री मात्र भएका छन् । लेखक विष्टले भनेका छन् तर व्यवहारमा पञ्चवर्षीय योजनाको दस्तावेजको मूल्य एकदमै थोरै छ । सडक र विद्यालयहरू त बन्छन् तर धेरैजसो राष्ट्रिय योजना आयोगले नतोकेको ठाउँमा बन्छन् (विष्ट, सन् २०२०: पृ. १०४) । यो अवस्था तेत्तिस वर्ष पहिला थियो मात्र होइन, अहिलेको अवस्था पनि यही नै हो ।

नेपालको योजना र कार्यान्वयन सन्दर्भमा योजना आयोग हुनु र नहुनुमा लेखक विष्ट भेद देख्दैनन् । उनी भन्छन् : सरकारले एक किसिमको आफ्नै स्वचालित प्रणाली विकसित गरेको छ जसले गर्दा बाह्य वातावरण र समस्त समाजका लागि गरिनुपर्ने काम कर्तव्यबारे संवेदनहीन हुँदाहुँदै पनि चलायमान रहिरहन्छ र यसले स्वतः निरन्तरता पाइरहन्छ । धेरैजसो काम प्रायः झुक्कलमा हुने गर्छ अथवा यस्तो प्रक्रियाअन्तर्गत हुन्छ जसमा रणनीतिक योजना र समन्वयात्मक कार्यको कुनै भूमिका नगण्य हुन्छ (विष्ट, सन् २०२०: पृ. १०४) । कतिपय विकासका सूचकहरू त समय र विश्वसन्दर्भमा आएका परिवर्तनले ल्याएका हुन्, सरकारी प्रयासले होइनन् । धेरै कामहरू सचेत अभिप्रायले भन्दा संयोगवश सम्पन्न हुने गर्छन् (विष्ट, सन् २०२०: पृ. १०८) । यति भन्दाभन्दै पनि विष्ट भने यो कुरामा सहमत भने छन् । लेखकको नेपालको विकाससम्बन्धी धारणा यस्तो छः यहाँ जे जति विकास भएको छ र जीवनस्तरमा जति बढोत्तरी देखिएको छ त्यो बाह्य सहयोगमा खनिएको धनराशिका कारण भएको हो (विष्ट, सन् २०२०: पृ. २) ।

विकेन्द्रित योजना तर्जुमा मात्र देखाउने दाँत हो योजना आयोगको । सम्बन्धित मन्त्रालयलाई योजनाको ढाँचा गर्न लगाउने र विज्ञ टोलीको परामर्शमा अन्तिमीकरण गरिने परिपाटी छ । सकभर नेताहरूको चाहनाअनुसारको योजनामा कार्यक्रम राखिने गरिन्छ । यससम्बन्धमा विष्ट भन्छन्: जनता, स्थानीय संस्था र सङ्गठनहरू तथा मन्त्रालयबाट एकपल्ट सिफारिस प्राप्त गरिसकेपछि तिनीहरूलाई उपेक्षा गर्ने प्रवृत्ति राष्ट्रिय योजना आयोगको छ । समस्या र असहमतिहरू योजनाकालको अन्ततिर मात्र बाहिर निस्कन्छन् र योजना बनाउनुअगि सम्बन्धित पक्षहरूबिच जुन लगातार संवाद हुनुपर्ने हो त्यो हुँदैन (विष्ट, सन् २०२०: पृ. १०५) ।

योजना कार्यान्वयन असफल भएमा जिम्मा कसैले पनि लिनु पर्दैन, न त कसैले जवाफ दिनुपर्छ । योजना कार्यान्वयन असफल भएमा वास्तविक आवश्यकता वा भौगोलिक परिस्थितिबारे राष्ट्रिय योजना आयोग असंवेदनशील भएकाले त्यसो हुन गएको हो भन्ने तर्क अगि सारिन्छ (विष्ट, सन् २०२० : पृ. १०५) । यसपछि असफलताका सम्बन्धमा न सोधीखोजी नै हुन्छ, न कसैले जिम्मा नै लिनुपर्छ ।

नेपालका सरकारी क्षेत्रमा अपजसबाट जोगिनु नै काम नगर्नु हो । काम नगरेपछि गल्ती हुने कुरै भएन । यस्तो प्रवृत्ति लेखक विष्टले तेत्तिस वर्ष पहिल्य नै अनुभव गरिसकेका थिए । वर्तमान परिस्थिति सोभन्दा फरक छैन, देखिदैंन । केही गर्नुको अर्थ जिम्मेवारी वहन गर्नु हो र जब कुनै काममा गल्ती हुन्छ त्यो अयोग्यताको कारण हुन गएको ठहर्छ । प्रशासकको पदमा लामो समय टिकिरहनका लागि सबभन्दा राम्रो उपाय हो सकेसम्म कम काम गर्नु, जसले गर्दा पदबाट बर्खास्त गरिने सम्भावना पनि कम हुन्छ (विष्ट, सन् २०२०: पृ. १०७) ।

विगतमा नेपाल कर्मचारीतन्त्रमा माथिल्लो पदमा पुग्नका लागि काम नगर्नु वा कम काम गर्नु नै सुरक्षित अवस्था हुन्थ्यो, वर्तमानमा पनि त्यही नै छ । काम गर्ने मान्छे कि त नेताको नजरमा गर्थ्यो, कि त अनेक लफडा तथा मुद्दामा फस्थ्यो । नेताले भनेको नमानेमा कालोसूचीमा पर्थ्यो, त्यसपछि माथि जाने बाटो नै बन्द हुन्थ्यो । यही कुरालाई विष्टले यसरी व्यक्त गरेका छन्: ऊ जति माथि पुग्छ उसलाई त्यतिकै बढी खतरा हुन्छ, त्यसैले कम काम गर्नुपर्छ (विष्ट, सन् २०२०: पृ. १०७) ।

नेपालको प्रशासनतन्त्रमा कुनै विषयको निर्णय गर्नु परेमा माथिल्लो तहमा पठाउने विगतदेखिकै परम्परा रह्यो । यही नै जागिरे संस्कृति र संस्कार बन्न गयो । कानुनले दिएको अधिकार पनि प्रयोग नगरी माथिल्लो तहमा नै निर्णयका लागि पठाइदिने संस्कार वर्तमान समयमा पनि छ । निर्णय गर्न डराउने र निगरानी गर्ने निकायबाट कुनै किसिमको छानबिन नहोस् भनी निर्णयार्थ मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने परम्परा विगतको भन्दा वर्तमानमा चर्को छ । लेखक विष्टले तत्कालीन अवस्थाको चित्रण यसरी गरेका छन्: जे काम पनि आफूभन्दा माथिल्लो तहमा पठाइदिने । निर्णय गर्ने कामलाई माथि भनेर देखायो, सकियो (विष्ट, सन् २०२०: पृ. १०७) । यो अवस्था वर्तमानमा पनि भिन्न देखिँदैन ।

लेखकले आधुनिक शिक्षाको परिणामलाई सटिक रूपमा उल्लेख गरेका छन् । आधुनिक नेपालमा सबैभन्दा बढी रुचाइएको पेसा भनेको जागिर हो । सबै जना जागिर खान रुचाउँछन् । जागिर खानेले काम गर्नुपर्दैन तर हरेक महिनाको अन्त्यमा तलब पाउँछन् । जागिरका लागि दरखास्त दिने वेलामा उम्मेदवारले खुबै उत्साह र उमङ्ग देखाउँछ । त्यस्तो उत्साह उसले देखाउनैपर्छ (विष्ट, सन् २०२०: पृ. ७७) । जागिर पाएपछि उसले साँच्चिकै काम गर्छ भनेर अपेक्षा गरिएको हुँदैन (विष्ट, सन् २०२०: पृ. ७८) । यो हुनुको मुख्य कारण नै नेपालको आधुनिक शिक्षा प्रणाली हो ।

लेखक विष्टले नेपाली समुदायका हरेक क्षेत्र र पुस्तामा देश र विदेशका आवश्यकभन्दा अनावश्यक विषयमा बहस हुने गरेको सन्दर्भलाई निकै मार्मिक रूपमा उल्लेख गरेका छन् । स्कुल, कार्यालय, सहर बजार, चिया पसल, पँधेरा, मेलापर्म, सभा सम्मेलनमा विभिन्न विषयमा बहस तथा वादविवाद गर्ने गर्छन् । यस्ता बहसको मात्र समयको बर्बादीबाहेक कुनै उपदेयता भने हुँदैन । यस सम्बन्धमा विष्ट लेख्छन्: वादविवाद र बहस शिक्षितहरूका बिच इज्जतको विषय मानिन्छ । अनि पण्डित्याइँको कौतुक कर्मचारीतन्त्रसम्म फैलिएको छ । तर यी तर्क वितर्कको गाँठी चाहिँ अमूर्त र पराभौतिक प्रकृतिका हुन्छन् । जति आदर्शका कुरा हुन्छन्, तिनको वास्तविक संसारसँग कमै सम्बन्ध हुन्छ (विष्ट, सन् २०२०: पृ. १३५) ।

मान्छेहरू सभा सम्मेलनमा भाग लिनु र वक्ताले पाण्डित्य छाट्नुलाई नेपाली समाजमा विद्वता ठानिन्छ । वक्ताले समयको मतलब नै गर्दैन, बोल्न पाएपछि आकासपातालका कुरा गर्छन् । स्रोताको मनोभावना त वक्तालाई मतलब नै हुँदैन । आफूँले गरेका बकमफुसे गफलाई स्रोताले साँचो मानेर ताली बजाइरहेका देख्दा वक्ता पनि मख्ख पर्छन् । नेपालमा आफूलाई लागेका विषयमा मनपरी बोल्नु भनेको कुनै अपराध नै होइन, बोलिदिए पुग्यो । बोलेअनुसार गर्नु पर्दैन, किन गरिनस् भनेर कसैले सोध्दा पनि सोध्दैनन् । बोलियो, सकियो । यसै विषयलाई विष्टले यसरी उल्लेख गरेका छन्: सबै जनाले अति नै मन पराएको एउटा कुरा हो सभा सम्मेलन र सेमिनार । यिनले मानिसलाई विद्वता छाँट्न र आधुनिक पण्डितका रूपमा माथि उठ्न अवसर प्रदान गर्दछन् । सम्मेलनमा गरिने काम भनेको चलाखीसाथ शब्दजाल बनेर शब्दाडम्बर देखाउनु हो । यसमा कुनै निर्णय पनि लिइँदैन र यसले कुनै गतिलो कदम पनि उठाउँदैन  (विष्ट, सन् २०२०: पृ. १३७) ।

नेपालका सबै कार्यालयहरू १० बजे नै खुल्छन्, तर काम भने १० बजे हुँदैन । दश बजे कार्यालय पुगेका सेवाग्राहीहरूले कम्तीमा आधा घण्टा कुर्नै पर्छ सम्बन्धित शाखा वा फाँटका कर्मचारीलाई भेट्न । हाजिर गरेपछि कर्मचारीहरू आफ्नो हाकिमको चाकरीमा पुग्छन्, गफ चुट्छन्, यस्ता गफमा अधिकांश राष्ट्रिय राजनीतिका हुने गर्छन् । हाकिमका कार्यकक्षमा हिजोका काम, शाखा वा फाँटमा

आएका समस्या, कार्यालयका चुनौतीका सम्बन्धमा कुनै कुराकानी त के गफ पनि हुँदैन । हाकिमका कार्यकक्षमा एक कप फिका (दुध नभएको) चिया पिउछन् । यो प्रवृत्ति प्रायः सबै सरकारी कार्यालयमा अझै पनि रहेको छ ।

तेत्तिस वर्ष पहिले प्रकाशित विष्टको पुस्तकमा पनि यही कुरा उल्लेख छ । टेकबहादुर श्रेष्ठको विचारसँग सहमत हुँदै श्रेष्ठका विचारलाई विष्टले यसरी उल्लेख गरेका छन्: श्री ५ को सरकारका कार्यालयहरूको एउटा विशेषता के छ भने (कार्यालय समयमा) कर्मचारीहरू एउटा कोठामा भेला भएर आफ्ना पेसा वा कामसँग असम्बन्धित जानकारी र सूचना आदान प्रदान गर्छन् । उनीहरूका 'आफ्ना मान्छे' ठुलो ठाउँमा रहेसम्म उनीहरूलाई जागिरमा कसैले चलाउन सक्दैन भन्ने कुराले उनीहरूलाई सुरक्षाको भावना प्रदान गर्दछ (विष्ट, सन् २०२०: पृ. १३७) ।

विदेशी सहायताले सामान्यतयाः सभा सम्मलेनमा भाग लिने तर फिल्डमा गएर काम नगर्ने सर्वज्ञाता व्यक्तिहरू पैदा गर्न सघाउँछ (विष्ट, सन् २०२०: पृ. १४८) । गोविन्दप्रसाद लोहनीको विचारसँग लेखक विष्ट पनि सहमति जनाउँछन् । यसमा विमति राख्नुपर्ने कुरा नै छैन । वैदेशिक परियोजना कि त दाताको चाहनामा आएका हुन्छन्, कि त केन्द्रमा बस्ने उच्चस्तरको कर्मचारीतन्त्र र मन्त्रीहरूको चाहनामा आएका हुन्छन् ।

परियोजनाको अधिकांश रकम क्षमता वृद्धिमा खर्च हुन्छ, यसका लागि सभा सम्मेलन र अध्ययन भ्रमण तथा अनुभव आदानप्रदानका नाममा वैदेशिक भ्रमण हुने गर्छ । यस्ता परियोजनामा दाताहरूले आफ्ना अनुकूलका अन्तर्राष्ट्रिय सल्लाहकार राख्ने गरी परियोजना स्वीकृत गराएका हुन्छन् । परियोजनाको झन्डै एक चौथाइ रकम यस्ता सल्लाहकारका नाममा खर्च हुन्छ । जनताका नाममा आएका अनुदान तथा ऋणको काम भने ज्यादै न्यून हुने गर्छ । एउटा परियोजना समाप्तिपश्चात् उस्तै खालको परियोजना निर्माणमा मन्त्रालय र दाताहरू योजना बुनिरहेका हुन्छन् । विगतको परियोजना बालुवामा पानी अनि अर्को परियोजनाको खोजी । यही चक्र चलिरहन्छ । विष्टको अनुभूति पनि योभन्दा भिन्न छैन । वर्तमान पनि यस्तै परियोजनाले गिजोलिरहेको छ । विष्टको 'भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को' नामक पुस्तकमा यस्तै गरी समीक्षा, विश्लेषण, विवेचना, चर्चा गर्ने थुप्रै विषयवस्तु भेटिन्छन् । माथि यसको केही स्वरूप मात्र उल्लेख गरिएको हो

विष्टको 'भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को' (अङ्ग्रेजी संस्करण) पुस्तकलाई ज्यादै रुचाइयो, चर्चा गरियो, नेपाल बुझ्ने आधार पुस्तक पनि मानियो । विदेशी अनुसन्धानदाता, नेपाली अध्येता, विभिन्न नियोग, नेपालका विश्वविद्यालय, सरकारी तथा गैरसरकारी संस्थाहरूका लागि पुस्तक एउटा सूत्रका रूपमा नै रह्यो । उनीहरूले पुस्तकको खुलेर प्रशंसा पनि गरे तर सम्बन्धित कसैले पनि उक्त पुस्तकमा औंल्याएको नेपालको विकास र आधुनिकीकरणको पथ गलत भएको कारण त्यसलाई बदल्न यो बाटो सही भनेर नयाँ अवधारणा र तिनको कार्यान्वयन गरेको देखिएन (ढकाल, २०७७) ।

लेखकको अनुभवमा नेपालको मानवशास्त्रीय अध्ययनको निर्क्योल के रह्यो भने विदशीहरूले गरेका त्यस्ता अध्ययनहरू आम नेपालीको पहुँचभन्दा बाहिर रहन्छ । दोस्रो, मूलतः डिग्री हासिल गर्न गरिएका र सीमित प्रश्नको उत्तर खोज्न सानो ठाउँमा गरिएका अध्ययनले नेपाली समाजलाई समग्रमा बुझ्न खासै मदत पुऱ्याउँदैन (ढकाल, २०७७) । यति भनेर पनि विष्टले अङ्ग्रेजी भाषामा यो

पुस्तक लेखी प्रकाशन गरेर आम नेपालीले बुझ्न पाउने अवसरबाट भने बञ्चित गराइदिए । यसको नेपाली भाषामा गरिएको अनुवाद कुर्न नेपाली पाठकलाई तिस वर्ष कुर्नुपर्‍यो । हुनतः दाताहरूको सहयोगमा लेखिएका पुस्तक हुनाले दाताहरूको चाहना र दाताहरूले बुझ्ने भाषामा नै लेखिदिनुपर्ने लेखकीय बाध्यता पनि थियो होला ।

विष्टका पुस्तकमा लेखिएका कतिपय विषयवस्तु सैद्धान्तिकीकरण भएनन् । यसको ज्वलन्त उदाहरण 'भाग्यवाद' र 'बाहुनवाद' शब्द नै पर्याप्त छन् । ढकाल लेख्छन्: आज उनी हामीसँगै भएका भए उनले यो ३० वर्षको अवधिमा थप, नयाँ र सम्भवतः भाग्यवादको संस्करणभन्दा फरक सैद्धान्तिक अवधारणा स्थापित गराइसकेका हुन्थे (ढकाल, २०७७) । लेखकले सस्तो नाराबाजीमा बाहुनवाद र भाग्यवाद लेखे पनि यिनीहरूलाई दार्शनिक र सैद्धान्तिक आवरण ओडाउन सकेका छैनन् । सस्ता नारा र भाषणबाजीमा यस्ता शब्दहरू आक्रोशका रूपमा आएका हुन्छन् । लेखक यस्ता वादका लागि सैद्धान्तिक धरातल निर्माण गर्न र सैद्धान्तिकीकरण गर्न भने चुकेका छन् ।

यस पुस्तकको शीर्षक नै 'भाग्यवाद' छ र ठाउँ ठाउँमा 'बाहुनवाद' पनि लेखिएको छ । यी दुई वाद विश्वका कुनै दर्शन, धर्म र साहित्यमा पाइँदैन, छैन । वास्तवमा यी दुई शब्द मनोगत रूपमा उब्जाएका वाद हुन्, जसको कुनै दर्शन छैन, सिद्धान्त छैन र मान्यता छैन । वर्तमान राजनीतिक नेतृत्वले गाली गलौजमा प्रयोग गर्ने गरेको डनवाद, धनवाद, संशोधनवाद, लम्पसारवाद, पुरोहितवाद (पाण्डित्यवाद), महिलावाद, पुरुषवाद, पुरातनवाद, सामूहिकतावाद, सङ्कीर्णवाद, नातावाद, कृपावाद, डलरवाद, जडसूत्रवाद जस्तै गाली गलौजको भाषाको वाद बन्न पुगेको होः भाग्यवाद । दार्शनिक र सैद्धान्तिक रूपमा यी दुई वादलाई वादकै रूपमा स्वीकार्न सकिँदैन ।

कुनै वाद र दर्शन हुनाका लागि सिद्धान्त हुनैपर्छ, दार्शनिक चिन्तन हुनैपर्छ, दार्शनिक तत्त्व हुनै पर्छः (क) तत्त्वमीमांसा (Ontology), (ख) ज्ञानमीमांसा (Epistemology) र (ग) मूल्यमीमांसा (Axiology) यी वाद भनिएका विषयमा न कुनै दर्शन छ, न त सिद्धान्त नै, न त दार्शनिक तत्त्वहरू नै छन् । यसर्थ भाग्यवादलाई कुनै वाद मान्न सकिने अवस्था देखिँदैन, यिनलाई वाद मान्ने त आक्रोशको अवस्थामा मात्र हो ।

लेखकलाई यो पुस्तक लेख्नका लागि नेपालीले मात्र होइन, विदेशीले पनि सहयोग गरेको कुरा लेखकले कृतज्ञतामा उल्लेख गरेका छन् । यो पुस्तक लेखनमा विदेशीहरूको सहयोग रहेको देखिन्छ । टोयोटा फाउन्डेसन र फोर्ड फाउन्डेसनले अनुसन्धान र लेखनका लागि आर्थिक सहयोग गरेको कुरा लेखकले लुकाएका छैनन् । इन्टरन्यासनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (इसिमोड) को प्राविधिक तथा प्रशासनिक सहयोग, ब्रिटिस काउन्सिलको फेलोसिप, फोर्ड फाउन्डेसनको थप अनुदान र विदेशमा उनीहरूको आतिथ्यताले पनि यो पुस्तक लेखनमा सहयोग मिलेको लेखकीय स्वीकृति छ ।

एउटा गहन पुस्तक लेखनका लागि अध्ययन, समय, आर्थिक प्रबन्ध सबै थोक आवश्यक पर्छ । यी विषयहरू लेखकका लागि उत्प्रेरक बनाउने कुरा पनि हुन् । तर यो पुस्तक लेखनमा यतिविधि विदेशी सहयोग आवश्यक हो कि होइन, विदेशी सहयोग नलिईकन सकिन्थ्यो कि सकिँदैनथ्यो भन्ने कुरा सोचनीय छ । यति धेरै विदेशी फेलोसिप र अनुदान लिएपछि दाताप्रति कृतज्ञ हुनुपर्ने भएकाले पुस्तकमा उल्लेख भएका विषयवस्तु स्वाभाविक रूपमा विवादस्पद त हुने भए नै । दाताहरूले चित्त

नबुझाएको अवस्थामा लेखकका लागि सहयोग नहुन पनि सक्थ्यो । त्यसैले यो पुस्तक पढ्दा र समीक्षा गर्दा यी विषयवस्तुलाई बिर्सन भने हुँदैन भन्ने लाग्छ ।

आजभन्दा तेत्तिस वर्ष पहिले सार्वजनिक भएको (सन् १९९० मा) पुस्तक फेटालिज्म एन्ड डेभलपमेन्ट पुस्तकका अधिकांश विषय त्यति वेलाका हुन् कि अहिलेका हुन् भन्ने कुरामा पाठकमा अन्योल हुन पुग्छ । लेखकले सन् १९९० र सोभन्दा अगाडि अनुभव गरेका विषयहरू वर्तमान समयमा पनि उस्तै लाग्दै जाँदा पाठकले देशमा राजनीति र सत्ता परिवर्तन भए पनि प्रवृत्तिमा कुनै परिवर्तन नभएको महसुस गर्छ । तत्कालीन अवस्थाको जीवन्त चित्रण त लेखकको विद्वत्तापूर्ण सोच र लेखन शैलीको परिणाम हो । तर तेत्तिस वर्ष पहिलाको अवस्था नै वर्तमान समयमा भोग्नुपर्ने नेपालीको नियति नै हो र भन्ने प्रश्न पाठकमा उब्जिन्छ । सूचना तथा सञ्चार प्रविधि, शिक्षा, स्वास्थ्य तथा विकासका अन्य सूचकहरूमा उल्लेखनीय परिवर्तन भए पनि नेपालीको मनोवृत्तिमा परिवर्तन नआएको चाहिँ देशका लागि पनि दुःखत पक्ष हो ।

## ३. निष्कर्ष

डोरबहादुर विष्टद्वारा अङ्ग्रेजी भाषामा लिखित र वसन्त थापाद्वारा नेपाली भाषामा अनुदित पुस्तक 'भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को' सन् १९९० मा प्रकाशित भए पनि यस पुस्तकमा उल्लिखिति केही विषयवस्तुबाहेक अधिकांश विषयवस्तु नेपाली समाजको सन्दर्भमा कालजयी देखिएका छन् । लेखक विष्टले औंल्याएका नेपाली प्रशासन, शिक्षा, सामाजिक परम्परा, योजना, विकासका नमुना, वैदेशिक सहयोग जस्ता विषयमा रहेका विसङ्गति र विकृति तेत्तिस वर्षपछि पनि उस्तै रहनु नेपालीका लागि लज्जाजनक र दुर्भाग्य नै हो । यस्ता विसङ्गति तथा विकृति घट्नुको सट्टा मौलाएको प्रतीत हुन्छ । नेपालको विगत र विद्यमान अवस्था (केही विषयवस्तुबाहेक) बुझ्न, आफ्नो अवधारणा बनाउन विष्टको यो पुस्तक निकै लाभप्रद छ । पुस्तकमा उल्लिखित अवस्थालाई वर्तमान अवस्थासँग तुलना गरी सुधार गर्नु प्रत्येक जिम्मेवारी नेपालीको कर्तव्य हो । अझ सरकारी क्षेत्रमा कार्यरतहरूका लागि त ऐना जस्तै हो । ऐना पुछेर अनुहार सफा हुँदैन, आफ्नो अनुहार नै धुनुपर्ने सन्देश यस पुस्तकबाट पाउन सकिन्छ । पुस्तक पठनीय त छँदै छ, सङ्ग्रहणीय पनि छ ।

## सन्दर्भ सामग्री

विष्ट, डोरबहादुर (सन् २०२०), '*भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को* '(अनु. वसन्त थापा), डोरबहादुर विष्ट परिवार

ढकाल, सुरेश (२०७७)) डोरबहादुर हुनु र नहुनु, *हिमालखबर डट कम Retrieved from https://www.*

*himalkhabar.com/news/121995*

# कर्मचारी तालिमको आवश्यकता

✍ गणेशप्रसाद भट्टराई, पिएचडी*


**लेखसार**

*तालिम औपचारिक सिकाइमा नसिकेका ज्ञान, सिपको सिकाइ तथा सिकेको ज्ञान, सिपमा बढोत्तरीका लागि प्रयोग गरिने उपकरण हो । विषय, प्रकृति, समयावधि, स्रोतसाधन, प्रविधि, सञ्चालन प्रक्रिया, जनशक्ति आदिका आधारमा तालिमका विभिन्न स्वरूप हुन्छन् । तालिम वैयक्तिक क्षमता वृद्धि र संस्थागत गुणस्तर वृद्धिको आधार हो । सरकारी सेवामा रहेका कर्मचारीका लागि नीतिगत, कार्यक्रमिक, प्रविधिगत, कार्यप्रकृतिगत फेरबदल हुनासाथ कुनै न कुनै प्रकारको तालिम आवश्यक पर्छ । कर्मचारीलाई जमेको पानी झैँ हुन नदिन र कार्यात्मक क्रियाशीलताका लागि पनि पुनर्ताजगी हुने खालका क्षमता विकास तालिममा सहभागी गराइरहनुपर्छ । तालिमका अवसरको प्राप्तिले काम गर्ने उत्प्रेरणसमेत बढाउँछ । यस सन्दर्भमा यस अवधारणात्मक लेखमा तालिमको अवधारणा, नीतिगत र कानुनी पक्ष, सैद्धान्तिक आधार, तालिमको आवश्यकता, समस्या तथा सुधारका उपाय जस्ता पक्षमा विहङ्गावलोकन गरिएको छ । यो अनुसन्धानात्मक लेख होइन । यसमा पुस्तकालयीय सामग्री अध्ययन तथा सामग्री विश्लेषणलाई आधार बनाउँदै लेखकीय दृष्टिकोण प्रस्तुत गरिएको छ ।*


## १. विषय प्रवेश

कुनै पनि संस्थाका कर्मचारीको क्षमता वृद्धि गर्न संस्थाका क्रियाकलाप, काम गर्ने तरिका पुराना कर्मचारीको क्षमता विकास, संस्थागत संस्मरण, संस्थाको वातावरण र कर्मचारीको अद्यावधिक क्षमता विकासमा ध्यान पुऱ्याउनुपर्छ । यसका लागि तालिम चाहिन्छ । तालिम कर्मचारीमा ज्ञान, सिप, दक्षता अभिवृद्धि गरी धारणात्मक र व्यावहारिक परिवर्तन ल्याउने उपागम हो । तालिमले कर्मचारीमा रहेका अपर्याप्ततालाई सुधार गर्दै ज्ञान, सिप, दक्षताका अभावमा हुन सक्ने कार्यसम्पादनका त्रुटिलाई सच्याउन सहयोग गर्छ । मानव पुँजी सङ्गठनको सम्पत्ति हो । यसलाई धारिलो वा अद्यावधिक बनाउन तालिमले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । तालिमको अभावमा सङ्गठनको उत्पादकत्वमा कमी आउँछ ।

सरकारी कर्मचारीका लागि तालिमका अवसर अत्यन्त न्यून रहेका छन् । नयाँ आविस्कार, प्रवर्तन र अनुसन्धान हुनासाथ कर्मचारीलाई तालिम प्रदान गर्नुपर्नेमा त्यो हुन सकेको छैन । तालिममा अत्यन्त न्यून बजेट विनियोजन हुन्छ र त्यो बजेटलाई पनि खर्चका रूपमा लिइन्छ । विनियोजित बजेटलाई जनशक्ति विकासमा गरेको लगानीका रूपमा लिनुपर्ने हो तर त्यो सोच पाइँदैन ।

तालिममा प्रदान गरिने ज्ञान, सिप उद्देश्यमूलक हुन्छ । यसले ज्ञान र सिपको व्यवस्थित प्रवाहलाई पछ्याएको हुन्छ । तालिमले कर्मचारीका लागि आवश्यक नयाँ ज्ञान र सिप प्रदान गरेको हुनुपर्छ

* निर्देशक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र

(Storey, 1991) । तालिमका माध्यमबाट तल्लो दर्जा र ओहोदामा कार्यरत कर्मचारीलाई सुपरिवेक्षकको पदमा पदोन्नति गर्न, नेतृत्व प्रदान गर्न, जिम्मेवारी बहन गर्न सक्ने योग्यता र क्षमता अभिवृद्धि गर्न सकिन्छ । यसबाट व्यावसायिक विशिष्टता भएका मध्यमवर्गीय व्यवस्थापकले आत्मोन्नतिका लागि निरन्तर मौकाको अवसर प्राप्त गर्छन् । तालिमले व्यक्तिको वैयक्तिक योग्यतामा ह्रास आउन नदिई पुनर्ताजगी गराउँदै क्षमता विकास गर्छ । तालिम नयाँ कर्मचारीका लागि एक पटक आयोजना गरिने विषयवस्तु मात्र नभई सुसङ्गठित संस्थामा निरन्तर भइरहने र आफूले खोजेअनुरूपको कामका लागि सहयोग गर्ने परिपाटी हो । कुनै जिम्मेवार पदाधिकारीले कामकाज गर्ने गराउने सिलसिलामा दिएका आदेश, निर्देशन र छलफल, बहस पनि तालिमका रूपमा रहन्छन् ।

कार्यको ज्ञान र वैयक्तिक ज्ञान तालिमका मुख्य सक्षमता हुन् । तालिमले कर्मचारीमा प्रवृत्ति, सिप र क्षमतामा बढोत्तरी गर्छ (Aswathappa, 2005) । तालिम वृत्तिसँग सम्बन्धित विषय हो । वृत्ति भनेको जीवन निर्वाहका लागि गरिने पेसा, नोकरी वा भरणपोषणका साधन, जीवन चलाउन दिइने सहयोग, अध्ययन अवधिभर वा केही समयका लागि दिइने आर्थिक सहयोग, कामकाज गरेबापत दिइने पारिश्रमिक आदि बुझिन्छ । कर्मचारी प्रशासनमा वृत्ति विकास भन्नाले कर्मचारी सुरु भर्ना, बढुवा, सरुवा, तालिम, अध्ययन बिदा, भ्रमण, मौद्रिक तथा गैरमौद्रिक सुविधालगायतका गतिविधि भन्ने बुझिन्छ ।

तालिम पेसागत क्षमता अभिवृद्धि गर्न दिइने प्रयोगात्मक शिक्षा हो । यसलाई प्रशिक्षण, कामकाजको पुनर्ताजगीकरण, सिकाइ, मानवीय शिक्षा आदिका रूपमा पनि लिइन्छ । यो कर्मचारीको कामकाज गर्ने क्षमता वृद्धि गर्न दिइने विषयगत शिक्षा हो । औपचारिक शिक्षाले मात्र कार्यस्थलमा कार्यसम्पादन गर्न सकिँदैन । कामका सिलसिलामा विभिन्न चुनौती आइपर्छन् । तालिमले वैयक्तिक र सामूहिक समस्या सामना गर्न सक्षम बनाउँछ । मेसिनरी सामग्री प्रयोग नगरी राख्दा खिया लागेजस्तै कर्मचारीलाई चलायमान बनाउन नसके कार्यक्षमतामा ह्रास आउँछ । कार्यालयमा काम गर्ने कर्मचारीको कार्यक्षमतामा ह्रास आउन नदिन तथा कामको आधारमा आवश्यक ज्ञान दिई सिप वृद्धि गराई काममा अद्यावधिक गराउन तालिमले सहयोग पुऱ्याउँछ । यसले प्रतिकूलतामा ह्रास आउनबाट बचाउँछ ।

तालिम ज्ञान, सिप र अभिवृत्तिको व्यवस्थित विकास हो (Armstrong, 2006) । तालिममा प्रशिक्षण र सहजीकरणको मात्र भूमिका हुँदैन, तालिममा प्रदान गरिएका पाठ्यसामग्री र अन्य तालिम सामग्रीको पनि विशिष्ट भूमिका रहन्छ । तालिम सामग्री पनि सहभागीको स्तरअनुसार हुनुपर्छ । सामान्य जनशक्तिलाई प्रदान गरिने तालिम ज्ञान, सिपमा आधारित हुनुपर्छ भने प्राविधिक जनशक्तिलाई प्रदान गर्ने तालिम प्रविधिमा नै आधारित हुनुपर्छ । तालिमको गाम्भीर्य तथा उद्देश्यलाई ध्यान दिएर पाठ्य तथा डिजिटल सामग्री उपलब्ध गराउन सके तालिमको गुणस्तर वृद्धि हुन्छ । कर्मचारीको कार्यदक्षता र कार्यक्षमताको अन्तरवस्तुको मूल्याङ्कन गर्न सकिने तालिम सामग्रीको प्रयोग गर्न तालिम कक्ष पनि अत्याधुनिक हुनु आवश्यक छ । तालिमको गुणस्तर कायम राख्न नेपाल सरकारको स्वामित्वमा रहेका विभिन्न तालिम केन्द्रबिच निरन्तर सम्बन्ध र समन्वय हुनु पनि आवश्यक छ । यस्तै कार्यालयको कामको प्रकृतिअनुसार विषयगत तालिम सञ्चालन गर्न अत्याधुनिक प्रविधि र दक्ष प्रशिक्षकको व्यवस्था गर्नुपर्छ । नवीनतम प्रविधिको अभावमा दिइने तालिम उपलब्धिमूलक बन्दैन ।

## २. नीतिगत तथा कानुनी आधार

नेपालको संविधानको भाग ३२, धारा २८५ मा सरकारी सेवाको गठनसम्बन्धी व्यवस्था छ । यसको उपधारा (१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकताअनुसार अन्य सङ्घीय सरकारी सेवाको गठन गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्ता सेवाको गठन, सञ्चालन र सेवाका सर्त सङ्घीय ऐनबमोजिम हुने व्यवस्था छ । उपधारा (२) मा सङ्घीय निजामती सेवालगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने व्यवस्था छ । उपधारा (३) ले प्रदेश मन्त्रिपरिषद्, गाउँकार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था पनि गरेको छ । वर्तमान सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आवश्यकताका आधारमा सरकारी सेवाको गठन गरी पदपूर्ति गर्न सक्छन् । यसले तिनै तहका कर्मचारीका लागि भिन्नभिन्न प्रकृतिका तालिमको आवश्यकता दर्साउँछ ।

संविधानको धारा २४२ मा लोक सेवा आयोग, धारा २४४ मा प्रदेश लोक सेवा आयोग गठनसम्बन्धी व्यवस्था छ । आयोगको काम मुख्यतः सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने हो । यी आयोगहरूको कार्य सञ्चालन सङ्घीय तथा प्रादेशिक कानुनअनुसार हुने व्यवस्था छ ।

संविधानको धारा २४४ को उपधारा (२) ले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने व्यवस्था गरेको छ । तर उपधारा (३) ले भने उपधारा (२) को प्रयोजनका लागि सङ्घीय संसद्ले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरेको छ । सङ्घीय कानुनले निर्धारण गरेको आधार र मापदण्डका आधारमा प्रादेशिक कानुनको निर्माण गरिनुपर्छ । यस दृष्टिले हेर्दा सङ्घीय तहमा निर्धारण भएका तालिमका मापदण्ड प्रदेश र स्थानीय तहका लागि मार्गदर्शक बन्न सक्छन् ।

सरकारी कर्मचारीको मूल दायित्व नागरिकलाई राज्यको नीतिगत सेवा र सुविधा प्रवाह गर्नु हो । यसका लागि सङ्गठनमा सक्षम कर्मचारी रहनुपर्छ । कर्मचारीको सक्षमता अभिवृद्धिका लागि उनीहरूलाई अध्ययन, तालिम, अध्ययन भ्रमणको अवसर उपलब्ध गराउनुपर्छ । यो साङ्गठनिक सबलताको एक पक्ष हो । यसर्थ कर्मचारीलाई तालिम उपलब्ध गराउनु पनि सरकारको नीतिगत कार्य हो ।

सरकारले सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा विकासमैत्री बनाउने राष्ट्रिय नीति तय गरेको छ । संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा हेलो सरकार तथा गुनासो व्यवस्थापन, भ्रष्टाचारविरुद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिता जस्ता पक्ष प्रभावकारी रूपमा कार्यान्वयनमा आएका छन् । कार्यालयमा सर्वसाधारण जनताको दैनिक काममा आधारित नागरिक बडापत्र लागु

गरिएको छ । सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोग भएको  छ । यी कार्यमा अभ्यस्त हुन सबै कर्मचारीका लागि तालिमको व्यवस्था मिलाई  तालिमलाई समसामयिक र व्यावहारिक बनाउनु नितान्त आवश्यक छ । यस पक्षलाई दृष्टिगत गरी  चौधौं योजनाकालमा  निजामती कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन निजामती कर्मचारी राष्ट्रिय तालिम नीति २०७१  समेत विकास भई कार्यान्वयनमा आएको थियो ।

तालिमले कर्मचारीलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक पर्ने प्रक्रिया, प्रविधि, ऐन, नियम, नीति तथा कार्यक्रम आदि बारे जानकारी प्रदान गर्छ । निजामती सेवा नियमावलीले अध्ययन वा तालिम भन्ने शब्दको परिभाषा गरेको देखिन्छ । जसअनुसार अध्ययन भन्नाले सेवासँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर वा कुनै शैक्षिक उपाधि हासिल गर्नका लागि गरिने अध्ययनलाई जनाइन्छ । तालिम भन्नाले स्नातक, स्नातकोत्तर वा कुनै शैक्षिक उपाधि प्रदान गरिनेबाहेक कुनै सङ्गठित संस्थाद्वारा निश्चित पाठ्यक्रमअनुसार निश्चित अवधिमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रम बुझिन्छ  । अध्ययन भ्रमण भन्नाले अध्ययन र तालिमबाहेक छ हप्तामा नबढ्ने गरी आयोजना हुने गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण बुझिन्छ ।

निजामती सेवा ऐन, २०४९ ले मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष आवश्यक विवरण तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पठाउने व्यवस्था गरेको छ । सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय योजना आयोगसँग समन्वय गरी विषयगत आधारमा अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउने व्यवस्था छ । सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले तालिम प्रदायक संस्थासँग समन्वय गरी प्रत्येक निजामती कर्मचारीलाई तीन वर्षमा कम्तीमा एक पटक पाँच कार्य दिन वा सोभन्दा बढी अवधिको तालिम दिने व्यवस्था निजामती सेवा नियमावलीले गरेको छ । निजामती सेवा नियमावलीले अध्ययन, तालिम वा अध्ययन भ्रमणको निमित्त निजामती कर्मचारीलाई मनोनयन गर्दा अध्ययन, तालिम वा अध्ययन भ्रमणको विषय सम्बन्धित निजामती कर्मचारी कार्यरत रहेको सेवा, समूह वा उपसमूहको निमित्त उपयोगी र आवश्यक भएको, अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि प्राप्त छात्रवृत्तिमा मनोनयनका लागि तोकिएको आवश्यकतालाई प्राथमिकता दिई शैक्षिक योग्यता, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव र कार्य सम्पादन मूल्याङ्कनबापत बढी अङ्क पाउने कर्मचारीलाई प्राथमिकता दिने, अध्ययनको हकमा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएको, स्नातक, स्नातकोत्तर वा कुनै शैक्षिक उपाधिको अध्ययनको हकमा ४५ वर्ष उमेर ननाघेको जस्ता आधार लिनुपर्ने उल्लेख गरेको छ । बजेटको कमी हुनु, तालिम व्यावहारिक नभई सैद्धान्तिक हुनु, दक्ष जनशक्तिको अभाव हुनु, सङ्घीय राष्ट्रिय तालिम नीतिको कार्यान्वयन पक्ष कमजोर हुनु, तालिम निम्ति मनोनयन विभेदपूर्ण हुनु, प्रशिक्षण सामग्रीको अभाव हुनु आदि तालिम व्यवस्थापनका समस्या हुन् । यस्ता समस्या समाधान गर्न सामयिक सङ्घीय कर्मचारी नीति तर्जुमा र  कार्यान्वयन आवश्यक छ । प्रशिक्षणमा आधुनिक प्रविधिको प्रयोग र  प्रशिक्षण केन्द्रलाई आत्मनिर्भर बनाउनु पनि त्यति नै आवश्यक छ । अब केन्द्रीकृतभन्दा पनि विकेन्द्रित तालिम प्रशिक्षण सुरु गरी उपयुक्त प्रशिक्षण सामग्रीको प्रबन्ध गरी व्यावहारिक विषयवस्तुको सहजीकरण गर्नु आवश्यक छ । तीन तहको संरचनामा स्थानीय तहका कर्मचारीको अध्ययन, तालिम र अध्ययन भ्रमणको विषयलाई बढी महत्त्व दिन सके सेवाग्राहीको नजिक भएको संरचना प्रभावकारी हुन्छ । राज्यको नीतिगत सेवा र सुविधा प्रवाहीकरण गर्ने प्रत्यक्ष संरचना गाउँपालिका र नगरपालिका नै हुन् । यिनै संरचनाबाट व्यवस्थित हुने तालिम बढी प्रभावकारी हुने सम्भावना पनि रहन्छ ।

नेपालमा वि.सं. २०१३ मा निजामती सेवा ऐन लागु भएदेखि नै निजामती कर्मचारीलाई तालिम दिने कार्यको थालनी भएको हो । २०२५ सालमा प्रशासन व्यवस्था विभागको स्थापना भएपछि यसले कर्मचारीलाई तालिम प्रदान सुरु गर्‍यो । २०२६ सालमा स्थापना भएको आर्थिक विकास तथा प्रशासनिक केन्द्रले निजामती कर्मचारीसमेतलाई तालिम दिएको इतिहास पाइन्छ । २०३२ सालदेखि लेखा समूहका कर्मचारीलाई महालेखा नियन्त्रकको कार्यालयले तालम प्रदान गर्न थाल्यो भने २०३७ मा राजस्व प्रशासन तालिम केन्द्र स्थापना भई राजस्व लेखासम्बन्धी तालिम प्रदान गर्न थालियो । यसबिचमा हुलाक, वन, नापी, सहकारी, स्वास्थ्यलगायतका क्षेत्रमा प्रशिक्षण दिने प्रशिक्षण संस्था स्थापना भइसकेका थिए । २०३९ सालमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापनापश्चात् निजामती कर्मचारीलाई सेवा प्रवेश, सेवाकालीन र अन्य तालिम दिन थालियो । २०४६ सालमा पहिलो पटक तालिम नीति तर्जुमा भई लागु भएको पाइन्छ । २०५८ मा पहिलो पटक निजामती सेवा राष्ट्रिय तालिम नीति तर्जुमा गरी कार्यान्वयन गरियो भने यसलाई खारेज गर्दै २०७१ सालमा निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७१ तर्जुमा गरी कार्यान्वयन गरियो । यसले निजामती सेवाको कर्मचारीको ज्ञान, सिप, दक्षता र क्षमतामा अभिवृद्धिका साथै मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याई निजामती सेवालाई सबल, सक्षम, सुदृढ, गतिशील र नतिजामुखी बनाउने उद्देश्य लिएको थियो । यसमा निजामती कर्मचारीको ज्ञान, सिप र दक्षता अभिवृद्धि गर्दै उनीहरूको मनोवृत्तिमा सुधार ल्याई निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने दीर्घकालीन सोच राखिएको थियो भने कर्मचारीको ज्ञान, सिप, दक्षता र क्षमता अभिवृद्धि गरी सङ्गगठनको लक्ष्य प्राप्तिमा सघाउ पुर्‍याउन योजनाबद्ध रूपमा सबै निजामती कर्मचारीहरूलाई तालिम प्रदान गर्ने, नागरिक सेवा प्रति समर्पित र उत्तरदायी निजामती सेवाको विकासका लागि तालीमका माध्यामबाट कर्मचारीको कार्यशैली तथा मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याउने र राज्यले लिएको समावेशीकरणको नीतिलाई समेत सहयोग पुर्‍याउने गरी तालिम कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखिएको थियो ।

सबै कर्मचारीलाई पद र जिम्मेवारीअनुरूप आवश्यकतामा आधारित तालिम प्रदान गर्दै नवीनतम अवधारणा र प्रविधिसहित तालिमलाई आधुनिकीकरण गर्नुपर्ने हुन्छ । कर्मचारी र नागरिक सहकार्यलाई सबल बनाउन तथा सामाजिक र मानवीय सिपको विकास गर्न पनि तालिम र तालिमका विषयवस्तु परिमार्जन हुनु आवश्यक छ । तालिम प्रदान गर्ने संस्थाको क्षमता अभिवृद्धि, तालिम पाठ्यक्रममा सुधार तथा तालिमको बहुपक्षीय उपयोगसमेतलाई दृटिगत गरी निजामती कर्मचारी राष्ट्रिय तापलम नीति, २०७१ लाई परिवर्तन गर्न निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७९ को तर्जुमा समेत भएको छ ।

यसले तालिममार्फत निजामती कर्मचारीको सक्षमता, प्रतिबद्धता अभिवृद्धि गरी सार्वजनिक प्रशासनको उत्पादकत्व बढाउने लक्ष्य राखेको छ भने यसका उद्देश्य निम्नलिखित छन् :

१. सार्वजनिक सेवा प्रवाभकारी ढङ्गले प्रवाह गर्न सक्षम जनशक्ति तयार गर्नु
२. निजामती सेवाको उत्पादकत्व वृद्धि गर्दै सार्वजनिक सेवाको गुणस्तर असभवृद्धि गर्नु
३. तालिमलाई कर्मचारीको वृत्ति विकाससँग आवद्ध गरी कार्य सम्पादनप्रति थप उत्प्ररित बनाउनु

४. सार्वजनिक सेवामा सुधार, नवप्रवर्तनकारी अनुसन्धान तथा सुशासन प्रवर्धनका लागि प्रतिस्पर्धी र उच्च मनोबलयुक्त जनशक्ति विकास गर्नु

५. प्रदेश तथा स्थानीय तहको जनशक्ति विकासमा सहयोग र समन्वय गर्नु

निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७९ ले तालिमलाई निजामती कर्मचारीको क्षमता विकासको महत्त्वपूर्ण माध्यम बनाउने रणनीति तय गर्दै त्यसको परिपूर्तिका लागि निम्नानुसारका कार्यनीति प्रस्ताव गरेको छ :

१. सङ्घीय निजामती सेवाको मुख्य सक्षमताका क्षेत्र पहिचान गरी सोही आधारमा तालिम सञ्चालनको व्यवस्था मिलाउने । सबै सेवा, समूहका निजामती कर्मचारीलाई प्रदान गर्नपर्ने तालिमको सूची तयार गरी सार्वजनिक गर्ने

२. प्रदेश सचिव, मुख्य कार्यकारी अधिकृत, कार्यालय प्रमुख, आयोजना प्रमुख वा तोकिएको महत्त्वपूर्ण जिम्मेवारीका पदमा काम गर्ने कर्मचारीका लागि व्यवस्थापकीय वा आयोजना व्यवस्थासम्बन्धी विषयमा तालिम सञ्चालन गर्ने

३. नयाँ जिम्मेवारी पाउने कर्मचारीलाई कार्यक्षेत्रमा खटाउनुअगि निजले सम्पादन गर्नुपर्ने कार्य तथा सेवाग्राहीसँग प्रदर्शन गर्नुपर्ने व्यवहारका विषयमा तालिम सञ्चालन गर्ने

४. सेवा प्रवेश र सेवाकालीन तालिम कार्यक्रमलाई सबै तहका सरकारले प्रदान गर्ने सार्वजनिक सेवाको उत्पादन वा वितरण र सुशासन प्रवर्धनसँग समेत सम्बन्धित बनाउने

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण विभागलगायतका अनुसन्धान केन्द्रित कार्यालयमा जिम्मेवारी दिनुअगि कामसँग सम्बन्धित आधारभूत तालिम दिएर पठाउने

६. कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न तालिमका पाठ्यक्रम र प्रारूपलाई समसामयिक बनाउने र तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक हुने ज्ञान, सिप र अपेक्षित व्यवहारसमेतलाई दृष्टिगत गरी तालिम कार्यक्रम तयार गर्ने

७. सङ्घीय निजामती सेवाका राजपत्राङ्कित श्रेणी वा तहका अधिकृत कर्मचारीका लागि वार्षिक रूपमा अनिवार्य न्यूनतम सिकाइ घण्टा निर्धारण गरी तालिम दिने व्यवस्था मिलाउने

८. तालिम प्रदायक संस्थाहरूले तोकेको मापदण्डअनुसार कर्मचारीलाई तालिम प्रदान गर्न मन्त्रालय, विभाग वा सम्बन्धित निकायले आफ्नो बजेटको निश्चित प्रतिशत रकम जनशक्ति विकासका लागि व्यवस्था गर्ने

९. सङ्घीय सरकारले तोकेका महत्त्वपूर्ण पदको जिम्मेवारी दिँदा जिम्मेवारीसँग सम्बन्धित तालिम प्राप्त कर्मचारीलाई प्राथमिकता दिने

१०. सेवा प्रवेश तथा सेवाकालीन तालिम र क्षमता विकासका अन्य कार्यक्रममा योग, सकारात्मक सोच, शिष्टाचार तथा आध्यात्मिक चिन्तनका विषय अनिवार्य रूपमा समावेश गर्ने

११. सेवा प्रवाहमा प्रत्यक्ष संलग्न कर्मचारीलाई सेवाग्राहीमैत्री व्यवहारसम्बन्धी तालिम प्रदान गर्ने

१२. तालिमका नवीन ढाँचा अवलम्बन गरी स्थलगत अवलोकनमा सहभागीको प्रत्यक्ष संलग्नता गराउने तथा अन्य मुलुकका असल अभ्यासलाई आत्मसात् गरी तालिमलाई व्यावहारिक बनाउने

## ३. तालिमका सिद्धान्त

कर्मचारीको तालिममा केही सिद्धान्तको प्रयोग हुन्छ । कर्मचारी तालिममा उत्प्रेरणा, पृष्ठपोषण, सबलीकरण, अभ्यास, स्थानान्तरण, सान्दर्भिकता जस्ता सिद्धान्त बढी प्रचलनमा रहेका छन् (Dwivedi, 1997)। उत्प्रेरणा सिद्धान्त (Principle of Motivation) ले तालिमका सहभागीलाई सिकाइमा संलग्न गराई कामका बारेमा सिक्ने प्रवृत्ति विकास गर्नुपर्ने कुरामा जोड दिन्छ। पृष्ठपोषण सिद्धान्त (Principle of Feedback) ले चाहिँ अनन्त सिकाइभन्दा निरन्तर पृष्ठपोषण महत्त्वपूर्ण हुने कुरालाई अगि सार्छ। सबलीकरण सिद्धान्त (Principle of Reinforcement) ले कर्मचारीमा रहेका कार्यगत त्रुटि र नकारात्मक सोचलाई तालिमका विषयवस्तु र सहजीकरण प्रक्रियाले सुधार गर्नुपर्छ भन्ने मान्यता राख्छ । अभ्यासको सिद्धान्त (Principle of Practice) तालिम खोज, अनुसन्धान, परियोजना, स्थलगत कार्य, गरेर सिक्ने अवसर र व्यवहार सुधारसँग सम्बन्धित छ । तालिमको स्थानान्तरण सिद्धान्त (Principle of Transferable) चाहिँ तालिममा सिकेका कुरा आफ्नो कार्यमा रूपान्तरण गर्नुपर्ने पक्षसँग सम्बन्धित हुन्छ । यसका लागि कार्यमा आधारित आवश्यकतामुखी तालिम सञ्चालन गर्नुपर्छ । तालिमको सान्दर्भिकता सिद्धान्त (Principle of Relevance) ले चाहिँ तालिमले सहभागी र संस्थाका आवश्यकता र उद्देश्य पूरा गर्नुपर्नेमा जोड दिन्छ । यसका लागि विशिष्टीकृत तालिम आवश्यक पर्छ।

## ४. तालिमको महत्त्व

तालिमलाई जनशक्ति विकासको महत्त्वपूर्ण अस्त्रका रूपमा लिइन्छ। यसले कर्मचारीको ज्ञान, सिप, दक्षता र सोचाइमा सकारात्मक प्रभाव पार्छ। यसबाट सङ्गठनको कार्यसम्पादनमा सुधार आउँछ। तालिमले कर्मचारीमा उत्प्रेरणा विकास गर्छ। यसले कार्यसम्पादनमा हुने जोखिम र त्रुटिलाई समेत न्यूनीकरण गर्छ। तालिमले कर्मचारीमा थप शिल्प विकास गरी जिम्मेवारीको विस्तारमा सक्रिय हुन सहयोग गर्छ । तालिमकै कारण कर्मचारीले प्रतिस्पर्धात्मक क्षमताको विकास गर्छन् । यसले कार्यसंस्कृतिमा बढोत्तरी गरी परिवर्तन व्यवस्थापन गर्न सक्ने बनाउँछ। नँया ज्ञान, सिप र क्षमताको आर्जन हुँदा कर्मचारीमा मान, सम्मान र वैयक्तिक मर्यादा समेत वृद्धि हुन्छ। तालिम वृत्ति विकासको अवसर पनि हो। कर्मचारीको बढुवामा तालिमको समेत अङ्क प्राप्त हुन्छ। कर्मचारीको ज्ञान वृद्धि गर्न, नयाँ सिपको विकास गर्न कर्मचारीको धारणा परिवर्तन गर्न, संस्थाको कार्य सम्पादनमा सुधार गर्न, साधनहरूको प्रभावकारी रूपमा प्रयोग गर्न, कानुनी र वित्तीय दुर्घटना हुनबाट बच्न तथा कर्मचारीलाई राम्रो अवसर उपलब्ध गराउन तालिम आवश्यक हुन्छ । तालिमकै माध्यमबाट कर्मचारीले आफ्नो क्षमता वृद्धि गर्न सक्छन्। तालिमका अवसर प्राप्त भई विकास गरेको दक्षताबाट उनीहरूले माथिल्लो पदमा बसेर काम गर्न पाउँछन् । यसबाट चुनौतीपूर्ण काम गर्न पाउने र चुनौतीपूर्ण काम सफल गरेर सन्तोष लिन पाउने तथा अनुभव बटुल्ने मौकासमेत प्राप्त हुन्छ।

## ५. तालिमका समस्या

तालिम कर्मचारीको आवश्यकतामा आधारित हुनुपर्छ । आवश्यकतामा आधारित तालिम सञ्चालन गर्ने हो भने निश्चित जिम्मेवारी प्राप्त कर्मचारीका लागि भिन्नाभिन्नै तालिमको आवश्यकता पर्छ । मौजुदा तालिम भने आवश्यकतामा आधारित हुन सकेका छैनन् । तालिमका अवसर न्यून भइदिनाले सबै कर्मचारीले तालिम पाउन सकेका छैनन् । बजेट र तालिम सञ्चालन प्रक्रियाका कारण पनि तालिम व्यवस्थापनमा समस्या देखिएका छन् । धेरैजसो तालिमका पाठ्यक्रम सैद्धान्तिक छन् र वर्षौंसम्म तालिमका विषयवस्तु परिवर्तन हुँदैनन् । कार्यकेन्द्रित पाठ्यक्रम बनाई तालिम सञ्चालन गर्न सकिएको छैन । तालिमका विभिन्न मोड्युल बनाई प्रयोग गर्न पनि सकिएको छैन । तालिको सञ्चालन विधि पनि पढाउने प्रकृतिको भइदिँदा अन्तरक्रिया र प्रयोगका अवसरको कमी छ । क्षमता अभिवृद्धि तालिममा सहभागीको ध्यान सुविधा र समय काट्नेतर्फ बढी केन्द्रित हुन्छ । सेवाकालीन तालिम अङ्क, श्रेणी र बढुवासँग सम्बन्धित हुने हुँदा सहभागिता र सक्रियता त हुन्छ तर तालिमपश्चात् प्रभाव मूल्याङ्कनको अवस्था अत्यन्त कमजोर छ । अझ कतिपय अवस्थामा त विकट क्षेत्रका कर्मचारीले तालिमका अवसरको जानकारी समेत पाउँदैनन् । विकास साझेदार र गैरसरकारी संस्थाले गर्ने तालिम पनि  कार्यालयको आवश्यकतामा आधारित हुनुभन्दा आफ्नै उद्देश्य प्राप्तिमा केन्द्रित रहेको देखिन्छ । अर्कोतर्फ तालिम दिने संस्थाको समेत संस्थागत क्षमता विकास हुन सकेको छैन । तालिम प्रदायक संस्थामा दक्ष प्रशिक्षक तथा भौतिक र अन्य स्रोत साधनको अभाव छ । कतिपय तालिम प्रदायक संस्थाले विज्ञ प्रशिक्षक सूची बनाएको पनि पाइन्छ तर विज्ञलाई प्रदान गरिने पारिश्रमिकको नर्म्सका कारण योग्य प्रशिक्षकलाई प्रशिक्षण कार्यमा लगाउन चुनौती सिर्जना भएको छ ।

## ६. सुधारका उपाय

तालिममा मनोनयन गर्दा कर्मचारीको आवश्यकतालाई भन्दा औसत मापदण्डलाई आधार मानिन्छ । तालिमलाई प्रभावकारी बनाउन तालिमको आवश्यकता पहिचान गरी उपयुक्त कर्मचारीलाई उपयुक्त तालिमका लागि मनोनयन गर्ने परिपाटीको बसाउनु आवश्यक छ । तालिमका अवसरमा समन्याय हुनु आवश्यक छ । तालिमलाई लगानीका रूपमा लिई राज्यको जनशक्ति विकास योजनाका आधारमा पर्याप्त बजेटको व्यवस्था गर्नु पनि त्यति नै आवश्यक छ । तालिममा सहभागी मनोनयन गर्दै तालिमका लक्ष्य तथा उद्देश्य निर्धारण गरी तालिमपश्चात् सहभागीले पूरा गर्नुपर्ने दायित्व निर्धारण गरी  प्रभाव मूल्याङ्कन गर्नु पनि आवश्यक छ । अबका तालिम पाठ्यक्रम व्यावहारिक र प्रयोगमूलक हुनुपर्छ । तालिमका पाठ्यक्रममा सैद्धान्तिक विषयवस्तुभन्दा पनि समस्या समाधान, मामला अध्ययन, परियोजना कार्य, लेख, पुस्तक वा फिल्म, डकुमेन्ट्री समीक्षा, कार्यस्थलमा आधारित सिकाइ, स्थलगत अध्ययन जस्ता पक्ष समेटिनु आवश्यक छ । तालिम प्रदायक संस्थालाई स्रोतसाधन सम्पन्न बनाई प्रशिक्षकको क्षमता विकास गरेर पनि तालिमको गुणस्तर बढाउन सकिन्छ । तालिम पाठ्यक्रम सामान्य नभई विशिष्टीकृत हुनुपर्छ । विषयगत रूपमा तालिमका उद्देश्य फरक फरक हुने भए पनि तालिममा सहजीकरणका लागि विषयक्षेत्र निर्धारण गरिएका हुन्छन् । विषयवस्तुको प्रकृति, बजेट, कार्यक्रमको समयावधि र सहभागीहरूको स्तरअनुसार आवासीय, गैरआवासीय, घुम्ती, औपचारिक तथा अनौपचारिक ढङ्गले आयोजना गरिन्छ ।

तालिमले कर्मचारीको मनोबल बढाएर कार्यालयको कामकाजको स्तर वृद्धि गर्छ । यसले कर्मचारीलाई संस्थाप्रति जिम्मेवार र ऊर्जामूलक बनाउँछ । नेपालको कर्मचारी प्रशासनमा सेवा प्रवेश, पूर्व सेवाकालीन, सेवाकालीन, विषयगत र साधारण तथा विशिष्ट किसिमको तालिम प्रचलनमा रहेका छन् ।

## ७. निष्कर्ष

तालिमलाई निरन्तर पृष्ठपोषणका आधारमा आफूलाई सुधार गरी वैयक्तिक उन्नति गर्ने र संस्थागत सुधारको माध्यमका रूपमा लिइन्छ । हरेक कर्मचारीले सामयिक रूपमा तालिम लिनु आवश्यक छ । तालिम वृत्ति विकासको माध्यम मात्र नभई ज्ञान, सिप आर्जन गर्ने अवसर पनि हो । औपचारिक अध्ययन एक पटक गरिन्छ तर पटक पटक तालिम लिएर आफूलाई दक्ष बनाउन सकिन्छ । तालिम निरन्तर सिकाइको उत्तम उपाय हो । कर्मचारीको सरुवा भइरहने सन्दर्भमा तालिम प्रत्येक कार्यालयमा रही कार्य दक्षता विकास गर्ने र कुशलतापूर्व कार्यसम्पादन गर्ने आधार पनि हो । तालिम कार्यक्षेत्र र जीवनसापेक्ष हुन्छ । तालिम समन्वय, सञ्चार, समस्या समाधान, प्राविधिक साक्षरता, बहुसांस्कृतिक साक्षरता जस्ता जीवनोपयोगी सिप विकास गरी आफूलाई सामाजिक र पेसागत दृष्टिले योग्य देखाउने माध्यम पनि हो । कार्य सक्रियता, सन्तुष्टि, पदोन्नति र सिकाइका लागि तालिम सबैलाई आवश्यक छ ।

## सन्दर्भ सामग्री

निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७१ नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय

निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७९, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

Armstrong, :. (2006) *Strategic Human Resource Management*, Kogan Page, London, UK.

Aswathappa, K. (2005) *Human Resource and Personnel Management- Text and Cases,* Tata Mc Graw Hill, 4th ed.

Dale S. B. (1985) *The Management of People at Work,* :Pennsylvania State University Digitized: copy Macmillan

Dwivedi, R. S. (1997) Managing Human Resource and Personnel Management in Indian Enterprises, Galgotia Publishing Company, New Delhi 2nd ed.

Storey, J. (1991) *New Perspectives on Human Resource Management*, Routledge, London

# नेपालमा महिला उद्यमशिलताको विकासमा स्टार्टअपको महत्त्व तथा आवश्यकता

✍गम्भीरबहादुर हाडा*


## लेखसार

उद्यमी शब्द अङ्ग्रेजीको Entrepreneur बाट लिइएको हो । उद्यमी यस्तो आर्थिक नेता जो, नयाँ वस्तुहरू, नयाँ प्रविधिका लागि स्रोतहरूलाई सफलतापूर्वक परिचालित गरेर सुअवसर बनाउने योग्यता राख्छ । उद्यमीले आवश्यक संयन्त्र तथा साधन, प्रविधि र श्रमशक्तिलाई एक ठाउँमा ल्याउँछ । उद्यमीले सङ्गठित गरेर कारोबार चलाउनेसमेत क्षमता राख्छन् । देशको आर्थिक तथा राजनीतिक प्रणाली जस्तोसुकै होस् । तर आर्थिक विकासका लागि उद्यमी एकदमै आवश्यक छ । समाजवादी राज्यमा राज्य आफैँ उद्यमकर्ता हुन्छ ।

महिला उद्यमशिलता भनेको त्यो महिला र महिलाका क्रियाकलापहरू हुन् जसले व्यक्तिगत आवश्यकता पूरा गर्न तथा आर्थिक आत्मनिर्भर हुनका लागि चुनौतीपूर्ण भूमिका स्वीकार गर्दछ । यसले महिलाहरूलाई आकर्षित गरी आत्मनिर्भर हुन सहयोग गरेको छ । हाल पुरुषले मात्र व्यवसाय गर्ने भन्ने सोच सङ्कुचित हुँदै गइरहेको छ । महिलाहरूलाई हामी पनि सक्षम छौँ भन्ने प्रमाण दिन महिला उद्यमशिलताले अवसर प्रदान गरेको छ । ग्रामीण क्षेत्रमा स्थानीय संसाधन उपयोगमा ल्याउने गरी स्थापना तथा सञ्चालन गरेको उद्यमशिलतालाई ग्रामीण उद्यमशिलता भनिन्छ । यसले रोजगारी सिर्जना गरेर मानिसको जीवनस्तरमा वृद्धि गर्दछ र देशको आर्थिक प्रगति तथा समुन्नतिलाई सुनिश्चित गर्दछ । सामान्यतः ग्रामीण उद्यमशिलता कृषि तथा वन जङ्गलमा आधारित हुन्छन् । प्रविधि, वित्त, सञ्चार, आधारभूत संरचना आदिको दृष्टिकोणले ग्रामीण उद्यमशिलता समस्याग्रस्त देखिन्छ ।


## १.विषयप्रवेश

विश्वमा महिला विकासको अवस्थाको अध्ययन गर्दा सन्तोषजनक देखिँदैन । ज्याला, अवसर, पहुँच, सहभागिता सबैमा समानता देखिँदैन । विश्वमा गरिबी र भोकमरीको मुख्य कारण लैङ्गिक समानता रहेको संयुक्त राष्ट्रसङ्घको अध्ययनले देखाएको छ । यसको कारण अनुमानित ६० प्रतिशत महिला र बालबालिका भोकमरीको चपेटामा परेका छन् । (WFP Gender Policy and Strategy", UN Women, 2019). उल्लिखित अध्ययनले संसारमा पुरुष भन्दा महिलाले ६०–७० प्रतिशत कम ज्याला पाउने क्षेत्रमा आबद्ध रहेको देखाएको छ । दक्षिण एसियामा ७० प्रतिशत महिलाहरू कृषि क्षेत्रमा काम गर्छन् । विश्वमा जम्मा २० प्रतिशत महिलाहरूको सम्पत्ति माथिको हक कायम रहेको छ । उत्तर अफ्रिका र पूर्वी एसियामा ५ प्रतिशत भन्दा कम महिलाको कृषि भूमिमा स्वामित्व रहेको देखिन्छ । धेरैजसो देशहरूमा आंशिक र कम दररेटको ज्यालामा जागिर पाउने एउटै कार्यमा पनि कम ज्याला पाउने तर महिलाको घरायसी हेरचाह र बालबच्चा हुर्काउने दोहोरो जिम्मेवारी हुने

* सेवा निर्वृत्त सहप्राध्यापक

हुनाले उनीहरू पुरुषभन्दा बढी घण्टा काममा खटिनुपर्ने देखिएको छ । तर सँगै अध्ययनले महिलाको आम्दानीको मात्रा बढेसँगै बालस्वास्थ्य, स्वास्थ्य र शिक्षा क्षेत्रमा सुधार हुने देखाएको छ ।

विश्वमा ४५ प्रतिशत ग्रामीण युवाको पहुँच शिक्षामा हुँदा जम्मा ३९ प्रतिशत छात्राहरूले सो अवसर पाएका छन् । ६८ देशहरूको अध्ययनले बच्चाको विकासमा आमाको शिक्षाको भूमिका रहने देखाएको छ । निर्णय तहमा महिलाको पहुँच एकदम कम देखिएको छ, दक्षिण एसियामा महिला प्रतिनिधि निर्वाचित दर हेर्दा श्रीलङ्कामा १.६ प्रतिशत र पाकिस्तानमा ३१ प्रतिशत देखिन्छ । विश्व स्वास्थ्य सङ्गठनको अध्ययनअनुसार धेरैजसो ग्रामीण महिलाहरू घरायसी हिंसामा परेका छन्, सँगै ६० प्रतिशत जतिले मात्र संरक्षण र सुरक्षाको प्रत्याभूति प्राप्त गरेका छन् । यसैगरी महिलाहरू प्राकृतिक प्रकोप, वातावरणीय विनाश आदिको चपेटामा समेत बढी परेका छन् । अध्ययनले विश्वमा देखिएका लैङ्गिक सवालहरूमा राजनीतिक सशक्तीकरण पहिलो, आर्थिक सहभागिता र अवसर दोस्रो तथा शैक्षिक सहभागिता र स्वास्थ्य अन्तिममा रहेका देखिन्छन् ।

न्याय र समानताका आधारमा कसैले कसैलाई (महिला र पुरुष दुवै) हेयको दृष्टिले नहेरी, समानताका आधारमा एकले अर्कोलाई आदर, सम्मान र सदभाव राखी सुनौलो समाजको निर्माण गर्नुपर्ने कुरालाई Gender And Development (GAD) ले जोड दिन्छ । समाजमा विद्यमान पक्षपातपूर्ण अवस्थालाई अस्वीकार गरी पछि परेका अशक्त र असमान अवस्थामा रहेका महिलालाई पुरुषको स्थितिमा पुऱ्याउन GAD ले जोड दिने हुँदा GAD समाज विकासको सिद्धान्तको नामले पनि परिचित छ । महिला र पुरुष बिचमा घरायसी एवम् बाह्य कार्यमा सुमधुरता कायम हुनुपर्दछ र दुवैका तनावहरू साम्य/सामना हुनुपर्दछ भन्ने कुरालाई यस रणनीतिले प्रस्तुत गरेको पाइन्छ । सामाजिक, आर्थिक बोझको सामान वितरण गरी समझदारीमा लैङ्गिक भूमिका परिवर्तन गर्दै जानुपर्ने जस्ता कुरालाई जोड दिनुपर्ने वर्तमान सन्दर्भमा GAD Strategy लाई उत्कृष्ट उपलब्धि मान्नुपर्छ किनकि जसलाई प्रतिस्थापन गर्न अन्यकुनै विकल्प देखा पर्न सकेका छैनन् । (स्रोतः राज विष्ट, विकासका सिद्धान्तहरू) ।

कुनै व्यक्तिले आफ्नो जीवनसम्बन्धी फैसला गर्न सक्ने क्षमता राख्नुलाई सशक्तीकरण भनिन्छ । समाज तथा मानवजातिको विकासमा सशक्तीकरणको प्रमुख भूमिका रहेको हुन्छ । यस परिप्रेक्ष्यमा सशक्तीकरण जसले महिलाहरूलाई समाजमा आफ्नो स्थान, स्थिति, औचित्य तथा अधिकारका बारेमा जानकारी लिन अभिप्रेरित गर्दछ त्यो नै महिला सशक्तीकरण हो । अर्को शब्दमा भन्दा समाजमा महिलावर्गको हक अधिकार र भूमिका वृद्धि गरी उनीहरूलाई सक्षम र आत्मनिर्भर गर्ने कार्यलाई महिला सशक्तीकरण भनिन्छ । अधिकारको राम्ररी सदुपयोग गरेर समाजमा उल्लेखनीय योगदान पुऱ्याउने दिशामा महिला सशक्तीकरण महत्त्वपूर्ण छ । महिलाहरू सशक्तहुनु भनेको देश र समाज विकासको बाटोमा अगि बढ्नु हो ।

देशको आर्थिक तथा राजनीतिक प्रणाली जेसुकै होस् । तर आर्थिक विकासका लागि उद्यमी एकदमै आवश्यक छ, समाजवादी राज्यमा राज्य आफैं उद्यमकर्ता हुन्छ । तर नेपाल जस्तो अल्पविकसित देशहरूमा यही स्थिति रहन्छ किनभने यस्ता देशहरूमा पनि निजी उद्यमकर्ताले जोखिम उठाउन सङ्कोच मान्छन् जुन नयाँ उद्योगहरूसँग सम्बन्ध रहन्छ । उन्नत पुँजीवादी समाजहरूमा निजी उद्यमीहरूले नै समाजको विकासमा महत्त्वपूर्ण कार्य गर्दछ । केही अर्थशास्त्रीहरूको भनाइअनुसार उद्यमीको कार्य उत्पादनका साधनहरूमा तालमेल स्थापित गर्नु हो । प्रमुख अर्थशास्त्री Schumpter

को भनाइअनुसार उद्यमीको कार्य पुँजी प्रदान गर्नु हो । कुनै पनि व्यापारी उद्यमीको प्रमुख कार्यकर्ता उद्यमी नै रहेको हुन्छ किनभने उद्यमी बिना उद्योगको सञ्चालन गर्न सकिँदैन । ब्रेलब्रोनको भनाइअनुसार निजी उद्यमी दीर्घकालीन आर्थिक विकासको अनिवार्य अङ्ग हो । लाभबाट प्रेरित र नयाँ तरिकाको पहिचान गर्नमा उद्यमीको योग्यता, क्षमता र तत्परता आर्थिक विकासमा अत्यन्त महत्त्वपूर्ण छ । उद्यमीको प्रमुख कार्य उत्पादनको नयाँ तरिकालाई प्रचलन गर्नु र स्थानीय उपभोगलाई अनुकूल बनाउनु हो । अर्थव्यवस्थामा वस्तुहरूको मूल्य र लागतको ज्ञान हुनु पनि उद्यमीका लागि महत्त्वपूर्ण छ । यसबाट उपलब्ध साधनहरूको सर्वोत्तम उपयोग गर्ने र उपयोग गरेर उत्पादकत्व बढाउनमा सहयोग गर्दछ । उद्यमी साधन सम्पन्न, मितव्ययी र परिश्रमी भएमा देशको आर्थिक विकासमा व्यापक प्रभाव पर्दछ । अर्थव्यवस्थामा पुरानो प्रविधिको स्थानमा नयाँ प्रविधिको उपयोग गरेमा भौतिक उन्नति हुने सम्भावना बढी रहन्छ र मानिसको जीवनस्तरमा समेत सुधार हुन जान्छ । उद्यमी उच्च शिक्षा प्राप्त, प्रशिक्षित तथा कुशल व्यक्ति भएमा अरूसँग नभएको गुण यस्तो उद्यमीमा रहेको हुन्छ । असल उद्यमीमा निम्नलिखित गुणहरू हुनु आवश्यक छ, जस्तै :

१. त्यस्तो उद्यमी साधन सम्पन्न, नयाँ सुअवसर प्रति जागरुक, बदलिँदो परिस्थिति अनुकूल समायोजन गर्ने योग्यता राख्छ र परिवर्तन तथा विस्तार गर्नमा समेत जोखिम उठाउन तयार रहन्छन् ।

२. त्यस्तो उद्यमी जसले परिवर्तन आरम्भ गर्दछन् र आफ्नो उत्पादनको तरिकालाई सुधार गर्दछन् ।

३. त्यस्तो उद्यमी जसले उद्योगको परिमाणलाई बढाउँछ र उसले अरूसँग सम्बन्ध राखेर काम गर्दछन् र आफ्नो लाभबाट प्राप्त पुँजीलाई फेरि अरू ठाउँमा लगानी गर्दछन् ।

Fritz Redlick को अनुसार उद्यमीको कार्य तीन किसिममा विभाजन गर्न सकिन्छ, जस्तैः पुँजीपति, प्रबन्धक तथा उद्यमकर्ताको कार्य । यसरी उद्यमीले उत्पादनका साधनहरू आपूर्ति, रेखदेख गर्दछ र त्यसले तालमेल मिलाउने समेत काम गर्दछन् र उद्यमीले योजना बनाउँछ, नवप्रवर्तन कार्य गर्दछ र अन्तिम निर्णय लिने गर्दछ । छोटो समयमा उद्यमीले यी सबै कार्यहरू आफैँ गर्ने गर्दछन् । उनीहरुले समस्त सम्पत्ति व्यापारमा लगाएका हुन्छन् । राम्रो उद्यमीले वास्तविक उत्पादन प्रक्रियामा पूर्ण रूपमा निरन्तर भाग लिइरहन्छ । पहिले लिएको लाभप्रद व्यवसायबाट प्राप्त अनुभव र फेरि पुँजी सञ्चय उद्यमीलाई एक सफल व्यवसायी बनाउनमा सहायता प्रदान गर्दछ ।

नेपालमा कुल जनसङ्ख्याको आधाभन्दा बढी सङ्ख्या महिलाको रहेको छ । यस्तोमा विकासमा महिलाको सहभागिता बिना देशको प्रगति नहुने स्पष्टै छ । नेपालमा परम्परादेखि नै महिलाहरू शोषित हुँदै आएका छन् । उनीहरू घरभित्रै सीमिति हुनुपर्ने मान्यता रहेको पाइन्छ । तर हाल विश्वमा महिला सशक्तीकरण वा विकासमा महिला जस्ता अवाज उठिरहेको छ । यसबाट महिलाहरू घरेलु कार्यमा मात्र सीमित बस्नुपर्छ भन्ने धारणा क्रमशः विस्थापित हुँदै गइरहेको छ । हाल नेपालमा उद्यमशिलतामा महिला सहभागिता क्रमशः वृद्धि हुदै गएको छ ।

## २. महिला उद्यमशिलताको अर्थ

सामान्यतया महिला उद्यमशिलता भन्नाले महिला उद्यमीहरूबाट गरिने व्यावसायिक प्रतिष्ठानको सञ्चालन, सङ्गठन र स्थापनालाई बुझिन्छ । अथवा सुम्पिटरको उद्यमशिलता अवधारणाअनुसार महिला जसले नवप्रवर्तनद्वारा अथवा अन्य व्यवसायको नक्कल वा स्वीकार गरेर व्यावसाय सञ्चालन गर्दछन् भने त्यस कार्यलाई महिला उद्यमशिलताको अर्थमा लिन सकिन्छ । उद्यमी शब्दले पुरुष, महिला दुवैलाई समेट्छ । यस अर्थमा उद्यमीको सामान्य परिभाषा महिला उद्यमीमा पनि समानरूपले लागु हुन्छ । उद्यमीसम्बन्धी सबभन्दा सरल परिभाषा नरमन एम.स्कारब्रो र थोमस डब्लु. जिमरले दिएका छन् । उनीहरूको मतअनुसार 'उद्यमी त्यो हो जसले अवसरहरू पहिचान गरेर र ती अवसरहरूबाट फाइदा उठाउन आवश्यक साधनहरू जुटाएर नाफा तथा वृद्धि हासिल गर्ने उद्देश्यका लागि जोखिम तथा अनिश्चितताका सम्मुख नयाँ व्यवसाय सिर्जना गर्छ । यस अर्थमा महिला उद्यमी भनेको व्यावसायिक संस्था आरम्भ, सङ्गठन र सञ्चालन गर्ने महिला वा महिलाहरूको समूह हो ।

यसरी नयाँ व्यवसाय बारे सोच्ने, अवसरहरू पत्ता लगाउने र त्यसलाई कार्यान्वयन गर्ने, उत्पादनका साधनहरू एकत्रित र सङ्गठित गर्ने, व्यवसाय सञ्चालन गर्ने, जोखिम र अनिश्चितता बहन गरेर व्यवसायलाई सफलताको शिखरमा पुऱ्याउने महिलाहरूलाई नै महिला उद्यमी भनिन्छ । स्कारब्रो तथा जिमररले महिला उद्यमीहरूलाई पहिलो पुस्ताका र दोस्रो पुस्ताका भनी पृथक गरेका छन् । विभिन्न वैयक्तिक सङ्कटका कारणले व्यावसायिक उद्यम सन्चालन गर्न बाध्य पारिएका महिलाहरूलाई पहिलो पुस्ताका मानिन्छ । यी महिलाहरूसँग पुरुष समान तालिम, सिप र अनुभव छन् । यिनीहरूका उद्देश्य पनि समान छन् । वर्तमान समय महिला उद्यमीहरूको दोस्रो पुस्ताको युग हो ।

## ३. महिला उद्यमीहरूका कार्य

उद्यमीका रूपमा महिला तथा पुरुष दुवैको काम समान हुन्छ । उद्यमीहरूका कार्य वर्णन गर्दा हामीले उनीहरूका मूल कार्य जोखिम तथा अनिश्चितता बहन गर्नु, सङ्गठन गर्नु, नवप्रवर्तन गर्नु हो भन्ने व्याख्या गरेका थियौँ । अतः महिला उद्यमीहरूका मूल कार्य पनि अनिश्चितता बहन गर्नु, सङ्गठन गर्नु र नवप्रवर्तन गर्नु हो ।

फ्रेडरिक हारबिन्सनले महिला उद्यमीहरूका निम्नलिखित पाँच कार्य हुन्छन् भनी उल्लेख गरेका छन् :

१. **सम्भावनाको अन्वेषण :** महिला उद्यमीले नयाँ व्यवसाय आरम्भ गर्ने सम्भावना अन्वेषण गर्छ । उनले व्यवसायका अवसरहरू खोज्छ । अवसरबाट फाइदा उठाउँछ र त्यसलाई व्यवसायका रूपमा परिणत गर्छ ।

२. **जोखिम तथा अनिश्चितता बहन गर्नु :** व्यवसायमा धेरै जोखिम तथा अनिश्चितता हुन्छन् । कुनै पनि व्यवसाय आरम्भ गर्दैमा सफल हुने प्रत्याभूति हुँदैन । महिला उद्यमीले व्यवसायका जोखिमहरू बहन गर्ने र आर्थिक अनिश्चितताहरू सामना गर्छ ।

३. **नवप्रवर्तन आरम्भ :** महिला उद्यमीहरूले नवप्रवर्तन आरम्भ गर्ने र नवप्रवर्तनको नक्कल गर्ने गर्छन् । नवप्रवर्तन उद्यमीको महत्त्वपूर्ण कार्य हो । नवप्रवर्तनले मात्र उसलाई अरूभन्दा भिन्न पार्छ र पर्याप्त पुरस्कारको सम्भावना ल्याउँछ ।

४. **समन्वय, प्रशासन र नियन्त्रण :** महिला उद्यमीले विभिन्न उत्पादका साधनलाई एकत्रित गर्ने, उनीहरूलाई काममा लगाउने र उनीहरूबिच समन्वय गर्ने कार्य गर्छ । साथै उत्पादनका साधनहरूलाई लक्ष्य हासिल गर्नमा प्रभावकारी रूपमा प्रयोग गर्न प्रशासन र नियन्त्रण गर्ने कार्य गर्छ ।

५. **सुपरिवेक्षण तथा नेतृत्व :** महिला उद्यमीहरूले व्यवसायमा नेतृत्वदिने काम गर्छ । कामलाई नतिजा उन्मुख बनाउने गर्छ । सबै कर्मचारीका कामका रेखदेख, सुपरिवेक्षण गर्ने गर्छ । आफ्ना दृष्टि र लक्ष्यअनुरूप काम भइरहेको, नभएको मूल्याङ्कन गर्छ ।

## ४. महिला उद्यमशिलताको विकासमा संस्थागत सहयोगको आवश्यकता

महिला उद्यमीहरूले कुनै पनि उद्योग वा व्यवसाय स्थापना गर्नका लागि उसलाई विभिन्न स्रोत साधनहरू तथा सुविधाहरूको आवश्यकता पर्दछ । साना उद्योगका लागि थोरै मात्र स्रोतसाधनहरूको आवश्यकता पर्दछ भने ठुला उद्योगका लागि धेरै मात्रामा स्रोतसाधनहरूको आवश्यक्ता पर्दछ । त्यस्ता स्रोतसाधनहरू र सुविधाहरू सम्पूर्ण मात्रामा उद्यमीहरूले आफैँले मात्रै व्यवस्था गर्न सक्षम नहुन सक्छन् । यस्तो अवस्थामा उनीहरूलाई सहयोग गर्नका लागि विभिन्न सङ्घसंस्थाहरूको सहयोगको अति आवश्यकता पर्दछ । यसरी ती विभिन्न सङ्घ संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई नै संस्थागत सहयोग भन्न सकिन्छ । महिला उद्यमशिलता विकासका लागि सर्वप्रथम आर्थिक तथा सामाजिक पूर्वाधारहरू निर्माण गरिनु पर्दछ । यातायात, सञ्चार, विद्युत्, उर्जा सुविधा, बजार विस्तार आदि आर्थिक पूर्वाधारहरू विकासका लागि प्रतिकूल रहेका सामाजिक बाधा व्यवधानहरू हटेपछि मात्र उद्यमशिलता विकासको सम्भावना वृद्धि हुन्छ । यातायात, सञ्चार, वित्तीय संस्थाको विकास, विद्युत्, इन्धन, सिँचाइ आदिको सिर्जना तथा विकास गर्नु आर्थिक आधारशीला निर्माण गर्नु हो भने शिक्षा, स्वास्थ्य, आवास, प्रशिक्षण, कुशल प्रविधिको विकास आदिमा लगानी गर्नु सामाजिक आधारशीला निर्माण गर्नु हो । विशेषतः यो कार्य गर्नमा सरकार तथा सरकारी निकायहरू सहभागी हुन्छन् । यी आर्थिक तथा सामाजिक पूर्वाधारहरूले अर्थतन्त्रको विकासको गति अगाडि बढाउँदै लैजान्छ । नेपालमा उद्यमीहरूलाई संस्थागत सहयोग पुऱ्याउन सरकारी स्तरबाटै विभिन्न व्यवस्थाहरू भएका छन् । विशेषगरी विभिन्न सरकारी निकायहरूले संस्थागत सहयोग पुऱ्याउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यस्ता सरकारी निकायहरू यसप्रकार छन् :

- उद्योग मन्त्रालय
- उद्योग विभाग
- घरेलु तथा साना उद्योग
- कम्पनी रजिष्ट्रारको कार्यालय
- नेपाल गुणस्तर तथा नापतौल विभाग
- नेपाल पर्यटन बोर्ड ।

## ५. स्टार्टअप कर्जाको विकासमा महिला उद्यमशिलता (Women Entrepreneurship)

कृषि तथा पशुपन्छीसँग सम्बन्धित, वन पैदावार, पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कार, विज्ञान, प्रविधि, सूचनातथा सञ्चार, मानव स्वास्थ्य सेवा, शिक्षा तथा शिक्षण सिकाइ, अटोमोबाइल, परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधार, घरायसीवा दैनिक जीवनयापन, खाद्य उत्पादन तथा प्रशोधन, सहज र सुरक्षित यातायात तथा पारवहन सेवा, खानी तथा खनिज अनुसन्धान र विकास सम्बद्ध १६ क्षेत्रमा कर्जा दिने समझदारी पत्रमा उल्लेख छ ।

अधिकतम कर्जा रकम सीमाअन्तर्गत स्टार्टअप उद्यम परियोजनामा अधिकतम २५ लाख रुपियाँ स्टार्टअप उद्यम कर्जा प्रदान गर्न सकिने उल्लेख छ । कर्जा लगानीका लागि वित्तीय स्रोतअन्तर्गत कर्जाका लागि वित्तीय स्रोत समझदारीपत्रअनुसारको स्टार्टअप उद्यम कर्जा प्रदान गर्न र निक्षेप तथा कर्जा सुरक्षणका लागि प्रतिष्ठानले बैङ्कलाई कर्जा सुरक्षणका लागि हाललाई २४ करोड २५ लाख रुपियाँ रकम उपलब्ध गराउने छ । कर्जाको सेवाशुल्क र ब्याजदर सेवाशुल्क र कार्यविधिबमोजिम हुने छ । बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसायवा परियोजना नै धितोका रूपमा राख्ने छ । त्यस्तो व्यवसाय वा परियोजनाको बिमा उद्यमी आफैँले गर्नुपर्ने छ ।

नेपाल सरकारले स्टार्टअप उद्यमकर्जा सञ्चालन कार्यविधि, २०८० स्वीकृत भएको छ । कार्यविधिअनुसार बढीमा २५ लाखसम्मको कर्जा बैङ्कमार्फत प्रदान गरिने छ । कर्जाको ब्याजदर वार्षिक तीन प्रतिशत हुने छ । बैङ्कले कर्जा प्रवाह गर्दा बढीमा ५ लाखसम्मको कर्जाको हकमा एक किस्ता, १५ लाखसम्मका लागि दुई किस्ता र सोभन्दा माथि २५ लाखसम्म तीन किस्तामा कर्जा उपलब्ध गराउने कार्यविधिमा उल्लेख छ ।

नवीनतम ज्ञान, सोच, सिप र क्षमता भएका उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गरी सहुलियतपूर्ण कर्जा प्रवाह गर्न कार्यविधि बनाइएको हो । चालु आव (२०८०-८१) मा स्टार्टअप कर्जाका लागि २५ करोड विनियोजन भएको छ । दर्ता भई निवेदन दिने अन्तिम मितिसम्म सात वर्ष ननाघेका उद्यम स्टार्टअप प्रर्वर्धन कर्जाका लागि योग्य हुने छन् । कार्यविधिमा स्टार्टअप उद्यमको रूपमा सञ्चालन गर्न सकिने १६ क्षेत्र तोकिएका छन् । स्टार्टअप उद्यम कार्यक्रम कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्नेछ । स्टार्टअप कर्जा कोषको सञ्चालन सरकारी स्वामित्वको वाणिज्य बैङ्कबाट हुने छ ।

कर्जा प्राप्त गर्ने उद्यमीको कर्तव्य पनि कार्यविधिमा तोकिएको छ । उद्देश्यबमोजिम कर्जा प्रयोग गर्ने, सम्झौताबमोजिम कर्जाको साँवा र ब्याज रकम चुक्ता गर्ने, नियामक निकाय वा बैङ्कबाट गरिने अनुगमनका क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने, आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन चौमासिक रूपमा कर्जा प्रवाह गर्ने बैङ्कमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी प्रतिष्ठान, समिति र बैङ्कले दिएको निर्देशनको पालना गर्ने कर्तव्य कर्जा प्राप्त गर्ने उद्यमीको हुनेछ । कर्जा चुक्ता नगरेमा बैङ्कले कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने छ ।

सरकारले गत आर्थिक वर्षको बजेटमा उल्लेख गरेअनुसार उद्योग मन्त्रालयले यसअगि स्टार्टअप उद्यमकर्जा कोष कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याएको थियो । सोही कार्यविधिअनुसार सहुलियत

कर्जाका लागि प्रस्ताव आह्वान गरिएको थियो भने हाल कार्यविधि केही संशोधन गरिएको छ । स्टार्टअपले प्राप्त गर्ने सहुलियत कर्जा सात वर्षसम्मका लागि उपलब्ध गराइने छ । मन्त्रालयकाअनुसार यस्तो कर्जाका लागि आवेदन दिने उद्यमको चुक्तापुँजीको अधिकतम सीमा ५० लाख तोकिएको छ भने उद्यमको कुल आय पनि वार्षिक ५० लाखभन्दा बढी हुन नहुने सर्त राखिएको छ । यस्तै घरजग्गाको मूल्यबाहेक स्थिर पुँजीको अधिकतम सीमा २ करोड तोकिएको छ । स्टार्टअप कर्जाका लागि आवेदन दिने उद्योगमा पूर्णकालीन कामदारको सङ्ख्या १० जनाभन्दा बढी हुन नहुने कार्यविधिमा उल्लेख छ । कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्या समाधान गर्न सूचनाप्रविधिको उपयोग एवम् सिर्जनशील सोच प्रयोग गरेको हुनुपर्ने छ । उद्यमले वार्षिक रूपमा गर्ने कुल खर्चको कम्तीमा ५ प्रतिशत उत्पादन, विकास, बजार विकास एवम् अनुसन्धान र विकासमा खर्च गर्ने गरेको हुनुपर्छ ।

पछिल्लो समय राज्यका विभिन्न निकाय तथा नीति निर्माण गर्ने तहमा महिलाको सहभागिता उल्लेख्य बढ्न थालेको छ । उद्यमशिलताका क्षेत्रमा पनि महिलाको आकर्षण बढ्दो छ । राज्यले उद्यमी महिलालाई छुट र सहुलियत प्रदान गरेसँगै महिला उद्यमीको सङ्ख्या बढ्न थालेको हो । एक तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा एक लाख ७९ हजार महिला उद्यमी थपिएका छन् । देशभर दुई लाख ४७ हजार आठ सय ८० व्यावसायिक संस्था महिलाले चलाएका छन् । जुन कुल व्यावसायिक संस्थाको २९.८ प्रतिशत हुन आउँछ । महिलाको आर्थिक, शैक्षिक, स्वास्थ्य तथा राजनीतिक अवस्थाका बारेमा तयार पारिएको ग्लोबल जेन्डर ग्याप रिपोर्टमा नेपाल दक्षिण एसियामा दोस्रो स्थान र विश्वमा १०१ स्थानमा छ ।

सरकारले महिला उद्यमशिलताको प्रवर्धन गर्ने बारे चासो दिएर नीति तथा कार्यक्रम तय गरिरहँदा उद्यमशिलतामा महिलाको वास्तविक अवस्थाबारे पनि गहन छलफल हुनु आवश्यक छ । २०७८ को जनगणनाले महिलाको दयनीय आर्थिक हैसियत देखाएको छ । जसअनुसार देशका ४२.९ प्रतिशत महिला कुनै पनि आर्थिक काममा संलग्न छैनन् । मधेस प्रदेशमा आर्थिक कार्यमा संलग्न नहुने महिलाको सङ्ख्या ४६.५ प्रतिशत रहेको छ । आर्थिक रूपमा सक्रिय महिलामध्ये पनि १०० मा आठ जना त बेरोजगार नै छन् । आर्थिक काममा संलग्न महिलामध्ये ५६.९ प्रतिशत कृषि क्षेत्रमा संलग्न छन् । त्यस्तै २६.९ प्रतिशत सामान्य वा प्राथमिक पेसाका कामदारका रूपमा रहेका छन् । रोजगारीमा पनि महिलाको अवस्था सन्तोषजनक छैन । अरूको काम गर्ने महिला २१.९ प्रतिशत भएको अवस्थामा आफैँ रोजगारदाता बनेका महिला ०.७ प्रतिशत मात्र छन् ।

महिला आर्थिक वञ्चितिमा पर्नुको मुख्य कारक तत्त्व भने हाम्रै सामाजिक संरचना तथा अतिरिक्त घरायसी दायित्व नै हो किनभने ३२.४ प्रतिशतले घरधन्दा र ९.८ प्रतिशत पारिवारिक हेरचाहका कारणले निस्क्रिय बस्न बाध्य भई आर्थिक काममा संलग्न हुन नपाएको जनगणनाको तथ्याङ्कले बताउँछ । महिलाले उद्यम गर्नु नेपाल जस्तो मुलुकमा चुनौतीपूर्ण छ । सीमित कच्चा पदार्थ तथा सानो बजार तथा पर्याप्त जनशक्तिको अभावका कारण नेपालमा उद्योगधन्दा सञ्चालन गर्नु सजिलो छैन । त्यस्तै पछिल्लो समय कतिपय वैदेशिक रोजगारीका लागि त कतिपय अध्ययनका लागि भन्दै विदेश पलायन हुने क्रम बढेका कारण पनि दक्ष कामदार पाउन समस्या देखिएको छ । त्यस्तै बैङ्क तथा वित्तीय संस्थाले पनि महिलालाई ऋण उपलब्ध गराउन कम प्राथमिकता दिएको पाइन्छ । सानो उद्यमीले थोरै मात्रामा कच्चा पदार्थ नपाउने र पाएपनि चर्को मूल्य तिर्नुपर्ने भएकाले उत्पादनलागत बढ्न गई उनीहरूको उत्पादनले सीमित बजार पनि गुमाउनु पर्ने अवस्था छ । आ.व. २०८०/८१

को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आवमा 'उत्पादन र रोजगार, समृद्धिको आधार' को नारालाई आत्मसात् गरी औद्योगिकीकरणको गतिलाई तीव्रता दिइएको छ साथै औद्योगिक प्रवर्धन, पूर्वाधार एवम् मानव संशाधन विकास र असल औद्योगिक सम्बन्ध कायम गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने नीति लिइएको छ । त्यस्तै उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी पुँजी र प्रविधि आकर्षण गरिने कार्यक्रम राखिएको छ । सञ्चालनमा रहेका १० ओटा औद्योगिक क्षेत्रको पूर्वाधार सुधार र स्तरोन्नति गरिनुका साथै औद्योगिक क्षेत्रको पूर्वाधार विकास र सञ्चालनका लागि ३३ करोड विनियोजन गर्नुका साथै विशेष आर्थिक क्षेत्रमा पूर्वाधार निर्माणका लागि ५४ करोड विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी एक प्रतिशत ब्याजदरमा २५ लाखसम्म बिउ पुँजी कर्जा उपलब्ध गराइने व्यवस्था गरेको थियो । स्टार्टअप व्यवसायको दर्ता, नवीकरण तथा अन्य सेवा एकद्वार प्रणालीबाट मिलाउने, स्टार्टअप व्यवसायमा वैदेशिक लगानी भित्र्याउन नीतिगत सहजीकरण गर्ने र स्टार्टअपका लागि १ अर्बको च्यालेन्ज फन्ड स्थापना गर्ने थप विशेष व्यवस्थासमेत गरेको थियो । यद्यपि उक्त व्यवस्था पनि कार्यान्वयन हुन सकेन ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत स्टार्टअपलाई प्रोत्साहन गर्न १ अर्ब २५ करोड विनियोजन गरेको छ । मुलुकमा नवप्रवर्तन र उद्यमशिलता प्रवर्धन गर्न स्टार्टअप इको सिस्टम विकास गरिने छ । उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न काठमाडौँमा इन्क्युबेसन सेन्टर सञ्चालन गरिने छ । चालु आर्थिक वर्षको बजेट वक्तव्यमा भनिएको छ, 'भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहित गरिने छ । विदेशी लगानी कम्पनीहरूमार्फत प्रवाह हुने वैदेशिक लगानीलाई प्रोत्साहन गरी नवप्रवर्तन र उद्यमशिलत ाविकासमा परिचालन गरिने छ ।' चालु वर्षको बजेटमा स्टार्टअप व्यवसायलाई १ प्रतिशत सहुलियत व्याजदरमा २५ लाख रुपियाँसम्म ऋण उपलब्ध गराउने घोषणा गरिएको छ ।

चालु आर्थिक वर्ष स्टार्टअप कर्जाका लागि २५ करोड रुपियाँ विनियोजन भएको छ । स्टार्टअप उद्यममा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि निवेदन दिने अन्तिम मितिसम्म सात वर्ष ननाघेको र कार्यविधिमा उल्लिखित मापदण्ड पूरा गरेका उद्यमीकर्जाका लागि योग्य हुने छन् । कार्यविधिमा स्टार्टअप उद्यमका रूपमा सञ्चालन गर्न सकिने उद्यमका १६ ओटा क्षेत्र तोकिएको छ ।

स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन यस वर्ष प्रतिष्ठानले गर्नेछ । कार्यविधिअनुसार बढीमा २५ लाखसम्मको कर्जा दिइने छ । कर्जाको व्याजदर बार्षिक तीन प्रतिशत हुनेछ । बैंकले कर्जा प्रवाह गर्दा बढीमा पाँच लाखसम्मको कर्जाको हकमा एक किस्ता, १५ लाख सम्मका लागि दुई किस्ता र त्यसभन्दा माथि २५ लाखसम्मको हकमा तीन किस्तामा कर्जा रकम उपलब्ध गराउने व्यवस्था छ ।

कृषि तथा पशुपन्छी, वन पैदावार, पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कार, विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, मानव स्वास्थ्य सेवा, शिक्षा तथा शिक्षण सिकाइ, अटोमोबाइल, परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधार, घरायसी वा दैनिक जीवनयापन, खाद्य उत्पादन तथा

प्रशोधन, सहज र सुरक्षित यातायात तथा पारवहन सेवा, खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित क्षेत्रमा कर्जा दिने व्यवस्था छ ।

कर्जा लगानीका लागि वित्तीय स्रोतअन्तर्गत कर्जाका लागि वित्तीय स्रोत समझदारीपत्रअनुसारको स्टार्टअप उद्यमकर्जा प्रदान गर्न र निक्षेप तथा कर्जा सुरक्षणका लागि प्रतिष्ठानले बैङ्कलाई कर्जा सुरक्षणका लागि हाललाई २४ करोड २५ लाख रकम उपलब्ध गराउने समझदारीपत्रमा उल्लेख छ । कर्जाको सेवाशुल्क र ब्याजदर सेवा शुल्क र कार्यविधिबमोजिम हुने छ । बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजना नै धितोका रूपमा राख्ने छ । (स्रोतः सीमा तामाङ, 'स्टार्ट' हुन खोजिरहेको 'स्टार्टअप', कान्तिपुर दैनिक, वैशाख २१, २०८१, काठमाडौं, नेपाल) ।

सरकारले स्टार्टअपलाई बजेटमा सम्बोधन गर्न थालेको एक दशक बित्यो तर बल्ल राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० बनेको छ । गत वैशाख २० मा बसेको मन्त्रिपरिषद् बैठकले उक्तनीति स्वीकृत गरेको हो । यस अगिल गानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ मार्फत स्टार्टअप उद्यमलाई समेत कानुनमा समेटिएको हो । औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा४ पछि दफा ४ 'क' मा स्टार्टअप उद्यम वा व्यवसायको दर्ता तथा सञ्चालनबारे उल्लेख छ । लगत्तै स्टार्टअप नीति ल्याइएको हो ।

स्टार्टअप प्रवर्धनका लागि विद्यमान नीतिगत रिक्तता पूरा गर्न स्टार्टअपसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरिएको सरकारले जनाएको छ । नीतिको कार्यान्वयनमार्फत सङ्घ, प्रदेश र स्थानीय तहको आआफ्नो कार्यक्षेत्रमा स्टार्टअप उद्यम अनुकूल वातावरण निर्माण गरी अर्थतन्त्रमा योगदान दिनसमेत नीति ल्याइएको हो । 'सूचना प्रविधिको बढ्दो प्रयोग एवम् व्यवसायको क्षेत्रमा आएको सिर्जनशील सोचका कारण नयाँ तरिकाबाट व्यवसाय गर्ने उद्यमीको सङ्ख्यामा निरन्तर वृद्धि भइरहेको छ,' नीतिमा भनिएको छ, 'स्टार्टअपमा आधारित उद्यमको थालनी गर्ने र सञ्चालनमा रहेको स्टार्टअपलाई स्तरोन्नति गर्न चाहने उद्यमीलाई आवश्यक ज्ञान, सिप र प्रविधिको सहयोग गर्नुका साथै वित्तीय पहुँच बढाई स्टार्टअप अनुकूल वातावरण विकास गर्नु जरुरी छ ।'

पन्ध्रौं आवधिक योजना (०७६/७७-०८०/८१) ले स्टार्टअप व्यवसायमा संलग्न हुने युवा उद्यमीलाई व्यवसाय सुरु गर्न आवश्यक प्रविधि एवम् ज्ञान र सिप उपलब्ध गराउनुका साथै सहुलियतपूर्ण कर्जा प्रवाह गरी वित्तीय पहुँच सुनिश्चित गर्ने विषयमा जोड दिएको छ । ०७६/७७ देखि नेपाल राष्ट्र बैङ्कले परियोजना धितोमा युवा उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएको छ । तर स्टार्टअपकै लागि भने हालसम्म सहुलियतपूर्ण कर्जा प्रवाह गरिएको छैन । नीति अभावकै कारण सरकारले घोषणा गरेको प्रतिस्पर्धी कोष (च्यालेन्ज फन्ड) कार्यान्वयनमा आउन नसकेको नीतिमा उल्लेख छ ।

## ६. उद्यमशिलता विकासमा प्रभाव पार्ने तत्त्वहरू

**(क) आर्थिक तत्त्व :** आर्थिक तत्त्वअन्तर्गत निम्न तत्त्वहरू समावेश हुन्छन् ।

**पुँजी :** उद्यम स्थापना गर्नका लागि अत्यावश्यक तत्त्व पूँजी हो । पुँजीको आपूर्ति र उपलब्धताले कुनै पनि उद्यमको सुरुआत र विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । यसको

अभावमा कुनै पनि उद्यम फस्टाउन सक्दैन तसर्थ पुँजीले उद्यमको स्थापना, विकास र दिगोपनमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

**मानव संशाधन :** मानव संशाधन पनि उद्यमशिलताको प्रमुख तत्त्व हो । मानव संशाधनको आपूर्ति, स्तर र क्षमताले उद्यमको विकासमा ठुलो असर पार्दछ । त्यसैले मानव संशाधनको उपलब्धता कुनै पनि व्यवसायको अत्यावश्यक तत्त्व मानिन्छ । जापानको उत्पादन धेरै हुनुका कारण त्यहाँका दक्ष कामदारहरूलाई नै मानिन्छ र हरेक वर्ष नेपालबाट कामदारका रूपमा विदेश जानेहरूको सङ्ख्याले पनि उद्यमशिलतामा मानव संशाधनको महत्त्व बुझ्न सकिन्छ ।

**कच्चा पदार्थ :** उद्यमशिलता विकासमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व कच्चा पदार्थ पनि हो । सुलभ मूल्यमा कच्चा पदार्थको उपलब्धता र आपूर्तिले उद्यमशिलता विकासमा प्रमुख भूमिका वहन गर्दछ । यसले उद्यमीहरूले हौसला बढाउँछ । यसको अभावमा उद्यमको विकास मात्र होइन सुरुआत पनि गर्न सकिँदैन ।

**बजार :** बजारको सम्भावनाले मात्रै उद्यमको विकास निर्धारण गर्दछ । जति ठुलो बजार हुन्छ, उद्यम फस्टाउने सम्भावना त्यति नै उच्च हुन्छ । बजार व्यवस्थापन नै उद्यमी र ग्राहकको अन्तिम थलो हो र यसमा हुने चलखेल नै उद्यम विकासका लागि निर्णायक हुन्छ । नेपाली उद्यमशिलता नफस्टाउनुको मुख्य कारण यहाँको सीमित बजार नै हो ।

**सामाजिक तत्त्व :** उद्यमशिलता विकासमा प्रभाव पार्ने अर्को प्रमुख तत्त्व सामाजिक तत्त्व हो । उद्यमको स्थापना, सञ्चलन र विस्तार सामाजिक परिवेश भित्र नै हुने हुँदा सामाजिक तत्त्वको प्रभाव धेरै हुन्छ । सुहाउँदो सामाजिक परिवेशमा उद्यम फस्टाउँछ । यस परिप्रेक्ष्यमा केही प्रमुख सामाजिक तत्त्वहरूको यहाँ व्याख्या गरिएको छ ।

**उद्यमको वैधानिकता :** कुनै पनि उद्यमको लागि समाजले प्रदान गर्ने मञ्जुरीलाई नै वैधानिकता भनिन्छ । यदि वैधानिकता उच्च तहको भएमा उद्यम राम्ररी फस्टाउँछ, नभए विपरीत प्रतिफल निस्किन्छ । यस सन्दर्भमा समाजले उद्यमशिलता प्रति बनाउने धारणाले उद्यमशिलताको विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । यदि उद्यमशिलतासम्बन्धी काम र मिहिनेतप्रति समाजले सकारात्मक दृष्टिकोण राखेमा उद्यमशिलताको विकास चाँडै हुन्छ ।

## ७. महिला उद्यमशिलतामा प्रभाव पार्ने तत्त्वहरू

महिला उद्यमशिलतामा प्रभाव पार्ने तत्त्वहरू यसप्रकार रहेका छन :

- पुँजीको उपलब्धता
- कच्चा पदार्थको उपलब्धता

- संस्थागत सहयोग
- शिक्षा तथा तालिम
- पूर्वाधार र संरचनाको विकास

## ८. महिला उद्यमशिलताको महत्त्व

महिला उद्यमशिलताको महत्त्व यसप्रकार छन ।

(क) रोजगारी सिर्जना

(ख) स्थानीय स्रोतको उपयोग

(ग) सहरतर्फ स्थानान्तरण रोक्नु

(घ) सन्तुलित विकास

(ङ) वातावरणमैत्री

(च) संस्कृतिको प्रवर्धन

## ९. ग्रामीण तथा महिला उद्यमशिलताका प्रकार

**(क)** **कृषि उद्यमशिलता :** कृषि व्यवसायसँग सम्बन्धित भई उद्यम गर्नुलाई कृषि उद्यमशिलता भनिन्छ । यस्ता उद्यमशिलताको प्रमुख आधार कृषि र वन पैदावारमा आधारित वस्तु तथा सेवा हुन्छन् । नेपाल मुख्यतया कृषिप्रधान देश भएका कारण कृषि उद्यमशिलताको आफ्नै विशिष्ट महत्त्व छ । कृषि उद्यमशिलताका केही प्रमुख उदाहरणका रूपमा फलफूल प्रशोधन, रेसम खेती, कुखुरा पालन, बाख्रापालन, मत्स्यपालन, तरकारी खेती, फूल खेती आदिलाई लिन सकिन्छ ।

**(ख)** **कलात्मक उद्यमशिलता :** कलासँग सम्बन्धित क्रियाकलाप जस्तैः सिकर्मी, डकर्मी, कला, चित्रकारिता आदिलाई व्यवसायका रूपमा परिणत गरी जीविका चलाउनुलाई कलात्मक उद्यमशिलता भनिन्छ । नेपालमा यस उद्यमशिलताले आफ्नो बजार प्रवर्धन गरेको पाइन्छ ।

**(ग)** **व्यापारिक उद्यमशिलता :** ग्रामीण जनजीवनमा अत्यावश्यक पर्ने सरसामान ओसारपसारसँग सम्बन्धित ग्रामीण उद्यमशिलताको प्रकारलाई व्यापारिक उद्यमशिलता भनिन्छ । ग्रामीण जनजीवनमा उत्पादन हुन नसक्ने वस्तुहरूको किनबेच नै यस्तो उद्यमशिलताको आधारभूत पक्ष हो । यसमा संलग्न व्यापारीहरूले आफैं वस्तु उत्पादन गर्न पनि सक्छन् वा मध्यस्थ व्यापारी भएर पनि कार्य गर्न सक्छन् ।

(घ) **आदिवासी उद्यमशिलता :** देशको कुनै ठाउँमा आदिवासी वर्गले चलाइरहेका आर्थिक क्रियाकलापहरूलाई नै आदिवासी उद्यमशिलता भनिन्छ । यस्ता व्यवसाय नेपालमा खासै नभेटिने भए पनि भारत, इन्डोनेसिया र अफ्रिकी मुलुकहरूमा पर्याप्त मात्रामा भेटिन्छन् ।

## १०. उद्यमशिलता विकासमा उदयमान धारणाहरू

समाज गतिशील छ । गतिशील समाजको एउटा प्रमुख आयाम भनेको यसलाई ल्याउने नयाँनयाँ धारणाहरू पनि हो । उद्यमशिलता पनि यसबाट अछुतो छैन । विभिन्न क्षेत्रमा भएका विकासले उद्यमशिलतामा पनि विभिन्न धारणाहरूको विकास गरेको छ । उद्यमशिलता विकासका केही धारणाहरूलाई तल व्याख्या गरिएको छ :

**सामाजिक उद्यमशिलता :** सामाजिक सांस्कृतिक तथा वातावरणीय मुद्दाका लागि पैसा सङ्कलन गरी त्यससँग सम्बन्धित समस्याहरूका लागि नयाँ खालको समाधानको उपाय निकाली कार्यान्वयन गर्नुलाई नै सामाजिक उद्यमशिलता भनिन्छ । अर्को शब्दमा सीमान्तकृत तथा गरिबहरूको जीवनस्तर उकास्नमा जोडतोडका साथ लाग्ने प्रक्रियालाई सामाजिक उद्यमशिलता भनिन्छ । सामाजिक, सांस्कृतिक र वातावरणीय मुद्दाहरूको समाधान गर्नका लागि आय सङ्कलन गरेर नयाँ समाधानका उपायहरूको कार्यान्वयन गर्ने प्रक्रियालाई नै सामाजिक उद्यमशिलता भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा सीमान्तकृत तथा गरीब वर्गको स्तर माथि उकास्नका लागि सहयोग गर्न थालनी गरिएको उद्यम नै सामाजिक उद्यमशिलता हो । यति मात्र नभई, समाजलाई हरेक क्षेत्रमा लाभ पुऱ्याउनका लागि दीर्घकालीन दृष्टिकोणको विकास गर्नुलाई पनि सामाीजक उद्यमशिलता भनिन्छ । सामाजिक उद्यमशिलताका मुख्य क्षेत्रहरू तल दिइएका छन् :

शिक्षा, स्वास्थ्य, वातावरण, कृषि, मानव अधिकार, आर्थिक विकास आदि । पछिल्लो समयमा धेरैभन्दा धेरै नयाँ र राम्रा उद्यमशिलताका सोचहरू अगाडि आइरहेका छन् । बङ्गलादेशको 'ग्रामीण बैङ्क' यसको उदाहरण हो ।

## ११. महिला उद्यमीका समस्या तथा चुनौतीहरू

- वित्तीय सहयोग र विश्वसनीयता
- समर्थन सञ्जाल बनाउन
- व्यावसायिक र पारिवारिक जीवनमा तालमेल
- निर्णय खुबीको कमी
- प्रेरणा स्रोतको कमी
- आर्थिक समस्या

- कडा प्रतिस्पर्धा
- सीमित गतिशीलता
- सिप र शिक्षाको अभाव
- जोखिम बहन गर्न सक्ने क्षमताको कमी
- मध्यस्थकर्तामा निर्भर
- कानुनी औपचारिकता
- जागिरतर्फको मोह
- गभौतिक पूर्वाधारको कमी
- निम्नस्तरको उत्पादन

## १२. महिला उद्यमीलाई प्रवर्द्धन गर्नका लीग ध्यान दिनुपर्ने विषयहरू

**(क)** अनुकूल नीति तथा नियमहरू

(ख) महिलाको उद्यमी भूमिकाको अभिवृद्धि

(ग) बाधा व्यवधान हटाउने

(घ) स्वस्थ प्रतिस्पर्धाको अभिव्यक्ति

(ङ) दिगो तथा वातावरणमैत्री व्यवसायको व्यवस्थापन

## १३. निष्कर्ष

नेपालमा महिलाहरू घरको दायराभित्र सीमित भएर बस्नुपर्छ भन्ने धारणा क्रमशः लोप हुँदै गइरहेको छ । हाल महिलाहरू पुरुषसरह विभिन्न क्रियाकलापहरूमा संलग्न हुन थालेका छन् । वर्तमान समयमा विकास प्रयत्नहरूमा महिला उद्यमीहरू एक अभिन्न अङ्ग हुनुपर्छ भन्ने कुरामा एकरूपता पाइन्छ । विगतमा महिलाहरूलाई विकासको मूलप्रवाहमा ल्याउनका लागि 'विकासमा महिला' प्रारूप विकसित गरिएको थियो र महिलाहरूको मानवीय पुँजी विकासमा जोड दिइएको थियो । हाल 'लैगिक र विकास' प्रारूप विकास गरिएको छ । जसले विकासमा महिला तथा पुरुष दुवैको भूमिकालाई स्थान दिन्छ । यस पहुँचले महिला सशक्तीकरणमा जोड दिएको छ । घरमा आधारित हस्तकला उद्यमहरूमा महिलाहरूले व्यवस्थापक, सुपरिवेक्षक, उद्यमी र दक्ष श्रमिकका रूपमा कार्य

गर्दै आएका छन् तर आयातित वस्तुहरूको प्रतिस्पर्धा तथा सङ्गठित औपचारिक क्षेत्रका उद्योगहरूले गर्दा घरमा आधारित उद्योगहरू विनाश हुँदै गइरहेका छन् । महिलाहरू नयाँ सङ्गठित उद्योगहरूमा प्रवेश गर्न पनि सकिरहेका छैनन् किनकि सङ्गठित उद्योगमा प्रवेश गर्न पर्याप्त पुँजी र उच्चस्तरीय शिक्षा र सिपको आवश्यकता पर्दछ । अब यता तर्फ राज्यले लगानी बढाउन जरुरी छ ।

## सन्दर्भ सामग्री


यामकुमारी खतिवडा (बास्कोटा), महिला सशक्तीकरणको आधारः उद्यमशिलता र रोजगार, सशक्तीकरण, वर्ष १६, पूर्णाङ्क २३, २०७७ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

वीरबहादुर राई, समानताको आधारः सामाजिक सुरक्षा, सशक्तीकरण, वर्ष १६, पूर्णाङ्क २३, २०७७ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

भरतराज शर्मा, लैङ्गिक तथ्याङ्क र लैङ्गिक असमानता मापन, सशक्तीकरण, वर्ष १६, पूर्णाङ्क २३, २०७७ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

विष्णुकुमारी लामिछाने, सङ्घीयतामा महिला विकास कार्यक्रम, सशक्तीकरण, वर्ष १६, पूर्णाङ्क २३, २०७७ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

पूर्णिमा उपाध्याय, बालअधिकार र बाल न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्था तथा नेपालमा यसको अवस्था, सशक्तीकरण, वर्ष १६, पूर्णाङ्क २३, २०७७ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

गोपीनाथ मैनाली, लैङ्गिक सशक्तीकरण, लोकतन्त्र र महिला प्रतिनिधित्वको सवाल, सशक्तीकरण, वर्ष १७, पूर्णाङ्क २४, २०७८ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ

राधिका अर्याल, नेपालको सार्वजनिक प्रशासनमा महिलाको अवस्था र उपलब्धिको एक शताब्दी, सशक्तीकरण (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित), वर्ष १७, पूर्णाङ्क २४, २०७८ असार, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

# अनिवार्य शिक्षासम्बन्धी केही दृष्टिकोण

✍जयराम अधिकारी*


**लेखसार**

*तोकिएको उमेर समूहका नागरिकले निश्चित तहसम्मको शिक्षा हासिल गर्नैपर्ने बाध्यकारी प्रावधान अनिवार्य शिक्षाको सार हो । यसका लागि विद्यालयमा भर्ना हुने वा वैकल्पिक माध्यमबाट सिक्ने अवसर दिनुपर्छ । अनिवार्य शिक्षा नागरिकको अधिकार एवम् राज्यको दायित्व हो । यो समग्र विकास एवम् मानव विकासको आवश्यकता हो । अनिवार्य शिक्षा कार्यान्वयनको अवस्था विश्लेषण गर्ने सन्दर्भमा शिक्षाको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घ/युनेस्कोको चार ए (4As): उपलब्धता (Availability), पहुँच योग्यता (Accessibility), स्वीकार्यता (Acceptability) र अनुकूलन योग्यता (Adaptability)को खाका प्रचलित छ । अनिवार्य शिक्षाका सन्दर्भमा नागरिकको शिक्षाको अधिकार र यससम्बन्धी राज्यको दायित्व, कानुनी प्रावधानको कार्यान्वयन अवस्थाको विश्लेषण गरिनु पर्छ । आधारभूत शिक्षामा भर्ना दर, कक्षोन्नति दर, विद्यालय छोड्ने दर, टिकाउ दर, चक्र पूरा गर्ने दर, सिकाइ उपलब्धिलगायत शैक्षिक तथा सम्बद्ध तथ्याङ्कबाट अनिवार्य शिक्षा प्राप्त हुन सके नसकेको यकिन गर्न सकिन्छ । यस सम्बन्धमा शिक्षामा वैकल्पिक उपायको कार्यान्वयन, सरोकारवालाका दृष्टि, चासो तथा विशेष आवश्यकताको सम्बोधन कसरी भयो भन्ने विषय पनि उत्तिकै महत्त्वको विषय हो । अनिवार्य शिक्षासम्बन्धी ऐनको बुझाइ तथा दृष्टिकोण यस लेखको मूल विषय हो । अनिवार्य शिक्षा के, किन र कसरी भन्ने विषय यस लेखमा समेटिएको छ । तथ्याङ्क, कानुन, लेख तथा पुस्तक अध्ययन र स्वअनुभव समेटी लेख तयार पारिएको छ ।*


## १. विषय प्रवेश

अन्तर्राष्ट्रिय तहमा मानव अधिकार कानुन एवम् विकास दृष्टिकोणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको प्रयासबाट शिक्षाको अधिकार, अनिवार्य शिक्षासम्बन्धी अवधारणाले विस्तारित रूप प्राप्त गरे पनि विभिन्न देशहरूमा यससम्बन्धी कानुन र कार्यक्रम पहिलेदेखि नै रहेको देखिन्छ । मानव अधिकारसम्बन्धी दस्तावेजमा लक्षित वर्गको शिक्षाको अधिकार, दायित्व, शिक्षाको तह, विषय, उद्देश्य तथा अभिमुखता आदि पक्ष समावेश भएको देखिन्छ । शिक्षामार्फत मानवीय गरिमा, स्वतन्त्रता, अधिकार आदि मूल्य प्रवर्धनको विषयमा यी दस्तावेज केन्द्रित रहे । समयक्रमसँगै लक्षित वर्ग (महिला, आदिवासी, अपाङ्गता भएका व्यक्ति, शरणार्थी आदि) केन्द्रित मानव अधिकारका दस्तावेजमा शिक्षा अधिकारको विशेष चासो र दृष्टिकोण समावेश हुँदै आएको देखिन्छ (United Nations Educational, Scientific and Cultural Organization [UNESCO], 2019,

---

*उपमहानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

अधिकारी, २०७९) । अनिवार्य शिक्षाका लागि विभिन्न देशमा फरक फरक अभ्यासहरू भएका छन् । शिक्षाको अधिकारका रूपमा अनिवार्य शिक्षालाई हेर्दा विद्यालय चयन, मौलिक संस्था स्थापना आदि केही विषय स्वतन्त्रता (liberty) हुन् भने मुलतः दाबी अधिकार (claim rights) का विषय बढी पर्दछन् (UNESCO, 2019)। यसअनुसार दाबी अधिकारमा अधिकार प्राप्त गर्ने पक्ष (Rights–holder) र दायित्व पालन गर्ने (Duty–bearer) दुवै पक्ष स्पष्ट उल्लेख गरी तिनका अधिकार र दायित्व तोकिन्छन् ।

संवैधानिक तथा अन्य कानुनी प्रावधान, कार्यक्रम, अभ्यास र अभियानका दृष्टिले अनिवार्य शिक्षा नेपालका लागि पुरानो विषय हो (Department of Education[DOE], 2014, Research Centre for Educational Innovation and Development[CERID], 2004, 2009) तथापि यसको कार्यान्वयन संस्थागत हुन बाँकी नै छ । अनिवार्य शिक्षा नेपालको संवैधानिक विकाससँगै क्रमिक बढोत्तरी रूपमा कानुन तथा कार्यक्रमहरूमा आएको देखिन्छ । अनिवार्य शिक्षाका लागि परीक्षणका रूपमा कार्यक्रम, खास क्षेत्र वा प्रशासनिक एकाइ छनोटका अभ्यास विगतमा भएको देखिन्छ (DOE, 2014; CERID, 2004 & 2009) अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका, २०७१) । संविधानसभाबाट जारी नेपालको संविधान कार्यान्वयनसँगै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, नीति तथा विद्यालय शिक्षा क्षेत्रसम्बन्धी आवधिक कार्यक्रमहरूमार्फत अनिवार्य शिक्षा कार्यान्वयनको विषय नयाँ चरणमा प्रवेश गरेको छ ।

नेपालको संविधानको धारा ३१ एवम् मौलिक हकसम्बन्धी विभिन्न धारामा शिक्षाको अधिकारका विषय उल्लेख छन् । संविधानको धारा ३१(२) मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ" उल्लेख छ । उक्त मौलिक हक कार्यान्वयनका लागि जारी भएको अनिवार्य तथा निशुःल्क शिक्षासम्बन्धी ऐन, २०७५ (यसपछि ऐन भनिएको) मा अनिवार्य शिक्षासम्बन्धी विषयवस्तु समेटिएका छन् । ऐनमा भएका अनिवार्य शिक्षासम्बन्धी प्रावधानको कार्यान्वयनमा सरकार तथा सरोकारवालाको चासो बढेको छ । ऐनको दफा १९(१) मा "सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि संवत् २०८५ वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति तोकिएको कुनै अवसर प्राप्त गर्न योग्य नहुने" प्रावधान छ ।

## २. अनिवार्य शिक्षा के हो ?

### २.१ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

निश्चित उमेरका नागरिकका लागि तोकिएको तहको शिक्षा विद्यालय वा वैकल्पिक माध्यमबाट लिनै पर्ने बाध्यकारी व्यवस्था अनिवार्य शिक्षा हो । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २ (क) मा अनिवार्य शिक्षालाई "नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरूलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्था" का रूपमा परिभाषित गरिएको छ । अनिवार्य शिक्षाको सन्दर्भमा कानुनले निश्चित उमेर र तह तोक्ने गरेको देखिन्छ । मानव अधिकारसम्बन्धी

दस्तावेजमा अनिवार्य शिक्षाको लक्षित वर्ग हरेक व्यक्ति हो तर खास देशभित्र भने यो अधिकार नागरिकलाई मात्र दिइएको हुनसक्छ । आधारभूत तह (कक्षा १-८ सम्म, बालविकास र शिक्षासहित) को शिक्षा सबै नागरिकले अनिवार्य हासिल गर्नैपर्ने विषय हाम्रा कानुनमा समेटिएको (नेपालको संविधान, दफा ३१(२); अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५) देखिन्छ । अनिवार्य शिक्षाका लागि देश विशेषले तोकेको लक्षित उमेर, शिक्षाको तहसम्बन्धी विषय फरक हुन सक्छन् । समयक्रमसँगै अनिवार्य शिक्षाका लागि शिक्षाको तह, उमेर दायरा क्रमशः बढाउँदै लगेको अभ्यासमा देखिन्छ । हाम्रो सन्दर्भमा पनि अनिवार्य प्राथमिक शिक्षा हुँदै अनिवार्य आधारभूत शिक्षाको विषय क्रमिक बढोत्तरी हुँदै गएको छ (CERID, 2004, 2009 DOE, 2014 अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५) ।

ऐनअनुसार चार वर्ष पूरा भई तेर वर्ष उमेर पूरा नभएका बालबालिकालाई आधारभूत तह (कक्षा १-८) सम्मको अनिवार्य शिक्षा प्रदान गर्ने दफा, ६(१) व्यवस्था छ । आधारभूत तहको शिक्षाका अतिरिक्त चार वर्ष पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा दफा, ६(२) प्रदान गर्नुपर्ने प्रावधानले अनिवार्य शिक्षामा प्रारम्भिक बाल विकास तथा शिक्षा समेटिएको छ । साथै आधारभूत तह सरहको वैकल्पिक शिक्षा (दफा, १४), परम्परागत शिक्षा (दफा १६) समेत अनिवार्य शिक्षामा समेटिने नै भयो ।

अनिवार्य शिक्षाका लागि पायक पर्ने विद्यालय दफा ७(१), स्पष्टीकरणबमोजिम बालबालिकाका अभिभावकको वासस्थानबाट सामान्यतः दुई किलोमिटरभित्रको दुरीमा रहेको) को दायित्व हुने, अनिवार्य शिक्षाका लागि पहुँचका दृष्टिले शैक्षिक संस्थाको स्थापना दफा, ७ (२), ८(२) गर्ने, प्रतिकूल परिस्थितिका कारण विद्यालय जान नसक्ने बालबालिकाका लागि आवासीय प्रबन्ध दफा, ७ (४) मिलाउने, अभिभावकको बालबालिकालाई नियमित विद्यालय पठाउने कर्तव्य दफा, ७ (३) तोक्ने, यसमा अभिभावकबाट हुनसक्ने असहयोगका लागि निरुत्साहन दफा, ७ (५) गर्ने आदि अनिवार्य शिक्षाका लागि ऐनमा गरिएका केही प्रबन्ध हुन् ।

शिक्षा नागरिकको अधिकार हो । यस अधिकारको महत्त्वपूर्ण पक्ष अनिवार्य शिक्षा हो ( नेपालको संविधान, धारा ३१, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, दफा ३, दफा ६) । यसका लागि विद्यालयमा भर्ना भएर वा वैकल्पिक शिक्षा र कार्यक्रममा संलग्न भई शिक्षा हासिल गर्ने अवसर दिनुपर्छ । यसो गर्दा त्यस्ता कार्यक्रम, “विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने, अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने” (अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, दफा ३(४) लगायतका विषय नागरिकको अधिकार बन्न जान्छ । आधारभूत तहसम्मको शिक्षाको अधिकार सुनिश्चित गर्न विद्यालय शिक्षा दिने, वैकल्पिक शिक्षाको व्यवस्था (दफा, १४; नियम १३) गर्ने, परम्परागत शिक्षा दिने संस्था सञ्चालन (दफा, १६; नियम १५) गर्ने, अभिभावक पहिचान नभएका बालबालिकालाई शिक्षा (दफा, १८)

दिने, मातृभाषी शिक्षा (दफा, २८) र त्यस्ता विद्यालय वा शिक्षण संस्था सञ्चालन (दफा, २९) गर्ने, संरक्षण आवश्यक पर्ने वर्गलाई विशेष अवसर (दफा, ३३) दिनेलगायत व्यवस्था ऐन तथा नियमका महत्त्वपूर्ण व्यवस्था हुन् ।

आधारभूत तहसम्म (कक्षा एकदेखि आठ) को शिक्षा विद्यालयमार्फत वा वैकल्पिक शैक्षिक संस्था (परम्परागत समेत) मार्फत दिने दायित्व राज्य (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह) को (दफा, ४) हो । आधारभूत तहको शिक्षा हासिल गर्न बालबालिकालाई नियमित विद्यालय पठाउने (दफा ५) वा त्यस्ता कार्यक्रममा सहभागी गराउने नागरिकको कर्तव्य हो ।

अनिवार्य आधारभूत शिक्षा सन्दर्भमा वित्तीय प्रबन्ध जस्तैः शुल्क, खर्च, लगानी, अनुदान, बजेट विनियोजन, आर्थिक सहायता आदि महत्त्वपूर्ण विषय हो । ऐनमा निःशुल्क शिक्षालाई "विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षा" (दफा २, (छ)) का रूपमा परिभाषित गरिएको छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने (दफा, २०) साथै पाठ्यपुस्तक (दफा, २१), शैक्षिक सामग्री (दफा, २२), छात्रवृत्ति (दफा, २३), स्वास्थ्य उपचार (दफा, २४), दिवा खाजा (दफा, २५) जस्ता प्रोत्साहन तथा सुविधाहरू राज्यले दिने व्यवस्था ऐनमा छ । यस्तै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को नियम ५ मा माध्यमिक तहसम्मको शिक्षामा विद्यार्थी भर्ना, मासिक पढाइ, परीक्षा र पाठ्यपुस्तकबापतको शुल्क लिन नहुने व्यवस्था छ । शुल्क, सुविधाका उपर्युक्त विषय मूलतः सामुदायिक वा सार्वजनिक विद्यालय लक्षित विषय हुन्, निजी लगानीका विद्यालय भने सेवामूलक र लोककल्याणकारी हुने ऐनको व्यवस्थाबमोजिम तोकिएको सङ्ख्याका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने (दफा, २७) व्यवस्था छ । त्यस्ता विद्यालयमा अध्ययन गर्ने बाँकी विद्यार्थीको शुल्क, खर्च, लगानीका विषय पनि छँदै छन् । यस्तै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था भए पनि सामुदायिक वा सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाको विषयमा पनि अनिवार्य शिक्षाका लागि घरपरिवारबाट हुने प्रत्यक्ष अप्रत्यक्ष खर्चको ठुलो दायित्व (Kushiyait, 2022) घरपरिवारको नै हुने छ । अनिवार्य शिक्षाका लागि सरकारले बजेट विनियोजन गर्नुपर्ने तथा अनुदान दिनुपर्ने (दफा, ३०), अन्य व्यक्ति वा संस्थाले सहायता दिनसक्ने (दफा, ३१) व्यवस्था छ । अनुदान, सहायता वा स्रोत परिचालन आदि मार्फत अनिवार्य शिक्षा र माध्यमिक तहसम्मको निःशुल्क शिक्षा हासिल गर्न मदत पुग्छ ।

अनिवार्य शिक्षाका लागि ऐनमा कतिपय व्यवस्था कडाइका साथ उल्लेख छन् । बालबालिकालाई निजको उमेरअनुसारको कक्षामा पायक पर्ने विद्यालयमा भर्ना गर्नुपर्ने (दफा ७(१), अभिभावकलाई बालबालिका भर्ना नगराउने वा तह पूरा नगरी विद्यालयबाट छुटाएमा स्थानीय तहबाट प्रदान गरिने सुविधा प्राप्त गर्न बञ्चित गर्न सक्ने (दफा, ७(५) प्रावधान छ । भर्ना गर्न इन्कार गर्न नहुने (दफा, ९), विद्यालयबाट

निष्कासन गर्न नहुने (दफा, १०), पाँच वर्ष पूरा भई १२ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई विद्यालयमा भर्ना नभएमा वा विद्यालय छाडेमा पुनः भर्ना गर्नुपर्ने (दफा, ११), स्थानान्तरण गर्नुपर्ने (दफा, १२) र स्थानान्तरण प्रमाणपत्र दिनुपर्ने (दफा, १३) प्रावधान यसअन्तर्गत लिन सकिन्छ । बालबालिकाको संरक्षणका दृष्टिले ऐनमा यी व्यवस्था गरिएको हो । भर्ना इन्कारी र त्यसको लिखित जानकारी नदिने, विद्यालयबाट निष्कासन गर्ने, शिक्षा प्राप्त गर्न र परीक्षा दिन रोक लगाउने वा बञ्चित गर्ने, पुनः भर्ना इन्कारी, स्थानान्तरण प्रमाणपत्र दिन इन्कारी, परम्परागत शिक्षा दिने व्यवस्था विपरीतका कार्य, निजी लगानीका विद्यालय सेवामूलक हुने विषय विपरीतका कार्यलाई कसुर मानी सो प्रमाणित भएमा सम्बन्धित स्थानीय न्यायिक समितिले जरिबाना गर्न सक्ने (दफा ३२) व्यवस्था छ ।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह गरी सङ्घीय संरचना, निजी लगानीका र संस्थागत तथा सार्वजनिक र सामुदायिक तथा परम्परागत विद्यालय, शैक्षिक संस्था, अभिभावकका दायित्व र कर्तव्य ऐनमा तोकिएका छन् । सबै बालबालिका, विशेष संरक्षण आवश्यक पर्ने बालबालिकाको अधिकार ऐनमा व्यवस्था गरिएको छ । ऐनको दफा १९ ले सबै नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्न वि.सं. २०८५ वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्तिलाई विभिन्न अवसर र सुविधा प्राप्त गर्न योग्य नमानिने व्यवस्था गरेको छ ।

## २.२ अनिवार्य शिक्षाप्रतिको बुझाइ, चासो फरक फरक

विद्यार्थी, अभिभावक, समाज र राज्यका लागि अधिकार र दायित्व, कर्तव्यका दृष्टिले अनिवार्य शिक्षालाई बुझ्नुपर्ने हुन्छ । विद्यार्थीका लागि अनिवार्य शिक्षा अधिकार र कर्तव्यको दृष्टि हो, उसको पहिचानको सम्बोधन हो । समाजका लागि नागरिकता विकासको विषय, राज्यका लागि दायित्व पूरा गर्ने र विकास आवश्यकता सम्बोधनको विषय हुनसक्छ । अनिवार्य शिक्षा प्राप्तिका सन्दर्भमा छात्रा, यौनिक अल्पसङ्ख्यक, दलित, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकाको आआफ्नै चासो, समस्या तथा आवश्यकता हुन सक्छन् । उनीहरूका आआफ्नै अनुभव, अवसर, अवरोध र आवश्यकता छन् । अनिवार्य शिक्षाका लागि उक्त पक्षमा ध्यान पुग्नैपर्छ । पूर्वाधार, सुविधा, शैक्षणिक अभ्यास आदि दृष्टिले लक्षित समूहको शैक्षिक आवश्यकता पूरा हुनुपर्छ । मातृभाषी विद्यार्थी, अभिभावक पहिचान नभएका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका, छात्रा, दलित समुदायका बालबालिका, अपाङ्गता भएका, आदिवासी तथा जनजाति, विशेष सांस्कृतिक समुदायका बालबालिकाको चासोलाई कानुन, कार्यक्रम र अभ्यासले समेट्नुपर्ने हुन्छ ।

## २.३ तथ्याङ्कबाट अनिवार्य शिक्षाको अवस्था मापन

अनिवार्य शिक्षाको अवस्था यकिन गर्न केही शैक्षिक तथा सम्बद्ध तथ्याङ्कको आधार लिन सकिन्छ । विद्यालय भर्ना दर, विद्यालयबाहिर रहेका बालबालिका, कक्षा उत्तीर्ण

दर, कक्षा दोहोऱ्याउने दर, विद्यालय छाड्ने दर, टिकाउ दर, तह पूरा गर्ने दर, सिकाइ उपलब्धि आदि पक्षको विश्लेषणबाट अनिवार्य शिक्षाको अवस्था यकिन गर्न सकिन्छ । कानुनमा रहेको उमेर, कक्षा, शिक्षाको माध्यम, सहायता प्रणाली, आर्थिक प्रोत्साहन, निःशुल्क शिक्षा, समावेशीकरणलगायत अवस्थाको तथ्याङ्क विश्लेषण जरुरी हुन्छ । उपर्युक्त तथ्याङ्कलाई छात्रा, दलित, सीमान्तकृत, मधेसी, अपाङ्कता भएका बालबालिका आदि खण्डीकृत दृष्टिले विश्लेषण गरिनुपर्छ ।

**चित्र १**

**आधारभूत तहमा खुद भर्ना दरको प्रवृत्ति**




स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१, CEHRD, 2080

चित्र १ मा हालका पाँच वर्षको आधारभूत तहमा भर्नाको प्रवृत्ति हेर्दा, कक्षा १-५ मा खुद भर्ना दर शैक्षिक सत्र २०८० बाहेक लगभग ९७% मा स्थिर हुँदै गएको देखिन्छ । यस्तै कक्षा १-८ को खुद भर्ना दर पनि शैक्षिक सत्र २०८० बाहेक क्रमिक बढ्दै गएको देखिन्छ । फ्लास २०८० अनुसार कक्षा १-८ मा सहजै देखिने भर्ना दर (१२०.४%) र खुद भर्ना दर (९५.१%) को अन्तर रहेकाले (Center for Educationand Human Resource Development [CEHRD], 2080) तोकिएको उमेर समूहका सबै बालबालिकाको विद्यालय भर्ना सुनिश्चित गर्ने, उमेर र कक्षा मिलाउने विषय चुनौतीपूर्ण देखिएको छ ।

यस्तै फ्लास २०८० तथा आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार, कक्षा ५ सम्म विद्यार्थीको टिकाउ दर (Survival rate) ८८.४% रहेको छ, जुन कक्षा ८ सम्म पुग्दा ८६.२% कायम देखिन्छ । यसै गरी, आधारभूत शिक्षाको तह अर्थात् कक्षा ८ पूरा गर्ने दर (Cycle completion rate) ८०.३% देखिन्छ । कक्षा १-८ मा कक्षा दोहोऱ्याउने दर ७%, विद्यालय छाड्ने दर ३% देखिन्छ । यसबाट विद्यालय भर्ना भएका सबै बालबालिकाले अनिवार्य आधारभूत शिक्षा (कक्षा १-८) पूरा गर्न नसकेको देखिन्छ । यस्तै बाल विकास केन्द्रमा ४ वर्ष उमेर समूहका बाल बालिकाको भर्ना दर ७०.४% देखिन्छ । प्रारम्भिक बाल विकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको दर ७६.९% रहेकोले सबैको पहुँचमा प्रारम्भिक बाल विकास तथा शिक्षा पुग्न बाँकी नै देखिएको छ । शैक्षिक तथ्याङ्कलाई छात्रा, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय बालबालिकाका आदि दृष्टिले हेर्दा यो अवस्था फरक देखिन्छ । पहुँच सुनिश्चिततताका लागि दृष्टिले भौगोलिक अवस्था, दूरीका कारण विद्यालयको पहुँच, न्यूनतम सुविधा प्राप्त विद्यालयको अवस्था, शिक्षकको उपलब्धताको अवस्था विश्लेषणीय छ ।

अनिवार्य शिक्षाका दृष्टिले सिकाइ उपलब्धि प्राप्ति उत्तिकै महत्त्वको विषय हो । यस सम्बन्धमा, प्रारम्भिक बाल विकास शिक्षाका बालबालिकाको सिकाइ र विकासको स्तर मापनको अध्ययनले (Education Review Office [ERO], 2022) भाषा, शारीरिक, सामाजिक संवेगात्मक विकासमा दुई तिहाइ बालबालिकाको विकास र सिकाइ सही स्तर (On track) मा रहेको, संज्ञानात्मक दृष्टिले आधाभन्दा पनि कम बालबालिकाको सही स्तर रहेको देखाएको छ । यस अध्ययनले समग्रमा ५६% बालबालिका सही स्तरमा, ३३% प्रगति गर्दै (Progressing) रहेका एवम् ११% बालबालिकामा तोकिएको सिकाइ र विकास स्तर प्राप्ति कठिन (Struggling) देखिएको छ । घर परिवारको पृष्ठभूमि, प्रदेशगत, वैयक्तिक पहिचानका आधारमा हेर्दा भिन्न भिन्न अवस्था देखिन्छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सन् २०२२ मा भएको कक्षा ८ को सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणबाट गणित विषयमा ३२.१%, विज्ञान विषयमा ३७.७%, नेपाली विषयमा ५८.८% र अङ्ग्रेजी विषयमा ५१.५% विद्यार्थीले आधारभूत सक्षमता (Basic proficiency) प्राप्त गरेको देखिन्छ भने गणितमा ६७.९%, विज्ञानमा ६२.३%, नेपालीमा ४१.२% र अङ्ग्रेजीमा ४८.५% विद्यार्थीको सिकाइ उपलब्धि आधारभूत तहभन्दा तल्लो स्तरमा रहेको देखिन्छ (ERO, 2023) । यस्तै उक्त केन्द्रबाट भएका अन्य अध्ययनमा कक्षा ३ र कक्षा ५ का सिकाइ उपलब्धिका परीक्षणको नतिजा हेर्दा विद्यार्थीको सिकाइ उपलब्धिमा धेरै सुधार जरुरी रहेको देखिन्छ । अनिवार्य शिक्षा सुनिश्चितताका लागि आधारभूत शिक्षा पूरा गर्ने बालबालिकामा पाठ्यक्रमले तोकेको सक्षमता अपेक्षित एवम् एक उपयुक्त स्तरमा प्राप्ति भएको सुनिश्चित हुनु जरुरी छ ।

### २.४ आलोचनात्मक दृष्टिकोण: उपसंस्कृतिको समावेशन

अनिवार्य शिक्षा दिने हो भने विद्यालय शिक्षाको मूल संस्कृतिअन्तर्गतका विभिन्न उपसंस्कृति (Banks & McGee Banks, 2016) र हाम्रा मौलिक अभ्यासलाई शिक्षा प्रणालीमा समेट्नु पर्ने हुन्छ । अनिवार्य शिक्षाका लागि मूल धारभन्दा फरक दृष्टिले हेर्दा विशेष मूल्य मान्यता एवम् अभ्यासलाई मान्यता दिने; वैकल्पिक कार्यक्रम व्यवस्था गर्ने, गुरुकुल गुम्बा, मदरसा जस्ता परम्परागत धारका विद्यालय व्यवस्था गर्ने तथा मातृभाषामा शिक्षा कार्यक्रमबाट आधारभूत तहसम्मको अनिवार्य शिक्षा सुनिश्चित गर्ने विषय उत्तिकै महत्त्वका विषय हुन् । शिक्षा पद्धति, पाठ्यक्रम, शिक्षण सिकाइका विधि तथा मूल्याङ्कमा वैकल्पिक तथा मौलिक चिन्तनलाई स्थान दिई स्वीकार्यपन बढाउने, शिक्षामा विविधता व्यवस्थापन गर्ने विषय यस सन्दर्भमा महत्त्वपूर्ण हुन्छ ।

## ३. अनिवार्य शिक्षा किन ?

अनिवार्य शिक्षा नागरिकको मौलिक हक हो (नेपालको संविधान, धारा ३१(२)) । यो मानव संसाधन विकासका लागि लगानी हो । अनिवार्य शिक्षाको अधिकार सुनिश्चित गर्दा व्यक्ति, समाज र राज्यलाई आआफ्नै लाभ प्राप्त हुन्छन् (UNESCO, 2019, pp. 30, 32) । साथै शिक्षाको यो अधिकार नागरिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अधिकार प्राप्तिको आधारसमेत हो । उत्पादन वृद्धि, साक्षरता, आधारभूत सिकाइ सुनिश्चितता, समाजको मुक्तिका लागि शिक्षा जरुरी ठानिन्छ । यद्यपि अनिवार्य शिक्षालाई थोपरिएको, हेजेमोनिक अभ्यासका रूपमा हेर्ने, मौलिकता नास्ने, एकै संस्कृति निर्माण गर्ने विषयका रूपमा टिप्पणी गरेको पनि देखिन्छ तथापि, खुला बजार र पुँजीवादी संस्कृतिमा अनिवार्य शिक्षा उत्पादन, रोजगारी र विकाससँग जोडिने माध्यमसमेत हो । अतः अनिवार्य शिक्षाको खाकाभित्र समुदायका मौलिकता, विशिष्ट संस्कृति, मूल्य, मान्यतालाई समेत विशेष स्थान दिई यसको स्वीकार्यता बढाइनुपर्छ ।

## ४. अनिवार्य शिक्षा कसरी ?

अनिवार्य शिक्षा सुनिश्चित गर्ने विभिन्न दृष्टिकोण हुन सक्छन् । शिक्षाको अधिकारको 4 A खाका (CESCR General Comment no 13, 1999, Tomaševski, 2001; UNESCO, 2019) प्रचलित छ । शिक्षामा विविधताको सम्बोधन (Banks & McGee Banks, 2016), उचित अनुकूलन (Convention on the Rights of Persons with Disabilities [CRPD], 2006), अन्तरविच्छेदता (Intersectionality) विश्लेषण र उपयोग (Crenshaw, 1989) गरिनुपर्छ । यसमार्फत संरचनात्मक लाभांश (उप्रेती, २०७६) लाई विस्तार गर्न सकिन्छ । शिक्षाको सिलिङ वा शिक्षासम्बन्धी अपेक्षा (Acharya, 2018) ले शिक्षा प्राप्तिको तह निर्धारणमा प्रभाव पार्ने हुँदा यसलाई बढाउन सकिन्छ । कार्यक्रम, सुविधा तथा प्रोत्साहन (अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५; School Education Sector PlanM for the Nepal School Education Sector 2022/23–2031/32 [SESP], 2022; कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०) विषयहरू पनि महत्त्वपूर्ण हुन्छन् ।

## ५. अधिकारमुखी दृष्टिकोणको ४ ए खाका

अधिकारमुखी दृष्टिकोणबाट अनिवार्य शिक्षा सुनिश्चित गर्न 4 As उपलब्धता (Availability), पहुँचयोग्यता (Accessibility), स्वीकार्यता (Acceptability), अनुकूलनयोग्यता (Adaptability) को खाका (CESCR General Comment No. 13, 1999, Tomaševski, 2001, UNICEF, 2019) प्रचलनमा छ । नेपालको सन्दर्भमा, कानुन, कार्यक्रम वा अभ्यासमार्फत यी 4 A का विषय सम्बोधन गरी अनिवार्य शिक्षा सुनिश्चित गर्न उत्तरदायित्व (Accountability) अर्थात् पाँचौंसमेत जरुरी ठानिएको छ (Chapagain, 2021) । अनिवार्य शिक्षाका लागि शैक्षिक संस्था वा कार्यक्रम पर्याप्त उपलब्ध गराउने; आर्थिक, कानुनी, भूगोलका दृष्टिले पहुँच सुनिश्चित गर्ने, विशिष्ट आवश्यकताको सम्बोधनमार्फत स्वीकार्यपन बढाउने र समाजको सन्दर्भ अनुकूल बनाउने शिक्षाको अधिकारको 4 A खाकाबाट ऐनका प्रावधान विश्लेषण गर्न सकिन्छ ।

उपलब्धता (Availability) को दृष्टिले शैक्षिक संस्था र कार्यक्रमको सङ्ख्यात्मक उपलब्धता, पर्याप्तता, सुरक्षित भवन तथा पूर्वाधार, सुविधा, योग्य एवम् तालिम प्राप्त शिक्षक, पाठ्यसामग्रीको पर्याप्तता आदि विषय पर्दछन् (CESCR General Comment No.3, 1999, Tomaševski, 2001, UNESCO, 2019) । पायक पर्ने विद्यालय वा त्यसका लागि थप विद्यालय स्थापना गर्ने, वैकल्पिक शिक्षाका कार्यक्रम तथा परम्परागत विद्यालयको मान्यता, शिक्षण सामग्री, पाठ्यपुस्तक उपलब्ध गराउने विषय, विद्यालय शिक्षाका लागि बजेट व्यवस्थापनका विषय ऐनमा समेटिएका छन् । पाठ्यपुस्तक तथा शिक्षण सामग्रीको व्यवस्था, विद्यालय नक्साङ्कन, शिक्षक दरबन्दी मिलान, शिक्षक व्यवस्थापनका लागि अनुदान, कक्षाकोठा, शौचालय, प्रयोगशाला तथा पुस्तकालय जस्ता पूर्वाधार एवम् सुविधासहित आधारभूत सिकाइ अवस्था सुनिश्चितताका लागि लगानी, वैकल्पिक शिक्षाका कार्यक्रम आदि विषय (SESP, 2022; कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०) शैक्षिक संस्था वा कार्यक्रमको उपलब्धता र पर्याप्ततासँग जोडिएका कार्यक्रमहरू सञ्चालित छन् । अनिवार्य आधारभूत शिक्षाका लागि शैक्षिक संस्था वा कार्यक्रम उपलब्धताको सङ्खयात्मक पक्ष सुनिश्चित हुनैपर्छ ।

पहुँचयोग्यता (Accessibility) का दृष्टिले भेदभाव रहित एवम् अवरोधमुक्त कानुनी प्रशासनिक प्रावधान, भौगोलिक पहुँच र आर्थिक पहुँचका विषय पर्दछन् (CESCR General Comment No. 13, 1999, Tomaševski, 2001, UNESCO, 2019) । शिक्षामा आर्थिक पहुँचका दृष्टिले सरकार, संस्था तथा व्यक्तिको लगानी, निःशुल्क शिक्षाको प्रावधान, प्रत्यक्ष लागत कटौती, अप्रत्यक्ष लागत र अवसर लागतको विषय विशेष चासोका विषय हुन् । कानुनी दृष्टिले शिक्षामा विभेदरहित सहभागिताका लागि कानुनमा समानता, समान संरक्षणका लागि विशेष प्राथमिकता चासोका विषय हुन् । भौतिक पहुँचका दृष्टिले विद्यालयदेखि घरसम्मको दुरी, भौगोलिक विकटतालाई विचार गरी पायक पर्ने विद्यालय थप स्थापना, सहज आवातजात, सूचना तथा सञ्चार प्रविधिको यथोचित उपयोग गर्न सकिन्छ (CESCR General Comment No. 13, 1999, Tomaševski, 2001 UNESCO, 2019) । यस क्रममा तोकिएको उमेरका बालबालिका विद्यालय बाहिर नरहने सुनिश्चितता हुनुपर्छ । पायक पर्ने विद्यालय, विशिष्टीकृत तथा घुम्ती विद्यालय वैकल्पिक शिक्षा तथा कार्यक्रम, निःशुल्क शिक्षा, लगानी र अनुदानका विषय, छात्रवृत्ति तथा प्रोत्साहन, विशेष वर्गको

संरक्षण र प्राथमिकता आदि विषय ऐनमा समाविष्ट छन् (अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५) । सामाजिक विविधता संवेदनशील कार्यक्रमहरू, निःशुल्क शिक्षा, छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरू, आवासीय प्रबन्ध, घुम्ती विद्यालय, विकट भूगोलमा पनि शिक्षा सुनिश्चित गर्न लक्षित नीति, योजना र कार्यक्रमबाट अनिवार्य शिक्षालाई पहुँचयोग्य बनाउन मदत पुग्छ ।

स्वीकार्यता (Acceptability) का दृष्टिले शिक्षक र विद्यार्थीका लागि पाठ्यक्रम तथा शिक्षण विधिसहित रूप र सारमा शिक्षा स्वीकार्य हुनुपर्छ । पाठ्यक्रम, शिक्षाको माध्यम भाषाका मातृभाषाको प्रयोग, यसको गुणस्तर र सान्दर्भिकता, सांस्कृतिक दृष्टिले उपयुक्तता, अभिभावकको चयन अधिकार आदि विषय यस सन्दर्भमा महत्त्वपूर्ण पक्ष हुन् (CESCR General Comment No. 13, 1999, Tomaševski, 2001, UNESCO, 2019) । ऐनमा मातृभाषामा शिक्षा, सिकाइ उपलब्धि सुनिश्चितता र तह पूरा गराउने, विद्यालय चयनको विषय समेटिएका छन् । गुणस्तर सुनिश्चितता तथा विविधता व्यवस्थापन लक्षित कार्यक्रमबाट अनिवार्य शिक्षा सुनिश्चिततामा टेवा पुग्छ ।

अनुकूलन योग्यता (Adaptability) का दृष्टिले विविध सामाजिक सांस्कृतिक सन्दर्भका आवश्यकता र चासो सम्बोधन गर्न सक्ने लचकता शिक्षामा रहनुपर्छ (CESCR General Comment No. 13, 1999: Tomaševski, 2001, UNESCO, 2019)। ऐनमा वैकल्पिक शिक्षा, उमेर र स्तरअनुसारको कक्षामा भर्नाको विषय, विशेष शिक्षा, आवासीय विद्यालय, घुम्ती विद्यालय, शिक्षाका वैकल्पिक प्रबन्ध, विशेष सुविधा र अवसरलगायत विषय अनुकूलनका दृष्टिले महत्त्वपूर्ण प्रावधान हुन् । यस ऐनका अतिरिक्त बाल अधिकार, अपाङ्गता अधिकार, बालविवाह तथा बालश्रमका विषयलाई निषेध र नियमन गर्ने कानुन तथा कार्यक्रमबाट पनि अनिवार्य शिक्षाका लागि अनुकूल स्थिति निर्माण गर्न सकिन्छ । सबैलाई शिक्षा सुनिश्चित गर्न वैकल्पिक माध्यम, विशेष प्रावधानका कार्यक्रमले अनुकूल शिक्षा पद्धति विकासमा सघाउँछन् ।

## ६. विविधता व्यवस्थापन

विविधतायुक्त समाजका व्यक्ति समुदायलाई प्राप्त हुने लाभ तथा आउने बाधाको विश्लेषण पनि विविधता व्यवस्थापनको एक दृष्टि हो । समाजमा खास खास व्यक्ति समुदायलाई प्राप्त संरचनात्मक लाभांश (उप्रेती, २०७६) लाई धेरै व्यक्ति वा समुदायको पहुँचमा पुऱ्याउनु जरुरी छ । बालबालिकाको बहुपहिचान र त्यससँग जोडिएका बञ्चितिको अन्तरविच्छेदता (Intersectionality) विश्लेषण (Crenshaw, 1989) गरी व्यक्ति तहमा शिक्षामा पहुँच, सहभागिता र सफलताका बाधाहरूलाई घटाउन वा हटाउन सकिन्छ । यस लेन्सबाट हेर्दा बहुपहिचान र यससँग जोडिएर आउने विभेदको चाङ, उनीहरूको चासोका बहुक्षेत्र सम्बोधन जरुरी छ, जस्तैः विकट भूगोलमा बस्ने दलित समुदायको अपाङ्गता भएको छात्राको अनिवार्य शिक्षाको प्रबन्ध गर्दा भूगोल, अपाङ्गता, दलित, छात्रा जस्ता पक्ष र पहिचान र ती आयामसँग गाँसिएर आउने बाधाहरूको जटिल रूपको सम्बोधन हुनुपर्छ । पहिचानगत रूपमा रहने लाभ वा अवरोध, बहुपहिचानमा रहने बहुलाभ वा अवरोध र यसले पार्ने सुविधा वा बञ्चितिको प्रभाव विश्लेषण गर्नु आवश्यक हुन्छ (उप्रेती, २०७६, Crenshaw, 1989) यस दृष्टिले, अनिवार्य शिक्षाका लागि व्यक्तिको शिक्षासम्बन्धी अपेक्षा (Educational Ceiling: Acharya, 2018) विस्तार गर्ने, प्रत्येक व्यक्तिका बाधा र सुविधा,

अपेक्षालाई चिन्नु जरुरी छ । हाम्रो सन्दर्भमा, राष्ट्रिय परिचयपत्र र यसको क्रमाङ्कसँगै गाँस्न सकिने व्यक्तिगत, आर्थिक, सामाजिक विवरण नागरिकको अनिवार्य शिक्षाका लागि बन्ने बाधा वा सुविधा पहिचान गर्ने र व्यक्ति तहमा सहयोग प्रबन्ध गर्ने आधार बन्न सक्छन् । विद्यालयबाहिर रहेका, विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने विद्यार्थी को हुन्, उनीहरूको लैङ्गिकता, जात, जातीयता, भाषा, अपाङ्गताको अवस्था, बसाइको अवस्थिति, भूगोल, आर्थिक सामाजिक आवश्यकतालगायत विषय यकिन गरेर मात्र विशिष्ट सहायता प्रबन्ध मिलाउन सकिन्छ । अन्तरविच्छेदताको लेन्सलाई शिक्षाको अधिकारका 4 A खाकासँग गाँसेर हेरिनुपर्छ । ऐनले दफा ३(९), दफा ७(४), दफा १६, दफा १८, दफा २३, दफा २७(५), दफा २८, दफा २९, दफा ३३, दफा ३४, दफा ३७ आदिमा लक्षित समूहमुखी दृष्टिकोण लिई, उनीहरूको चासो, प्राथमिकतालाई सम्बोधन गरेको छ । यस्तै नियम ४, ६ र ७ मा पनि विभिन्न प्रतिकूलता, वञ्चितिमा परेका वर्गलाई आवासीय प्रबन्धसहितको शिक्षा, विशेष प्रावधान, र अवसर प्रदान गर्ने व्यवस्था छ (अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७) । कानुनका उपर्युक्त प्रावधानलाई अन्तरविच्छेदताको लेन्सबाट विश्लेषण गर्न सकिन्छ ।

यस्तै अनिवार्य शिक्षाका लागि विविधता व्यवस्थापन र समावेशीकरण, विद्यालय संस्कृतिले समाजका उपसंस्कृतिलाई समेट्ने दृष्टि आवश्यक छ । सामाजिक विविधतासँग गाँसिएका मूल्य, मान्यता, अभ्यासलाई विद्यालय शिक्षाको मूल संस्कृतिसँग आवद्ध गराउँदा शिक्षाको स्वीकार्यपन बढाउन मदत पुग्छ (Banks & McGee Banks, 2016 )।

## ७. प्रमाणमा आधारित अभ्यास

अनिवार्य शिक्षाको अवस्था यकिन गर्न शैक्षिक तथा सम्बद्ध तथ्याङ्क उपयोगी हुन्छन् । तिनको विश्लेषण, कानुनी प्रावधानको कार्यान्वयन स्थिति, 4 A सँग सम्बन्धित तथ्याङ्क, तिनको अन्तर आबद्धता विश्लेषण, विद्यार्थी विवरणको खण्डीकृत विश्लेषण गरी विशेष कार्यक्रमिक हस्तक्षेप अगाडि बढाइनु उपयुक्त हुन्छ । ऐनमा अनुगमन संयन्त्र निर्माण गर्ने, नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालयले अनुगमन सूचकाङ्क विकास गरी शिक्षा अधिकारको कार्यान्वयनको मापन गर्ने (दफा, ३५) व्यवस्था छ । नियम १६, १७ र १८ मा यससम्बन्धी व्यवस्था मिलाइएको छ (अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७) । यस्तै, गाउँ वा नगर कार्यपालिकाले आफ्नो सभामा यससम्बन्धी वार्षिक प्रतिवेदन पेस गर्ने तथा सो प्रतिवेदन प्रदेश सरकार र नेपाल सरकारका निकायमा पनि पठाउने (दफा, ३६) व्यवस्था छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका मातृभाषी, दलित, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न व्यक्तिको विवरण अद्यावधिक गरी राख्ने तथा सो नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा पठाउने (दफा, ३७; नियम १०) व्यवस्था छ । उपर्युक्त व्यवस्थाले अनिवार्य शिक्षा कार्यान्वयन प्रमाणमा आधारित हुनुपर्ने विषय औँल्याएका छन् ।

## ८. समग्रता र एकीकृत सोच

शैक्षणिक प्रयासहरूबाट मात्र अनिवार्य शिक्षाको प्राप्ति कठिन हुन्छ । अनिवार्य शिक्षा सुनिश्चित गर्ने विषयलाई समाज प्रणालीसँग गाँसेर हेरिनुपर्छ । अनिवार्य शिक्षालाई भरथेग गर्ने राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, कानुनी, प्रशासनिकलगायत पर्यावरण हेरिनुपर्छ । अनिवार्य शिक्षा प्राप्तिको

विषयसँग बालश्रम, घरायसी काममा बालबालिकाको संलग्नता, बालबिवाह, मान्यता, चालचलन, गरिबी आदि समस्याको गहिरो सम्बन्ध छ । बालबालिकाले घरायसी कामको जिम्मेवारीमा रहनुपर्ने, आयआर्जनमा लाग्नुपर्ने वा अभिभावकलाई प्रत्यक्ष परोक्ष सघाउनुपर्ने स्थितिमा शिक्षाले अपेक्षित प्राथमिकता नपाउन सक्छ । समाजको चेतना, आर्थिक सामाजिक अवस्था, रोजगारी, बालबालिकाको स्वास्थ्य पनि यससँग जोडिएर आउँछन् । बालबालिकाको सिकाइ उपलब्धिमा उसको घरपरिवारसम्बन्धी पक्षको उल्लेख्य प्रभाव रहन्छ (ERO, 2022&2023) । सूचना तथा सञ्चार प्रविधिमा पहुँच र प्रयोग, समग्र अर्थतन्त्र, सामाजिक जीवन पद्धति, राजनीति, कानुन पद्धतिसमेत यसका लागि अनुकूल हुनुपर्छ । अनिवार्य शिक्षाका लागि शिक्षा क्षेत्रबाहेकका क्षेत्रले उत्तिकै सघाउनुपर्छ । अनिवार्य शिक्षाको विषयलाई एकीकृत दृष्टिले हेरिनुपर्छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम तथा व्यक्तिगत सामुदायिक प्रयासमा एकीकृत सोच रहनुपर्छ ।

## ९. निष्कर्ष

शिक्षाको अधिकारको एक विषय अनिवार्य शिक्षा हो । यो शिक्षाको बाध्यकारी प्रबन्ध हो । यो कानुनद्वारा परिभाषित हुने, सर्त तोकिने, विकल्प दिइने विषय पनि हो । मूलतः नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले अनिवार्य शिक्षाका क्षेत्रमा विगतमा भएका अभ्यासलाई थप उचाइ दिएका छन् । ऐनको मर्मलाई तोकिएको समयभित्र प्राप्त गर्ने र त्यसमा निरन्तरता कायम गर्ने विषय हालको चुनौती हो । अनिवार्य शिक्षाका लागि कानुनी बाध्यता, कडाइ, दण्ड वा प्रवर्धन र प्रोत्साहनका प्रबन्ध सँगसँगै मिलाइएको छ । यसका लागि विद्यालय शिक्षाको मूल संस्कृतिले नेपाली विविधतासँग जोडिने उपसंस्कृतिलाई संयोजन गर्नैपर्ने हुन्छ । समग्र पर्यावरणको अनुकूलतामा शैक्षणिक अभ्यासहरूले यसको सुनिश्चितता गर्नुपर्छ । ऐनका प्रावधानको कार्यान्वयन स्थितिलाई मापन गर्न सकिन्छ, गरिनु पर्छ । यस कार्यमा शिक्षाको अधिकारको खाका उपयोगी हुन्छ । ऐन कार्यान्वयनको स्थितिबारे प्रतिवेदन प्रणाली सुदृढ बनाई प्रमाणमा आधारित कार्यक्रमिक हस्तक्षेप हुँदा यसको लक्ष्य प्राप्ति सहज हुन सक्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, जयराम (२०७९), शिक्षाको अधिकारः अवधारणा र अन्तर्राष्ट्रिय कानुन । शैक्षिक स्मारिका २०७९, ३; पृ. १३५-१४३, शिक्षा तथा मानवस्रोत विकास केन्द्र ।

अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका, २०७१ । नेपाल सरकार, शिक्षा मन्त्रालय ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ नेपाल, सङ्घीय ऐन, दफा २ र अन्य । *https://shorturl.at/bpBG9*

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ नेपाल सरकार, सङ्घीय नियमावली, नियम ४ र अन्य ।

आर्थिक सर्वेक्षण २०८०/८१, नेपाल सरकार, २०८१ जेठ, अर्थ मन्त्रालय ।

उप्रेती, सञ्जीव । (२०७६, जेठ) । संरचनात्मक लाभांश र दलित मुक्तिका कुरा । नेपाल, राष्ट्रिय साप्ताहिक । *https://nepalmag.com.np/opinion/2019/05/19/20190519153239*

कार्यक्रमका कार्यान्वयन पुस्तिका, २०८०र८१। ९२०८०० । शिक्षा तथा मानवस्रोत विकास केन्द्र ।

नेपालको संविधान, संविधानसभा, २०७२, दफा ३१ र अन्य। *https://shorturl.at/lmEO4*

Acharya, L. (2018). Out of school children in Nepal: Who, why and how. [Unpublished PhD Thesis, Kathmandu University, Nepal].

Banks, J. A., & C.A. McGee Banks(ed.) (2016). Multicultural education: Issues and perspectives (9th ed.). Wiley.

Center for Educationand Human Resource Development. (2080 B.S.). Flash I 2080 [unpublished draft report].

CESCR General Comment No. 13: The Right to Education (Art. 13), December 8, 1999. Office of the High Commissioner for Human Rights. *https://www.refworld.org/pdfid/4538838c22.pdf*

Chapagain, B. (2021). Interface between right holders and duty bearers in school level educational services. [Unpublished PhD Dissertation, Tribhuvan University].

Convention on the Rights of Persons with Disabilities, 2006. United Nations.

Crenshaw, K. (1989). Demarginalizing the intersection of race and sex: A black feminist critique of antidiscrimination doctrine, feminist theory and antiracist politics. University of Chicago Legal Forum, 1, Article 8. https:/*/chicagounbound.uchicago.edu/cgi/viewcontent.cgi<articleÖ1052&contextÖuclf*

Department of Education [Nepal]. (2014). Identifying strategies and targeted interve*://www.doe.gov.np/assets/uploads/files/cfb29de62ee4016d6fd6903f2f9fe23f.pdf*

Education Review Office[Nepal]. (2022). Report on National Assessment of Student Achievement in Mathematics, Science, Nepali and English for grade 8[National Assessment of Student Achievement 2020, main report]. *https://www.ero.gov.np/post/1)6596819937722*

Education Review Office[Nepal]. (2023). Assessment of Early Childhood Education and Development 2022MA report on Early Learning and Development Standards (ELDS). *https://ero.gov.np/post/1)64c383e136f6a*

Kushiyait, B. (2022). Financing of education in Nepal. Paper commissioned for costing and financing SDG4–Education 2030 in the Asia–Pacific Region Project, UNESCO.*https://unesdoc.unesco.org/ark:/48223/pf0000384385*

Research Centre for Educational Innovation and Development. (2004). Free and Compulsory Primary Education in the Context of Education for All.

Research Centre for Educational Innovation and Development. (2009). Ensuring Free and Compulsory Basic Education for Disadvantaged Groups in the Context of Education for All.

School Education Sector Plan: for the Nepal School Education Sector 2022/23–2031/32 [SESP]. (2022). Government of Nepal, Ministry of Education, Science and Technology.

Tomaševski, K. (2001). Human rights obligations: Making education available, accessible, acceptable and adaptable [Right to education primers no. 3]. Swedish International Development Cooperation Agency, Sida. *https://www.right–to–education.org/sites/right–to–education.org/files/resource*–attachments/Tomasevski)Primer 203.pdf

# नेपालमा विद्यालय सुशासन

✍डुकेन्द्र घिमिरे*

**लेखसार**

*प्रस्तुत लेखमा कक्षा १ देखि १२ सम्म अध्ययन अध्यापन हुने विद्यालयमा सुशासनको वर्तमान अवस्था र त्यसको सूक्ष्म विश्लेषण गरिएको छ । सुशासन असल शासकीय व्यवस्थाको परिचय हो । विद्यालय सुशासनले विद्यालयमा हुने विविधताको सम्बोधन गर्दै सेवाग्राहीहरू सन्तुष्ट हुने गरी परिणाममुखी ढङ्गले गुणस्तरीय सेवा प्रदान गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छ । राष्ट्रले विभिन्न समयमा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि सम्झौताहरूमा हस्ताक्षर गरेको छ । ती सन्धि सम्झौताहरू कार्यान्वयन गर्ने क्रममा अनुमोदन गरेका विषय र पछिल्लो समय विकसित सुशासनका नवीनतम् आयामहरूसमेत सम्बोधन गर्ने क्रममा विकसित अवधारणा व्यावहारिक बनाउन हाल नेपालका विद्यालयले आधुनिक र माटो सुहाउँदो मौलिक सुशासनको अभ्यास गरिरहेका छन् । विद्यालय सुशासनका विविध आयामहरूलाई आफ्ना मौलिकता र आवश्यकतासापेक्ष आन्तरिकीकरण गर्दै यसका क्षेत्रमा अझ सशक्त तथा सेवामूलक बन्नु आजको हाम्रो आवश्यकता हो भन्ने निष्कर्ष यस लेखको रहेको छ । नेपालको विद्यालय शिक्षामा विद्यालय सुशासनको अवस्था सुधारोन्मुख रहेको देखिन्छ । हाल भएका समस्या र कमी कमजोरीहरूलाई न्यूनीकरण गर्दै असल अभ्यासद्वारा तीनै तहका सरकार र सरोकारवाला पक्षसमेत लागी विद्यालय सुशासनलाई बलियो बनाउनुपर्छ भन्ने मुख्य विचार यस लेखको रहेको छ ।*

## १. विषय प्रवेश

'शासन' शब्दमा 'सु' उपसर्ग लागेर 'सुशासन' शब्द बन्छ । 'सु' उपसर्गले 'असल वा राम्रो' भन्ने अर्थ बोध गराउँछ । प्रज्ञा नेपाली बृहत् शब्दकोशका अनुसार 'शासन' शब्दको अर्थ 'अनुशासन वा मर्यादा पालन गराउने काम, आज्ञा, आदेश' भन्ने हुन्छ । यसरी समग्रमा 'सुशासन' शब्दको शाब्दिक अर्थ 'असल मनसायले अनुशासन वा मर्यादा पालन गराउने कार्य' भन्ने हुन्छ । बृहत् अर्थमा 'सुशासन' भनेको 'असल अनुभूति हुने गरी प्रदान गरिने सेवा' हो । 'विद्यालय सुशासन' भनेको चाहिँ विद्यालयले प्रदान गर्ने सेवामा हुने असल अनुभूतिजन्य सेवा हो भन्न सकिन्छ । विद्यालय पनि एक सेवा प्रदायक संस्था भएकाले सेवाग्राहीप्रति सचेत र उत्तरदायित्वपूर्ण ढङ्गले सेवा प्रदान गर्नुपर्दछ । परिणाममुखी ढङ्गले, मापनयोग्य सुधार हुने गरी, सरल प्रक्रियाद्वारा, प्रभावकारी र पारदर्शी सेवा प्रदान गरिए मात्र विद्यालयमा सुशासन भएको मानिन्छ । 'सुशासन' सन् १९८९ मा विश्व बैङ्कले अगि सारेको शासकीय मोडल हो । 'सुशासन' शब्द सर्वप्रथम सोही बैङ्कले आफ्नो डकुमेन्टमा उल्लेख गरेको थियो । यसलाई विश्व बैङ्कले अफ्रिकाका विकासोन्मुख मुलुकहरूमा 'एड कन्डिसनालिटी' का रूपमा प्रदान गरेको शासकीय व्यवस्था हो भन्ने गरिन्थ्यो । त्यसपछि सन् १९९०

* अधिवक्ता, मा.वि. शिक्षक

को दशकबाट यसको प्रवाह विश्वव्यापी रूपमा प्रवाहमय भई अगि बढेको देखिन्छ । यो शासकीय व्यवस्थाको आदर्श मोडल हो ।

सुशासनका लागि उत्तरदायी सरकार, स्वतन्त्र तथा सक्षम न्याय प्रणाली, स्वतन्त्र पत्रकारिता वा सञ्चार माध्यम, जनसहभागिता, कानुनको शासन, उत्तरदायित्व, समता र समावेशिता, प्रतिस्पर्धी र सक्षम नेतृत्व, नवसिर्जनात्मक सेवक, सूचनाको अधिकार संरक्षण, नागरिक बडापत्रको व्यवस्था तथा सदुपयोग, समग्र क्रियाकलापमा पारदर्शिता, सेवाग्राहीमा स्वतन्त्र छनोटको अधिकार, क्षतिपूर्तिको व्यवस्था आदि जस्ता आधारभूत सूचकहरूको आवश्यकता पर्दछ । संयुक्त राष्ट्रसङ्घको एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक नियोगले सुशासनका विभिन्न आठ विशेषता उल्लेख गरेको छ, तिनीहरूमा सहभागितामूलक, सहमति केन्द्रित, उत्तरदायी, पारदर्शी, जवाफदेही, निपूर्ण एवम् प्रभावकारी, समतामूलक र समावेशी, कानुनको शासनको कार्यान्वयन रहेका छन् ।

नेपालको राजनीतिक र प्रशासनिक क्षेत्रमा सुशासनको नाम निकै पहिलेदेखि नै बहसमा आएको भए तापनि शिक्षाका क्षेत्रमा भने यो नवीन विषय हो । विद्यालय पनि एक सार्वजनिक सेवा प्रदान गर्ने निकाय हो । यहाँ पनि सुशासन कायम गर्नु जरुरी हुन्छ । त्यसका लागि विद्यालय प्रशासन र व्यवस्थापनमा सुशासनका सूचकहरूको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्दछ । विद्यालयमा शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ जस्ता पात्रहरू सेवा प्रदायक पात्र हुन् भने विद्यार्थी, अभिभावक, स्थानीय समाजका सदस्यलगायतका व्यक्तिहरू नै विद्यालयका सेवाग्राही हुन् । तीमध्ये विद्यार्थी सेवाग्राहीको केन्द्रमा रहेको हुन्छ । यिनै सरोकारवाला सेवाग्राहीहरू सन्तुष्ट हुने गरी विविधताको सम्बोधन गर्दै सरल र सहज ढङ्गले सेवा प्रवाह गरेमा मात्र विद्यालयमा सुशासन कायम भएको मानिन्छ । विद्यालयमा सुशासन कायम गर्न पनि उपर्युक्त सेवाप्रदायक पात्रहरूकै नेतृत्वदायी भूमिका रहन्छ । नेपालमा विद्यालय सुशासन अवधारणाको इतिहास त्यति पुरानो छैन । सुशासन कायम गर्नु विद्यालयमात्र नभई हरेक सार्वजनिक निकायको कर्तव्य हो । नेपालको सन्दर्भमा विद्यालय सुशासनको वर्तमान अवस्थाको विश्लेषण गर्न यससम्बन्धी वास्तविक चित्र उतार्नु उपयुक्त हुन्छ ।

## २. नेपालको सन्दर्भमा विद्यालय सुशासनका विद्यमान सबल पक्ष

विद्यालयमा सुशासन र सुव्यवस्था कायम राख्न शिक्षा ऐन, २०२८ को दफा १२ र शिक्षा नियमावली २०५९ को नियम २३ ले विद्यालय व्यवस्थापन समिति गठन गर्ने गरी कानुनी रूपले नै व्यवस्था गरेको छ । शिक्षक अभिभावक सङ्घ जस्ता सरोकारित संस्थाहरूले समेत हाल आफ्नो ठाउँबाट खबरदारी गरिरहेका छन् । अभिभावक तथा विद्यार्थी मा दिन प्रतिदिन सचेतना अभिवृद्धि हुँदै गएको छ । यसले पनि सेवाप्रदायलाई खबरदारी गर्दै सेवालाई गुणस्तरीय बनाउन मदत गर्दछ । विद्यालयमा अध्ययनरत कथित दलित, गरिब, तथा जेहेनदार विद्यार्थीलाई अपनत्व र अस्तित्व अभिवृद्धि गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । यसो हुँदा त्यस्ता सीमान्तकृत सेवाग्राहीले पनि विद्यालयलाई एक सेवा दिने संस्थाका रूपमा विश्वास गर्न सक्ने वातावरण सिर्जना हुन्छ । एकीकृत तथ्यङ्क सङ्कलन गरी विद्यार्थी विवरण राख्ने व्यवस्था गर्नका लागि IEMIS लागु गरिएको छ । यसले विद्यालय, शिक्षक तथा विद्यार्थीको विवरण हरेक वर्ष अद्यावधिक गरी शिक्षा क्षेत्रमा नीति निर्माण गर्न सहयोग प्रदान गर्दछ । आर्थिक पक्ष पारदर्शी र जवाफदेही बनाउन वार्षिक रूपमा

लेखापरीक्षण तथा सामाजिक परीक्षणको अभ्यास रहेको छ । सबै विद्यार्थीप्रति समान व्यवहार कायम राख्ने अभ्यास सफल रूपमा कार्यान्वयन गरिएको छ ।

संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, शिक्षा ऐन, शिक्षा नियमावली, विभिन्न गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका गाउँरनगर शिक्षा ऐन, गाउँ र नगर शिक्षा नियमावली, विद्यालय सञ्चालन विनियमावली तथा कार्यविधि जस्ता शिक्षासम्बन्धी नीति तथा कानुनी व्यवस्थाअनुसार नै विद्यालयको काम कारबाही नियमन र सञ्चालन गर्ने गरिएको छ । संविधानले मौलिक हकअन्तर्गत नै धारा ३१ मा शिक्षासम्बन्धी हकलाई व्यवस्थित गरी आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क सुनिश्चित गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई समेत कानुनबमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक नेपालको संविधानको मौलिक हकका रूपमा नै व्यवस्था गरिएको छ । नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले समेत नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा पाउने हक प्रदान गरी विद्यालय शिक्षामा भाषिक न्याय कायम गरेको देखिन्छ । जसले नेपालको विद्यालय सुशासनका क्षेत्रमा अर्को इँटा थप्न सघाउ पुऱ्याएको छ ।

पछिल्ला  वर्षहरूमा शिक्षक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा उत्तीर्ण भई सिफारिस भएका योग्य र प्रतिस्पर्धी शिक्षकहरू विद्यालय तथा कक्षाकोठामा पुगेका छन् । विद्यार्थीको मूल्याङ्कन गर्दा परिणाममा प्राप्त स्तरीकृत अङ्कका आधारमा शिक्षक तथा सेवा प्रदायकको वृत्ति विकास जोडिएको छ । जसले गर्दा विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सरोकारवाला पक्षलाई गुणस्तरीय सेवा प्रदान गर्न बाध्यकारी बनाउन खोजिएको छ भन्न सकिन्छ । शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडिएको हुँदा शिक्षकहरू आफ्नो कार्यप्रति बढी बफादार हुने गरेका छन् । सेवाप्रतिको सन्तुष्टि परीक्षण र मूल्याङ्कन गर्न हरेक विद्यालयमा गुनासो तथा सुझाव पेटिका राख्ने अभ्यास गरिएको छ । शिक्षा नियमावलीले नै शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिताको व्यवस्था गरेको छ । त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन पनि गरिएको छ । विद्यालयको भौतिक संरचना निर्माणको न्यूनतम् मापदण्ड निर्धारण गरिएको छ । सोही मापदण्डअनुसार भवन निर्माण गर्दा दिगो र प्रभावकारी भई अनियमितता हुनबाट बचाउँछ । कार्यालय प्रमुखका रूपमा प्रधानाध्यापक नियुक्ति गर्दासमेत निश्चित मापदण्ड र कानुनका आधारमा नियुक्ति गर्ने गरिएको छ । सेवाको प्रभावकारिता परीक्षण र मूल्याङ्कन गर्न समय समयमा लिइने विद्यार्थीको परीक्षाबाट प्राप्त परिणामलाई नै आधार मान्न सकिने गरी व्यावहारिक अभ्यास गरिएको छ । यी र यस्तै सकारात्मक कुराहरूले गर्दा नै विद्यालय एक सामुदायिक सेवा प्रदान गर्ने संस्था हो भन्ने अनुभूति हुन थालेको छ ।

## ३. विद्यालय सुशासनका क्षेत्रमा देखिएका कमी कमजोरीहरू

नेपालको सन्दर्भमा विद्यालयमा सुशासन कायम राख्न विविध सकारात्मक तत्त्वहरू भए पनि केही सुधार गनुपर्ने पक्ष विद्यमान छन् । वि. सं. २०७२ सालमा गएको भूकम्पले विनाश गरेका विद्यालय पुनर्निर्माणको कार्य अझैसम्म पूर्ण रूपमा सम्पन्न भइसकेको छैन । हिमाली विकट क्षेत्रका बालबालिकाले अझै पनि चउरमा बसेर अध्ययन गर्नुपर्ने बाध्यता छँदै छ । लामो समयदेखि शिक्षण पेसामा कार्यरत शिक्षकको ज्ञानको पुनर्ताजगीकरण गर्ने कार्यमा शिक्षक तालिम प्रभावकारी हुन

सकेको देखिँदैन । शिक्षक तालिम केवल शिक्षकको बढुवाको प्रयोजनका लागि मात्र हो भन्ने भाष्य सिर्जना भएको छ । यो खालि कर्मकाण्डी रूपमा मात्र अभ्यास भइरहेको देखिन्छ । आधुनिक युगका प्रविधिमैत्री विद्यार्थीमा भएको विशृङ्खलित र बहुआयामिक ज्ञानको एकीकरण गरी नयाँ ज्ञानको आयाम निर्माण गर्न सकिएको छैन । विद्यालयलाई प्रविधिमैत्री बनाउन सकिएको छैन । प्रविधिमैत्री विद्यार्थीमा भएको अथाह ज्ञानलाई शृङ्खलाबद्ध र व्यवस्थित गर्न सकिएको छैन । विद्यार्थीको बहुबौद्धिकताको व्यवस्थापन गर्ने कार्य प्रभावकारी देखिएको छैन । विद्यार्थी, शिक्षक तथा अभिभावकमा पठन संस्कृतिको विकास गर्ने कार्य प्रभावकारी बनाउन सकिएको छैन । विद्यालयमा अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव कायमै छ । विद्यालय व्यस्थापन समितिलाई समावेशीमूलक बनाउन खोजिए पनि सोचे जस्तो प्रभावकारी हुन सकेको छैन । विद्यालय गैरराजनीतिक निकाय भए पनि विद्यालय व्यस्थापन समितिमार्फत विद्यालयमा राजनीतिक प्रभाव झन् झन् बढ्दो क्रममा रहेको छ ।

सेवा प्रवाहको मूल्याङ्कनमा सेवाग्राहीलाई संलग्न गराउन नसक्नु पनि हालको विद्यालय सुशासनमा रहेको अर्को समस्या हो । विद्यालय गैरराजनीतिक निकाय भए पनि स्थानीय सरकारको अनावश्यक चासो र नकारात्मक हस्तक्षेप हुने गरेका उदाहरण प्रशस्त सुन्न पाइन्छ । विद्यालयमा सार्वजनिक सेवा बडापत्र (सेवाको विवरण, काम, कर्तव्य र अधिकारबारे) को व्यवस्था अझै प्रभावकारी कार्यान्वयन भएको छैन । विद्यालयमा योग्य र प्रतिस्पर्धी शिक्षकको अभाव कायमै छ । सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने व्यवस्था गरिएको भए तापनि आर्थिक पारदर्शिता अझै कायम राख्न सकिएको छैन । विद्यालयमा सम्पर्क व्यक्ति तथा सूचना अधिकारी राख्ने अभ्यास खासै देखिँदैन । कानुनी रूपमा विद्यालयलाई सामुदायिक सेवामूलक संस्था मानिए तापनि हालका दिनमा सामुदायिक विद्यालय एक राजनीतिक संस्था जस्तो देखिएको छ । विद्यालयलाई महिला तथा अल्पसङ्ख्यकहरूसमेतको समावेशी संस्थाका रूपमा विकास गर्न सकिएको छैन । शिक्षण विधिमा आधुनिकता र नयाँपन नभएकाले परम्परागत शिक्षण विधिमा नै शिक्षक तथा अभिभावकहरू रमाउने गरेका छन् । व्यख्यान विधिलाई मात्र शिक्षण विधि मान्ने परम्परागत सोच हालसम्म पनि नेपाली समाजमा विद्यमान नै छ । शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकारहरूमा नवसिर्जनात्मक सोचको कमी हुनु पनि विद्यालय सुशासनमा भएको अर्को ठुलो समस्या हो । स्थानीय सरकारको स्वार्थपूर्ण राजनीतिक हस्तक्षेपले त झन् विद्यालयको सुशासनमा नकारात्मक प्रभाव पारेको देखिन्छ । विद्यार्थीको बोर्ड परीक्षा मर्यादित ढङ्गले लिने व्यवस्था मिलाउनु पर्दछ । शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकारलगायतका सरोकारवाला निकायबिच नियमित अन्तरक्रिया, समन्वय र सहकार्यको कमी हुनु पनि यसको अर्को ठुलो समस्या हो । सेवा प्रदायक निकायका पात्रहरू प्रविधिमैत्री हुन सकेका छैनन् । विद्यार्थीलाई प्रविधिमैत्री बनाई प्रविधिकै माध्यमबाट शिक्षा दिनुपर्ने अहिलेको आधुनिक समयमा पनि सो कार्यमा तदारुकता देखाउन सकिएको छैन । विद्यालय भनेको एक छुट्टै र स्वतन्त्र सार्वजनिक निकाय भएकाले विद्यालय सञ्चालनसम्बन्धी छुट्टै कानुन पनि आवश्यक पर्दछ तर नेपालका धेरैजसो विद्यालयमा विद्यालय सञ्चालनसम्बन्धी विनियमावली तथा कार्यविधिको तर्जुमा गर्न सकिएको छैन । छुट्टै विनियमावली नभएको हुँदा आफ्नो जिम्मेवारी तथा काम, कर्तव्य र अधिकारबारे सरोकारवाला पात्रलाई जानकारी नै नभएको अवस्था विद्यमान छ ।

'विद्यालय शान्ति क्षेत्र, हरित विद्यालय, पढ्दै कमाउँदै कार्यक्रम' जस्ता प्रख्यात नारा तथा कार्यक्रमहरूको प्रभाव कमजोर देखिएको छ । राजनीतिक दलका भातृ सङ्गठनहरू विद्यालयमा गएर

आआफ्ना दलको प्रचार प्रसार गर्ने, विद्यालयका कलिला बालबालिकालाई राजनीतिक दलको सदस्य बनाउने जस्ता नकारात्मक राजनीतिक कार्यहरू निरन्तर भइरहेका छन् । कतिपय विद्यालयका भवनको भित्तामा अझै पनि राजनीतिक दलका नारा तथा पोस्टरले रङ्गिएका देखिन्छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले 'हरित विद्यालय कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' तर्जुमा गरी कार्यान्वयनमा ल्याएको भए पनि यसको सन्तोषजनक र अपेक्षित कार्यान्वयन हुन सकेको छैन । विश्वव्यापी रूपमा अगि सारिएको हरित विद्यालयको अवधारणा नेपालको सन्दर्भमा असफल प्रायः भएको छ । देशका अधिकांश सामुदायिक विद्यालय परिणाममुखी सेवा प्रदान गर्न अक्षम देखिएका छन् । विद्यार्थीको मूल्याङ्कनमा देखिएको परिणामको अध्ययन गर्ने हो भने सामुदायिक विद्यालयको बोर्ड परीक्षा परिणामको अवस्था निकै नै दयनीय देखिन्छ । राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा सामुदायिक विद्यालयको शिक्षासम्बन्धी विषयलाई कमै मात्र प्राथमिकता दिने गरिएको छ । यस्ता समाचारहरूमा पनि बढी मात्रामा सामुदायिक विद्यालयको नकारात्मक अवस्थाको मात्र समाचार बन्ने गरेको यथार्थ विद्यमान रहेको छ । सामुदायिक विद्यालयले अवलम्बन गरेका असल अभ्यासको विषयले सञ्चार माध्यममा खासै स्थान पाएको देखिँदैन । विद्यालय शिक्षासम्बन्धी नीति निर्माण गर्दा विद्यालयसँग सरोकार राख्ने शिक्षक तथा व्यक्तिहरूलाई संलग्न गराउने अभ्यास छैन । शिक्षा नीति, शिक्षा ऐन, शिक्षा नियमावली जस्ता शिक्षासम्बद्ध जुनसुकै नीति तर्जुमा विद्यालयका शिक्षकलाई समावेश नगराउँदा यहाँ भएका सूक्ष्म तथा प्राविधिक समस्याको सम्बोधन गर्न कठिन हुने गरेको छ ।

## ४. नेपालमा विद्यालय सुशासनका अवसरहरू

नेपालको विद्यालय शिक्षामा विविध कमजोरीहरू देखिएका भए तापनि यस क्षेत्रमा हालको अवस्थामा प्रशस्त अवसरहरू पनि विद्यमान रहेका छन् । शिक्षक सेवा आयोगबाट नयाँ र प्रतिस्पर्धी दक्ष जनशक्ति शिक्षण पेसामा प्रवेश गरेका छन् । यसरी प्रवेश गरेका जनशक्ति नवीन सोच र उच्च मनोबलका साथ शिक्षण पेसामा आएका हुन्छन् । तिनीहरू प्रविधिमैत्रीसमेत भएको हुँदा यस किसिमको जनशक्तिबाट विद्यालयले सुशासनको क्षेत्रमा नयाँ फड्को मार्न सक्ने अवसर देखिन्छ । नवीन, आधुनिक, वैज्ञानिक तथा ऊर्जावान् सोच बोकेका यस्ता शिक्षकबाट अधिकाधिक फाइदा लिई विद्यालयको कायापलट गर्नका लागि नेपालमै पहिलो पटक यस्तो ठुलो अवसर जुटेको छ । विद्यालय शिक्षासम्बन्धी विधेयक संसद्मा टेबुल भई समयानुकुल परिष्करणको तयारीमा रहेको छ । यस ऐन तर्जुमा भई कार्यान्वयनमा आएपछि पनि विद्यालय शिक्षाका क्षेत्रमा भएका विविध समस्याहरू क्रमशः समाधान हुँदै जाने छन् । शिक्षकमा रहेको विविधता हटाउने र स्थानीय तहलाई जिम्मेवार बनाउने कार्यमा यो ऐन कोसेढुङ्गा सवित हुने छ । विद्यालयको प्रमुख सेवाग्राही पक्ष विद्यार्थीमा प्रविधिप्रतिको चासो, मोह र ज्ञान बढ्दै गएको कुरालाई पनि अर्को अवसरका रूपमा लिन सकिन्छ । यसले प्रविधिमा आधारित भई शिक्षा प्रवाह गर्न अवसर प्रदान गरेको छ । कोभिड १९ को भयावह बन्दाबन्दीले धेरै मात्रामा शिक्षा क्षेत्रलाई असर गरेको भए पनि यसले विद्यार्थीको प्राविधिक ज्ञानका क्षेत्रमा धेरै हदसम्म अवसरसमेत सिर्जना गरेको छ । कोभिड, १९ भन्दा पछि विद्यालय तहका विद्यार्थीमा मोबाइल, कम्प्युटर र इन्टरनेटसम्बन्धी ज्ञानको विकास द्रुत गतिमा भएको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । कोभिड १९ को लकडाउनभन्दा पछि अस्वाभाविक रूपमा इलेक्ट्रोनिक डिभाइससँग खेल्न अभ्यस्त बनेका बालबालिकालाई सोही डिभाइसमार्फत नै शिक्षा प्रदान गर्नका लागि अहिले अद्वितीय अवसर मिलेको छ ।

वर्तमान समयमा समयानुकुल हुने गरी आवधिक रूपमा विद्यालय तहको पाठ्यक्रम परिवर्तन र परिमार्जन गर्ने अभ्यास अवलम्बन गर्न थालिएको छ । अर्थात् हरेक दश दश वर्षमा पाठ्यपुस्तक परिमार्जन गर्ने गरिएको छ । जसले गर्दा समाज तथा विश्वव्यापी रूपमा आएको ज्ञानको नयाँपन र परिवर्तनलाई समयसापेक्ष परिष्कार गर्न सरल भएको छ । विगत लामो समयदेखि समस्याका रूपमा रहेको पाठ्यपुस्तक वितरणको कार्य क्रमशः सहज हुँदै गएको छ । ठिक समयमा नै पाठ्यपुस्तक विद्यार्थीका हातमा पुऱ्याउन सङ्घीय सरकारको प्रतिबद्धता रहेको मात्र नभई व्यवहारमा नै सो काममा सफलता हात पर्न थालेको छ । शैक्षिक सत्र सुरु हुनुभन्दा अगावै विद्यार्थीले हातमा पाठ्यपुस्तक पाउन थालेका छन् । स्थानीय आवश्यकता र प्रविधिमा आधारित भएर तयार पारिएको स्थानीय पाठ्यक्रम तर्जुमा गरेर लागु गरी कार्यान्वयनमा रहेको छ । जसले विद्यार्थीमा शिक्षाप्रतिको अपनत्व र रुचि बढाउन मदत गरेको छ ।

सेवाग्राही तथा विद्यार्थी, शिक्षक र सरोकारवाला व्यक्तिले आफ्ना समस्या र गुनासोको समाधान गर्न सेवा प्रदायक निकाय विद्यालयको नजिकै स्थानीय सरकारको सेवा प्राप्त गर्न सरल भएको छ । शिक्षा क्षेत्रका आवश्यक कानुनहरू तर्जुमा तथा संशोधन गरी अद्यावधिक गर्ने चरणमा रहेको छ । स्थानीय सरकारहरू पनि विद्यालय सुशासन र सुधारमा चासो देखाउन थालेका छन् । यस्ता कार्यले स्थानीय सरकारहरूमा पनि शिक्षा सुधारप्रतिको मोह बढ्दै गएको कुरा अनुमान लगाउन सकिन्छ । पछिल्लो समय विद्यालयहरूबिच परीक्षाको परिणाममा प्रतिस्पर्धात्मक भावना बढ्दै जान थालेको छ । त्यसले विद्यालयमा शैक्षिक सुशासन कायम गर्न अर्को अवसर प्रदान गरेको छ । विद्यालय भवन निर्माण, पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला निर्माणलगायतका क्षेत्रमा वैदेशिक तथा गैरसरकारी संस्थाहरूमार्फत सहयोग बढ्दो क्रममा रहेको छ । राज्यले नै सहभागिता र समावेशिताको नीति अवलम्बन गरेको छ । हिजोआज पत्रपत्रिका तथा मिडियाले समेत विद्यालय शिक्षाको सकारात्मक र नकारात्मक विषयलाई स्थान दिन थालेको देखिन्छ । विद्यार्थी तथा अभिभावकहरू आफ्ना अधिकार र कर्तव्यका बारेमा समेत सचेत हुन थालेका छन्

## ५. नेपालमा विद्यालय सुशासनका चुनौतीहरू

पछिल्लो समय शिक्षक सेवा आयोगबाट सिफारिस भई नियुक्त भएका शिक्षकहरूको बहुआयामिक ज्ञानको व्यवस्थापन गर्ने र त्यसलाई विद्यालयको हितमा लगाउन क्षमतावान् कार्यालय प्रमुखको व्यवस्था गर्न चुनौती देखिएको छ । अन्तर्राष्ट्रिय सम्झौता र मापदण्डबमोजिम शिक्षा क्षेत्रको बजेट विनियोजन गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ । स्थानीय तहको क्षमता विस्तार गर्दै शिक्षा विकास तथा शैक्षिक सुधारप्रति जिम्मेवार बनाउने कार्य हालको शिक्षा क्षेत्रको चुनौती देखिन्छ । पछिल्लो समय बालबालिकाको इलेक्ट्रोनिक डिभाइसप्रतिको केज अनियन्त्रित रूपमा अगि बढेको छ । त्यसो हुँदा साइबर अपराधबाट विद्यार्थीलाई कसरी सुरक्षित राख्ने भन्ने विषय चासोको विषय बनेको छ । राज्यले अवलम्बन गरेको समावेशी अधिकारको पूर्ण रूपमा सुनिश्चित गर्ने कार्य हालको परिवेशमा अप्ठ्यारो देखिन्छ । संविधान तथा कानुनले व्यवस्था गरेको निःशुल्क शिक्षाको विषय पनि सामुदायिक विद्यालयको टाउको दुखाइ बनेको छ । विद्यालयमा भइरहेको राजनीतिक हस्तक्षेप हेर्दा योग्यता प्रणालीबाट प्रधानाध्यापक छनोट गर्ने कार्यमा सफलता मिल्ने कुरामा शङ्का गर्ने ठाउँ धेरै देखिन्छ । शिक्षक तथा प्रधानाध्यापकलाई राजनीतिक छायाबाट मुक्त राखी कक्षाकोठा र विद्यालयमा मात्र सीमित राख्न कठिन बन्दै गएको छ ।

विद्यालयबाहिर रहेका सबै विद्यार्थीलाई विद्यालयमा भर्ना गराउनुपर्ने कार्यमा समेत हाल सफलता देखिएको छैन । कम चेतनशील अभिभावकलाई अभिभावक शिक्षा प्रदान गर्नुपर्ने देखिन्छ । शिक्षक-अभिभावकबिचको सम्बन्धलाई अन्तरक्रियात्मक तथा सुमधुर बनाउनुपर्ने देखिन्छ । शिक्षण सेवालाई जागिर खाने थलाका रूपमा हेर्ने चलन छ । विद्यार्थीको समस्या समाधान गरी उनीहरूको सिकाइमा सहयोग गर्नुभन्दा पनि केवल १० बजेदेखि ४ बजेसम्मको ड्युटी गर्नुलाई आफ्नो कर्तव्य ठान्ने शिक्षकको समूहलाई जिम्मेवार बनाउने कार्य कठिन छ । लामो शिक्षण अनुभव भएका पाका शिक्षकको ज्ञानलाई आधुनिक र नवीन प्रविधियुक्त ज्ञानसँग अन्तरघुलन गर्दै विद्यार्थीसम्म प्रवाह गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ । ग्रामीण क्षेत्रका विद्यालयमा सुविधायुक्त भौतिक संरचनाको निर्माण गर्न सकिएको छैन । सर्वप्रथम त सबै विद्यार्थीलाई नियमित रूपमा विद्यालय तथा कक्षाकोठामा उपस्थित गराउनुपर्ने देखिन्छ । शिक्षकका सबै पेसागत समस्या समाधान गर्दै उच्च उत्प्रेरणा र मनोबलका साथ कक्षाकोठासम्म पुऱ्याउनु पर्दछ । विद्यालय शिक्षासम्बद्ध सबै कानुनलाई समयानुकुल परिवर्तन र परिमार्जन गर्नुपर्दछ । विद्यार्थी, शिक्षक, अभिभावक तथा समाजलाई अध्ययनप्रतिको रुचि जगाई पठन संस्कृतिका रूपमा विकास गराउने कार्य हालको समयमा सबैभन्दा चुनौतीका रूपमा देखिन्छ । बालबालिकाको मोबाइलजन्य डिभाइसप्रतिको नकारात्मक केज घटाई त्यो आदतलाई सकारात्मक बनाई उत्पादनशील बनाउनु पनि आजको अर्को चुनौती हो ।

## ६. समस्या समाधानका सुझाव

विद्यालय सुशासनका क्षेत्रमा विकासोन्मुख तथा कम साक्षरता दर भएका देशले अझै निकै कसरत गर्नुपर्ने देखिन्छ । यसरी विद्यालयमा सुशासन कायम गर्न सर्वप्रथम त स्थानीय सरकारलाई जिम्मेवार बनाउनुपर्छ । त्यति मात्र नभई स्थानीय सरकारको क्षमता विस्तार गर्न विविध कार्यक्रमहरू आयोजना गर्नुपर्दछ । सबै स्थानीय तहहरूमा शिक्षा सेवाको कम्तीमा पनि अधिकृत स्तरको कर्मचारीको व्यवस्था गर्नुपर्दछ । उच्च स्तरीय शैक्षिक जनशक्तिबाट विद्यालयको नियमित अनुगमन गर्नुपर्दछ । अनुगमन र पृष्ठपोषणलाई स्थानीय तहको वार्षिक नियमित क्यालेन्डरमा समावेश गर्नुपर्दछ । स्थानीय सरकारहरूमार्फत शिक्षा विकासको विस्तृत खाका निर्माण गराई एकेडेमिक स्कुल र एक्टिभिटी स्कुल गरी वर्गीकरण गरेर त्यसै अनुकुलको जनशक्ति उत्पादनमा जोड दिन सकिन्छ ताकि विद्यार्थीले आफ्नो रुचिअनुसार ज्ञान हासिल गर्न पाउन् । हरेक हप्ता गाउँपालिका तथा नगरपालिकाभित्रका सबै विद्यालयका प्रधानाध्यापक समावेश भएको एकीकृत बैठक आयोजना गर्नुपर्छ । जसले गर्दा विद्यालयमा आइपरेका कठिनाइहरू रचनात्मक ढङ्गले समाधान गर्न सघाउ पुग्छ । नवसिर्जनात्मक सोच र सेवाग्राही विद्यार्थीको रुचि आवश्यकताका बारेमा नीति निर्माण गर्न सघाउ पुग्छ । हरेक महिना गाउँ वा नगरभरिका विषयगत शिक्षकलाई एकै ठाउँमा बसाई अन्तरकिया गर्ने वातावरण गाउँ वा नगरले नै सिर्जना गरिदिनु पर्दछ । विद्यार्थीलाई गायन, सङ्गीत, नृत्य, फुटबल, बास्केटबल, क्रिकेट, टेबल टेनिस, आर्ट (कला) जस्ता अतिरिक्त तथा सहक्रियाकलाप सिकाउन गाउँपालिका वा नगरपालिकाले बहुविद्यालयमा शिक्षण गर्न सक्ने गरी नगर अनुदानमार्फत छुट्टै शिक्षकको व्यवस्था गर्नुपर्छ । यसो हुँदा बालबालिकाले आफ्नो रुचिअनुसारका क्षेत्रमा अध्ययन गर्न पाउने अवसर रहन्छ । जसले विद्यालयमा सेवाग्राहीलाई छनोटको अवसर प्रदान गरी सुशासनको अनुभूति दिलाउन मदत गर्दछ ।

शिक्षक सेवा आयोगले नै प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी उच्चतम क्षमता र दक्षतायुक्त प्रधानाध्यापक नियुक्त गर्नुपर्दछ । जुन प्रधानाध्यापकले उच्च दक्षता र क्षमतायुक्त शिक्षकलाई सम्मानजनक ढङ्गले सकारात्मक ऊर्जा प्रदान गरी परिचालन गर्न सकोस् । प्रधानाध्यापक एक

ठाउँबाट सरुवा भई अर्को ठाउँमा जाँदा प्रधानाध्यापक नै भएर जाने व्यवस्था मिलाउनुपर्दछ । प्रधानाध्यापक सङ्घीय दरबन्दीअन्तर्गत रहने गरी छुट्टै व्यवस्था गर्नुपर्छ । प्रधानाध्यापकले हरेक वर्ष विद्यालयको वार्षिक प्रतिवेदन तयार गरी स्थानीय सरकार, जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ, प्रदेश सरकारको शिक्षा निर्देशनालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेस गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ । उक्त प्रतिवेदन विद्यालयको र नगर वा गाउँपालिकाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्दछ । स्थानीय सरकारले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विषय शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गर्नुपर्दछ । विद्यालयमा राजनीतिक छाया प्रतिच्छाया पर्न दिनुहुँदैन । शिक्षकलाई राजनीतिबाट पूर्णतः अलग राख्नुपर्छ । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापनको अधिकार पूर्ण रूपमा स्थानीय तहलाई प्रदान गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमको अवधारणालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकारहरूले गरेका शैक्षिक कार्यसम्पादनको अनुगमन तथा स्थानीय सरकारहरूको शैक्षिक कार्यसम्पादन स्तर प्रदेश शिक्षा मन्त्रालय र सङ्घीय शिक्षा मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा मूल्याङ्कन गरी सोही आधारमा शिक्षासम्बद्ध बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्छ । विद्यालयको न्यूनतम भौतिक संरचनाको व्यवस्था गरिनुपर्दछ ।

विद्यालयको भवन, फर्निचर, पुस्तकालय, शौचालय, खानेपानी, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, बगैँचा जस्ता कुरामा कुनै किसिमको सम्झौता नगरी व्यवस्थित गरिनुपर्दछ । अपाङ्गमैत्री विद्यालय भवन निर्माण गर्नुपर्छ । पर्याप्त र आरामदायी फर्निचरको व्यवस्था भएमा मात्र विद्यार्थीले अनुभूत हुने गरी सहज सेवा प्राप्त गर्न सक्ने छन् । विद्यार्थीको रुचिअनुसारको पुस्तक अध्ययन गर्न पाउने गरी व्यवस्थित पुस्तकालयको प्रबन्ध गर्नुपर्छ । छात्र र छात्रालाई अलग अलग शौचालयको व्यवस्था गर्नुपर्दछ । प्रशोधन गरिएको स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्दछ । विज्ञान तथा कम्प्युटर प्रयोगशाला अनिवार्य रूपमा व्यवस्थित गर्नुपर्छ । विद्यार्थीले फुर्सदको समयमा काम गर्न मिल्ने गरी विद्यालयको हाताभित्रै एक फूलबारी वा बगैँचा निर्माण गर्नुपर्दछ । विद्यालयमा हुने सबै प्रकारका भ्रष्टाचार अन्त्य गर्नुपर्छ । विद्यालयमा समावेशिता कायम गर्न प्रदान गरिएको छात्रवृत्ति रकम पारदर्शी तथा प्रभावकारी ढङ्गले वितरण गरिनुपर्दछ । केही विद्यालयमा भएका राम्रा र प्रभावपरक अभ्यासहरूलाई स्थानीय मिडियामार्फत सार्वजनिक गर्नुपर्दछ, जसले गर्दा अन्य विद्यालयहरूलाई पनि उक्त कामको सिको गर्न सजिलो हुन्छ । शिक्षकलाई पुनर्ताजगी तालिम प्रदान गरी समय समयमा ज्ञानको अपडेट गराउन सहयोग गर्नुपर्दछ । शिक्षकलाई अनिवार्य रूपमा प्रविधिमैत्री बनाउनुपर्दछ । लामो समयदेखि सामुदायिक विद्यालयमा शिक्षण गर्दै आउनु भएका अनुभवी शिक्षकहरूको ज्ञानको अधिकतम उपयोग गरी विद्यालय व्यवस्थापनका साथै शिक्षण सिकाइमा पनि प्रभावकारिता ल्याउनुपर्दछ । पठन संस्कृतिको विकास गर्नका लागि विद्यालयमा मात्र नभई विद्यालय रहेको समाजलाई नै समेट्ने गरी विद्यालयले व्यपस्थापन गरेर पुस्तकालयको व्यवस्था गर्नुपर्दछ । नियमित रूपमा अतिरिक्त क्रियाकलापलाई समेत उच्च प्राथमिकता दिँदै विद्यार्थीलाई सहभागी गराई उत्प्रेरणासहित पृष्ठपोषण प्रदान गर्नुपर्छ । मोबाइलजन्य डिभाइसको समुचित प्रयोग गर्न मनोवैज्ञानिक ढङ्गले विद्यार्थीको उपचार गर्नुपर्छ । प्रविधिमैत्री शिक्षालाई प्रोत्साहन गर्नुपर्छ ।

हरेक विद्यालयमा अनिवार्य रूपमा सार्वजनिक सेवा बडापत्रको व्यवस्था गर्न लगाई उचित र प्रभावकारी ढङ्गले कार्यान्वयनसमेत गर्नुपर्दछ । एक जना शिक्षकलाई फोकल पर्सन तोकी सूचना अधिकारीको व्यवस्था गर्नुपर्छ । गुनासो पेटिकालाई प्रभावकारी ढङ्गले व्यवस्थापन गर्नुपर्छ । सबै शिक्षकहरूमा कार्य बाँडफाँड गरी विद्यालयको कार्यभारलाई हलुका र चुस्त बनाउनुपर्छ ।

विद्यार्थीलाई शिक्षा मात्र होइन ज्ञान प्राप्त गर्ने संस्थाका रूपमा विकास गर्नुपर्छ । राजनीतिक विचारसँग जोडिएका शिक्षकका पेसागत सङ्घ, सङ्गठन तथा महासङ्घहरू खारेज गरी एउटै विशुद्ध पेसागत सङ्गठनको स्थापना गर्नुपर्छ । मासिक रूपमा अभिभावक भेला गराई गुनासो तथा समस्या पहिचान गर्दै समाधान गर्नुपर्छ । विद्यार्थीलाई आवधिक रूपमा स्थलगत भ्रमण गराउनुपर्छ । विद्यालयको वेबसाइट निर्माण गरी वास्तविक विवरण समेटिएको तथ्यसहितको सूचना सार्वजनिक गर्नुपर्दछ । न्यून सिकाइ उपलब्धि भएका कठिन विषयमा विद्यालयभित्रै अतिरिक्त कक्षा (कोचिङ) को व्यवस्था गर्नुपर्दछ ।

## ७. निष्कर्ष

यसरी नेपालमा विद्यालय सुशासनको विषय हालको समयको जल्दोबल्दो र चासोको विषय बनेको छ । विद्यालय एक सामुदायिक संस्था भएको हुनाले यसमा समुदायका सबै सदस्यको सरोकार रहन्छ । नेपालमा हाल तीन तहको सरकारले संविधान र कानुनमा भएको व्यवस्थाबमोजिम आआफ्नो भूमिका निर्वाह गरिरहेका छन् । नेपालको संविधानले विद्यालय शिक्षा व्यवस्थापनको जिम्मा प्रत्यक्ष रूपमा स्थानीय सरकारलाई प्रदान गरेको भए तापनि तीनै तहको साझा अधिकार सूचीमा समेत शिक्षासम्बन्धी अधिकार समावेश गरी सबै तहका सरकारलाई शैक्षिक सुशासनमा जिम्मेवार बनाउन खोजेको देखिन्छ । त्यसैले विद्यालय सुशासनमा तीनै तहको सरकार, विद्यालय व्यवस्थापन समिति, विद्यालयका प्रधानाध्यापक, अभिभावक, समुदायलगायतका सरोकारवाला सबै पक्षले आआफ्नो ठाउँबाट रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । हाल देखिएका राजनीतिक, प्रशासनिक, व्यवस्थापकीय, आर्थिक, सेवा प्रवाहगत समस्या समाधान गर्न विद्यार्थीलाई केन्द्रमा राखेर सेवा प्रदायक पात्रहरूको ३६० डिग्री मूल्याङ्कनद्वारा मापन गरी पृष्ठपोषण प्रदान गरेमा विद्यालय सुशासनका क्षेत्रमा अवश्य सुधार आउने देखिन्छ ।

## सन्दर्भ सामग्री

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५७), शैक्षिक प्रशासन, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

ढकाल, माधवप्रसाद (२०५९), शैक्षिक प्रशासन, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, खगराज (२०६७), शिक्षा व्यवस्थापनका नवीन आयाम, डिल्लीबजार, काठमाडौँ : सोपान मासिक ।

लम्साल, हरिप्रसाद (२०६४), समकालीन शैक्षिक चुनौती र भावी शिक्षा, डिल्लीबजार, काठमाडौँ : सोपान मासिक

नेपालको संविधान, काठमाडौँ : कानुन किताब व्यवस्थापन समिति ।

शिक्षा ऐन (२०२८) एवम् शिक्षा नियमावली (२०५९), काठमाडौँ : कानुन किताब व्यवस्थापन समिति ।

वाग्ले, प्रा.डा. मनप्रसाद र शर्मा महाश्रम (२०७४), प्रधानाध्यापक स्रोतपुस्तक, काठमाडौँ : हाम्रो शिक्षा परियोजना, सर्च फर कमन ग्राउन्ड र गो गो फाउन्डेसन ।

कोइराला, प्रा.डा. विद्यानाथ र अन्य (२०६४), शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# शिक्षण सिकाइमा सूचना प्रविधि प्रयोगको अपरिहार्यता

✍बाबुकाजी कार्की*


**लेखसार**

*औपचारिक शिक्षाको प्रस्थान बिन्दुका रूपमा विद्यालय शिक्षालाई लिइन्छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलाप रोचक हुन जरुरी छ । शिक्षण संस्थाको आत्मा भनेकै प्रभावकारी शिक्षण सिकाइ वातावरण हो । विद्यालयमा गरिने हरेक क्रियाकलाप विद्यार्थीको भविष्यलाई केन्द्रमा राखेर गरिनु पर्छ । बालबालिका विद्यालयबाट भागेर घर होइन घरबाट भागेर विद्यालय जाने रोचक वातावरण नै एक सफल विद्यालयको परिचय हो । विद्यार्थीलाई माछा मारेर खुवाउनेभन्दा पनि माछा मार्ने सिप सिकाउने शिक्षा आजको खाँचो हो । शिक्षालाई सिपसँग र सिपलाई रोजगारीसँग जोड्ने विषय र विधिले नै एक सक्षम, सफल र स्वाभिमानी नागरिक उत्पादन गर्न सकिन्छ ।  सरकारले ल्याएको चालु आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा पनि बालबालिका विद्यालय ल्याऔँ, सिकाऔँ, टिकाऔँको नारा समावेश गरेको छ । विद्यालय शिक्षामा सबै बालबालिकाको सहज पहुँचका साथै गुणस्तरीय जीवनोपयोगी शिक्षाको सुनिश्चितताका लागि सूचना प्रविधिको यथोचित प्रयोगले सशक्त भूमिका खेल्ने वास्तविकतातर्फ सरकार र सरोकार पक्षको हेक्का पुग्नु दूरदर्शिता ठहर्छ । प्रस्तुत लेखमा शिक्षामा सूचना प्रविधिको प्रयोगका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।*


## १. विषय प्रवेश

आजको एकाइसौँ सताब्दीमा प्रतिस्पर्धी नागरिक बन्न सूचना र प्रविधिको अधिकतम् प्रयोगको खाँचो पर्दछ । सूचना र प्रविधिको तीव्र विकास र वृद्धिका कारणबाट विश्व एक गाउँ जस्तै भएको छ । सूचना र प्रविधिको विकासको बहुआयमिक प्रभाव सबै क्षेत्रमा पर्दै गएको छ । नवीन सूचना र प्रविधिबाट आफूलाई सुसज्जित गर्न नसके कुनै पनि व्यक्तिले सहज जीवनयापन गर्न सक्दैन । जीवनयापनमा आवश्यक साधानस्रोतमा सहज पहुँच र प्रयोगका लागि सूचना प्रविधियुक्त कम्प्युटर शिक्षा आधारभूत सर्त हो । विगतमा कोरोना लकडाउनको अनिश्चितताले सूचना र प्रविधिमा आधारित शिक्षणको खाँचो खट्किएको महसुस सर्वत्र भएको छ । वर्तमानमा मोबाइल, इन्टरनेट, ट्याबलेट्स, कम्प्युटरका माध्यमबाट द्रुत गतिमा व्यावसायिक प्रतिष्पर्धा चुलिएको अवस्था छ । दैनिक जीवन होस् वा विभिन्न पेसागत जीवनलाई सहज र सक्रिय बनाउन होस् सूचना प्रविधिको अपरिहार्यतालाई नकार्न सकिँदैन । शिक्षण संस्थाले परम्परागत किताबी ज्ञानको सट्टा नवीन ज्ञान र सिपबाट सुसज्जित गर्न सूचना र प्रविधिमैत्री शिक्षणको विकास र विस्तारमा विशेष ध्यान दिन हिच्किचाउनु हुँदैन ।

* सेवा निर्वृत्त उपसचिव, नेपाल सरकार

विद्यालयको विभिन्न पक्षको फितलो व्यवस्थापन तथा शिक्षण सिकाइलाई समसामयिक र रोचक एवम् जीवनोपयोगी बनाउन सूचना प्रविधिको प्रयोग एक सशक्त विकल्प हुनसक्छ । विद्यालयको अब्बल कार्यसम्पादनमा मात्रै विद्यार्थीको समग्र उपलब्धिस्तर उच्च हुने वास्तविकता हो । जसका लागि शिक्षण सिकाइको वातावरण साधानस्रोत सम्पन्न, आकर्षक एवम् रोचक हुनु आवश्यक छ । शिक्षण सस्थाहरूको व्यवस्थापन र सञ्चालन छरितो बनाउन बजारमा अनेकौँ एपहरूको उपलब्धता छ । अनलाइन कक्षा, समयतालिका, अनलाइन परीक्षा, पुस्तकालय, शैक्षणिक योजना, पाठयोजना, आर्थिक कारोबार, विभिन्न सूचना आदि कार्यहरूका लागि सूचना प्रविधिका माध्यमबाट गर्न ढिलो भइसकेको छ । अब पनि परम्परागत विधि र पद्धतिमात्रै प्रयोग गर्दै जाने हो भने समयानुकुल बजारको मागअनुसारको प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्दैनौँ र शिक्षण संस्था बेरोजगार उत्पादन गर्ने कारखाना मात्र भएको भन्ने अपजस खेप्न नपर्ला भन्न सकिँदैन ।

## २. सूचना प्रविधि प्रयोगको औचित्य

भौगोलिक, सामाजिक, आर्थिक विषमताको कारणले सबै बालबालिकाले सहज किसिमले शिक्षा आर्जन गर्न कठिन भएको वास्तविकता हो । सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चिततामा चुनौती रहँदै आएको छ । विश्व श्रमबजारमा खरो प्रतिष्पर्धी सक्षम नागरिक उत्पादन गर्ने खालको शिक्षा आजको आवश्यकता हो । अहिलेको बदलिँदो परिवेशमा 'पेपरलेस ई गभरनेन्स' समयको माग हो । सूचना प्रविधिको प्रयोगबाट सेवामा सहज पहुँच, गुणस्तरमा बढोत्तरी, व्यवसायमा अभिवृद्धि हुन्छ । कम्प्युटरको प्रयोगबाट सूचना सङ्कलन गर्ने, प्रशोधन गर्ने, प्रयोग गर्ने, सञ्चार गर्ने र सुरक्षित सञ्चय गर्ने जस्ता महत्त्वपूर्ण कामहरू छिटो छरितो रूपमा सम्पन्न गर्न सहज हुन्छ । टेलिकम्प्युटिङ, सोसियल मिडिया र ई-एक्टिभिटी जस्तैः ई-गभर्नेन्स, ई-हेल्थ, ई-लर्निङ, ई-सपिङ, ई-पेमेन्ट तथा ई-बिडिङ जस्ता कामहरू लोकप्रिय रूपमा तीव्रताका साथ विस्तार हुंदै गएका छन् । तसर्थ आजको एक्काइसौँ शताब्दीमा विश्व श्रमबजारमा खरो प्रतिष्पर्धा गर्ने सचेत र सशक्त नागरिक उत्पादन गर्न सूचना र प्रविधिमा आधारित कम्प्युटर शिक्षा प्रदान गर्ने नीति तथा रणनीति अवलम्बनमा विलम्ब गर्नुहुँदैन ।

सूचना र प्रविधियुक्त विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीको सिकाइको दायरा फराकिलो हुन्छ नै । यसले विश्व ज्ञान भण्डारमा सहज र सटिक पहुँचको सुनिश्चितता हुन्छ । अनलाइनमा आधारित सिकाइ सुविधाबाट विद्यार्थीले फुर्सदको समयमा पनि घरमै बसेर धेरै कुरा सिक्न सक्छन् । शिक्षकले आफ्नो शिक्षण विषय र कलालाई परिष्कृत गर्दै रोचक ढङ्गले प्रस्तुत गर्ने क्षमताको विकास इन्टरनेटमार्फत गर्न सक्छन् । विद्यालयमा सूचना र प्रविधिको व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पूर्वाधारका रूपमा कम्प्युटरको उपलब्धता, साधानस्रोत सम्पन्न कम्प्युटर कक्षा, इन्टरनेट तथा बिजुली सुविधाको साथसाथै कम्प्युटर शिक्षामा विशेष दखल भएका शिक्षकको व्यवस्था आधारभूत सर्तहरू हुन् ।

## ३. सूचना प्रविधिको विकास र विस्तारका लागि भएका प्रयासहरू

सूचना प्रविधिको प्रयोग आआफ्ना आवश्यकतअनुसार निकै पहिलादेखि नै पहल हुँदैआएको थियो । विद्यालयमा सरकारी तवरबाट योजनाबद्ध रूपमा सूचना प्रविधि लागु गर्ने नीति नवौँ पञ्चवर्षीय योजनादेखि सुरु भएको पाइन्छ । विद्यालयहरूमा कम्प्युटर शिक्षाको विस्तार, सूचना

प्रविधि पार्कको व्यवस्था, दक्ष जनशक्तिको विकासमा लगानी, सूचना प्रविधि विकास र विस्तारका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्दै जाने उल्लिखित योजनाको लक्ष्य रहेको थियो । नेपालमा डिजिटल प्रविधिमा आधारित पठनपाठनलाई प्रोत्साहित गर्न राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, प्रति विद्यार्थी एक ल्यापटप अवधारणा २०६५, विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९ मार्फत कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन २०१३–२०१७ अनुसार सबै विद्यालय, स्रोतकेन्द्रहरूमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । नेपाल सरकारको सूचना र प्रविधि नीति, २०६७ ले परिकल्पना गरेको कानुनको शासन, भ्रष्टाचारमुक्त चुस्त पारदर्शी प्रशासन, विकेन्द्रीकरण आर्थिक अनुशासनलाई साकार पार्न सूचना प्रविधिमा पोख्त जनशक्तिको खाँचो पर्छ ।

### (क) सूचना प्रविधि नीति २०६७ को व्यवस्था

उच्चस्तरीय सूचना प्रविधि आयोगले सूचना प्रविधि नीति, २०६७ ल्याएको थियो । यस नीतिमा सूचना प्रविधिको प्रयोगमा विकास र विस्तारका लागि निम्नानुसारको प्रावधानहरूको व्यवस्था गरिएको छ :

- विद्यालयहरूमा क्रमशः इन्टरनेट सुविधाको विकास गर्दै लाने
- सूचना प्रविधि शिक्षाको निरन्तरता, सान्दर्भिक गुणस्तरयुक्त शिक्षाका माध्यमबाट स्वदेशमै दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रिय, अन्तर्राष्टिय शैक्षिक संस्थाहरूसँग समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने
- सूचना प्रविधिसँग सम्बनिधत उद्योग र सूचना प्रविधि शिक्षा दिने शैक्षिक संस्थाहरूबिचको सहकार्यलाई प्रोत्साहन गर्ने
- विद्यालयहरूमा क्रमशः शिक्षक, विद्यार्थी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने

### (ख) विद्यालय क्षेत्र सुधार कार्यक्रमS (२०६६-७२) मा भएको व्यवस्था

- विद्यालयहरूमा सूचना प्रविधिमैत्री पूर्वाधार विकास र विस्तार गर्ने
- विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने
- सूचना प्रविधिका माध्यमबाट वैकल्पिक उपायद्वारा विद्यालय शिक्षाको अवर प्रदान गर्ने
- शिक्षकहरूको पेसागत विकासका लागि सूचना प्रविधिको प्रयोग गर्दै क्षमता अभिवृद्धि गर्ने

### (ग) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको व्यवस्था

- सूचना प्रविधिलाई शैक्षिक प्रवर्धनको मुख्य साधानका रूपमा लिइएको छ ।

- प्रारूपले सूचना प्रविधिलाई मुख्यतः तीन किसिमले उपयोग गर्ने रणनीति लिएको पाइन्छ ।

- विद्यालय शिक्षासँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूको सञ्चालन गर्ने साधान
- विद्यालय शिक्षामा अध्यापन हुने अन्य विभिन्न विषयहरू शिक्षण गर्ने माध्यमका रूपमा
- सूचना प्रविधिलाई एक छुट्टै विषयका रूपमा शिक्षण गर्दै विकास र विस्तार गर्ने

## ४. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा देखिएका चुनौती

- परम्परागत रूपमा शिक्षण गरिरहेका पाको उमेरका शिक्षकहरूबाट नवीनतम प्रविधिको प्रयोगमा सहजता ल्याउन कठिन
- पर्याप्त दक्ष जनशक्तिको अभाव, दूरदराजमा कार्यरत शिक्षकहरूका लागि आवश्यक प्रशिक्षणबिना सूचना प्रविधिमैत्री शिक्षण हुन कठिन हुने
- देशभरका सबै विद्यालयमा विद्युतीय तथा इन्टेरनेटको पहुँच नहुनु
- सूचना प्रविधिका लागि आवश्यक उपकरणहरूको पहुँच सबै विद्यालयमा नहुनु
- एक पटक प्रदान गरिसकेपछि बिग्रिएको अवस्थामा मर्मत वा पुनर्व्यस्थापनका लागि आवश्यक प्राविधिक र बजेटको व्यवस्था नहुनु
- शिक्षक उत्पादन गर्ने विश्वविद्यालय, तालिम प्रदायक निकायहरूको पाठ्यक्रम र प्रशिक्षण विधिमा समेत सूचना प्रविधिको प्रयोग उत्साहजनक नहुनु
- शिक्षण संस्थाका शैक्षिक नेतृत्व, व्यवस्थापन समिति, शिक्षकमा समेत सूचना प्रविधिको प्रयोगमा प्राथमिकता नदिएको जगजाहेर नै छ । जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै उल्लिखित सरोकार पक्षको ध्यान आकृष्ट गर्ने प्रयासको खाँचो रहनु
- विद्यालय तहसम्मको शिक्षा स्थानीय तहको जिम्मामा रहेको तर आवश्यक दक्ष जनशक्ति र सोचको अभावका कारण अनुगमन निरीक्षण र आवश्यक सहजीकरण प्राय निरासाजनक नै छ । अब बन्ने नयाँ सङ्घीय शिक्षा ऐनमा सूचना प्रविधिको प्रयोगलाई बाध्यकारी बनाउन आवश्यक र व्यावहारिक प्रावधान राख्न चुक्नु हुँदैन ।
- विद्यालयको शिक्षकको मूल्याङ्कनका प्रमुख आधार विद्यार्थीको उपलब्धिस्तरसँग तुलनाको खाँचो छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्न सबै तहका शिक्षालाई प्रतिष्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकताअनुरूप मानव संशाधन विकास गर्ने उद्देश्य राखेको छ । जसका लागि विद्यालयमा इन्टरनेट सेवा, ई-लाइब्रेरी, भर्चुअल ल्याब, भर्चुअल कक्षाकोठा, अनलाइन परीक्षा, ई-पोर्टफोलियो, आइसिटीसहितको पाठयोजना, वेबसेमिनार, शिक्षण सिकाइ आधारित एप्सहरूको

विकास गरी प्रयोगमा ल्याइने नीतिगत योजना अगाडि सारेको छ । कोभिड १९ को अनुभवले कुनै पनि वेला पठनपाठनमा हुन सक्ने अवरोधलाई दृष्टिगत गरी भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवम् रेडियोमार्फत पठनपाठन अगि बढाउनु पर्ने बाध्यता आइलाग्न सक्छ ।

## ५. शिक्षणमा सूचना प्रविधिको अपरिहार्यता

विद्यालयले आफ्ना विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिको राम्रो ज्ञान दिन पाठ्यक्रम पाठ्यपुस्तकमा भएको विषयवस्तुको अतिरिक्त ताजा घट्ना र सूचनाको जानकारी दिने व्यवस्था गरिनुपर्दछ । रोचक र ताजा शिक्षण सिकाइका लागि कतिपय विद्यालयहरूले ई-लर्निङ, डिजिटल लर्निङको सुरुआत गरिसकेका छन् । सामुदायिक विद्यालयको तुलनामा निजी स्तरमा सञ्चालित संस्थागत विद्यालयहरू कम्प्युटर शिक्षामा अगि देखिन्छन् । जसका कारणबाट ती विद्यालयहरूमा विद्यार्थीको सङ्ख्यात्मक तथा गुणात्मक अवस्था सुदृढ हुँदै गएको पाइन्छ । शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबिच देखिएका शैक्षिक गुणस्तरको दुरी घटाउन सकिन्छ । अर्थात् शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगले शिक्षाको विकास र विस्तारमा निम्नलिखित क्षेत्रमा अहम भूमिका खेलेको हुन्छ ।

### (क) शैक्षिक पहुँचको विस्तार गर्न

भौगोलिक विकटता, समयको अभाव, पेसागत व्यस्तता तथा विपन्नता आदि विभिन्न बाधा विरोधका कारण शिक्षा आर्जनमा पहुँच नपुगेका बालबालिकालगायतका नागरिकलाई सहजता प्रदान गर्न सूचना प्रविधिको प्रयोग बरदान साबित हुन्छ । त्यस्तै मानसिक तथा शारीरिक रूपमा फरक क्षमता भएका विद्यार्थीका लागि पनि पछिल्लो समयमा सहजता ल्याउने हिसाबले विभिन्न किसिमका श्रव्यदृश्य सामग्रीहरूको आविष्कार र विकास भएका छन् । यसबाट शिक्षामा समावेशीकरण मात्र नभएर सबैले शिक्षा आर्जन गर्न पाउने संवैधानिक मौलिक हकको सुनिशिचततामा पनि टेवा पुऱ्याउँछ ।

### (ख) शिक्षण सिकाइलाई रोचक र दिगो बनाउन

शिक्षण सिकाइलाई परम्परागत पट्यार लाग्दो अवस्थाबाट रोचक र आकर्षक बनाउन सूचना प्रविधिको प्रयोग अपरिहार्य छ । शिक्षणका विषय र विधिलाई जीवन्त सटिक सन्देश प्रवाह गर्न सूचना प्रविधि प्रयोगको विकल्प छैन् । यसबाट बालबालिकाहरूमा उत्साह र जाँगर पलाउँछ । जसका कारण सिकाइ दिगो हुने वास्तविकता हो ।

### (ग) गुणस्तरियता कायम गर्न

सूचना प्रविधिमार्फत प्रचार प्रसार गरिने सामग्रीहरू विषय विज्ञबाट निर्माण गरिएका हुन्छन् । विषयवस्तुहरू अद्यावधिक भइरहेका हुन्छन् । रेडियो, टेलिभिजन, भिडियो, कम्प्युटर, मोबाइल आदि उपकरणबाट श्रव्य दृश्य सामग्री नै प्रचार प्रशार हुने भएकाले पनि विषयवस्तुहरूमा एकरूपता हुन्छ । विभिन्न विद्यालयहरूमा फरक फरक

शिक्षकहरूले पढाएको विषय र शैलीका कारणबाट बालबालिकाको बुझाइमा पनि विभिन्नता आउने जोखिमलाई न्यूनीकरण गर्दै गुणस्तरियता कायम गर्न आवश्यकता र औचित्यताका आधारमा सूचना प्रविधिका साधानको प्रयोग अपरिहार्य हुन्छ ।

**(घ) शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गर्न**

खुला तथा दूर सिकाइका माध्यमबाट शिक्षकले आफ्नो शिक्षण पेसामा अभ्यास गर्दै शिक्षण सिकाइका नवीनतम् ज्ञान सिप र अभिवृद्धि आर्जन गर्ने अवसर प्राप्त गर्दछन् । शिक्षक विकासका लागि तयार पारिएका इन्टरनेट स्रोत सामग्रीहरूमा सहज पहुँचका आधारमा पेसागत दक्षता बढाउने अवसर प्राप्त हुन्छ । इन्टरनेट पहुँच वृद्धिका कारण विभिन्न एपहरूको माध्यमबाट सहकमीहरू, अग्रजहरू, प्रशिक्षकहरू, अनुसन्धानकर्ताहरू तथा विषय विज्ञहरूसँग निरन्तर प्रत्यक्ष संवाद र सम्पर्कबाट पेसागत समस्याहरूको सहज समाधान गर्ने अवसर प्राप्त हुन्छ ।

**(ङ) व्यवस्थापकीय प्रणालीमा चुस्तता ल्याउन**

शैक्षिक व्यवस्थापनलाई चुस्त, दुरुस्त, छरितो र भरपर्दो बनाउन सूचना प्रविधिको प्रचुर प्रयोगको विकल्प छैन् । शैक्षिक सूचनाहरूको सङ्कलन, विश्लेषण, संश्लेषण गरेर निष्कर्षमा पुग्न अद्यावधिक तथ्याङ्कहरूको खाचो पर्दछ । व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाएर सेवाग्राही सन्तुष्टि बनाउन पनि सूचना प्रविधिको भूमिका त्यतिकै रहन्छ । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन निरीक्षण तथा मूल्याङ्कनलाई पारदर्शी र भरपर्दो बनाउन सूचना प्रविधिको प्रयोग अपरिहार्य भइसकेको छ ।

**(च) सेवा प्रवाहमा सहज पहुँचको सुनिश्चितता प्रदान गर्न**

भौगोलिक विकटता र सामाजिक आर्थिक विभेदका कारणबाट सरकारी सेवा प्रवाहमा सबैको सहज पहुँच नपुगेको हुनसक्छ । सूचना प्रविधिमा दक्षता र सुविधा पाएका नागरिकले आफ्नो हक अधिकार र कर्तव्यका बारेमा सूसुचित हुने अवसर पाउछन् । जसका कारण विभेद, अन्याय अत्याचार आदि नकरात्मक परिवेशबाट उन्मुक्ति पाउने अवसर मिल्द छ । त्यसकारण विद्यालय तहदेखि नै सूचना प्रविधिको अभ्यास र अनुभव बटुल्ने व्यवस्थ गर्ने नीति प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । त्यस्तै सामुदायिक सिकाइ केन्द्रमार्फत स्थानीय जनसमुदायलाई पनि जीवनपर्यन्त सिकाइको अङ्गका रूपमा सूचना प्रविधिसम्बन्धी आवश्यकताअनुसार आधारभूतदेखि उच्च तहको ज्ञान र सिप प्रदान गर्नेतर्फ प्रोत्साहनको नीति राज्यले लिनुपर्दछ ।

**(छ) परीक्षा मूल्याङ्कनलाई व्यवस्थित गर्न**

परीक्षा र मूल्याङ्कनलाई भरपर्दो र चुस्त, सहज एवम् किफायती बनाउन सूचना प्रविधिको प्रयोगले ठुलो सहयोग पुऱ्याएको हुन्छ । पहिला राष्ट्रियस्तरका परीक्षका प्रश्न पत्रहरू मानिसले बोकेर परीक्षा केन्द्रसम्म पुऱ्याउनु पर्थ्यो अहिले परीक्षा हुने दिन नै

इन्टरनेटका माध्यमबाट परीक्षा केन्द्रमा प्रिन्ट हुने गरी पठाइन्छ । त्यस्तै मार्कसिट, प्रमाणपत्र, फारमहरू भर्ने काम पनि इन्टरनेटको प्रयोगबाट सहज हुँदै गएको छ ।

## ६. सूचना प्रविधिको उपयोगमा उपलब्ध अवसरहरू

- राष्ट्रियस्तरमा सूचना प्रविधि नीति तथा विद्युतीय शासनको गुरुयोजना निर्माण भएको छ । सूचना तथा प्रविधि नीति २०६७ पारित भइसकेको छ ।

- आवधिक योजनाहरूमा सूचना प्रविधिमैत्री शिक्षणलाई प्राथमिकता दिइँदै आएको छ ।

- सूचना प्रविधिमा भएको विस्फोटक विकास र विस्तारका कारण विश्व एक गाउँ जस्तै भएको छ । विश्वको एक कुनाको सन्देश अर्को दूरदराजमा सहजै प्रत्यक्ष सम्प्रेषण गर्न सकिने अवस्था छ । सूचना प्रविधिका उपकरणमा भएको सरलीकरणका कारण जो कोहीले पनि सहजै प्रयोग गर्न सक्ने अवस्थाको विकास भएको छ । अहिले पनि शिक्षित अशिक्षित दुवैले आफ्नो औकातअनुसार मोबाइल आदि सञ्चारका उपकरणहरू प्रयोग गरिरहेका छन् । सानो प्रयास र तत्परताका साथै जाँगर देखाउन सके मात्रै पनि शिक्षकले आफूले प्रयोग गर्दै आएको मोबाइलबाटै धेरै कुरा सिकाउन सक्छन् ।

- सूचना प्रविधिको क्षेत्रमा बहुआयमिक प्रतिष्पर्धा रहेको छ । शिक्षा, स्वास्थ्य, अर्थ आदि प्रत्येक विधामा छुट्टाछुट्टै एप्पहरूको विकास र विस्तार भएका छ जसका कारण बजारमा प्रतिष्पर्धा भएको कारण सर्वसुलभ रूपमा हामीलाई चाहिने सफ्टवेयर, प्रोग्राम र एप्सहरू प्राप्त गर्न सकिन्छ ।

- सूचना प्रविधिको प्रयोग रोजगारदाताहरूको पनि पहिलो रोजाइमा परेको छ । सूचना प्रविधिका क्षेत्रमा दखल भएका जनशक्तिहरूको माग सर्वत्र छ । त्यसकारण पनि विद्यालय तहदेखि नै बजारको मागअनुसारको जनशक्ति उत्पादन गर्न सरकार र सरोकार पक्षको ध्यान जानु जरुरी छ ।

- शिक्षण सिकाइका प्रयोग हुने सूचना प्रविधिका एप्सहरू सुपथ मूल्यमा पाउने गरी बजारको विस्तार भइरहेको छ ।

- गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि भविष्यदर्शी शैक्षिक योजना, समसामयिक उन्नत पाठ्यक्रम, पेसाप्रति जवाफदेही र योग्य शिक्षक, कुशल शैक्षिक नेतृत्व, उत्साही एवम् निष्पक्ष व्यवस्थापन समिति, अनुशासित विद्यार्थी, सचेत अभिभावक, जागरुक समुदाय, पर्याप्त स्रोतसाधान र सहयोगी सरकारी निकाय आधारभूत सर्त हुन् । विद्यालय सञ्चालनमा पारदर्शिता, सदाचार र शिष्टताले मर्यादित शैक्षिक वातावरण कायम हुन्छ ।

शिक्षण सिकाइमा सूचना प्रविधिको सहज प्रयोगका लागि पर्याप्त स्रोतसाधान पहिलो सर्त हो । विद्यालयहरूमा कम्प्युटरका लागि दिइने सहयोग पर्याप्त हुनुपर्दछ । जसका लागि अन्य सरकारी,

गैरसरकारी संस्थाहरूको सहकार्यमा सहयोग जुटाउन सकिन्छ । त्यस्तै शिक्षकहरूको क्षमता विकासका लागि तालिमको विशेष कार्यक्रम सञ्चालनका साथै तथा विद्यालयमा गरिने सूचनाको आदानप्रदान इमेलमार्फत गर्ने बानीको विकास गर्न प्रोत्साहित हुने नीति अवलम्बन, मौजुदा शिक्षक तालिमको विषयवस्तुमा कम्प्युटर शिक्षालाई समेट्नका साथै निरन्तर अनुगमन निरीक्षणले कम्प्युटर सुविधा उपलब्ध गराइएका विद्यालयमा प्रयोगको अवस्था थाहा पाउन र सुव्यवस्थित गर्न योगदान पुऱ्याउँछ । वेलाबखत हुने कम्प्युटरलगायत सूचना र प्रविधिसम्बन्धी प्रदर्शनीमा विद्यार्थीलाई अवलोकन अध्ययन गर्ने गराउने अवसरले पछिल्लो आविष्कारबारे जानकारी दिन सकिन्छ। सूचना र प्रविधिमा द्रुत गतिमा विकास र वृद्धि भइरहेको अवस्थामा तदअनुकुलको शिक्षा प्रदान गर्ने राज्यको नीति तथा रणनीतिले प्राथमिकता दिनु पर्दछ । अतः शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालगायत शिक्षाका नीति नियम निर्देशन तत्काल सम्बन्धित विद्यालयमा पुऱ्याउने माध्यमका रूपमा इन्टरनेट सुविधाको सुनिश्चित गर्न आलटाल गर्नु हुँदैन ।

## ७. निष्कर्ष

सूचना प्रविधिका क्षेत्रमा द्रुत विकास र विस्तार हुँदै गइरहेको छ। रोजगारी र दैनिक जीवनको हरेक क्रियाकलापमा प्रविधिको प्रयोग अपरिहार्य भएको छ। सक्षम र सशक्त नागरिक उत्पादनका लागि उनीहरूलाई प्रदान गरिने शिक्षाको अहम भूमिका हुन्छ । शिक्षाको प्रमुख उद्देश्य पनि विश्व परिवेशमा प्रतिष्पर्धा गर्न सक्षम नागरिक उत्पादन गर्नु नै हो। शैक्षिक यात्राको जगका रूपमा रहेको विद्यालय शिक्षादेखि नै सूचना प्रविधिको प्रयोग अनिवार्य सर्त हो । कोरोना कालमा अपनाइएको अनलाइन शिक्षाले त झन यसको महत्त्वको महसुस गराएको जगजाहेर नै छ । बैङ्कलगायतका बित्तीय संस्था मात्र नभएर प्रायजसो सरकारी गैरसरकारी निकायहरूमा सूचना प्रविधिको प्रयोग ह्वात्तै बढेको छ। अब हाम्रो शिक्षा प्रणालीले पनि सूचना प्रविधिमा पोख्त दक्ष जनशक्ति उत्पादन गर्न कुनै कसर बाँकी राख्नु हुदैन्। समयको मागअनुसार सूचना प्रविधिबाट सुसज्जित दक्ष जनशक्ति उत्पादन गर्न शिक्षण संस्थाहरू सक्षम र समर्पित हुनुपर्छ। अन्यथा विद्यालयले बेरोजगार उत्पादन गर्ने कारखानाको उपमा व्यहोर्नुपर्ने हुन्छ । नेपालमा पनि विद्यालय तहदेखि नै सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिने उद्देश्यले विभिन्न नीति र रणनीति अवलम्बन गर्दै आएको छ । तर स्रोतसाधानको अपर्याप्तता, शिक्षकमा प्रविधिको प्रयोग गर्ने दक्षता र जाँगरको अभाव, अनुगमन निरीक्षणमा उदासिनता, आवश्यकताका आधारमा आधारभूत तथा पुनर्ताजगी तालिमको अभाव, विद्यालयको समग्र कार्यसम्पदानका आधारमा प्रोत्साहन र दण्डको अभाव आदिका कारण विद्यालय शिक्षणमा सूचना प्रविधिको प्रयोग आसातित रूपमा हुन सकेको छैन् । शिक्षामा समानता र समतामूलक पहुँचको सहज सुनिश्चतताका लागि सूचना प्रविधिमैत्री शिक्षणको विकास र विस्तार अपरिहार्य छ।

## सन्दर्भ सामग्री

उच्चस्तरीय सूचना प्रविधि आयोग (२०६७), सूचना प्रविधि नीति, २०६७, सिंहदरबार : नेपाल सरकार ।

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६।२०७२ काठमाडौँ: शिक्षा मन्त्रालय ।

राष्ट्रिय योजना आयोग (२०५४) दसौं पञ्चवर्षिय योजना २०५९, सिंहदरबार: राष्टिय योजना आयोग ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) राष्टिय पाठ्यक्रम प्रारूप २०६३, सानोठिमी: पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति २०७६, सिंहदरबार

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०६९), विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका २०६९, सिंहदरबार

UNICEF, The Role of Information and Communication Technoloy in realizing Sustainable Education by 2030.

Ministry of Education (2013), Information & Communication Technology (ICT) in Education, Master Plan 2013-2017. Kathmandu: MO

# सक्षमतामा आधारित पाठ्यक्रम र यसको प्रयोग

✍ युवराज अधिकारी*

**लेखसार**

*पाठ्यक्रम समग्र सिकाइको मेरुदण्ड हो । बालबालिकालाई कस्तो शिक्षा दिने र कस्तो बनाउने भन्ने कुरासमेत पाठ्यक्रमले निर्धारण गर्दछ । अहिलेको आवश्यकता भनेको विद्यमान विद्यालय शिक्षालाई सिपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवम् कार्यप्रति अभिमुख बनाउनु हो । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउने, गुणस्तरीय शैक्षिक वातावरण सिर्जना, खोज तथा अनुसन्धान, सामाजिक तथा आर्थिक रूपान्तरणका लागि मानव संसाधन विकास, उत्पादनशील र नवप्रर्वतनशील मानव स्रोतको विकास तथा सबैलाई जीवनपर्यन्त शिक्षाको अवसर प्रदान गर्न पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्छ । यसका लागि सक्षमतामा आधारित पाठ्यक्रमको जरुरत पर्दछ । सक्षमतामा आधारित पाठ्यक्रमले सिकारुमा आवश्यक पर्ने ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य गर्न सक्ने क्षमताको विकास गरी उक्त पक्षको विवेकसम्मत तरिकाले प्रयोग गर्ने, समस्याको समाधान तथा चुनौतीको सामना गर्ने सिपको विकास गर्दछ । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता हासिल गराउन शिक्षकको सबैभन्दा महत्त्वपूर्ण भूमिका रहन्छ । यसका लागि सक्षमतामा आधारित पाठ्यक्रमको सिद्धान्तअनुरूप सिकाइ क्रियाकलाप गराई प्रमाणमा आधारित मूल्याङ्कनका साधनहरू प्रयोग गरी प्राप्त उपलब्धिको अभिलेखीकरण गर्नुपर्ने हुन्छ ।*

## १. पाठ्यक्रम र सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा

सिकारुको सर्वाङ्गीण पक्षको विकासका लागि तयार गरिएको शैक्षणिक योजना, कार्यक्रम तथा अनुभवहरूको सङ्गठनात्मक स्वरूप नै पाठ्यक्रम हो । सिकारुको शारीरिक, बौद्धिक, सामाजिक, नैतिक, आध्यात्मिक तथा सौन्दर्यात्मक विकासको आवश्यकताले पाठ्यक्रम निर्धारण गर्दछ । त्यसकारण पाठ्यक्रमको प्रमुख तत्त्व नै सिकारु हो । यसका लागि सिकारुले विद्यालयभित्र तथा बाहिरका विभिन्न माध्यमबाट अपेक्षित अनुभव तथा उपलब्धि हासिल गर्दछन् भने शिक्षक, विद्यालय तथा अन्य सरोकारवालाहरूले सिकाइको उपयुक्त वातावरण सिर्जना गर्ने गर्दछन् । पाठ्यक्रम विभिन्न ढाँचामा विकास गरिएको हुन्छ । विषयगत, एकीकृत, बृहत् क्षेत्रमा आधारित, जीवनोपयोगी, मुख्य, समस्या समाधान, क्रियाकलाप केन्द्रित, सक्षमतामा आधारित आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ । पाठ्यक्रम विकास गर्दा व्यक्तिगत आवश्यकता, सामाजिक तथा सांस्कृतिक सन्दर्भ, मूल्यसम्बन्धी आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश आदिको विश्लेषण गरिएको हुन्छ । सक्षमतामा आधारित पाठ्यक्रमले विषयवस्तुको ज्ञानको अलावा सिप, अभिवृत्ति, मूल्य र तत्परता जस्ता पक्षलाई रूपान्तरण गर्ने पक्षमा जोड दिने गर्दछ ।

---

* निर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र

व्यक्तिले आफ्नो कार्य सफलतापूर्वक प्रदर्शन तथा कार्य सम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सिप, क्षमता, मूल्य र अन्य विशेषताहरूको मापनयोग्य (Measureable) ढाँचा नै सक्षमता हो । सक्षमताले कार्य गर्नका लागि कसरी (How) अर्थात् प्रक्रियासँग सम्बन्धित क्षमताहरू निर्दिष्ट गर्दछ र यसलाई सफलतापूर्वक कार्यसम्पादन गर्न अभिप्रेरित गर्दछ ।

युनेस्को (२०१७) अनुसार सक्षमतामा आधारित पाठ्यक्रम एक त्यस्तो पाठ्यक्रम हो जसले मुख्यतया सिकारुले के जान्दछ र थाहा पाउँछभन्दा पनि उसले के गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छ । यसले सिकारुले दैनिक जीवनमा र विश्वभरि सामना गर्ने परिस्थिति अनुरुप ज्ञान, सिप, मूल्यहरू र अभिवृत्तिहरू प्राप्त गर्न र लागु गर्नुपर्छ भन्ने बुझाउँछ । त्यसै गरी मोसा (२०१२) का अनुसार सक्षमतामा आधारित पाठ्यक्रमले कथनहरूको विशिष्ट नतिजा समावेश गर्दछ जसले दक्षता हासिल गर्न सक्षम बनाउँछ । यसका साथै सक्षमतामा आधारित पाठ्यक्रमले सक्षमतामा आधारित सिकाइलाई प्रवर्धन गर्छ जसले अवधारणा, सिप र अभिवृत्ति बुझ्न, अवलम्बन गर्न र विवेकको प्रयोग गरी समस्याको समाधान गर्न मदत गर्छ । तसर्थ सक्षमतामा आधारित पाठ्यक्रमले शिक्षण, सिकाइ र मूल्याङ्कन पद्धतिलाई व्यावहारिक, सान्दर्भिक, उपयोगी र कार्यप्रति उन्मुख बनाउने पक्षमा जोड दिन्छ (Woods, 2008; World Bank, 2011; Wangeleja, 2010) । यसका साथै Kitta & Tilya (2010) ले उल्लिखित पक्षहरूका अलावा थप पक्षहरूलाई समेत सक्षमतामा आधारित पाठ्यक्रममा समेट्नुपर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार सक्षमतामा आधारित पाठ्यक्रमले पोर्टफोलियो, कक्षाकोठा तथा क्षेत्र अवलोकन, परियोजना कार्य, मौखिक प्रस्तुतीकरण, स्वमूल्याङ्कन, अन्तर्वार्ता र सहपाठी मूल्याङ्कन जस्ता प्रामाणिक मूल्याङ्कन (Authentic assessment) का विधिहरू प्रयोग गर्नमा जोड दिन्छ । प्रमाणिक मूल्याङ्कनका विधिहरू मूल्याङ्कनका अन्य स्वरूपहरू भन्दा सक्षमतामा आधारित पाठ्यक्रमका लागि बढी उपयोगी हुन्छन् किनभने यसमा शिक्षकहरूले विद्यार्थीलाई वास्तविक जीवन र समान परिस्थितिमा हासिल गरेको दक्षताहरू प्रदर्शन गर्ने प्रशस्त अवसर प्रदान गर्छन् । उनका अनुसार मूल्याङ्कनका परम्परागत विधिहरू सान्दर्भिक नहुने चाहिँ होइनन् बरु तिनीहरू सक्षमतामा आधारित मूल्याङ्कन विधिहरूका अंश हुन् ।

सक्षमतामा आधारित पाठ्यक्रम सिकारुको दैनिक जीवनयापन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न सक्ने बनाउने गरी विकास गरिएको पाठ्यक्रम हो । यसमा काम गरेर सिक्ने क्रियाकलापका माध्यमले व्यवहार निर्माणमा जोड दिने गरी पाठ्यवस्तुको संयोजन गरिन्छ । विद्यार्थीलाई गरेर सिक्ने अवसर प्रदान गरी समय र परिस्थितिअनुसार समायोजन हुन सक्ने बनाउनु यसको मुख्य लक्ष्य हो ।

## २. नेपालमा सक्षमतामा आधारित पाठ्यक्रम विकासको ऐतिहासिक पृष्ठभूमि

नेपालमा सक्षमतामा आधारित पाठ्यक्रम विकासको लामो इतिहास छैन । विद्यालय शिक्षाको पाठ्यक्रमलाई निश्चित मार्गदर्शन, दिशाबोध र जीवनोपयोगी बनाउने उद्देश्यले सर्वप्रथम वि.स. २०६३ सालमा नेपालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास भयो । उक्त प्रारूपले सर्वप्रथम विद्यालय शिक्षाको पाठ्यक्रमलाई सक्षमतामा आधारित हुने गरी विकास गर्न जोड दिएको थियो । प्रारूपले पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरूमध्ये पहिलो आधारका रूपमा सक्षमतामा आधारित पाठ्यक्रम विकासलाई जोड दिएको थियो । प्रारूप, २०६३ (परिमार्जन, २०७१) ले व्यावहारिक तथा

सामाजिक जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्यलाई सक्षमताका रूपमा परिभाषित गरेको थियो । पाठ्यक्रमले विद्यार्थीमा निश्चित सक्षमताहरूको विकास गर्ने अपेक्षा गरेको हुन्छ । यस्ता सक्षमताहरू विद्यालय शिक्षाका तहगत र विषयगत रूपमा विकसित गर्ने गरिन्छ । सक्षमताकै आधारमा पाठ्यक्रमका सिकाइ उपलब्धिको निर्धारण, विषयवस्तुको चयन, शिक्षण सिकाइ क्रियाकलापको निर्धारण तथा मूल्याङ्कन प्रक्रिया निर्दिष्ट हुने गर्दछन् । तहगत शिक्षाको प्राप्तिपश्चात् विद्यार्थीमा आफ्नो व्यक्तिगत तथा सामाजिक व्यवहारमा सामूहिक जीवन वृत्तिमा एवम् परिवर्तित सन्दर्भसमेतमा आफूलाई समायोजन गर्ने सामर्थ्य प्राप्त गर्दछन् । सक्षमतामा आधारित पाठ्यक्रम विकास कार्य गर्दा विद्यार्थीको उमेर, विकासको स्तर, सिकाइको अवस्था, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनसमेतलाई आधारमानी व्यावहारमुखी, ज्ञान तथा सिप विकासलाई ध्यान दिनुपर्दछ । विषयवस्तुले विद्यार्थीको उमेरअनुसार आफ्नो जीवनमा के कस्ता कार्यहरू सम्पन्न गर्न सक्छन् भन्ने पक्षलाई सम्बोधन गर्नुपर्छ । शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीमा वास्तविक रूपमा निर्दिष्ट सक्षमता विकास र विकसित सक्षमताको व्यावहारिक प्रयोगलाई विशेष ध्यान दिनुपर्दछ । विद्यार्थी मूल्याङ्कन गर्दा लक्षित सक्षमता हासिल गर्न सके नसकेको यकिन गरी उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनलाई ध्यान दिनुपर्छ । विविध प्रकारका मापन योग्य साधन प्रयोग गरी स्पष्ट रूपमा यकिन गर्न सकिने सक्षमता तय गर्नुपर्छ । यस प्रकार सक्षमतामा आधारित पाठ्यक्रम मूलतः निर्दिष्ट सक्षमताको प्राप्ति र तिनको व्यावहारिक उपयोगमा केन्द्रित हुनुपर्छ । कार्यमूलक सिपको प्राप्ति, नतिजामुखी प्रतिफल र व्यवहारउन्मुख ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्ने मूलभूत उद्देश्यका साथ विद्यालय शिक्षाको पाठ्यक्रम सक्षमतामा आधारित सिद्धान्तअनुरूप विकास गरिने कुरा उक्त प्रारूपले उल्लेख गरेको छ ।

विद्यालय शिक्षाको प्रारूप, २०६३ अनुसार विकास भई कार्यान्वयन भएको नेपालको पहिलो पाठ्यक्रम आधारभूत शिक्षा पाठ्यक्रम, २०६९ (कक्षा ६-८) हो । उक्त पाठ्यक्रम विकास हुनुभन्दा अगि नेपालको पाठ्यक्रममा साधारण उद्देश्य, विशिष्ट उद्देश्य, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण विधि र मूल्याङ्कन प्रक्रिया जस्ता पक्षलाई समेटिएको पाइन्छ । आधारभूत शिक्षा पाठ्यक्रम, २०६९ मा तहगत र विषयगत सक्षमता तथा ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा कक्षागत सिकाइ उपलब्धि तयार गरिएको थियो । आधारभूत तहको उक्त पाठ्यक्रमभन्दा पछि बनेका अन्य पाठ्यक्रम क्रमशः सक्षमतामा आधारित भई विकास भएका हुन् ।

## ३. नेपालमा अवलम्बन गरिएको वर्तमान पाठ्यक्रमको विकासको ढाँचा

नेपालमा विद्यालय तहमा सक्षमतामा आधारित पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिएको छ । सञ्चार, अन्तरवैयक्तिक सम्बन्ध, स्वव्यवस्थापन, तार्किकता र समस्या समाधानलाई आधारभूत सक्षमताका रूपमा लिइएको छ । सिकारुको दैनिक जीवनयापनलाई सहज बनाउन, अनुकूलित भई रहन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, अभिवृत्ति, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न सक्ने बनाउने गरी विकास गरिएको पाठ्यक्रमलाई सक्षमतामा आधारित पाठ्यक्रमका रूपमा परिभाषित गरिएको छ । सक्षमतामा आधारित पाठ्यक्रम विकास गर्दा बालबालिकाको संज्ञानात्मक, भावनात्मक, मनोक्रियात्मक क्षेत्र, बहुबौद्धिकता, सर्वाङ्गीण बालविकास, बालकेन्द्रित विकासात्मक पद्धति, एकीकृत सिद्धान्तलाई ख्याल गरिन्छ । यसका साथै समावेशी सिद्धान्त, स्थानीय आवश्यकतामा आधारित, सूचना, सञ्चार तथा आधुनिक प्रविधिको प्रयोगमा

आधारित, जीवनोपयोगी तथा कार्यप्रति अभिमुख, सहभागितामूलक, लचिलोपना र विविधतामा आधारित, नेपाली मूल्य र मान्यतामा तथा पूर्वीय ज्ञानमा आधारित, सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन, शैक्षिक गुणस्तर मानकको सुनिश्चिततामा आधारित र खोज तथा अनुसन्धान जस्ता पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरूलाई ध्यान दिइएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम र राष्ट्रिय पाठ्यक्रम प्रारूपले सम्बोधन गरेअनुसार तहगत शिक्षाको प्राप्तिपश्चात् आफ्नो व्यक्तिगत तथा सामाजिक व्यवहार, सामूहिक जीवन पद्धति र परिवर्तित सन्दर्भमा आफूलाई समायोजन गर्ने सामर्थ्य प्राप्त गर्न सक्षमतामा आधारित पाठ्यक्रम आवश्यक पर्छ । यसका माध्यमले विद्यार्थीको उमेर, विकासको स्तर, सिकाइको अवस्था, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कनसमेतलाई आधार मानी व्यवहारमुखी ज्ञान तथा सिप विकास गर्न सकिन्छ । विद्यार्थीले उमेरअनुसार आफ्नो जीवनमा के कस्ता कार्यहरू सम्पन्न गर्न सक्छन् भन्ने पक्षलाई सम्बोधन गर्न पनि सक्षमतामा आधारित पाठ्यक्रम आवश्यक परेको हो । यसबाट विद्यार्थी मूल्याङ्कन पद्धतिले लक्षित सक्षमता हासिल गर्न सके नसकेको यकिन गरी उपचारात्मक सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्न सहयोग मिल्छ । यसको कार्यान्वयनबाट निर्दिष्ट सक्षमताको व्यावहारिक उपयोग, कार्यमूलक सिप र व्यवहारोपयोगी प्रवृत्तिको अपेक्षा गरिएको छ ।

विस्तृत क्षेत्र पाठ्यक्रमको अवधारणा (Concept of Broad Field Curriculum) अनुसार सक्षमताले विषयगत वैशिष्ट्यभन्दा माथि रहेर सिकाइका व्यापक क्षेत्रलाई समेट्छन् । त्यसैगरी पाठ्यक्रमको संरचनावादी अवधारणा (Concept of Structural Curriculum) अनुसार कक्षा शिक्षणमा प्राप्त हुने सिकाइ उपलब्धिहरूलाई पनि परिणाममुखी सक्षमता (Result Oriented Compentency) मानिन्छ । नेपालको सन्दर्भमा स्थानीय विषय वा मातृभाषाबाहेक अन्य विषयका हकमा एकै प्रकृतिका पाठ्यवस्तुलाई देशभरका विद्यालयमा पठन पाठन गराइने हुँदा यस पाठ्यक्रममा व्यापक क्षेत्र पाठ्यक्रम र संरचनावादी पाठ्यक्रमको सम्मिश्रण गरी तहगत सक्षमता र सिकाइ उपलब्धि दुवैलाई अन्योन्याश्रित रूपमा विकास गरिएको छ । यसमा सिकाइ उपलब्धिलाई तहगत सक्षमताका अङ्गका रूपमा राखी विभिन्न सिकाइ उपलब्धिको पूर्णताबाट सक्षमता प्राप्ति हुने अपेक्षा गरिएको छ । विषयगत सिकाइ उपलब्धिको समग्रताबाट तहगत सक्षमताको प्राप्ति हुने भएकाले सिकाइ सहजीकरण प्रक्रियामा समेत निरन्तर मूल्याङ्कनका माध्यमले सिकाइ उपलब्धि सुनिश्चिततामा जोड दिनुपर्ने छ ।

नेपालको वर्तमान संविधानले मुलुकलाई सङ्घीय ढाँचामा रूपान्तरण गरेको सन्दर्भमा पाठ्यक्रमसम्बन्धी सङ्घीय, प्रादेशिक र स्थानीय भूमिकालाई व्यवस्थित गर्ने, विद्यालय शिक्षालाई प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्म पुनर्संरचित गर्ने तथा विद्यमान विद्यालय शिक्षालाई सिपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवम् मूल्यमा आधारित बनाउने उद्देश्यले प्रारूप, २०६३ को परिमार्जन नगरी नयाँ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ जारी भएको छ जसले प्रारूप २०६३ मा उल्लिखित सक्षमताका पक्षहरूलाई जोड दिएको छ । हाल नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेको संरचना, ढाँचा र पद्धतिअनुरूप प्रारम्भिक बाल विकास तथा शिक्षादेखि कक्षा १२ सम्मका पाठ्यक्रम विकास भई कार्यान्वयन भइरहेका छन् । प्रारूप, २०७६ ले विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य निर्धारण गरेको छ र उक्त उद्देश्यहरू पूरा गर्नका लागि तहगत सक्षमताहरूसमेत प्रारूपमा उल्लेख गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विकास भएका विषयगत पाठ्यक्रममा विषयगत रूपमा तहगत सक्षमताहरू तयार गरी पाठ्यक्रम विकास गरिएको छ । विषयगत

पाठ्यक्रम विकास गर्दा विषयको परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण विधि र प्रक्रिया र विद्यार्थी मूल्याङ्कन गरी छओटा पक्षहरू समावेश गरिएको छ ।

नेपालमा सक्षमतामा आधारित पाठ्यक्रम आवश्यक पर्नुका कारणहरूलाई निम्नानुसार लिइएको छ :

- तहगत शिक्षाको प्राप्तिपश्चात् आफ्नो व्यक्तिगत तथा सामाजिक व्यवहार तथा सामूहिक जीवन पद्धतिमा र परिवर्तित सन्दर्भसमेतमा आफूलाई समायोजन गर्ने सामर्थ प्राप्त गर्न
- विद्यार्थीको उमेर, विकासको स्तर, सिकाइको अवस्था, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनसमेतलाई आधार मानी व्यावहारमुखी, ज्ञान तथा सिप विकासलाई ध्यान दिन
- विद्यार्थीको उमेरअनुसार आफ्नो जीवनमा के कस्ता कार्यहरू सम्पन्न गर्न सक्छन् भन्ने पक्षलाई सम्बोधन गर्न
- विद्यार्थी मूल्याङ्कन पद्धतिले लक्षित सक्षमता हासिल गर्न सके नसकेको यकिन गरी उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न
- विविध प्रकारका मापन योग्य साधन प्रयोग गरी स्पष्ट रूपमा यकिन गर्न सकिने सक्षमता तय गर्न
- निर्दिष्ट सक्षमताको प्राीप्त र तिनको व्यावहारिक उपयोगमा केन्द्रित हुन
- कार्यमूलक सिपको प्राप्ति, नतिजामुखी प्रतिफल र व्यवहारउन्मुख ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्न

विषयगत रूपमा पाठ्यक्रम विकास गर्दा सक्षमताहरू तहगत रूपमा निर्धारण गरिएका छन् भने ती सक्षमताहरू पूरा गर्नका लागि कक्षागत रूपमा सिकाइ उपलब्धिहरू निर्धारण गरिएका छन् जुन विद्यार्थीलाई तोकिएको विषयमा सक्षम (enabling) बनाउन तयार पारिएका छन् । नेपालको वर्तमान पाठ्यक्रममा उद्देश्यको सट्टा सक्षमता प्रयोग गर्नुका कारणलाई तलको फरक तालिकाले समेत देखाउँछ :

| **उद्देश्य (Objective)** | **सक्षमता (Competency)** |
|---|---|
| अपेक्षित व्यवहारलाई जोड दिन्छ । | अवलोकनयोग्य व्यवहारलाई जोड दिन्छ । |
| मानकमा आधारित (norms based) हुन्छ । | मापदण्डमा आधारित (criterion based) हुन्छ । |
| सिकाइको मूल्याङ्कनमा जोड दिन्छ । | सिकाइका लागि मूल्याङ्कनमा जोड दिन्छ । |
| आंशिक सिकाइमा जोड दिन्छ । | पूर्ण सिकाइ (whole learning) जोड दिन्छ । |
| पृष्ठपोषण कमजोर हुन्छ । | पृष्ठपोषण तुरुन्तै दिइन्छ । |

| | |
|---|---|
| ज्ञान, सिप र अभिवृत्तिमा जोड दिन्छ । | ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य गर्न सक्ने क्षमतामा जोड दिन्छ । |
| विषयवस्तु सिक्नमा जोड दिन्छ । | सिकाइका लागि सिकाइमा (learning to learn) मा जोड दिन्छ । |

## ४. सक्षमतामा आधारित पाठ्यक्रमअनुसार सिकाइ कसरी गर्ने ?

सक्षमतामा आधारित सिकाइका लागि सक्षमताअन्तर्गत पर्ने पक्षहरूको जानकारी हुनुपर्छ । सामान्यतया सक्षमतामा निम्नलिखित पक्षहरू समावेश हुन्छन् :

| | |
|---|---|
| • सक्षमता<br>• (Competences) | • अर्थ (Meaning) |
| • ज्ञान (Knowledge) | • विषयवस्तुको जानकारी र ज्ञान (संज्ञानात्मक क्षेत्र) : Head |
| • सिप (Skills) | • सिकेका अनुभवलाई उही वा फरक परिस्थितिमा प्रयोग (मनोक्रियात्मक क्षेत्र) : Hand |
| • अभिवृत्ति (Attitudes) | • व्यवहार परिवर्तन (प्रभावी वा भावनात्मक क्षेत्र) : Heart |
| • मूल्य (Values) | • सिकेका र सिक्नुपर्ने विषयवस्तुको महत्त्व र उपयोगिता तथा मानवीय मूल्यहरूको विकास |
| • कार्य गर्न सक्ने तत्परता<br>• (Ability to do work) | • सिकेका अनुभवहरूलाई विविध परिस्थितिमा प्रयोग गर्ने, समस्याको समाधान गर्ने, कार्यलाई सरल र सहज तरिकाले सम्पादन गर्ने क्षमता र दक्षता |

विषयगत रूपमा निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धिको पहिचानपश्चात् उल्लिखित पक्षहरूको पहिचान गरी तपसिलको ढाँचामा योजना बनाई सहजीकरण गर्नुपर्छ । सक्षमता र सिकाइ उपलब्धिको प्रकृतिअनुसारको उपयुक्त र प्रमाणिक मूल्याङ्कनका साधनहरूको प्रयोग गरी सिकाइको लेखाजोखा गर्नुपर्छ । सक्षमतामा आधारित योजना तथा सिकाइ सहजीकरण गर्ने तरिकालाई निम्नानुसारको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

**उदाहरण**

**विषय :** विज्ञान तथा प्रविधि (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८, कक्षा ९-१०)

**सक्षमता :** परम्परागत अभ्यासमा वैज्ञानिक अवधारणको खोजी र प्रयोग

**सिकाइ उपलब्धि :** परम्परागत उपयोगका जडीबुटीहरूको सोधखोज गरी उपयोगिताको सूची तयार गर्न र आवश्यकताअनुसार प्रयोग गर्न

**(क) ज्ञान (Knowledge) :** स्थानीय जडीबुटीको परिचय, महत्त्व र प्रयोग गर्ने तरिकासम्बन्धी जानकारी

**(ख) सिप (Skill) :** विद्यालय वरपर, विद्यालयको बगैँचामा रहेका जडीबुटी चिन्न सक्ने सिप, जडीबुटीबाट औषधी तयार गर्ने सिप, आवश्यकताअनुसार प्रयोग गर्ने सिप

**(ग) अभिवृत्ति (Attitude) :** हाम्रा वरपर विभिन्न किसिमका जडीबुटीहरू हुने रहेछन् र तिनका बारेमा जानकारी हासिल गर्नुपर्ने रहेछ । जडीबुटीहरू घरमा तथा विद्यालयमा रोपेर आवश्यकताअनुसार प्रयोग गर्न र बिक्री वितरण गर्न सकिने रहेछ । यस्ता जडीबुटीहरूको प्रयोग गर्दा स्वास्थ्यमा कुनै साइड इफेक्ट नपर्ने रहेछ भन्ने सकारात्मक सोचको विकास, स्थानीय स्तरमा पाइने जडीबुटीहरूको खोजी गर्ने, प्रयोग गर्ने तरिकाको खोजी गर्ने सकारात्मक प्रवृत्तिको विकास

**(घ) मूल्य (Value) :** जडीबुटीको महत्त्व र उपयोगिताको बोध र सत्य कुराको सम्प्रेषण

**(ङ) कार्य गर्न सक्ने क्षमता (Ability to do work)** : घरमा परम्परागत उपयोगका जडीबुटी रोप्ने र रोगको प्रकृतिअनुसार आवश्यकताअनुसार प्रयोग गर्ने, छरछिमेकीलाई जडीबुटीहरूका बारेमा जानकारी दिने र प्रयोग गर्ने तरिका सिकाउने क्षमताको विकास

यसरी सक्षमतामा आधारित सिकाइ सहजीकरण गर्न पाठ्यक्रममा भएका सक्षमता पूरा गर्नका लागि विशिष्टीकृत गरिएको सिकाइ उपलब्धि र उक्त सिकाइ उपलब्धि पूरा गर्नका लागि विषयवस्तुको ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य गर्न सक्ने तत्परतालाई ध्यान दिनुपर्छ । यसरी सहजीकरण गर्दा आजीवन सिकाइ सुनिश्चित हुन्छ ।

## ५. सक्षमतामा आधारित पाठ्यक्रमको प्रयोग

नेपालमा हाल कक्षा १ देखि ३ सम्मको पाठ्यक्रमलाई एकीकृत ढाँचामा विकास गरिएको छ । एकीकृत पाठ्यक्रम विषयगत, बहुविषयगत र अन्तरविषयक पद्धतिबाट विकास गरिएको छ । बहुविषयगत क्षेत्रअन्तर्गत नेपाली, गणित, अङ्ग्रेजी र हाम्रो सेरोफेरो रहेका छन् । हाम्रो सेरोफेरो विषयक्षेत्रलाई अन्तरविषयगत पद्धतिबाट एकीकृत गरिएको छ जस अन्तर्गत सामाजिक अध्ययन, सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षाका विषयवस्तुलाई एकीकरण गरिएको छ । कक्षा ४ देखि १२ सम्म विषयगत तथा सक्षमतामा आधारित मुख्य पाठ्यक्रमको ढाँचामा विकास गरिएको छ ।

वर्तमान विद्यालय शिक्षाको पाठ्यक्रममा विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत सक्षमता, पाठ्यक्रमको ढाँचा, पठनपाठनको समयावधि, वैकल्पिक शिक्षा पद्धति, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया समेटिएको छ । विषयगत पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि र विषयवस्तु, विषयवस्तुको क्षेत्र तथा क्रम, सिकाइ सहजीकरण प्रक्रिया,

विद्यार्थी मूल्याङ्कन प्रक्रिया (कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र कक्षा ४ देखि १२ सम्म आन्तरिक र बाह्य मूल्याङ्कन) दिइएको छ । पाठ्यक्रम साधन र साध्य दुवै हो । पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरू भने साधन मात्र हुन् । तसर्थ शिक्षकले पाठ्यक्रमको महत्त्वलाई बिर्सनु हुँदैन । विद्यालयमा गरिने हरेक क्रियाकलापमा पाठ्यक्रमलाई मुख्य आधार लिनुपर्छ । नेपालमा आधारभूत तहमा स्थानीय पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रम तथा माध्यमिक तहमा सक्षमतामा आधारित राष्ट्रिय पाठ्यक्रमको विकास र प्रयोग भइरहेको छ । समग्रमा सक्षमतामा आधारित पाठ्यक्रमको प्रयोगलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

## (अ) सिकाइ सहजीकरणमा पाठ्यक्रमको प्रयोग

पाठ्यक्रममा संलग्न सिकाइ उपलब्धिहरू प्रत्येक शिक्षकको मन मस्तिष्कमा रहनुपर्छ ताकि शिक्षकमा प्रत्येक दिन शिक्षण गर्ने विषयवस्तुसँग सम्बन्धित सिकाइ उपलब्धिहरूको जानकारी होओस् । ती सिकाइ उपलब्धिहरू पूरा गराउन शिक्षक हरतरहले लागि परुन् । एक दक्ष र सक्षम शिक्षकले पठनपाठन हुने दिनमा मैले विद्यार्थीमा हासिल गराउनुपर्ने सिकाइ उपलब्धि यो हो भन्न सक्नुपर्छ ताकि सिकाइ सहजीकरण क्रियाकलापका माध्यमबाट विद्यार्थीलाई सोही सिकाइ उपलब्धि हासिल गराउन सक्षम होउन् । यसले नै विद्यार्थीको सिकाइ उपलब्धि हासिल गर्ने दर अभिवृद्धि गर्छ र समग्रमा विद्यार्थीको उपलब्धिको स्तर उच्च रहन्छ । सिकाइ सहजीकरणमा सक्षमतामा आधारित पाठ्यक्रमको प्रयोगलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षक, सिकारु तथा व्यवस्थापकलाई मापनयोग्य योजना र संरचना प्रदान गर्न

शिक्षकलाई सिकारुले हासिल गर्नुपर्ने सक्षमता, सिकाइ उपलब्धिहरू, मापदण्डहरू र मूल्याङ्कन गर्ने तरिकाको जानकारी दिन

सिकारुलाई अर्को तह वा कक्षामा प्रवेश गर्नुभन्दा पहिले के के उपलब्धिहरू हासिल गर्नुपर्छ भन्ने कुराको जानकारी दिन

शिक्षक र विद्यार्थीको प्राज्ञिक सफलताको मार्ग सुनिश्चित गर्न

शिक्षकलाई कुन कक्षाका सिकारुहरूका लागि कुन कुन विषयवस्तु र सिकाइ उपलब्धि तथा सिपहरू प्रदान गर्नुपर्छ भन्ने कुराको जानकारी दिन

शिक्षकलाई दैनिक पाठयोजनामा समावेश गर्न सकिने उद्देश्यहरू निर्माण गर्न र पूरा गराउन सहयोग गर्न

कुन विषयअन्तर्गतका विषयवस्तुको क्षेत्रका लागि कति कार्यघण्टा (सैद्धान्तिक र प्रयोगात्मक) दिइएको छ भन्ने कुराको जानकारी दिन

शिक्षकलाई पाठ्यघण्टा र कार्यघण्टाअनुसारको विषयवस्तु समयमै सहजीकरण गर्न

विषयगत रूपमा सहजीकरण गर्नका लागि अपनाउन सकिने तरिका र विधिहरूको जानकारी गराउन र विषयवस्तुको प्रकृतिअनुसारको तरिका र विधि चयन गर्ने सिपको विकास गराउन

विद्यार्थीको सिकाइ उपलब्धि हासिल गर्ने दर अभिवृद्धि गर्न

सिकाइ सहजीकरणका क्रममा विद्यार्थीलाई उपयुक्त तह र प्रकारका प्रश्न सोध्ने सिपको विकास गर्न र क्रियाकलापहरू चयन गर्न

सिकारुको स्तर पहिचान गरी वैयक्तिक शिक्षण गर्न

**(आ) विद्यार्थी मूल्याङ्कनमा पाठ्यक्रमको प्रयोग**

विद्यार्थीले सिकाइ उपलब्धि पूरा गरे नगरेको लेखाजोखा गर्ने साधनहरूको जानकारी गराउन

विद्यार्थीको सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कनको भार पहिचान गर्न

विद्यार्थीको मूल्याङ्कन गर्ने तरिका र प्रक्रियाको जानकारी हासिल गराउन

सैद्धान्तिक पक्षको मूल्याङ्कन गर्ने साधन (ग्रिड अर्थात् विशिष्टीकरण तालिका) को जानकारी लिई सिकाइ सहजीकरण र आवधिक मूल्याङ्कन गर्ने प्रक्रियामा अवगत हुन

विद्यार्थीलाई विभिन्न क्षेत्र र तहअनुसारका प्रश्न निर्माण गरी मूल्याङ्कनमा तिनको प्रयोग गर्ने सिपको विकास गराउन

प्रयोगात्मक मूल्याङ्कन गर्ने तरिका र आन्तरिक मूल्याङ्कन गर्ने मापदण्डमा जानकारी भई सोहीअनुरूप सिकाइ सहजीकरण गर्ने र अभिलेखीकरण गर्ने सिपको विकास गराउन

विद्यार्थीको सिकाइ सुधारका लागि उपयुक्त मूल्याङ्कनका साधनहरूको विकास गर्ने सिपको विकास गर्न

मुख्यतः सक्षमतामा आधारित पाठ्यक्रमलाई व्यावहारिक उद्देश्य निर्धारण गर्न, सिकाइ सहजीकरण क्रियाकलापहरूको विकास गर्न र विद्यार्थीको मूल्याङ्कन गर्नमा प्रयोग गरिन्छ । समग्रमा निम्न पक्षमा पाठ्यक्रमको प्रयोग गर्न सकिन्छ :

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सर्वप्रथम वार्षिक कार्ययोजना र वार्षिक शैक्षणिक योजना तयार गर्ने र उक्त योजनामा प्रत्येक महिनामा पढाइ हुने दिन, एकाइ, पाठ, अनुमानित कार्यघन्टी, सिकाइ उपलब्धि, सिकाइ सामग्री, विधि र तरिका तथा मूल्याङ्कनको तरिका उल्लेख गर्ने

- पाठ्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्ने जसमा एकाइगत वा पाठगत रूपमा सिकाइ गर्नका लागि समावेश गर्न सकिने सिकाइ उपलब्धि, सामग्री, विधि र तरिका तथा मूल्याङ्कनका तरिकाहरू समावेश गर्ने

- दैनिक रूपमा सिकाइ क्रियाकलाप डिजाइन गर्दा सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी बालकेन्द्रित सिकाइका तरिका, विधि र उपागमको छनोट गरी प्रयोग गर्ने

- पाठ्यक्रममा दिइएअनुसारका प्रयोगात्मक क्रियाकलाप तथा परियोजना कार्यहरू गराउने र आवश्यकताअनुसार थप क्रियाकलापहरू गराई अभिलेखीकरण गर्ने र गर्न लगाउने

- वर्तमान पाठ्यक्रमले कक्षा १ देखि ३ सम्म सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कनमा जोड दिइएकाले सिकाइका लागि मूल्याङ्कन गर्नमा प्रयोग गर्ने

- सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई प्रयोग गर्न प्रयोग गर्ने

- प्रत्येक थिम वा एकाइ वा पाठको सहजीकरणपश्चात् ब्लुमको परिमार्जित टेक्सोनोमीअनुसार तयार गरिएको ग्रिडअनुसार सबै तहका प्रश्नहरू निर्माण गरी परीक्षा लिने र उत्तरपुस्तिका परीक्षणपश्चात् विद्यार्थीहरूलाई पृष्ठपोषणसहित उत्तरपुस्तिका फिर्ता गर्ने

- त्रैमासिक वा आवधिक रूपमा गरिने विद्यार्थीको सिकाइको नतिजा तथा परीक्षाफल विश्लेषण गर्दा प्रयोग गर्ने

## ५. निष्कर्ष

पाठ्यक्रम समग्र सिकाइ प्रक्रियाको मुटु हो । यो सिकाइ सहजीकरण र शैक्षिक तथा शैक्षणिक उपलब्धि सुनिश्चित गर्ने योजना र प्रक्रिया हो । सक्षमतामा आधारित पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पाठ्यसामग्रीहरू (पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ तथा स्रोतसामग्रीलगायत) को आवश्यकताअनुसार प्रयोग गर्नुपर्ने हुन्छ । पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका विकास, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थीको मूल्याङ्कन पाठ्यक्रममा आधारित हुन्छ । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, पठनपाठनको अवधि, पाठ्यक्रमको ढाँचा, सक्षमता, कार्यान्वयन योजना, सिकाइ उपलब्धि, सहजीकरण प्रक्रिया, कार्यघण्टाको विभाजन, प्रयोगात्मक र सैद्धान्तिक मूल्याङ्कन प्रक्रिया दिइएको हुनाले पाठ्यक्रमलाई एक साध्यका रूपमा लिन सकिन्छ । तर सिकाइ प्रक्रियाका रूपमा भने यसलाई साधनका रूपमा लिन सकिन्छ । पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूलाई पाठ्यक्रमले अपेक्षा गरेका उपलब्धि र सक्षमताहरू पूरा गर्ने साधनका रूपमा लिन सकिन्छ । एक असल शिक्षकले पाठ्यक्रमको गहन अध्ययन गरेर तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको थप अध्ययन गरी पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरूलाई क्रमशः पूरा गराउन अपरिहार्य रूपमा पाठ्यक्रमको प्रयोग गर्नुपर्छ । पाठ्यक्रममा दिइएका प्रावधानअनुसार सिकाइ सहजीकरण र मूल्याङ्कन क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीको सिकाइ उपलब्धि अधिकतम रूपमा हासिल गराउन सकिन्छ । यी समग्र क्रियाकलापहरूले नै शिक्षाको गुणस्तरीयता निर्धारण गर्दछन् । गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने एक महत्त्वपूर्ण साध्य र साधनका रूपमा पाठ्यक्रमको प्रभावकारी रूपमा प्रयोग गर्नुपर्छ भन्ने कुरालाई कहिल्यै बिर्सनु हुँदैन ।

## सन्दर्भ सामग्री

पाठ्यक्रम विकास केन्द्र (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारूप, सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र (२०६९), आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र (२०७१), माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र (२०७६), आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र (२०७६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, सानोठिमी भक्तपुर

Taba, H. (1962). *Curriculum development: theory and practice*. New York, Harcourt, Brace, and World

Bobbitt, F. (1918). *The curriculum*. Houghton Mifflin.

Bobbitt, F. (1924). *How to make a curriculum?* Houghton Mifflin.

Kitta, S, and Tilya, FN 2010. The status of learner-centred learning and assessment. In: Tanzania in the context of the competence-based curriculum. *Papers in Education and Development*, 29:77-91

Wangeleja, M 2010. The teaching and learning of competency-based mathematics curriculum: A paper presented at the Annual Seminar of the Mathematical Association ofTanzania atMazimbu Campus. Morogoro: Sokoine University of Agriculture

Woods, E 2008. Tanzania case study. In UNESCO, Country profile commissioned for the EFA Global Monitoring Report 2008: Education for all by 2015, Will we make it? Paris: UNESCO.

World Bank 2011. A regional exploration of pathways toward harmonization of Mathematics and Science curriculum in the East African community. *Discussion Paper*. Washington D.C: World Bank

# अपेक्षित उच्च शिक्षा

✍प्रा. विद्यानाथ कोइराला, पिएचडी*

**लेखसार**

*उर्जा/चेतन, पदार्थ र मनको गठजोड हौँ हामी । विज्ञानले पदार्थबाट अध्ययन थाल्यो । हामीले त्यसैलाई सर्वस्व मान्यौँ । वैदिक पुर्खाले चाहिँ उर्जा/चेतनबाट अध्ययन थाले । पदार्थ त्यसैको उपज हो भने । मन पदार्थ र उर्जा/चेतनको गठजोड हो भने । ज्ञानमा विज्ञान घोले । पश्चिमाहरूले ज्ञान र विज्ञान अलग गरे । परिणामतः उनको विज्ञान प्रयोगशालामा बन्यो । वैदिक विज्ञान शरीरशालामा बन्यो । उर्जा/चेतन, पदार्थ र मनको शरीर । पञ्चतत्त्वको शरीर । त्यति बुझे ब्रह्माण्ड बुझिन्छ भन्ने चिन्तन हाम्रो बन्यो । यो अन्तर हाम्रा विश्वविद्यालय तथा तिनका क्याम्पसले सिकाएनौँ । त्यस्तै हामी दलगत बन्यौँ । दलका आदर्शप्रति इमानदार बनेनौँ । गर्ने प्राध्यापकले हो भन्यौँ, तिनैलाई विश्वास गरेनौँ । हाम्रो माटोका शिक्षणकलालाई खिस्यायौँ । तिनको गहिराइ नैं बुझेनौँ । गरिखाने सिपका कुरा गऱ्यौँ । काम चाहिं गरेनौँ । विद्यार्थीले लचिलो व्यवस्थापन खोज्यो । निर्णायकहरू गजघट्टे बन्यौँ । विश्वविद्यालय बनाइरह्यौँ । विशिष्टीकरणमा गएनौँ । सामुदायिक क्याम्पसहरू भन्यौँ । समुदायसँगै जोडेनौँ । राजनीति सिकायौँ । व्यवहारतः सिद्धान्तहीन परिवेशमा पुग्यौँ । अनुसन्धान त गऱ्यौँ । त्यसलाई संस्कार बनाउन सकेनौँ । धार्मिक शिक्षा त पढायौँ । आधुनिक विज्ञानसँग जोडेनौँ । यो स्थितिमा हाम्रो अभ्यास बदलौँ भन्ने कुरा नैं लेखको आशय हो ।*

## १. खण्डित विरासतमा

ब्रह्मउर्जा, मन र पदार्थ मिलेर मान्छे बन्छ । जनजिब्रोले त्यही ब्रह्मउर्जालाई परमात्मा भन्छ । परमात्मा समष्टि हो । मान्छेमा त्यही उर्जा हुन्छ । त्यो ब्रह्मउर्जाकै अंश हो । व्यष्टि हो । सोही व्यष्टिलाई जनजिब्रोले आत्मा भन्छ । सहज बोलीमा देखाउने उर्जा त्यही हो । चेतन भने पनि उर्जा भने पनि । आइन्स्टाइनकै शब्द टिपेर उर्जा र पदार्थ एकअर्कामा रूपान्तरण हुन्छन भने पनि । साङ्ख्यको शब्दमा पुरुष (ब्रह्मउर्जा) अविनाशी छ भने पनि । प्रकृति (पदार्थ) नाशवान् छ भने पनि । प्रलयमा प्रकृति पुरुषमा मिल्छ भने पनि । ती नाशिन्नन भने पनि । अविनाशी परमात्मा भने पनि । आत्मा अमर छ भने पनि । यी सबै शब्दान्तर मात्र हुन् । भावान्तर होइनन् । नबुझ्नु, नबुझाइनु तथा बुझ्न नचाहनु हाम्रो नियति हो ।

पदार्थ चाहिँ देखिने कुरा हो । उर्जा देखाउने कुरा हो । यही देखाउने कुरालाई पुर्खाले अक्षर भने । ननाशिने अविनाशी, परमात्मा । विज्ञानले कस्मिक इनर्जी भन्यो । क्षय नहुने उर्जा । यो चिन्तनमा आइन्सटाइन, हकिन्स तथा हिग्स बोसनहरू नजिक छन् । न्युटन बुझ्दैनन् । न्युटन पढेका मार्क्स पनि बुझ्दैनन् । मार्क्स पढेका हामीले नबुझ्नु नौलो कुरै भएन । त्यसैले हामी आत्मा छ र छैन

* शिक्षा विद्

भन्ने कुरामा लाग्छौँ । ईश्वर छ र छैन भन्ने कुरामा भिड्छौँ । देवता छ र छैन भन्ने कुरामा विवाद गर्छौं । भगवान छ र छैन भन्ने कुरामा लडछौँ, लडाउँछौँ तर केलाई ईश्वर भने ? केलाई देवता भने ? केलाई भगवान् भने ? केलाई ब्रह्म भने ? केलाई परमात्मा भने ? भन्ने कुराको खोजी गर्दैनौँ । गराउँदैनौँ । वेद, त्रिपिटक, मुन्धुम, कुरान, बाइबल पढाउँदैनौँ । तिनका भनाइलाई आधुनिक ज्ञान विज्ञानको कसीमा हेर्दैनौँ । सन्दर्भमा ज्ञान बन्छ बनाइन्छ भन्ने पनि बुझ्दैनौँ । हाम्रो खण्डिकृत सोचलाई मात्र निरन्तरता दिन्छौँ ।

पदार्थ क्षर हो । नाशिने वस्तु । मार्क्स पदार्थ मात्र बुझ्छन् । त्यसैले भौतिकवादमा उन्नति देख्छन् । वात्सायन, फ्राइड र कार्लजुङहरू मन मात्र बुझ्छन् । मन पदार्थमा जोडिन पनि सक्छ । अधोगामी वा भौतिकवादी । उर्जामा जोडिन पनि सक्छ । उर्ध्वगामी वा अध्यात्मवादी । उर्जा तथा पदार्थलाई सन्तुलनमा राख्न पनि सक्छ, कर्मवादी । यसरी हेर्दा हामीले व्यष्टि पढेछौँ । पढाएछौँ । पुर्खाको बुद्धिको एक तिहाइ । नयराज पन्तको शब्दको प्रयोगमा त्रिखण्डी शिक्षा दिएछौँ । हाम्रा पुर्खाले भने हामीलाई अक्षर (ब्रह्मउर्जा) चिनाएका थिए । क्षर (पदार्थ) चिनाएका थिए । क्षर र अक्षरबिच बन्ने बनाइने मन चिनाएका थिए । अर्थात् पदार्थ पढ्ने पढाउने हामीले क्षर पढेछौँ । पढाएछौँ । अक्षर र मन छुटाएछौँ । मन पढ्ने पढाउनेले मन मात्र पढाएछौँ । अक्षर र पदार्थबिच हुने मनको सहसम्बन्ध पढेनछौँ । पढाएनछौँ । अक्षर पढाउनेले क्षर र अक्षर तथा मनको सन्तुलन गर्ने गराउने तरिका पढेनछौँ, पढाएनछौँ ।

विरासत खण्डित भयो भन्ने बुझ्ने बुझाउने काम प्राध्यापकको हो । पदाधिकारीहरूको हो । यति गर्नासाथ हामी विश्वविद्यालय तथा तिनका कलेज क्याम्पसलाई विरासतसँग जोड्छौँ । आधुनिकतासँग जोड्छौँ । जनज्ञानसँग जोड्ने जोडिने कडी भेटाउँछौँ । लोककथामा टेकेर कृत्रिम बुद्धिलाई उपयोग गर्ने चिनियाँ तथा अमेरिकी तागत बुझ्छौँ । हाम्रा निरक्षरहरू ज्ञानवान् हुन भन्ने बुझ्छौँ, बुझाउँछौँ । यो बुझाइले विद्यार्थी तथा प्राध्यापकलाई स्वस्फूर्त अनुसन्धाता बनाउँछ । कक्षामा जे सिक्छ जनताको सिकाइमा जोडेर हेर्छ । धर्मशास्त्रसँग भिडाएर हेर्छ । आधुनिक विज्ञान, शास्त्रीय विज्ञान, तथा जनसोच तथा अभ्यासमा सहसम्बन्ध खोज्छ । अणु विज्ञानबाट, संज्ञान विज्ञानबाट । क्वान्टाम विज्ञानबाट । विज्ञानको अर्को आयमबाट । परिणामतः विद्यार्थी खण्डित चिन्तनबाट बाहिरिन्छ । प्राध्यापकहरू नै यस्ता योजक बन्नुपर्छ, बनाइनुपर्छ । पदाधिकारीहरूले यो काम गराउनुपर्छ ।

## २. दलीय तथा जातजातीय आवरुमा

प्राध्यापकहरू प्राज्ञ थियौँ । हुनुपर्छ पनि भन्छौँ । दलीय आवरुले हामीलाई प्रजातान्त्रिक प्राध्यापक बनायो । प्रगतिशील प्राध्यापक बनायो । क्रान्तिकारी प्राध्यापक बनायो । जातजातीय आवरुले हामीलाई दलित बुद्धिजीवी बनायो । जनजाति बुद्धिजीवी बनायो । कोही व्यक्त । कोही अव्यक्त । यसरी हामी कित्ताकाटे प्राध्यापक बन्यौँ । बनाइयौँ । यसले गर्दा हाम्रो प्राध्यपकीय मर्यादा घटायो । पदाधिकारीय मर्यादा घटायो । बन्द बाकसका हामी बाहिर ननिस्कँदा न समालोचक बन्यौँ, न सर्जक बन्यौँ । न अन्तर विरादक संवादी बन्यौँ । जे बन्यौँ घटके प्राध्यापक भयौँ । घटके पदाधिकारी भयौँ । पुर्खाले सिकाएको घटाकास र हृदयाकासको प्रायोगिक अभ्यास गरेनौँ । यसको सन्देश हो, हामी दलीय तथा जातजातीय आवरु बोकेका प्राध्यापकहरूबिच मुद्दागत, विधागत तथा विषयगत संवाद

सुरु गरौँ । त्यसको संस्थागत गरौँ । क्याम्पसमा । कलेजमा । विश्वविद्यालयमा । यसो गर्नासाथ हाम्रा घटाकासहरू तोडिन्छन् । हृदयाकासमा जोडिन्छन् ।

## ३. अविश्वासी सोचमा

जसले पढाउँछ जाँच्ने त्यही हो । आचार्यकुल तथा गुरुकुलको अभ्यास त्यही हो । त्यसमा शास्त्रार्थ जोडेपछि परीक्षा भयो । माओले भन्ने गरेको पनि त्यही हो । तर हामीले प्राध्यापकलाई विश्वास गरेनौँ । परिणामत: हामी शैक्षिक क्यालेन्डर लागु गर्न सक्तैनौँ, गर्दैनौँ । यसको सन्देश हो, हामी प्राध्यापकहरूलाई विश्वास गरौँ । तिनैले पाठ्यक्रम बनाउन् । विद्यार्थीले पाठ्यक्रम बनाउन् । तिनैले पाठ्यपुस्तक सिफारिस गरुन् । अनिवार्य अनुसन्धान गरुन् । गराउन् । परीक्षा पनि तिनैले गरुन् । तिनले गरेका काममा पक्षीयता देखिन्छ भन्ने लागेमा विद्यार्थी आफूले आफैँलाई जाँच्न मिल्ने एप्स बनाऔँ । शास्त्रार्थको अभ्यासलाई व्यवहारमा ल्याऔँ । गुम्बाहरूमा अझै पनि यो अभ्यास जारी छ । यसबाट हामी मनिटर तथा मेन्टर हुन लायक विद्यार्थी चिन्छौँ । त्यस्ता विद्यार्थीहरू प्राध्यापकको सहायकका रूपमा काम गर्छन् । नालन्दा र तक्षशिलाको अभ्यास त्यही हो । देवघाटको महेश गुरुकुल तथा हरिहर आश्रमको अभ्यास त्यही हो । पश्चिमाहरूको शिक्षण सहायक त्यही हो । उनीहरूको अनुसन्धान सहायकको अभ्यास त्यही हो । सहायक हुनेले केही पैसा पाउँछ । रोजगारी भयो । सिप सिक्छ, पढाइ भयो । प्राध्यापक कम भए पनि कक्षा चल्ने भयो । काठमाडौँ विश्वविद्यालयले गरे गराएको तरिका यही हो । क्रेडिटआवर्स प्रणालीमा गएकाले हामीलाई सजिलो पनि छ । अनिवार्य केही कोर्स पढे हुने । बाँकी जे विषय पढे पनि क्रेडिटआवर्स पूरा गरे हुने । यो काम गर्नासाथ विद्यार्थीले खोजेको विषय पढन पाउँछ । प्राध्यापकले चाहेको विषय पढ्न र पढाउन पाउँछ । विद्यार्थीले मूल विषय मात्रै एउटै पढ्छ । बाँकी रहरका विषय पढ्न पाउँछ । कलेज तथा क्याम्पसको कन्सोर्टियम बनाएर यो काम गर्नुपर्छ ।

## ४. शिक्षण शैलीमा

श्रवण, मनन र निदिध्यासन गुरुकुल तथा बुद्ध आश्रमको शिक्षणकला हो । श्रवण भनेको सुन्ने हो । मनन भनेको त्यसबारेमा गुन्ने अभ्यास हो । संवाद तथा विवाद गर्ने अभ्यास हो । निदिध्यासन भनेको जानेको कुरा काममा लगाउने हो । पाउलो फ्रेरेले भनेको प्राक्टिस त्यही हो । यो अभ्यासले हाम्रो पढाइ व्यवाहारसँग जोडिन्छ । संविधानको धारा ५१ को (ज) को (क) लागु हुन्छ । एक्काइसौँ शताब्दीको शिक्षासँग जोडिन्छ ।

आचार्यसँग एक पाउ सिक । साथीसँग अर्को पाउ । तेस्रो पाउ विज्ञसँग सिक । चौथो पाउ आफ्नै अनुभव मिलाउ । यसो गर्नासाथ विद्यार्थी अनुसन्धानकर्ता बन्छ । यो महाभारतमा उल्लिखित चिन्तन हो । गुरुकुलीन अभ्यास पनि हो । यी दुवै विरासतमा प्रविधिसँग सिक्ने कुरा जोडनासाथ आधुनिकता मिसिन्छ । हामी अब्बल प्राध्यापक बन्छौँ । अब्बल विद्यार्थी बनाउछौँ । यो काम क्याम्पस तथा विश्वविद्यालयले सहजै गर्न गराउन सक्छ ।

प्राध्यापक पढाउने विद्यार्थी पढ्ने, यो पुरानो चलन हो । यसलाई बदल्ने सहज उपाय छ । एक दिन पैताले विज्ञले पढाउने । अर्को दिन विज्ञले पढाउने । तेस्रो दिन विदेशमा कार्यरत नेपालीले पढाउने ।

चौथो दिन विदेशी प्राध्यापकले पढाउँने । पाँचौं दिन विद्यार्थीले पढाउने । आधुनिक प्रविधिले यो काम सहज बनाएको छ । यो काम गर्न गराउन विश्वविद्यालयका पदाधिकारी क्रियाशील भए पुग्छ ।

## ५. गरिखाने कलामा

गुरुकुलीन शिक्षाले ६४ कलाको चिन्तन दियो, सबैले सिक्नु पर्ने । चाणक्यले गुरुकुलका विद्यार्थीलाई माग्न सिकाए । समाजशास्त्र पढाउन । थोरथोरै जम्मा गरेर गर्जो टार्न । व्यापार गर्न सिकाए । खेती गर्न सिकाए । उद्यम गर्न सिकाए । हाम्रा विश्वविद्यालयले ६४ कलाको सिप पनि सिकाएनौं । गुरुकुलले पनि चाणक्यका पूरै अभ्यास गरेनौं । प्राज्ञिक थलोमा सिप सिकाउदैनौं भन्न पनि सकेनौं । आधुनिक प्रविधिलाई उपयोग गरी विद्यार्थीले सिक्नैपर्ने सिपको प्रबन्ध पनि गरेनौं । पश्चिमाको जस्तो अन क्याम्पस काम दिने प्रबन्ध पनि गरेनौं । शिक्षाले गरिखाने सिप दिएन पनि भन्न छोडेनौं । क्रुप्सकायाको सोच पनि लागु गरेनौं । सन् २०६० पछि सिप हैन सिप सिक्ने कला पो दिने रहेछ भन्ने सन् २०२० पछिको अमेरिकी तथा चिनियाँ अभ्यास पनि गरेनौं ।

यो स्थितिमा हामीले यी कामहरू गर्नुपर्छ । पहिलो, विद्यार्थीको व्यक्तिगत प्रोफाइल बनाउनु पर्छ । त्यसमा उसले सिक्न चाहेको सिप लेख्नुपर्छ । उसले जानेको सिप लेख्नुपर्छ । उसका घरपरिवारले जानेको सिप लेख्नुपर्छ । विद्यार्थीले चाहेको सिप आधुनिक प्रविधिमार्फत आफैंले सिक्ने प्रबन्ध गर्नुपर्छ । जानेको सिप सिकाउन विद्यार्थीहरूकै जोडा बाँधिदिने व्यवस्था गर्नुपर्छ । सिक्ने र सिक्न चाहनेको त्यो जोडी एकल हुनसक्छ । समूह हुनसक्छ । विद्यार्थीका अभिभावकलाई चाहिँ सिप सिकाउने स्रोतव्यक्तिका रूपमा उपयोग गर्नुपर्छ । यो काम प्रत्येक कलेज, क्याम्पस तथा विश्वविद्यालयले गर्नैपर्छ । गराउनै पर्छ । दोस्रो, हप्तामा एक दिन वा कक्षामा एकछिन कुन सिप बजारमा बिक्छ भन्ने बारेमा विद्यार्थीलाई सोच्न लगाउनु पर्छ । सोचअनुसारको सञ्जालित समूह बनाइदिनुपर्छ । त्यसलाई उद्यमीहरूसँग जोडाइदिनुपर्छ ।

गाली गर्ने हाम्रो संस्कृति बन्यो । राणाको बिरुद्ध नेपाली काङ्ग्रसले । काङ्ग्रेस बिरुद्ध साम्यवादीले । साम्यवादी बिरुद्ध साम्यवादीकै अर्को घटकले । पञ्चायत बिरुद्ध काङ्ग्रेसले । राजाको बिरुद्ध काङ्ग्रेस र साम्यवादीको संयुक्त दस्ताले । यी दस्तीय अभ्यासले विद्यार्थी तथा प्राध्यापकहरूले विरोध गर्न जान्यौं । माग तेर्स्याउन जान्यौं । राणाले गरेका राम्रा काम चिनेनौं, चिनाएनौं । पञ्चायतले गरेका राम्रा काम जानेनौं । काङ्ग्रेसले गरेका राम्रा काम खोजेनौं । साम्यवादीले गरेका राम्रा काम खोजेनौं, खोजाएनौं । परिणामतः हामीले विद्यार्थीलाई निराशा बोक्ने एजेन्ट बनायौं । बोकाउने एजेन्ट बनायौं । राजनीतिक दलले, प्राध्यापकले, पदाधिकारीले । यसलाई बदल्न कलेज तथा क्याम्पसहरू उद्यत हुनुपर्छ । सम्भावना खोज्ने संवाद गराएर । आशा जगाउने अभिमुखीकरण गरेर । ढुङ्गामा चित्र कोरेर कतारको बजारमा बेच्ने नेपाली स्कुले बालकको कथा सुनाएर । कक्षा ५ मा पढ्ने महोत्तरीकी केटीले बनाएको मेहँदीको नमुना देखाएर । पोखराको सातु ब्राण्ड बनाउने युवाको सफलता बुझाएर । पूर्वमन्त्री लोकेन्द्र बिष्टको ड्रागन खेती देखाएर ।

## ६. लचिलो व्यवस्थापनमा

ल्याकत हेरेर विद्यार्थी भर्ना गर्ने गुरुकुलीय तरिका हो । प्रमाणपत्र हेरेर भर्ना गर्ने अहिलेको अभ्यास हो । रुचि हेरेर भर्ना गर्ने अबको प्रयास हुनुपर्छ । यति गर्नासाथ कुन विषय कसले पढ्यो भन्ने बुद्धि

हराउँछ । पूर्वाधारको पढाइलाई के गर्ने भन्ने सोच आउँछ । त्यसका लागि तीन तरिका छन् : पहिलो तरिका हो, अनलाइन कोर्स । दोस्रो तरिका ट्युसन तथा कोचिङ कक्षा । तेस्रो रेफरल कक्षा । यसो गर्नाले अन्तरविधाको सहसम्बन्ध हुन्छ । ज्ञानको क्षेत्र फराकिलो हुन्छ । न्युरोमेडिकल साइन्स र पुर्ख्यौली बिरासत जोडिन्छ । यो प्रबन्धले प्रत्येक कलेज, क्याम्पस तथा विश्वविद्यालयहरू स्वतः द्वैध मोड सञ्चालक बन्छन् । औपचारिक कक्षाका लागि । अनौपचारिक कक्षाका लागि । यसो गर्नासाथ विद्यार्थी नपाउने समस्या हुँदैन । स्वदेशमा पनि, विदेशमा पनि । गैरआवासीय नेपाली समूहमा पनि । यसो गर्नाले कलेज, क्याम्पस तथा विश्वविद्यालयमा आंशिक विद्यार्थी भर्ना हुन थाल्छन् । अनौपचारिक विद्यार्थी भर्ना हुन थाल्छन् । खुला मोडबाट पढ्ने विद्यार्थी भर्ना हुन थाल्छन् । सम्भाव्य विद्यार्थी हुन सक्छन् किसान, मजदुर, व्यापारी, बुद्धिजीवी, राजनीतिज्ञ, गृहिणी आदि । यो काम गर्न नेतृत्वले चाहेमा गर्न गराउन सकिन्छ । गर्नु पनि पर्छ । यसो गर्नका लागि शिक्षक हुनसक्छन् युनिभर्सिटी अफ थर्ड जेनरेसनमा आबद्ध व्यक्तिहरू । ती सेवा निवृत्त व्यक्ति हुनसक्छन् । पश्चिमी देशका चालिसभन्दा बढी विश्वविद्यालयहरूले यसको अभ्यास गरिसकेका छन् । नेपालमा पनि यो काम असङ्गठित क्षेत्रबाट सुरु भइसकेको छ । तिनलाई सोही मोडको उपाधि दिए पनि हुन्छ ।

## ७. विश्वविद्यालय विशिष्टीकरणमा

बहु सङ्कायको विश्वविद्यालय बनाउने हाम्रो अभ्यास हो । बिगतको गुरुकुलले चाहिँ एकल सङ्काय तथा बहु सङ्कायको एकसाथ अभ्यास गरेको देखिन्छ । हामीकहाँ धेरै विश्वविद्यालय आउनुमा हाम्रै अभ्यास पनि दोषी छ । छोटो हाते व्यवस्थापन पढाइन्छ । त्रिभुवन विश्वविद्यालयलाई लामो हातेमै व्यवस्थापन गरिन्छ । सातै प्रदेशमा त्रिवि कोसी, त्रिवि सुदूरपश्चिम भनी लैजाने चिन्तन तुहाइन्छ । पञ्चायतको वेलादेखि नै यसलाई मुद्दा बनाउँदा पनि यो विषय अझै तुहाइमा छ । त्रिविलाई छोटो व्यवस्थापनमा लगेको भए हामीले त्रिवि कोसी योगमाया स्मृति विश्वविद्यालय बनाउन सक्नेथियौं । त्यसमा आयुर्वेदको विशिष्टीकरण गर्न सक्ने थियौं । यसो गरेको भए अनेकौं विश्वविद्यालयहरू बन्ने थिएनन् । २०४९ को आयोगको प्रतिवेदनअनुसार काम गरेको भए पनि यसरी विश्वविद्यालयहरू आउने थिएनन् । सबै विश्वविद्यालयसँग सहकार्य गरी विशिष्टीकरणको अभ्यास गरेको भए पनि यति भद्रगोल हुने थिएन । यो स्थितिमा अबको बाटो हुनुपर्छ, देशलाई कतिओटा विश्वविद्यालय चाहिन्छन् ? कुन कुन विषयका ? कहाँ कहाँ ? सरकारको लगानीमा कुन कुन खोल्ने ? निजी लगानीमा कुन कुन ? प्रालिका रूपमा कुन कुन ? यो काम विश्वविद्यालय अनुदान आयोग तथा योजना आयोग मिलेर गर्नुपर्छ । सो खाकामा अहिलेका प्रदेश विश्वविद्यालय, क्षेत्रीय नामधारी राष्ट्रिय विश्वविद्यालयलाई मिलाउनुपर्छ । मानित विश्वविद्यालय बन्ने बाटो खोल्नु पर्छ । एकल क्याम्पस वा कलेज नै मानित बन्ने बाटो । दुईभन्दा बढी क्याम्पस मिलेर मानित बन्ने बाटो । यो काम गर्न सकिन्छ । गर्नु पनि पर्छ । यसबाहेक एकभन्दा बढी विश्वद्यिालयले एकसाथ पढाउने तथा उपाधि दिने इरासमस मुन्डोसको अवधारणा लागु गर्नु पर्छ । यसो गर्नासाथ स्वतः क्रेडिट स्थानान्तरण हुने गर्छ । अन्तर विश्वविद्यालय समकक्षता सुनिश्चित हुन्छ ।

## ८. सामुदायिक क्याम्पस व्यवस्थापनमा

सबै विश्वविद्यालयले सामुदायिक कलेज वा क्याम्पस खोलेका छन् । सम्बन्धन दिने, आम्दानीको स्रोत बनाउने । पश्चिमी देशमा सामुदायिक क्याम्पस वा कलेजका सबै कोर्सहरू क्रेडिटेड हुँदैनन् । हामीकहाँ कुनै पनि कोर्स नन क्रेडिट हुँदैनन् । यो स्थितिमा हामीले गर्ने केही उपायहरू गर्नुपर्छ ।

पहिलो, ती क्याम्पसहरूलाई एकीकृत गरी विशिष्टीकृत विश्वविद्यालय बनाउनुपर्छ । तिनले समुदायले खोजेका क्रेडिट तथा ननक्रेडिट कोर्स बनाउनु पर्छ । विद्यार्थीलाई समुदायमा अध्ययन गर्न लगाउनु पर्छ । समुदायलाई सघाउनुपर्छ । सामुदायिक क्याम्पस सङ्घ स्वयम्ले यो कामको थालनी गर्नुपर्छ । विश्वविद्यालय अनुदान आयोग तथा सम्बन्धन दिने विश्वविद्यालयले कम्युनिटिभर्सिटी तथा ल्यान्डग्रान्ट युनिभर्सिटीबाट सिक्नुपर्छ । लागु गर्नुपर्छ ।

## ९. राजनीतिक उपयोगमा

अहिले आदर्शहीन राजनीति छ । त्यसले दलियतालाई नै राजनीति भनेको छ । दलीयता चाहिँ संस्कार बनेको छ । बनाइएको छ । परिणामतः हाम्रो प्राज्ञिक समूह खण्डित भएको छ । विद्यार्थी समूह खण्डित छ । यो खण्डित जनशक्तिलाई तीनओटा तरिकाबाट व्यवस्थित गर्नु गराउनु पर्छ । पहिलो, राजनीति भनेको जनसेवा हो भन्ने कुरा स्थापित गर्न क्याम्पस, कलेज तथा विश्वविद्यालयमा राजनीतिक संवाद गर्ने दिन तोकिनुपर्छ । सो दिनमा राजनीतिक सिद्धान्तका कुरा गर्नुपर्छ । जनताका समस्या र तिनको समाधानका बारेमा कुरा हुनुपर्छ । हामी नेतृत्वमा पुग्दा यसरी समस्या समाधान गर्छौं गराउँछौं भन्ने सोच बनाउने अवसर दिनुपर्छ । नेतृत्वमा नपुगे नेतृत्वलाई आफ्नो एजेन्डामा मनाउने तरिका सिकाउनु पर्छ । जर्मनीको ग्रिन पार्टीको रणनीति जस्तो । दोस्रो, दलीयकरणले मारेको पेसाधर्मितालाई पुनर्जीवन दिनका लागि दलहरूलाई प्राध्यापक, शिक्षक, विद्यार्थी आदिमा भातृ सङ्गठन बनाउन बन्देज गर्नुपर्छ । प्रत्येक क्याम्पस, कलेज तथा विश्वविद्यालयले यो काम गर्नु गराउनु पर्छ । तेस्रो, एक्काइसौँ शताब्दीको प्राध्यापक तथा विद्यार्थी बन्न बनाउने अभ्यास कलेज, क्याम्पस एवम् विश्वविद्यालयले गर्नुपर्छ । प्रविधिमा अब्बल, अन्तरपुस्ते संवादमा पारङ्गत । सर्जक, समालेचक । सहकार्य गर्न तयार । हाम्रा अभ्यास बदल्ना साथ यो काम हुन्छ ।

## १०. अनुसन्धानलाई संस्थागत गर्नमा

हर व्यक्ति अनुसन्धाता हो । अनुभवात्मक अनुसन्धाता । प्रत्याभूत्यात्मक अनुसन्धाता । सम्बन्धात्मक अनुसन्धाता । अवलोकनीय अनुसन्धाता । त्यसमा उसका आफ्नै विधि हुन्छन् । प्रक्रिया हुन्छन् । चरण हुन्छन् । प्रस्तुतिको शैली हुन्छ । यो कुरा प्रत्येक प्राध्यापक तथा विद्यार्थीको दिमागमा राखिनु पर्छः शिक्षणबाट, प्रविधिबाट, अभ्यासबाट, अनुसन्धानबाट । समाज तथा धर्मशास्त्रमा भएका अभ्यास तथा जानकारीमा प्रश्न गर्नासाथ अनुसन्धान संस्थागत हुन्छ । किन मन्दिरमा घन्टी बजाइन्छ ? बजाउने तरिका के छ ? त्यसको साउन्ड थेरापीसँग के सम्बन्धित छ ? अहिलेको तनावी दुनियाँलाई शान्त बनाउन घन्टीको कस्तो स्वर हुनुपर्छ ? घन्टी बज्दा कोलोस्टोरेलको तह के हुन्छ ? रक्तचापको मात्रा के हुन्छ ? शरीरको आभा के हुन्छ ? स्वासको गति के हुन्छ ? यी र यस्ता अनुसन्धानहरूमा खर्च हुँदैन । अस्पतालसँग सहकार्य भए पुग्छ । यो संस्कृति बनाउनासाथ प्याटेन्ट राइट दाबी गर्न सकिन्छ । यसका लागि 'विचार तिम्रो सहकार्य मेरो' भन्ने नीति अवलम्बन गर्नुपर्छ । प्रत्येक कलेज, क्याम्पस, तथा विश्वविद्यालयबाट यसको थालनी गर्नुपर्छ ।

## ११. धार्मिक शिक्षाका स्नातकको प्रवेशमा

गुरुकुलका स्नातकको मूलधारको उच्च शिक्षाका केही विधामा सहज प्रवेश छ, लिपि देवनागरी हुनाले । भाषा संस्कृत हुनाले । भारोपेली समूहको माउभाषा भएकाले तर गुम्बा तथा मदरसामा

पढेकाहरू अझै कुन्याइएका छन् । तिनको प्रवेश निषेध जस्तै छ । दुईओटा गुम्बाको पढाइलाई मान्यता दिएर लुम्बिनी बौद्ध विश्वविद्यालयले प्रवेश खोलेको छ । आलमीयत उत्तीर्ण मदरसाका विद्यार्थीलाई पाठ्यक्रम विकास केन्द्रले समकक्षता दिएकाले खुला विश्वविद्यालयले बी.ए. समाजशास्त्रमा प्रवेश दिएको छ । अन्यत्र धार्मिक विद्यालय तथा कलेजमा पढेका विद्यार्थीलाई पढ्ने अवसर छैन, समकक्षता नदिएर । पूर्वाधार नपुगे थप पढाए हुन्छ तर समकक्षता नदिँदा अन्याय भएको छ । मदरसा स्नातकलाई । गुम्बा स्नातकलाई र स्नातकोत्तरलाई । तदन्तरका उपाधिवालालाई । यसका लागि क्रेडिट दिने र पूर्वाधार कोर्सको व्यवस्था गरे हुन्छ । कोर कोर्स पढाए हुन्छ । विश्वविद्यालय पदाधिकारीहरूले यो काम गर्नुपर्छ । धार्मिक शिक्षाका स्नातकलाई मूलधारमा जोड्नै पर्छ ।

## १२. निष्कर्ष

ज्ञान बाँड्ने हिजोको चल्ती थियो, प्रत्युत्तपादन । ज्ञान बेच्ने अहिलेको अभ्यास बन्यो, उपभोक्तावाद । ज्ञान सिर्जना गर्न विश्वविद्यालयहरू खडा भए । उद्यम, ज्ञानको पहिचान र परिचालन भोलिको आवश्यकता बन्यो । विश्व बजारीकरण । यो स्थितिमा हामी के गर्ने हो ? क्याम्पसले ? कलेजले ? विश्वविद्यालयले ? यस बारेमा कलेज, क्याम्पस तथा विश्वविद्यालयले संवाद गर्नुपर्छ । उच्च शिक्षाले व्यावसायिक मान्छे बनाउने हो भने आधुनिक प्रविधिको सहारा लिए हुन्छ । छोटो अवधिको तालिम दिए हुन्छ । प्राविधिक बनाउने हो भने रैथाने ज्ञान सिप, प्रविधिको खोजी, उद्यमीकरण, बजारीकरण, सैद्धान्तीकरण तथा दार्शनिकीकरण गरिदिए पुग्छ । यसोगर्दा पहिचान पनि हुन्छ । पैसा पनि हुन्छ । पुर्खाकै शब्दमा उर्जा, मन तथा पदार्थले बनेको मान्छे नै ब्रह्माण्डको स्याम्पल हो भन्ने कुरा बुझ्ने बुझाउने हो भने धर्मशास्त्र, लौकिक अभ्यास, पश्चिमा पुस्तक, आधुनिक प्रविधि, पैताले विज्ञ, विदेशी विज्ञ एकसाथ जोडेर अनुसन्धानरत विद्यार्थी बनाउनु पर्छ । प्राध्यापकमा त्यही तागत सुनिश्चित गनुपर्छ । यसका लागि समर्पित बन्नुबाहेक विकल्प छैन । पुस्तान्तरण, विकासवाद र समावेशिता यसैमा सम्भव छ । उर्जा, मन तथा प्रकृति एकसाथ रमाउने तागत यसैमा छ । यसलाई चिन्ने चिनाउने काम कलेज, क्याम्पस तथा विश्वविद्यालयले गरौँ ।

## सन्दर्भ सामग्री


*https://www.sanskritimagazine.com/panchkosha-5-layers-*

*https://www.ancient-origins.net/human-origins-religions/hindu-sacred-texts-about-human-origins-0066.*

*https://www.hinduwebsite.com/hinduism/concepts/creation.asp#google_vignette*

*https://www.hoover.org/research/essence-marxism*

*https://theconversation.com/us/topics/marxism-2424*

Backer, David and Cairns, Kate (2021). Social reproduction theory revisited. Online publication. 27 July, 2021. British Journal of sociology of education. vol. 42. Issue 7, 2021.

Collins, James (2009). Migration, socio-linguistic scale and educational reproduction. Vol. 38. Annual review of anthropology

# कार्यसम्पादनमा आधारित शिक्षक बढुवाका विविध आयामहरू

✍सरस्वती गुरागाईं*


## लेखसार

शिक्षकको बढुवा, उपयुक्त स्थानमा सरुवा, पदस्थापन, तलबभत्ता, शैक्षिक अवसर, तालिम, अध्ययन भ्रमण आदि कुराहरूमा हुने विकासलाई शिक्षकको वृत्ति विकास भन्न सकिन्छ । नेपालमा विद्यालय तहका शिक्षकहरूमा वृत्ति विकासको महत्त्वपूर्ण माध्यमका रूपमा कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवालाई पनि लिन सकिन्छ । शिक्षकबाट सम्पादन भएका काम र व्यवहारहरूका आधारमा उसका सबल पक्षहरू र कमजोरीहरूको पहिचान गरी कमीकमजोरीहरूलाई के कसरी हटाउन सकिन्छ भन्ने उपायहरू समेतको पहिचान गरी तदनुरूप सुधारका काम गर्नु कार्यसम्पादन मूल्याङ्कनको प्रमुख लक्ष्य हो । कार्यसम्पादनमा देखिएका कमीकमजोरी पहिचान गरी त्यस्ता कमीकमजोरीहरू कसरी हटाउन सकिन्छ भन्ने बारेमा सिफारिस कर्ता, प्रमाणित कर्ता र पुनरवलोकन समितिका साथै सम्बन्धित शिक्षकबिच छलफल गरी भविष्यमा कमीकमजोरी हटाउन र शिक्षकहरूमा अन्तरर्निहित सम्भावनाहरूको उजागर गर्न मदत पुग्छ । प्रत्येक शिक्षकहरूको कार्यसम्पादनस्तरमा सुधार आएपछि समुच्च शिक्षकको कार्यसम्पादनस्तर स्वतः बढोत्तरी हुन्छ । कार्य सम्पादन मूल्याकनलाई प्रभावकारी बनाउन बढुवा प्रक्रियामा संलग्न हुने पदाधिकारीहरूका अतिरिक्त शिक्षक स्वयम्को भूमिका पनि त्यति नै महत्त्वपूर्ण हुन्छ । बढुवा प्रणालीमा समस्या नभएका होइनन् ती समस्या समाधान योग्य पनि छन् । त्यसका लागि सबै पक्षबिच सहकार्य, समन्वय र सहयोग आवश्यक हुन्छ । प्रस्तुत लेखमा कार्यसम्पादन मूल्याङ्कनको परिचय, कानुनी व्यवस्था, अदालती अभ्यास, शिक्षकको भूमिका, मूल्याङ्कनकर्ताको भूमिका, समस्या, चुनौती र समाधानका उपायको सम्बन्धमा चर्चा गरिएको छ ।


## १. पृष्ठभूमि

कुनै पनि व्यक्तिले अगालिरहेको पेसा वा व्यवसायलाई बढी मूल्यवान्, प्रतिष्ठित, उर्जावान् तथा समयसापेक्ष बनाउने अवस्था वृत्ति विकास हो । वृत्ति विकास मानव संसाधन व्यवस्थापनको अति नै महत्त्वपूर्ण आयाम हो । कुनै पनि पेसा, व्यवसाय तथा तोकिएको जिम्मेवारीमा हुने प्रगति, उन्नति जस्ता सकारात्मक तथा गुणात्मक बढोत्तरीलाई वृत्ति विकास भनिन्छ । वृत्ति विकासलाई सामान्यतया पदोन्नति, बढुवा वा माथिल्लो जिम्मेवारी वहन गर्ने माध्यमका रूपमा लिने गरिन्छ । वृत्ति विकास Vertical /Horizontal वा दुवै हुन सक्छन् ।

शिक्षकको बढुवा, उपयुक्त स्थानमा सरुवा, पदस्थापन, तलबभत्ता, शैक्षिक अवसर, तालिम, अध्ययन भ्रमण आदि कुराहरूमा हुने विकासलाई शिक्षकको वृत्ति विकास भन्न सकिन्छ । नेपालमा विद्यालय तहका शिक्षकहरूमा वृत्ति विकासको महत्त्वपूर्ण माध्यमका रूपमा कार्यसम्पादन मूल्याङ्नका आधारमा हुने बढुवालाई लिन सकिन्छ । बढुवा दया, माया, आर्शिवादबाट प्राप्त हुने विषय नभएर

* शाखा अधिकृत, शिक्षक सेवा आयोग

आफ्नै योग्यता, क्षमता र अनुभवबाट प्राप्त हुने विषय भएकाले यो शिक्षकहरूको पेसाप्रति गौरव र सम्मान बढाउने महत्त्वपूर्ण विषय हो । कार्यसम्पादनमा आधारित बढुवा कार्यमा शिक्षकदेखि लिएर प्रधानाध्यापक, स्थानीय तह, महानगर, उपमहानगर र गाउँपालिकाको कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख, शिक्षा विकास निर्देशनालय र आयोगको समेत संलग्नता रहन्छ । यो सामूहिक कार्यबाट प्राप्त हुने परिणाम हो । यसको मूल्याङ्कन शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोग नियमावलीका साथै बढुवासम्बन्धी कार्यविधि र अदालतबाट प्रतिपादित सिद्धान्त आदिमा उल्लेख भएको व्यवस्थाबमोजिम गर्ने गरिन्छ । शिक्षकहरूको बढुवा हुनु उसको वृत्ति विकास र सम्मानको विषय मात्र नभएर समग्र शैक्षिक प्रणालीको उन्नयन र विकासको माध्यम पनि हो ।

## २. शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसम्बन्धी कानुनी व्यवस्था

- शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२ घ को उपनियम ७ मा सम्बन्धित शिक्षकले शैक्षिक सत्र सुरु भएको मितिले तिस दिनभित्र कार्य सम्पादन मूल्याङ्कन फाराममा आफूले भर्नुपर्ने विवरण भरी सम्बन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्ने भन्ने व्यवस्था रहेको छ ।

- प्रधानाध्यापकले आफैं सुपरिवेक्षक भए १५ दिनभित्र मूल्याङ्कन गरी पुनरवलोकन समितिको मूल्याङ्कनका लागि शिक्षा विकास तथा समन्वय इकाइमा पठाइसक्नु पर्दछ । प्रधानाध्यापक सुपरिवेक्षक नभएमा त्यस्तो फाराम ७ दिनभित्र सुपरिवेक्षकसमक्ष पठाउनु पर्ने छ । पुनरवलोकन समितिले आफूसमक्ष प्राप्त कासमू फाराम शैक्षिक सत्र सुरु भएको मितिले ९० दिनसम्म मूल्याङ्कन गरिसक्नु पर्ने छ ।

- शिक्षक सेवा आयोग नियमावली, २०५७ को परिच्छेद ४ मा बढुवासम्बन्धी व्यवस्था गरिएको छ । "बढुवाका लागि उम्मेद्वार हुन सम्बन्धित श्रेणीको तहमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्नेछ ।" भन्ने व्यवस्था रहेको छ ।

- शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २८ मा शिक्षकको बढुवा २ प्रकारबाट गरिने व्यवस्था रहेको छ ।

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षा

(ख) कार्य सम्पादन मूल्याङ्कन आधारमा बढुवा

कुल रिक्त पदहरूमध्ये २५% आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५% कार्य सम्पादन मूल्याङ्कन आधारमा बढुवाद्वारा पूर्ति गरिने व्यवस्था रहेको छ ।

**(क) आन्तरिक प्रतियोगितात्मक परीक्षा :** आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने शिक्षक बढुवा शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधनसहित) अनुसार बढुवा गरिने तह र श्रेणीका पदहरूमध्ये २५% पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा हुने प्रावधान रहेको छ । ती पदमा जिल्लागत रूपमा मानव स्रोत विकास केन्द्रबाट प्राप्त

विवरणका आधारमा आयोगबाट विज्ञापन प्रकाशन गरी विज्ञापित तहको सम्बन्धित श्रेणीभन्दा एक श्रेणीमुनिका शिक्षकहरूमध्येबाट लिखित परीक्षा र अन्तरवार्तासमेतबाट छनोट गरी बढुवा नियुक्तिका लागि शिक्षा विकास तथा समन्वय एकाइमा सिफारिस गरी पठाउने व्यवस्था छ ।

**(ख) कार्य सम्पादन मूल्याङ्कन आधारमा बढुवा :** शिक्षक सेवा आयोग नियमावली (संसोधन सहित) २०५७ अनुसार कुल रिक्त पदको ७५ प्रतिशत पद यस प्रक्रियाबाट बढुवा गर्ने प्रावधान रहेको छ । कार्य सम्पादन मूल्याङ्कनका आधारमा बढुवा गर्दा देहायबमोजिम बढीमा १०० अङ्कमा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।

कार्यसम्पादनका आधारमा हुने बढुवाको मूल्याङ्कन क्षेत्र र अङ्कभार

- नोकरीको ज्येष्ठताबापत ३५
- शैक्षिक योग्यताबापत २०
- तालिमबापत १०
- कार्य सम्पादन ३५

(क) नोकरीको जेष्ठताबापत : ३५ (सम्बन्धित तहमा स्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको २.५ अङ्कका दरले र अस्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको १.२५ अङ्कका दरले बढीमा ३५ अङ्क)

(ख) शैक्षिक योग्यताबापत : २० (न्यूनतम शैक्षिक योग्यता वापत् प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि क्रमशः १५, १३ र ११ अङ्क र न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको शैक्षिक उपाधिबापत प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि क्रमशः ५ ,४ र ३ अङ्क दिइने र श्रेणी नखुलेको शैक्षिक योग्यताबापत द्वितीय श्रेणी बराबरको अङ्क)

(ग) तालिमबापत : १० अङ्क

- तालिममा प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि क्रमशः ७, ६ र ५ अङ्क दिइने
- टिपिडीबापत् प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि क्रमशः ३, २ र १ अङ्क दिइने

(घ) कार्यसम्पादनबापत : ३५ अङ्क

कार्यसम्पादनअन्तर्गत

- अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिबापत १५
- शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरेबापत ५
- विशेष जिम्मेवारीबापत ५

- कार्य सम्पादनका आधारमा सुपरिवेक्षक र पुनरवलोकन समितिले गरेको मूल्याङ्कनबापत १० (जसमा सुपरिवेक्षकले दिने अधिकतम ६ र पुनरवलोकन समितिले दिने अधिकतम ४ अङ्क)

कार्यसम्पादनका लागि कानुनी आधारहरू

- शिक्षा ऐन, (संसोधनसहित) २०२८
- शिक्षक सेवा आयोग नियमावली, (संसोधनसहित) २०५७
- शिक्षा नियमावली, (संसोधनसहित) २०५९
- सम्बन्धित अन्य प्रचलित ऐन र नियमहरू
- आयोगले तयार गरेका कार्यविधि तथा निर्देशिकाहरू
- शिक्षक सेवा आयोग कार्यसञ्चालन कार्यविधि, २०७८
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने शिक्षक पदको बढुवासम्बन्धी कार्यविधि, २०७९

शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको महत्त्व

- विद्यालयको लक्ष्य र उद्देश्य प्राप्त गर्न
- योग्य र गुणस्तरीय शिक्षक पहिचान गर्न
- शिक्षक र विद्यालयका कमी कमजोरी र समस्याको पहिचान गरी पृष्ठपोषण प्राप्त गर्न
- तालिमसम्बन्धी आवश्यकताको पहिचान र भविष्यमा गर्नुपर्ने कार्यको योजना बनाउन
- उत्पादन, उत्पादकत्व वृद्धि तथा गुणस्तरीय शिक्षाको प्रवर्धन गर्न
- शिक्षकमा कार्यक्षमता, उत्तरदायित्व र जिम्मेवारी बढाउन
- शिक्षकमा उत्प्रेरणा र मनोवल बढाउन

## ४. बढुवाका लागि सम्बन्धित शिक्षकले ध्यान पुऱ्याउनु पर्ने पक्षहरू

- बढुवाका लागि उम्मेदवार हुन चाहने शिक्षकले आफ्नो पदाधिकार रहेको विद्यालयमा प्रत्येक शैक्षिक सत्रको १ गतेदेखि सोही महिनाको ३० गतेसम्ममा अगिल्लो शैक्षिक सत्रको कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गराई सक्नु पर्दछ । यदि ३० गते सार्वजनिक बिदा भएको खण्डमा लगत्तै कार्यालय खुलेको दिन कासमू भरी आफ्नो विद्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेस गरी सक्नु पर्दछ ।

- नियमावलीमा उल्लेख भएको ढाँचामा काममु दर्ता मिति, दर्ता न., मूल्याङ्कन अवधिलगायतका अन्य विवरण केरमेट नगरी पूरा विवरण भर्नु पर्दछ ।

- कासमू फारामको शिरमा दर्ता न. र दर्ता मितिमा कुनै केरमेट नगरी भर्नु पर्दछ साथै दर्ता गर्न तोकिएको समयभन्दा अगाडि वा पछाडिको मिति रहेछ भने त्यस्तो दर्ता मितिलाई मान्यता नदिइने व्यवस्था बढुवा कार्यविधिले गरेको छ ।

- कासमू फरामको शिर भागमा काममु दर्ता भएको विद्यालयको छाप अनिवार्य रूपमा लगाउनु पर्दछ ।

- आफ्नो कास मूफारम आफैँ भर्नु पर्दछ र सम्बन्धित शिक्षकको दस्तखत महलमा अनिवार्य दस्तखत गर्नु पर्दछ । शिक्षकले हस्ताक्षरसँगै मिति र सङ्केत न. समेत लेख्नु राम्रो हुन्छ ।

- प्रतियोगी शिक्षक प्रधानाध्यापक हैसियतमा कार्यरत रहे पनि आफ्नो कासमू फाराममा सिफारिस या प्रमाणित आफैँले गर्नु हुँदैन ।

- कासमू फरामको खण्ड (क) मा औसत सिकाइ उपलब्धि कति हो नतिजा विश्लेषणका आधारमा उल्लेख गर्नु पर्दछ ।

- बढुवाको विज्ञापन भएपछि योग्यता पुगेका शिक्षकहरूले समय सीमाभित्र बढुवा दरखास्त फाराम अनिवार्य रूपमा भर्नु पर्दछ ।

- दरखास्त फाराममा उल्लिखित विवरणलगायत शिक्षकको सङ्केत न. अनिवार्य रूपमा उल्लेख गर्नु पर्दछ ।

- शिक्षक सेवा आयोगबाट प्रकाशित हुने बढुवासम्बन्धी सूचनाहरूको जानकारीका लागि निरन्तर रूपमा www.tsc.gov.np हेर्ने गर्नुपर्दछ ।

- बढुवा दरखास्त फाराममा सूचना अनुसारका अनिवार्य पेस गर्नु पर्ने प्रतिलिपि कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्दछ ।

- सम्बन्धित तहको नियुक्ति पत्र
- शिक्षा विकास तथा समन्वय एकाइबाट अविछिन्न सेवा निरन्तरता पत्र
- न्यूनतम र माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र
- विदेशी शैक्षिक योग्यताका प्रमाण पत्र भए नेपालको समकक्षता पत्र
- १० महिने तालिमका एकीकृत प्रमाण पत्र
- TPD तालिमको एकिकृत प्रमाण पत्र
- सरुवा भएको भए सरुवा, रमाना र हाजिरी भएको जानकारी पत्र
- लियन, माथिल्लो पदमा काम गरेकोमा सो पदमा काम गरेको खुलाउने कागज पत्रहरू
- नेपाली नागरिकताको प्रमाण पत्र ।

## ५. मूल्याङ्कनकर्ता (प्रधानाध्यापक र विव्यस अध्यक्ष र स्थानीय तहका शिक्षा प्रमुख र इकाइ प्रमुख) भूमिका

- प्रधानाध्यापकले समान तह र समान श्रेणीको शिक्षकको मूल्याङ्कन फाराममा सिफारिस र प्रमाणित गर्नुहुँदैन ।
- आफूले मूल्याङ्कन गर्न पाउने एक तह वा श्रेणी माथिको उम्मेदवार भएमा सिफारिस र प्रमाणित गर्ने महलमध्ये एक स्थानमा मात्र दस्तखत गर्नु पर्दछ ।
- मूल्याङ्कन कर्ताले कासमूको अङ्क दिने महलमा अङ्क नदिई हस्ताक्षर गर्नु हुँदैन ।
- आयोगबाट दिइएको निर्देशनअनुसार आयोगले तोकेको आधिकारिक व्यक्तिबाहेक अन्यले सिफारिसरप्रमाणित गर्नुहुँदैन ।
- मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा केरमेट गर्नुहुँदैन । केरमेट गरेको, टिपेक्स प्रयोग भएको रबर स्ट्याम्प प्रयोग गरेको कासमूले मान्यता पाउँदैन ।
- प्रधानाध्यापक आफैँ सुपरिवेक्षक भएमा मूल्याङ्कन गरी १५ दिनभित्र कासमू पुनरवलोकन समितिमा पेस गर्नुपर्दछ । प्रधानाध्यापक सुपरिवेक्षक नहुने अवस्थामा ७ दिनभित्रमा सुपरिवेक्षकसमक्ष पेस गरिसक्नु पर्दछ ।
- प्रत्येक स्थानीय तहका शिक्षा शाखाले पेस हुन आएका सबै कासमू फाराममा भरिएका विवरण सही रूपमा भरे नभरेको अनिवार्य रूपमा रुजु गरी सही रूपमा विवरण भरिएको नपाइएमा त्यस्ता कासमू फारामलाई पूर्णता दिन सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई झिकाई तोकिएको विवरणहरू सही रूपमा भर्न लगाउनु पर्दछ ।
- पुनरवलोकन समितिले आफूसमक्ष प्राप्त भएको कासमू फाराम शैक्षिक सत्र सुरु भएको मितिले ९० दिनभित्र मूल्याङ्कन गरिसक्नु पर्दछ ।
- एकाइमा कासमू बुझिलिँदा रुजु गरी मात्र बुझ्नु पर्दछ । म्याद नागि विद्यालयमा दर्ता भएका कासमू मूल्याङ्कन गर्नुहुँदैन ।
- अङ्क दिँदा अङ्क र अक्षर दुवैमा अङ्क प्रदान गर्नु पर्दछ ।
- मूल्याङ्कनकर्ताको दस्तखत छुटेको खण्डमा अङ्क गणना हुँदैन ।
- कासमू फाराममा हस्ताक्षर गर्ने सबै पदाधिकारीले आफ्नो परिचय खुल्ने गरी नाम, पद, श्रेणी, सङ्केत नम्बर र मिति अनिवार्य रूपमा उल्लेख गर्नु पर्दछ ।
- शिक्षा विकास निर्देशनालयले शिक्षा विकास तथा समन्वय एकाइबाट प्राप्त कासमू विवरण सही रूपमा भरे नभरेको यकिन गरी अभिलेख राख्नु पर्दछ ।
- निर्धारित अवधिभित्र कासमू भरी पेस नगर्ने शिक्षक, समयमा मूल्याङ्कन नगर्ने सुपरिवेक्षक तथा पुनरवलोकन समितिका पदाधिकारीउपर अख्तियारवालाले विभागीय कारबाही हुने व्यवस्था रहेको छ ।

## ६. शिक्षक कासमूमा मूल्याङ्कन गर्ने पदाधिकारीहरू

कासमूमा मूल्याङ्कन गर्ने पदाधिकारीहरू शिक्षक सेवा आयोग नियमावली, (दसौँ संशोधन) अनुरूप देहायअनुसार हुने व्यवस्था रहेको छः

(क) कासमूको खण्ड (क), (ख) र (ग) सिफारिस र प्रमाणित गर्ने

| सि. न. | कसको | सिफारिस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|---|
| १. | शिक्षक | प्रधानाध्यापक | शिक्षा अधिकृत |
| २. | प्रधानाध्यापक वा प्र.अ. सरह वा उपल्लो तह र श्रेणीको शिक्षक | शिक्षा अधिकृत | शिक्षा प्रमुख |

(ख) कार्यसम्पादन मूल्याङ्कन गर्ने सुपरिवेक्षक र पुनरवलोकन समिति

| सि. न. | तह | सुपरिवेक्षक | पुनरवलोकन समिति |
|---|---|---|---|
| १. | शिक्षक | प्रधानाध्यापक | प्रधानाध्यापक, स्थानीय तहको शिक्षा हेर्ने प्रमुख र शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख |
| २. | प्रधानाध्यापक वा प्रअ सरह वा माथिल्लो तह र श्रेणीको | स्थानीय तहको शिक्षा हेर्ने प्रमुख | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्थानीय तहको शिक्षा हेर्ने प्रमुख र शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख |

## ७. समस्या र चुनौती

नेपालको विद्यालय शिक्षामा शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसम्बन्धी समस्या निकै नै गम्भीर बनेर रहेको छ । एउटै समयमा नियुक्ति भएका शिक्षकहरूमध्ये कसैको छिट्टै बढुवा हुने अनि कसैको निवृत्तिभरणको समयसम्म पनि बढुवा हुन नसकेको अवस्था छ । यसमा नीतिगत, कानुनी, संरचनागत, कार्यविधिगत तथा सरोकारवाला सबैको जिम्मेवारी रहेको बुझ्न सकिन्छ ।

- शिक्षा ऐनमा विद्यालय तह दुई भए पनि नियमावलीमा तीन तह नै रहेको हुँदा यस विषयमा ऐनअनुसारको तहगत व्यवस्था मिलाउनुपर्ने समस्या रहेको छ ।

- सङ्घीयताको कार्यान्वयनसँगै पालिकास्तरमा शिक्षाको काम गर्न विभिन्न थरीका कर्मचारीहरू तोकिनु र शिक्षाका विगतका संरचनागत व्यवस्थामा परिवर्तन आउनुले शिक्षकको कार्य सम्पादन मूल्याङ्कनमा समस्या भएको छ ।

- कानुनको अनभिज्ञता क्षम्य हुन सक्दैन कतिपय शिक्षकहरूले अनभिज्ञता वा चासो नराखेका कारण कासमू फाराम समयमै नभर्ने, फाराम भर्दा केरमेट गर्ने तथा स्पष्ट र पूर्ण रूपमा नभर्दा त्यसको मूल्याङ्कनमा समस्या देखिएको छ ।

- कार्यसम्पादन मूल्याङ्कन समयमै नहुनु, प्रधानाध्यापकले आफू समक्ष मूल्याङ्कनका लागि प्राप्त कासमू बुझिसकेपछि सम्बन्धित निकायमा समयमा नपठाइदिने गरेको धेरै शिक्षकको गुनासो रहेको छ ।

- शिक्षक सेवा आयोग नियमावली, २०५७ को पाँचौं संशोधनले व्यवस्था गरिएको शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरेर अनिवार्य प्रतिवेदन बुझाउनु पर्नेमा कतिपय शिक्षकले नबुझाउने समस्या देखिएको छ ।

- सूचना तथा सञ्चार प्रविधिमैत्री जनशक्ति ज्यादै न्यून रहेको ।

- साविकका जिल्ला शिक्षा कार्यालयहरूमा बुझाइएको कासमू फाराम सुरक्षित र व्यवस्थित रूपले सङ्ग्रह र अभिलेख व्यवस्थापन नभएको, कतिपयको त खोज्दा नपाइएको, सम्बन्धित अधिकारी गैरजिम्मेवार बन्ने गरेको अवस्था रहेको कुरा शिक्षकहरूको गुनासो रहेको

- अनलाइन प्रणालीको विकास भए तापनि त्यसका लागि उपकरण, भौतिक पूर्वाधार, जनशक्ति र बजेट न्यून रहेको

- जिल्ला र प्रदेशस्तरमा आयोगको आफ्नो भवन नहुँदा कार्य सम्पादन मूल्याङ्कन कार्यमा कठिनाइ भएको ।

- आयोगको छुट्टै शाखा प्रदेश कार्यालय नहुँदा कार्यसम्पादन र सेवाप्रवाह प्रभावकारी हुन नसकेको (विशेषतः कार्यसम्पादनमा आधारित बढुवा समयमा सम्पादन गर्न नसकिएको)

- कतिपय अवस्थामा राजनीतिक पहुँचका आधारमा जुनियर शिक्षक प्रधानाध्यापक हुने र त्यस्तो अवस्थामा शिक्षक र प्रधानाध्यापकबिच सम्बन्ध राम्रो नहुँदा त्यसको असर कासमूमा पर्ने गरेको । शिक्षक एवम् प्रधानाध्यापक दुवै एक अर्काका प्रतिस्पर्धी हुने अवस्थामा कासमू फाराम भर्ने सम्बन्धमा प्रधानाध्यापकले सूचना नदिने, प्रधानाध्यापकले आफूले दिन पाउने अङ्क त्यस्ता शिक्षकलाई नदिने, कम दिने तथा नदिन भूमिका खेल्ने गरेको जस्ता आरोपहरू प्रधानाध्यापक माथि लाग्ने गरेको ।

- नीतिगत रूपमा कतै उल्लेख नभएको व्यवहारमा जतातत‍ै देखिएको समस्या तल्लो तहमा नियुक्त भएको तर तल्लो तहका कुनै पनि कक्षा अध्यापन नगर्ने शिक्षकको मूल्याङ्कनका लागि कुन कक्षाको उपलब्धिलाई आधार मान्ने भन्ने विषय पनि अन्योल

नै छ । माथिल्लोलाई आधार मानौं बढुवाको प्रतिस्पर्धा तल्लै तहका सँग हुने र तल्लोलाई आधार मानौं पढाउँदै नपढाएका कारणले प्राप्ताङ्कमा समस्या भएको अवस्था रहेको छ ।

- साविकको शिक्षा सेवाबाट समायोजन भएर आएका, पछिल्लो समयमा स्थानीय तहको माग बमोजिम नियुक्ति भएका, साविकको स्रोतव्यक्तिले निरन्तरता पाएका, विद्यालय शिक्षकबाट काजमा ल्याइएका, अन्य सेवाबाट कामकाज तोकिएका गरी हाल स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्न विभिन्न प्रकारका कर्मचारी रहेका छन् । स्थानीय तहको शैक्षिक कार्यक्रम सञ्चालनको हकमा यी सबैको समान अधिकार स्थानीय तहबाट प्रदान गरिएको स्थिति छ । स्थानीय तहले कार्य विभाजन र सेवा समूह सञ्चालनसम्बन्धी ऐन नियम आफैं तर्जुमा गर्ने वर्तमान व्यवस्था, समायोजनताका कर्मचारीको अभावका कारण स्थानीय तहबाट अपनाइएको वैकल्पिक उपाय र त्यही वैकल्पिक उपायलाई निरन्तरता दिन कर्मचारी माग नै नगरी पाएको निरन्तरताले शिक्षाको काम हेर्ने प्रमुख र कार्य सम्पादन मूल्याङ्कन गर्ने शिक्षा प्रमुख एउटै हो वा होइन भन्ने प्रश्न उब्जाएको भन्ने गुनासो रहेको छ ।

- सबै पालिकामा शिक्षा सेवाका कर्मचारी नहुनु र शिक्षा सेवाका कर्मचारी नभएका पालिकाका हकमा कार्य सम्पादन मूल्याङ्कनको वैकल्पिक व्यवस्था नहुँदा मूल्याङ्कन कार्यमा कठिनाइ भएको गुनासो रहेको छ ।

## ८. समाधान

- शिक्षा ऐनमा विद्यालय तह दुई भए पनि नियमावलीमा तीन तह नै रहेको हुँदा अब बन्ने ऐनमा नै तहगत व्यवस्था मिलाउनु पर्ने

- सङ्घीयतासँगै शिक्षकको व्यवस्थापन पनि चुनौतीपूर्ण भएको अवस्थामा शिक्षक बढुवासम्बन्धी कानुनको समसामयिक संशोधन र परिमार्जन गर्नुपर्ने ।

- सङ्घीयताको कार्यान्वयनसँगै पालिकास्तरमा शिक्षाको काम गर्न विभिन्न किसिमका कर्मचारीहरू तोकिएकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा मात्र शिक्षक वा कर्मचारीको दरबन्दी सिर्जना गर्ने

- सङ्घीयतासँगै शिक्षाको विगतको संरचनागत व्यवस्थामा परिवर्तन भएकाले शिक्षकको कार्य सम्पादन मूल्याङ्कनमा समेत समस्या हुने गरेकाले अब बन्ने कानुनबाट सोको सम्बोधन गरिनुपर्ने

- शिक्षक बढुवाको उम्मेदवार हुन ५ शैक्षिक सत्र पूरा गर्नुपर्ने व्यवस्थालाई हटाएर ५ वर्ष पूरा गर्नुपर्ने भन्ने व्यवस्था राख्ने

- शिक्षकले हरेक वर्ष बुझाएका हरेक कासमू फारामहरूको अभिलेख कम्प्युटरमा राख्ने

- परम्परागत कागजमा भर्नुपर्ने झन्झटको अन्त्य गर्ने

- कासमू अनलाइनबाटै भर्ने व्यवस्था गर्ने

- कार्यसम्पादन मूल्याङ्कन सूचना प्रविधिमैत्री बनाउनु पर्ने

- शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको प्रतिशत अङ्कमा समयसापेक्ष संशोधन गर्ने यसो गर्दा नवप्रवेशी शिक्षक शिक्षणप्रति थप उत्साहित बन्ने अवस्था आउँछ । शिक्षणमा योग्यता प्रणालीको विकास हुन्छ शैक्षिक गुणस्तरमा बढोत्तरी हुन्छ ।

- कक्षा शिक्षक, अतिरिक्त क्रियाकलाप प्रमुख, सहायक प्रधानाध्यापक, प्रधानाध्यापकलगायत विशेष जिम्मेवारीमा रहेका शिक्षकलाई पनि कामको प्रतिवेदन निश्चित समयमा बुझाउन भन्ने । समयमै बुझाउने र नबुझाउनेको अङ्क निजहरूकै रोहबरमा प्रधानाध्यापकले दिने र यसको अभिलेख राख्ने व्यवस्था गर्नु जरुरी छ ।

- शिक्षकले आफूले पढाउनुपर्ने पाठको विवरण, पाठयोजना, प्रयोग गरेकार गर्ने शैक्षिक सामग्री, कक्षाकोठा समयको पालना, सदुपयोग तथा व्यवस्थापन र शिक्षण विधि, मूल्याङ्कनका साधन र नतिजासमेत समेटेर अगिल्लो दिन विद्यालय समयपश्चात् शिक्षकले कक्षा शिक्षकलाई, कक्षा शिक्षकले शिक्षक प्रतिनिधि वा सहायक प्रधानाध्यापकलाई र शिक्षक प्रतिनिधि वा सहायक प्रधानाध्यापकले प्रधानाध्यापकलाई नियमित रूपमा प्रतिवेदन बुझाउनै पर्ने व्यवस्था गर्नु जरुरी छ ।

- सुपरिवेक्षक तथा पुनरवलोकन समितिमा रहने शिक्षाका अधिकारीहरूले सूचक बनाएर नियमित रूपमा जानकारी दिएर विद्यालय तथा शिक्षकको कक्षा अवलोकन गर्ने सोको अभिलेख राख्ने । सोही आधारमा तुरुन्त पृष्ठपोषणसहित अङ्क दिने व्यवस्था गर्नुपर्दछ ।

- निजामती सेवा ऐनमा पनि राजपत्राङ्कित कर्मचारीले अर्धवार्षिक र वार्षिक रूपमा वर्षको २ पटक कासमू फाराम भर्ने व्यवस्था छ । शिक्षकलाई पनि हरेक त्रैमासिक र चौमासिक परीक्षामा निजको सम्बन्धित विषयमा आएको नतिजाका आधारमा सूचक बनाई पारदर्शी हिसाबले अङ्क दिने व्यवस्था हुन जरुरी छ ।

- विद्यालयमा दर्ता भएको कासमू प्रधानाध्यापक आफैँले मूल्याङ्कन गर्ने भए पन्ध्र दिनभित्र मूल्याङ्कनसहित शिक्षा कार्यालयमा र आफैँले मूल्याङ्कन नगर्ने भए सात दिनभित्र सुपरिवेक्षक कहाँ पेस गर्नु जरुरी छ ।

- शैक्षिक सत्र सुरु भएको ३० दिनभित्र विद्यालयमा दर्ता गरिसक्नु पर्दछ । तोकिएको अवधिमा विद्यालयमा दर्ता भइसकेका शिक्षकको कासमूलाई पुन: दर्ता गर्नु नपर्ने व्यवस्था गर्न जरुरी रहेको छ ।

- विद्यालयले कक्षागत रूपमा सञ्चालन गरेको परीक्षाको कक्षागत औसत प्राप्ताङ्क, अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिको अङ्कका रूपमा उल्लेख गर्ने, पालिका वा पालिकाभित्रका वडाका आधारमा भौगोलिक क्षेत्रलाई परिभाषित गर्ने विषयमा पनि निर्णय जरुरी छ ।

- शिक्षा प्रमुखको परिभाषा स्पष्ट पार्नुपर्ने र उक्त परिभाषाअनुसार शिक्षा शाखा प्रमुख नभएका वा अनुपस्थित रहेका अवस्थामा पालिकाको कासमूको सुपरिक्षवेक्षकका लागि वैकल्पिक मूल्याङ्कन कर्ताको कानुनी व्यवस्था गर्नु आवश्यक छ ।

- प्रदेश तहका सञ्चार माध्यमहरू (एफएम, रेडियो, जुम मिटिङलगायत) को प्रयोगबाट प्रदेशभर एकरूपतामा हुने गरी कसरी कासमूसम्बन्धी कार्य व्यवस्थित गर्ने भन्ने विषयमा बहस गर्न सकिन्छ । यी खालका बहसहरूमा सबै पालिकाका कासमूसम्बन्धी समस्याहरू सुनेर सूचना लिने, सूचनाका आधारमा विज्ञ पेसाकर्मीहरूबिच छलफल चलाउने र निष्कर्षलाई समाधानका उपायका रूपमा अङ्गीकार गर्नु पर्दछ ।

- कासमूसम्बन्धी सङ्घीय तहबाट प्राप्त जानकारीहरू छिटो साधनद्वारा विद्यालयसम्म पुऱ्याउने, अस्पष्ट भएका विषयहरूमा तालिम, कार्यशाला सञ्चालन गरी स्थानीय तहका कर्मचारीहरूको क्षमता विकास गर्ने काममा प्रदेशस्तरबाट सहयोग गरिनु पर्छ ।

- एकातिर नीति नै अस्पष्ट हुनु, अर्कातिर एउटै जिम्मेवारीका लागि थरी थरीका कर्मचारी हुनुले पनि शिक्षकको कार्य सम्पादन मूल्याङ्कनले थप कठिनाइ भोग्नु परिरहेको स्थिति छ । जुन स्थितिलाई चिरफार गर्दै शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरी सम्भावित बढुवालाई आधार प्रदान गर्दै शिक्षकको मनोबल बढाउन उपयुक्त उपायहरूको खोजीमा सबै लाग्नु पर्छ ।

- स्थानीय तहले विद्यालयका प्रधानाध्यापकहरूबिच छलफल चलाएर विगतको अभ्यास, वर्तमानको प्रावधानका आधारमा उपयुक्त उपायहरूको खोजी गर्न सकिन्छ । खोजी गरिएका नयाँ उपायहरू स्थानीय, प्रदेश र सङ्घबिच आदान प्रदान गरेर तत्काल समस्या समाधान गर्न सकिन्छ ।

- शिक्षक व्यवस्थापनसम्बन्धी अधिकार हाल सङ्घमै कायम रहेको, शिक्षकहरूको समायोजन स्थानीय तहमा भइनसकेको, बढुवाका लागि शिक्षकहरू जिल्लास्तरको विज्ञापनमा सहभागी भईं प्रतिस्पर्धा गर्नु पर्ने स्थिति कायममै रहेकाले स्थानीय तहले कासमूको नीतिगत मापदण्ड एवम् सङ्घीय निर्देशन बाहिर गएर काम गर्ने अवस्था रहँदैन । तसर्थ यसमा आफू खुसी निर्णय गरेर काम गर्न सकिन्न भन्नेमा स्थानीय तह

स्पष्ट भएर आफूले राखेका मागका सम्बन्धमा सङ्घीय तहबाट प्राप्त हुने जानकारीअनुसार मात्रै काम गर्नु न्याय सङ्गत हुने ठहर्छ ।

- कार्यसम्पादनमा आधारित शिक्षक बढुवामा देखिएका विकृतिहरू हटाउन पारदर्शी विधि र पद्धतिका व्यवस्थाहरूसहित नयाँ कानुन निर्माण गर्नु जरुरी हुन्छ ।

## ९. प्रतिपादित न्यायिक सिद्धान्त

शिक्षक र कर्मचारी बढुवा सम्बन्धमा सर्वोच्च अदालतबाट देहायका सिद्धान्त प्रतिपादन भएका छन् :

(क) वेचन राय विरुद्ध शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत (ने.का.प. २०७०, नि.नं ९०९५ पृ. १५३८

- दर्ता किताबबाट निवेदकले कासमू भरेको अवस्था देखिएकामा निजलाई सोबापत अङ्क प्रदान नगरी बढुवा पाउने निजको अधिकारमा आघात पुग्न गएको देखिने भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।

(ख) नारायण मरासिनी विरुद्ध सञ्चालक समिति, कृषि सामग्री कम्पनी लि. प्रधान कार्यालय, काठमाडौँसमेत (नेकाप २०६२, अङ्क ११, नि. न. ७६२१ ।)

- कुनै कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा मूल्याङ्कन गर्ने अधिकारीबाट प्रदान गरिएको अङ्कलाई थप्ने वा घटाउने गरी कुनै संसोधन गर्न पाउने अधिकार कसैलाई पनि भएको नदेखिने
- मूल्याङ्कन कर्ताबाट एक पटक प्रदान गरिएको अङ्कलाई मूल्याङ्कन कर्ताको दस्तखतबिना थपघट गरी सच्याइएको देखिन्छ भने सच्याउनु पर्ने मूल्याङ्कन कर्ताको मनसाय भएको मान्न नसकिने भएबाट मूल्याङ्कनकर्ताको दस्तखतबिना थपघट गरिएको अङ्कले मान्यता पाउन नसक्ने
- कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कनकर्ताले एक पटक मूल्याङ्कन गरी अङ्क प्रदान गरिसकेकामा सोलाई सच्याएर अर्को अङ्क प्रदान गरेको र सच्याइएको ठाउँमा कानुनबमोजिम दस्तखत नगरेको अवस्थामा सच्याउनुभन्दा अगि जति अङ्क प्राप्त गरेको देखिन्छ सोही अङ्कलाई मान्यता दिनुपर्ने

(ग) रामकृष्ण तिवारी विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद, समेत नेकाप २०५९, अङ्क ५, नि. नं ७०९५

यसमा निवेदकले का.स.मु.बापत आफूले यति नम्बर पाउनु पर्ने भन्न र अदालतले यति नम्बर निवेदकलाई दिनु पर्ने भनी आदेश गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको छ ।

## १०. निष्कर्ष

वृत्ति विकास निरन्तर चल्ने प्रक्रिया हो । शिक्षक सेवामा बजारका प्रतिभावान् व्यक्तिहरूलाई आकर्षित गर्न पारिश्रमिक आकर्षक हुनुपर्छ भने पदोन्नतिलाई पनि अनुमानयोग्य बनाउनुपर्छ । कार्यसम्पादनमा देखिएका कमीकमजोरी पहिचान गरी त्यस्ता कमीकमजोरीहरू कसरी हटाउन सकिन्छ भन्ने बारेमा सिफारिस कर्ता, प्रमाणित कर्ता र पुनरवलोकन समितिका साथै सम्बन्धित शिक्षकबिच छलफल गरी भविष्यमा कमीकमजोरी हटाउन र शिक्षकहरूमा अन्तर्रनिहित सम्भावनाहरूको उजागर गर्न मदत पुग्छ । सरुवा शिक्षकको ज्ञान र अनुभव आर्जन गर्ने स्रोतका रूपमा हुनुपर्छ भने  वृत्ति विकासमा सङ्गठनको असमान व्यवहार ग्राह्य हुँदैन । शिक्षक सेवामा समतल वृत्ति विकासको महत्त्व पनि बढाउँदै जानुपर्छ र तालिमलाई विशेषज्ञता विकासको मेरुदण्डका रूपमा स्थापित गर्नुपर्छ । वृत्ति विकासमा सङ्गठनको र शिक्षकको आआफ्नै भूमिका रहने भएकाले वृत्ति विकासमा दुवै समान रूपमा जिम्मेवार पनि बन्नुपर्छ । शिक्षकहरूको कार्य सम्पादनमा आधारित बढुवा गर्ने पद्धति नै सामूहिक कार्य भएकाले यसमा सबै पक्षले व्यक्तिगत नैतिक जिम्मेवारी लिनु पर्दछ । कार्यम्पादन मूल्याङ्कनमा आधारित हुने बढुवाका लागि शिक्षकले प्रत्येक वर्ष तोकिएको समयमा फाराम भरी बुझाउनु पर्छ । केही शिक्षकले पढाउँदैनन्, शिक्षणका नवीनतम् अभ्यासहरूप्रति अद्यावधिक छैनन्, आफू पनि अध्ययन गर्दैनन्, राजनीति गर्छन्, अङ्कमात्रै खोज्छन् भन्ने आरोप यत्रतत्र सुनिन्छ । प्रधानाध्यापक र सुपरिवेक्षकले पनि आफूलाई मन पर्ने, आफ्नो गुणगान गाउने, आफ्नै वरिपरि घुम्ने, चाकरी गर्ने र पहुँचवालालाई मात्रै जथाभावी अङ्क दिन्छन्, भेदभाव गर्छन्, इमानदार शिक्षकलाई अङ्क दिँदैनन् भन्ने केही शिक्षकको आरोप सुनिन्छ तर जहाँ विद्यालयको वातावरण सुमधुर हुनुका साथै शिक्षक, प्रधानाध्यापक, मूल्याङ्कन कर्ता, अभिभावक, विद्यार्थीबिच सम्बन्ध र समन्वय राम्रो हुन्छ त्यहाँ कुनै समस्या नै छैन । जहाँ पारदर्शिता हुन्छ, त्यहाँ विकृति हुनै पाउँदैन । पारर्दशिता कायम गर्ने अचुक औषधी सूचना प्रविधिमा आधारित कार्यसम्पादन मूल्याङ्कन नै हो । त्यसका लागि थिति, विधि, रीति र नीति बदल्नु पर्ने आवश्यकता देखिन्छ ।

## सन्दर्भ सामग्री


शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) कानुन किताब व्यवस्था समिति, काठमाडौँ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) कानुन किताब व्यवस्था समिति, काठमाडौँ ।

शिक्षक सेवा आयोग कार्यसञ्चालन कार्यविधि २०७८, शिक्षक सेवा आयोग, सानोठमी भक्तपुर ।

कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने शिक्षक पदको बढुवासम्बन्धी कार्यविधि, २०७९ शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर ।

वार्षिक प्रतिवेदन २०८०, शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर ।

राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौँ ।

# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका नमुना

श्रीप्रसाद भट्टराई*

**लेखसार**

*प्राविधिक शिक्षा विशिष्ट प्राविधिक ज्ञान र सिप हासिल गर्ने कुरा हो भने व्यावसायिक तालिम विशिष्ट पेसा वा व्यवसायका लागि हासिल गरिने विशिष्ट सिप हो । प्राविधिक तथा व्यावसायिक शिक्षाको पहिलो सर्त नै सिप हो । सिपले श्रमको अवसरमात्र वृद्धि नगरी श्रमिकका विकल्पहरूलाई पनि फराकिलो पारी वृत्तिमार्ग छनोटको अवसर दिन्छ । व्यावसायिक तथा सिपमूलक तालिमलाई श्रम बजार अनुकूल हुने गरी व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण छ । यस लेखमा नेपालको सन्दर्भमा अभ्यास भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका नमुनालाई विद्यमान अवस्था, समस्या र भावी कार्यका विषयवस्तुसहित कसरी फरक नमुनामा लैजान सकिन्छ भन्ने दृष्टिकोणबाट अन्य देशले प्रयोगमा ल्याएका नमुनालाई समेत उल्लेख गरी विषयवस्तु प्रस्तुत गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा उद्योगको सहभागिता कसरी अभिवृद्धि गर्न सकिन्छ भन्नेमा केही विकल्पहरू सुझावका रूपमा प्रस्तुत गरिएको छ । हाल नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले आवश्यक बोध गरेका केही सुधारका क्षेत्रलाई समेत यस लेखमा समेटिएको छ ।*

## १. परिचय

निश्चित पेसा वा व्यवसायका लागि आवश्यक ज्ञान, सिप र प्रविधि विकास गर्ने ध्येयले प्रदान गरिने व्यावहारिक शिक्षा नै प्राविधिक शिक्षा हो । प्राविधिक शिक्षा प्रविधिसँग जोडिन्छ । शैक्षिक योग्यता र पेसागत तयारी तथा व्यावहारिक विज्ञान र आधुनिक प्रविधिमा आधारित पेसाको तयार गर्ने शिक्षा प्राविधिक शिक्षा हो । यस्तो प्रविधि परम्परागत र आधुनिक दुवै हुन सक्छ । प्राविधिक शिक्षा जीवनको आवश्यकता र समस्याको समाधान गर्ने औजार पनि हो । प्राविधिक शिक्षा विशिष्ट प्राविधिक ज्ञान र सिप हासिल गर्ने कुरा हो भने व्यावसायिक तालिम विशिष्ट पेसा वा व्यवसायका लागि हासिल गरिने विशिष्ट सिप हो  दुवैले प्राविधिक ज्ञान र सिपबाट श्रमबजारको आवश्यकता पूरा गर्ने काम गर्छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम शिक्षा, तालिम र सिप विकाससँग सम्बन्धित हुन्छ । यसले कामको संसारमा विद्यार्थीलाई प्राविधिक, अभ्यासजन्य र पेसागत सिपसहित उत्पादन र सेवासँग जोड्न सहयोग पुग्छ । यसलाई आजको एक्काइसौं शताब्दीमा नागरिक अधिकारका रूपमा पनि लिइन्छ । औपचारिक शिक्षाबाट बन्चित भएकाका लागि प्राविधिक शिक्षा र व्यावसायिक तालिम त झन जीवन वायुका रूपमा हुन्छ ।

* सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विकास र समृद्धिको साधन नै मानव संशाधन हो । सिपयुक्त श्रमशक्ति नै देश विकासको पूर्वाधार हो । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले मानव संशाधनलाई तिखार्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले जनशक्तिलाई रोजगारमा आवद्ध मात्र नगरी सिर्जना गर्ने तागत पनि राख्छ ।

## २. प्राविधिक तथा व्यावसायिक शिक्षाको वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहबाट समेत हुँदै आएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा नेपाल सरकारका १२ भन्दा बढी विषयगत मन्त्रालय र तीअन्तर्गतका निकायहरूले सिपमूलक तालिममार्फत रोजगार सिर्जना गर्ने प्रयास गर्दा पनि उद्योग तथा व्यापारिक संस्थाले दक्ष जनशक्ति नपाएको गुनासो एकातर्फ छ भने रोजगारको न्यून अवसरले अदक्ष र अर्धदक्ष जनशक्ति विदेशीने प्रवृत्ति बढ्दो छ । यस प्रकृतिको प्राविधिक तथा व्यावसायिक शिक्षाको समन्वयविहीन छराइले आवश्यकता र पूर्ति पक्षलाई जोड्न सकेको छैन । अध्ययनले प्राविधिक धारमा स्तरोन्नतिको दर घट्दो क्रममा देखाएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालन हुने प्रिडिप्लोमा तह पूरा गर्ने दर ३८ प्रतिशत र डिप्लोमा तहमा ५२ प्रतिशत रहेको छ । अध्ययन संस्थामा टिक्ने दर डिप्लोमा तहमा ५९ प्रतिशत र प्राविधिक धारमा ५७.९ प्रतिशत छ । रोजगारी दरले प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रमको सान्दर्भिकता बढी देखाउँछ । प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषद्को प्रिडिप्लोमा र डिप्लोमाबाट उत्तीर्णको राजगारी दर क्रमशः ६१ र ६६ प्रतिशत छ भने माध्यमिक तहको प्राविधिक धारबाट जम्मा २९ प्रतिशत रहेको पाइन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षालाई रोजगारको साधन बनाउन, कामसँगै दक्षता वृद्धि फराकिलो पार्न, स्वरोजगारबाट युवापस्तालाई देशप्रति माया जगाउन, जीवनयोगी सिपलाई विस्तार गर्न र जीवनलाई सहज तथा सरल बनाउन प्रयोग गरिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको पहिलो सर्त नै सिप हो । सिपले श्रमको अवसर मात्र वृद्धि नगरी श्रमिकका विकल्पहरूलाई पनि फराकिलो पारी वृत्तिमार्ग छनोटको अवसर दिन्छ । सङ्घीय संरचनामा प्राविधिक शिक्षाको व्यवस्थापन झन महत्त्वपूर्ण रहन्छ । स्थानीय तह र प्रदेशले आफ्ना लागि आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विकास गर्छ । व्यावसायिक तालिम स्थानीय परिवेश अनुकूल बनाउन सिप विकासको पाठ्यक्रम निर्माण, सिपको स्तर निर्धारण, सिपको परीक्षण र प्रमाणीकरण तथा सिपको समकक्षता निर्धारण जस्ता पक्षले प्रभाव पार्छ । पाठ्यक्रमलाई श्रम बजारको आवश्यकताबमोजिम विकास गरी व्यावसायिक तालिममार्फत दक्ष जनशक्ति विकास गरी आवश्यकता पूरा गराउनु प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको हालको मुख्य सवाल हो ।

## ३. प्राविधिक शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

नेपालको संविधानले शिक्षा, रोजगारी र श्रमलाई मौलिक हकमा लिएको छ । यस सन्दर्भमा राज्यसँग रोजगारको अवसर सिर्जना गर्नु र रोजगारीका लागि प्राविधिक शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन गर्नु एकमात्र विकल्प हुन्छ । संविधानले शिक्षा वैज्ञानिक, प्राविधिक, व्यावहारिक, रोजगार र सेवामूलक हुनु पर्नेमा निर्देश गरेको छ । संयुक्त राष्ट्र सङ्घको बडापत्रमा मानवअधिकारसँग

सम्बन्धित धारा २३ को (१), (२), (३) र (४) मा रोजगारको अधिकार, रोजगार छनोटको अधिकार, श्रमअनुसारको पारिश्रमिक पाउने अधिकार, बेरोजगार रहने अवस्थाबाट मुक्त हुने अधिकार छ । सन् २०१५ मा दक्षिण कोरियाको इन्चोन सहरमा भएको विश्व शिक्षा मञ्च २०१५ ले सन् २०३० सम्म 'सबैका लागि शिक्षा' का अवसरहरू उपलब्ध गराउने साझा प्रतिबद्धतासहित पाँचओटा मुख्य विषयगत क्षेत्र तोकेको छ । इन्चोन घोषणाका प्राथमिकताका पाँच क्षेत्र शिक्षाको अधिकार, शिक्षामा समता, समावेशी शिक्षा, गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ  हरेका छन् ।

राष्ट्रिय रोजगार नीति २०७१ को मुख्य उद्देश्य नै श्रम बजारको आवश्यकताअनुसार ज्ञान र सिपमा आधारित श्रमशक्ति तयार पार्न उपयुक्त अवसरहरू सिर्जना गर्नु रहेको छ । आधारभूत तथा व्यावसायिक शिक्षा, वृत्ति परामर्श र उचित सिपको विकासमार्फत यो उद्देश्य हासिल गर्ने नीति तय गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको दश बर्से रणनीतिक योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षाका मूल्यमान्यता र स्वीकार्यता बढाइ बजारको आवश्यकता र एक्काइसौँ शताब्दीको आवश्यकतानुसार दक्ष जनशक्ति उत्पादन गर्ने कुरामा जोड दिएको छ । सोह्रौं योजनाले प्राविधिक शिक्षालाई व्यावहारिक, जीवनपयोगी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुकूल बनाई स्वेदशी तथा विदेशी रोजगारीका अवसर सिर्जना गर्ने र सिपमूलक तालिमलाई गुणस्तरीय बनाउने कुरालाई रूपान्तरणको मुख्य सवालका रूपमा लिएको छ । प्राविधिक र सामान्य शिक्षाका विद्यार्थीको अनुपात क्रमश: ७०:३० कायम गर्ने र व्यावसायिक तथा सिपमूलक तालिमलाई श्रम बजार अनुकूल हुने गरी व्यवस्थित गर्ने कार्यलाई जोड दिएको पाइन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवम् साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने, स्वायत्तता, विकेन्द्रीकरण, साझेदारी, लचिलोपना र सरल नियमन व्यवस्थाबाट व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने र श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमताअनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी अवसर सबैमा प्रदान गर्ने तथा शिक्षा र सिपलाई उत्पादन र बजारसँग जोड्ने नीति लिएको छ ।

## ४. प्राविधिक तथा व्यावसायिक शिक्षाका नमुना तथा सिद्धान्त

देशअनुसार फरक नमुना प्रयोग गरेको पाइन्छ । अन्य देशको अनुभव हेर्दा सिङ्गापुरको इन्स्टिच्यूट अफ टेक्निकल एडुकेसन (ITE) ले दक्षतामा आधारित अवधारणा प्रयोग गरी उद्योगसँग बलियो साझेदारी बनाउँछ र एक्साइसौँ शताब्दीका लागि आवश्यक श्रमशक्तिको विकास गर्छ । त्यस्तै जर्मनीको दोहोरो व्यावसायिक तालिम प्रणालीले कक्षाकोठाको सिकाइसँगै अन द ट्रेनिङमार्फत सैद्धान्तिक र व्यावहारिक सिप विकास गरी उद्योग तथा श्रम बजारको आवश्यकताबमोजिमको सिपयुक्त र रोजगारकेन्द्रित श्रमशक्ति विकास गर्छ । कम्पनीभित्र हुने तालिम (एप्रेन्टिसिप र अन द जब ट्रेनिङ) मा सङ्घीय सरकार जिम्मेवार हुन्छ भने विद्यालयमा आधारित व्यावसायिक तालिममा प्रान्तीय सरकारको जिम्मा रहन्छ । जर्मन शिक्षा प्रणाली र मध्यम तथा साना कम्पनीहरूको सहयोगमा दोहोरो प्रणालीको प्राविधिक शिक्षा र तालिमको सञ्चालन हुन्छ । यहाँ सार्वजनिक लगानीका व्यावसायिक विद्यालय सञ्चालनमा छन् । स्विजरयान्डले एप्रेन्टिससिप मोडल प्रयोग गरी उद्योग एकेडेमियाको बलियो साझेदारीमा ८० प्रतिशतसम्म उद्योगका कामदार विज्ञबाट

मेन्टरिङसहित कार्यस्थलको अनुभव प्राप्त गराई श्रमशक्ति उत्पादन गर्छ । त्यस्तै अस्ट्रेलियाको टेक्निकल एन्ड फर्दर एडुकेसन (TAFE) ले श्रम बजार र उद्योगको आवश्यकताअनुरूपको सान्दर्भिक जनशक्ति विकास गर्न एप्रेन्टिसिप र इन्टर्नसिपलाई अनिवार्य गरी पाठ्यक्रम विकास तथा कार्य एकीकृत सिकाइ अवसरबाट उद्योगसँग बलियो साझेदारीमा कार्यक्रम सञ्चालन गरी शिक्षार्थीलाई वास्तविक कार्य अनुभव दिलाउँछ । बेलायतमा आवश्यकता र रोजगारदाता केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणाली (demand driven and employer focused TVET system) छ । रोजगारदाता सिप विकासका मुख्य योगदानकर्ता हुन्छ । रोजगारदाताले आफ्नो उद्योगसँगको सहकार्यमा मापदण्ड, पाठ्यक्रम र सिप विकास सम्बन्धमा क्षेत्रगत सिप संस्था र राष्ट्रिय सिप प्रतिष्ठानसँग मिलेर एप्रेन्टिससिप सञ्चालन गर्छन् ।

नेपालमा दोहोरो नमुना कम र मिश्रित नमुना बढी प्रयोग गरेको पाइन्छ । हरेक नमुना र सिद्धान्तका आआफ्नै सबल पक्ष र कमजोरी छन् । विद्यालयमा आधारित (school based), दोहोरो नमुना (dual model), मिश्रित नमुना (mixed model), छुट्टै पहिचान दिएर खोल्ने जस्ता नीति विभिन्न देशले अवलम्बन गर्ने गरेको पाइन्छ । दोहोरो नमुनामा दुई ठाउँमा तालिम हुन्छः कम्पनी (अभ्यासजन्य ज्ञान) र व्यावसायिक विद्यालय (सैद्धान्तिक ज्ञान) । सामाजिक साझेदार (कामदार र ट्रेड युनियन) को विषयवस्तु र संरचना निर्धारणमा बलियो प्रभाव रहन्छ ताकि आफ्नो आवश्यकता र रुचिका विषयको सम्बोधन हुन जान्छ ।

## प्राविधिक तथा व्यावसायिक शिक्षाका सिद्धान्त देहायअनुसार उल्लेख गर्न सकिन्छ :

### (क) मागमा आधारित सिद्धान्त (Demand Driven Model)

श्रम बजार, उद्योगको आश्यकता र मागअनुसार शिक्षा र तालिम कार्यक्रमलाई जोड दिइन्छ । यस सिद्धान्तमा शिक्षार्थीलाई रोजगारदाताको आवश्यकताअनुसार क्षमतायुक्त बनाई रोजगारीको अवसरमा वृद्धि तथा सिपको अन्तरलाई कम गरिन्छ । उद्योगसँग साझेदारी (industry partnership), कार्यस्थलमा आधारित सिकाइ (work–based learning), लचक र जिम्मेवार प्रणाली (flexibility and responsiveness), गुणस्तर सुनिश्चितता (quality assurance), अनुगमन र मूल्याङ्कन (monitoring and evaluation) लाई यस सिद्धान्तमा प्रयोग गरिन्छ । समग्रमा यस सिद्धान्तमा श्रम बजारको आवश्यकता र प्राविधिक शिक्षाबिचको अन्तर कम गरी शिक्षार्थीमा सान्दर्भिक र अभ्याससहितको सिप विकास गरी रोजगारी वृद्धि गर्नु र देशको आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु रहेको पाइन्छ ।

### (ख) राष्ट्रिय नीति तथा कार्यान्वयन योजनामा आधारित सिद्धान्त (National Policy and implementation model)

यस सिद्धान्तमा  प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम विकास (development), कार्यान्वयन (delivery) र मूल्याङ्कन (assessment) का लागि बृहत् राष्ट्रिय ढाँचा सिर्जना गरिन्छ । जसमा राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति विकास, विभिन्न निकायबिच समन्वय र सहकार्यको ढाँचा, लगानीको

ढाँचा तय, पाठ्यक्रम विकास र गुणस्तर सुनिश्चितताको ढाँचा विकास, उद्योगसँगको साझेदारिता र अनुगमन तथा मूल्याङ्कन तरिका तय हुन्छ । समग्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय नीति र रणनीतिक प्रारूप तयार पार्ने, त्यसको कार्यान्वयनमार्फत श्रम बजारको आवश्यकता, आर्थिक विकासमा सहयोग तथा सामाजिक समावेशिता र जीवनपर्यन्त सिकाइलाई सहयोग पुऱ्याउने काम यस सिद्धान्तले गर्छ ।

**(ग) नमुना कार्यान्वन योजनामा आधारित सिद्धान्त (Replication Model)**

यस सिद्धान्तमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा कुनै स्थान वा क्षेत्रमा भएको सफल अभ्यास (practice), नीति (policy) र कार्यक्रम (initiative) लाई एक सन्दर्भबाट अर्को सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर र सान्दर्भिकता अभिवृद्धिका लागि प्रयोगमा ल्याइन्छ । यसमा सफल कार्यक्रमको पहिचान गर्ने, स्थानीय सन्दर्भमा अनुकूलन गराउने, क्षमता विकास गर्ने, सरोकारवालाको सहभागिता गराउने र अनुगमन तथा मूल्याङ्न गर्ने जस्ता कार्य गरिन्छ । समग्रमा यस सिद्धान्तले विश्वको कुनै एक कुनामा सफल भएको अभ्यासलाई अर्को सन्दर्भ र स्थानमा प्रयोगमा ल्याई प्राविधिक शिक्षा र सिपको क्षेत्रमा भएको सिपको अन्तर कम गर्न, रोजगारीको अवसर अभिवृद्धि गर्न र देशको सामाजिक आर्थिक विकासमा सहयोग पुऱ्याउन सहयोग गर्छ ।

**(घ) पुनर्संरचना तथा तालिम नमुना सिद्धान्त (Restructuring and Training Model)**

यस सिद्धान्तमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका संस्थाको पुनर्सँरचना र क्षमता विकास गरी गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गरिन्छ । यसमा कार्यक्रमको कार्यान्वयनमा सुधार, पाठ्यक्रमको अद्यावधिक गर्ने, प्रशिक्षकको सवलीकरण गरी श्रम बजारको आवश्यकता पूरा गर्ने तरिका अपनाइन्छ । यस सिद्धान्तमा सङ्गठनात्मक पुनर्संरचना, पाठ्यक्रमको विकास र अद्यावधिकीकरण, प्रशिक्षकको क्षमता विकास, गुणस्तर सुनिश्चितताको प्रावधान तय, उद्योगसँगको साझेदारिता र अनुगमन तथा मूल्याङ्कनको प्रावधान राखिएको हुन्छ । समग्रमा यस सिद्धान्तमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर, सान्दर्भिकता र प्रभावकारिता विकासमा सङ्गठनात्मक पुनर्संरचना र सिप विकासको अवसर फराकिलो बनाई श्रम बजारको मागअनुरूप सिपयुक्त जनशक्ति उत्पादनमार्फत उद्योगमा उत्पादित जनशक्तिको करियर सफल बनाइन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा धेरै देशमा एप्रेन्टिसिप नमुना प्रयोग गरिन्छ । यसले दोहोरो प्रणाली नमुना प्रयोग गर्छ जहाँ आफ्नै स्वनिर्धारित मापदण्डमा रहेर रोजगारदाताको कार्यस्थलमा तालिम दिइन्छ । यसमा रोजगारदाताको आवश्यकताअनुसार शिक्षालय वा अन्य तालिम प्रदायक निकायबाट प्राविधिक वा अफ द ट्रेनिङ प्रदान गरिन्छ ।

## ५. प्राविधिक तथा व्यावसायिक शिक्षाका समस्या

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई एकीकृत प्रयासबाट श्रमशक्तिलाई सिपयुक्त जनशक्तिमा रूपान्तरण गरी देशभित्र नै उद्योग तथा व्यापारिक क्षेत्रको आवश्यकता पूरा गरी स्वरोजगारको अवसर सिर्जना गर्नु मुख्य चुनौतीका रूपमा रहेको पाइन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पहुँच नपुगेर, कामको संसारलाई नहेरेर, स्वरोजगारी बन्न नसकेर प्राविधिक तथा व्यावसायिक शिक्षा सदा आलोचित हुन पुगेको छ । जसको प्रभावस्वरूप बेरोजगार उत्पादन भए, राज्यको लगानी खेर गएको जस्तो भयो, युवा जनशक्ति विदेशिन पुग्ने अवस्था सिर्जना हुन गयो भनी यो क्षेत्र सदा आलोचित रहन पुग्छ । यसमा दुवै समस्या र अवसर दुवै रहेको पाइन्छ । केही मुख्य समस्याहरूलाई तल प्रस्तुत गरिएको छ :

(क) सकारात्मक धारणा र छाप नपर्नु (perception and image)। व्यावसायिक तालिम र यसको प्रयोग दोस्रो दर्जाको काम हो भन्ने नकारात्मक छाप र दाग छ । जसले विशेषत: धेरै शिक्षक र विद्यार्थीलाई अन्य शैक्षिक कार्यक्रममा आकर्षित गर्ने र व्यावसायिक तालिममा कम इच्छा र भर्ना हुने अवस्था सिर्जना गर्छ । यसले गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र गन्तव्यबिनाको थालनी जस्तो हुन जान्छ ।

(ख) सान्दर्भिकता र गुणस्तर कमजोर हुनु । द्रुत गतिमा परिवर्तन हुने उद्योग तथा श्रम बजारको माग र आवश्यकता तथा प्रविधिको विकासअनुसार जनशक्ति विकास गर्नु मुख्य चुनौती रहेको छ । पुरानो पाठ्यक्रम, अपर्याप्त तालिम र कम गुणस्तरका प्रशिक्षकबाट कम क्षमताका शिक्षार्थी उत्पादन हुन गई रोजगारदाताको आवश्यकता पूरा नहुनु । जसले गर्दा प्राविधिक शिक्षालाई श्रम बजारको लयसँग मिलाउन सकिँदैन र प्राविधिक शिक्षा रोजगार केन्द्रित बन्न सक्दैन ।

(ग) लगानी र स्रोतको न्यून प्रवाह : लगानी र स्रोतको न्यून प्रवाहको अवस्था रहँदा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सधैँ स्रोतको अभाव भई कार्यक्रम विकास, पूर्वाधार निर्माण तथा क्षमता विकास कमजोर हुन पुग्छ ।

(घ) कार्यस्थलमा आधारित सिकाइ अवसरको कमी छ । जसले गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षामा हुनै पर्ने इन्टर्नसिप र एप्रेन्टिससिप (internship and apprenticeship) सीमित हुन पुग्ने र अभ्यास गर्न सक्षम नहुने अवस्था सिर्जना हुन जान्छ ।

(ङ) श्रम बजार र रोजगारदाताको आवश्यकताअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षाका संस्थाहरूबिचको समन्वय र सहकार्य कमजोर हुनु । यसो हुँदा एकीकृत लगानी तथा प्रयास यस क्षेत्रले प्राप्त गर्न नसकी सधैं श्रम बजारबाट विमुख हुन पुग्छ ।

(च) सामाजिक तथा सांस्कृतिक पक्ष र परम्परागत पुरुष प्रधान समाजको जालोले समेत लैङ्गिक रूपमा खाडल सिर्जित हुन पुगी प्राविधिक तथा व्यावसायिक शिक्षा कमजोर बनेको छ ।

(छ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली विकास गरी अन्य देश वा क्षेत्रको व्यावसायिक योग्यता प्रणालीसँग तादात्म्यता कायम गरी सिपको वैधता तथा गुणस्तर कायम गराई विश्व श्रम बजारमा उत्पादित जनशक्तिको सिप र ज्ञानलाई प्रयोग गर्न सहज र सरल बनाउन सकिएको छैन । जसले गर्दा प्रति व्यक्ति हुने सिप आय कमजोर र न्यून हुन पुगेको छ ।

माथि उल्लिखित समस्याबाट समग्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र प्रभावित छ । नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षामा माथिका समस्याका अतिरिक्त केही विशिष्ट किसिमका समस्या पनि छन्, जस्तैः न्यून लगानी (Underfinanced) भएको देखिन्छ । लाभ लागत विश्लेषण (cost benefit analysis) भएन । तुलनात्मक रूपमा खर्चिलो भयो । उत्पादनको श्रम बजारसँग तालमेल मिलेन । श्रम बजारको मागलाई ख्याल गरिएन । श्रम व्यवस्थापन सूचना प्रणाली (LMIS) व्यवस्थित भएन । सामाजिक मनोविज्ञानले हेपेको पेसाका रूपमा लियो । आकर्षक तलब सुविधा उत्पादित जनशक्तिलाई दिन सकिएन । प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन तथा व्यवस्थापनमा एकद्वार प्रणाली नहुनु, पाठ्यक्रममा एकरूपता नहुनु, पूर्वसिकाइलाई सिपसँग जोडी क्रेडिट दिन नसक्नु, प्राविधिक शिक्षालाई बजारको मागअनुरूप दक्ष जनशक्ति उत्पादनमा केन्द्रित बनाउन नसक्नु, बहुनिकाय संलग्न हुने र पाठ्यक्रम तथा प्रमाणीकरण कार्य जटिल बन्नाले उत्पादित जनशक्तिमा एकरूपता नहुनु जस्ता समस्या यस क्षेत्रमा रहेको छन् ।

## ६. प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाले आजको जटिल विश्व परिवेशमा एक्काइसौँ शताब्दीमा सिर्जित असङ्ख्य चुनौतीसँगै अवसरको व्यवस्थापबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारिता र सान्दर्भिकता अभिवृद्धि गर्नुपर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा रहेका समस्या तथा चुनौतीलाई चिर्न सरकारको सहयोग (government support), उद्योग र समुदायको सहभागिता (industry engagementand community involvement), पूर्वाधार र जनशक्ति विकासमा लगानी (investment in infrastructure and staff training) वृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रतिको धारणामा परिवर्तन गर्नुपर्छ । यसका लागि सान्दर्भिकता र गुणस्तरमा सुधार ल्याई देशको आर्थिक विकास र सामाजिक प्रगतिमा उत्पादित जनशक्तिमार्फत सहयोग पुग्न जान्छ । व्यक्ति, उद्योग, श्रम बजार र अर्थतन्त्रको आवश्यकता पूरा गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा गर्नुपर्ने केही सुधार कार्य देहायअनुसार छन् :

(क) उद्योगसँगको सहकार्य र साझेदारीमा बढोत्तरी गर्ने : जसले गर्दा उद्योगका लागि आवश्यक ज्ञान र सिप उत्पादित जनशक्तिबाट पूरा हुन जान्छ । रोजगारी र

शिक्षाबिचको खाडल कम हुन्छ । प्राविधिक जनशक्तिको अर्थपूर्ण र दिगो रोजगार सिर्जना हुन पुग्छ । सिपको खाडल विश्लेषण गर्न, कार्य एकीकृत सिकाइ (work–integrated learning), पाठ्यक्रम विकासमा सल्लाह, साधन र स्रोतमा सहयोगका लागि उद्योगलाई साझेदारका रूपमा लिनुपर्छ ।

(ख) जीवनपर्यन्त सिकाइमा जोड दिने : जसले गर्दा ज्ञान र सिपमा निरन्तर आजीवन वृद्धि गर्ने संस्कार विकास हुन्छ । परिवर्तित श्रम बजारसँग प्रतिस्पर्धी र सान्दर्भिक हुन पुग्छ ।

(ग) निरन्तर सिप विकासका लागि उद्योगसँगको साझेदारीमा सिपका दक्षता तर्जुमा गर्ने, यसका लागि उद्योगको आवश्यकता सम्बोधन गर्ने पाठ्यक्रम विकास गर्ने, लचिलो र मोडुलर कोर्स सञ्चालन गर्ने, प्रभावकारी उद्योग एकेडेमिया साझेदारी कार्यक्रम तर्जुमा गरी कार्यान्वय गर्ने । यस्ता कार्यक्रम कार्यान्वयन गर्न समस्या केन्द्रित सिकाइ (problem–based learning), मिश्रित सिकाइ (blended learning), फ्लिप कक्षाकोठा (flipped classroom) तथा कार्य एकीकृत सिकाइ (work–integrated learning), सहकार्यात्मक सिकाइ र समूह कार्य, परियोजना केन्द्रित सिकाइ तथा कृत्रिम र भर्चुअल वास्तविकता (simulation and virtual reality) जस्ता विधिलाई प्रयोगमा ल्याउने ।

(घ) प्रविधिलाई प्रयोगमा ल्याउने : प्रविधिले सिप र ज्ञानलाई लचक र पहुँचयोग्य बनाउँछ । फराकिलो रूपमा सिपलाई विस्तार गर्न र डिजिटल सामग्रीमार्फत निरन्तर सिपलाई तिखार्न सहयोग पुग्छ । सिकाइ व्यवस्थापन प्रणाली विकास गर्न उद्यमी तथा पेसागत सञ्जाल सिर्जना गरी सिकाइको अवसर विस्तार गर्ने । खुला शैक्षिक स्रोत (open educational resources–OERs) र बृहत् खुला अनलाइन कोर्स (massive open online courses–MOOCs) मार्फत सिकाइलाई कक्षाकोठाभन्दा बाहिर लैजाने । सामाजिक सञ्जाल तथा डिजिटल सञ्चारका साधनलाई छलफल, समूह परियोजना (group projects), सहपाठी पृष्ठपोषण (peer feedback) मा प्रयोग गरी सिकाइमा नवप्रवर्तन दिने ।

(ङ) उद्यमशीलता विकासमा जोड दिने, जसले उद्यमशील सोच विकास गरी जनशक्तिलाई स्वरोजगारी बनाउन र आर्थिक वृद्धि तथा जनशक्तिलाई वैकल्पिक रोजगारी सिर्जना गर्न सहयोग पुग्छ ।

(च) गुणस्तर सुनिश्चिततामा ध्यान दिने : उत्पादित जनशक्तिले उद्योग तथा श्रम बजारको आवश्यकतासँग सान्दर्भिक हुने तथा पाठ्यक्रम र मूल्याङ्कनको हिसाबले गुणस्तर सुनिश्चित भएको हुनुपर्छ । यसका लागि बलियो नियमनको प्रबन्ध गर्ने । तथ्याङ्कमा आधारित मूल्याङ्कन प्रणाली प्रयोगमा ल्याउने ।

(छ) व्यवहारकुशल सिप र रोजगारमुखी सिप (soft skill and employability skill) लाई पाठ्यक्रममा समावेश गर्ने । उद्योगसँग अति आवश्यक व्यवहारकुशल सिप र

रोजगारमुखी सिप क्षेत्रगत रूपमा तय गर्ने । अभ्यासजन्य कार्यअनुभव, इन्टर्नसिप तथा परियोजनामा आधारित सिकाइ अनुभव वास्तविक कार्यस्थानबाट प्रदान गर्ने ।

(ज) हरित सिप (green skills) र डिजिटल साक्षरता (digital literacy) मा जोड दिने : दिगो स्रोत व्यवस्थापन, फोहोरको न्यूनीकरण र पुनः प्रयोग, वातावरणीय प्रभाव मूल्याङ्कन दक्षता, नवीकरणीय ऊर्जाका प्रविधिहरू र जलवायु परिवर्तनसँग अनुकूलन क्षमता जस्ता हरित सिप भएका जनशक्ति विकास गरी श्रम बजारको आवश्यकतालाई सम्बोधन गर्ने । आधारभूत डिजिटल सिप, अनलाइन अनुसन्धान र सूचनालाई मूल्याङ्कन गरी प्रयोग गर्ने सक्ने क्षमता, साइबर सुरक्षामा सचेत, डिजिटल इथिक्स र जिम्मेवारी (digital ethics and responsibility) भएका दिगो विकासमा टेवा दिन सक्ने जनशक्ति उत्पादनमा केन्द्रित हुने ।

(झ) नवप्रवर्तन तथा सिर्जनात्मकतालाई जोड दिने : प्रयोगलाई जोड दिने। उद्योगसँग सहकार्य गरी नयाँ सिर्जनालाई सहयोग र साझेदारी गर्ने । निरन्तर सुधारका लागि पृष्ठपोषणको बाटो स्पष्ट पारी शिक्षार्थी, प्रशिक्षक तथा उद्योगका साझेदारलाई सहयोग पुऱ्याउने

(ञ) विद्यालय शिक्षातर्फको प्राविधिक शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को डिप्लोमा तहको पाठ्यक्रम एकीकरण गरी मूल्याङ्कनमा एउटै प्रणाली विकास गरी कार्यान्वयन गर्ने

(ट) राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपलाई आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने

(ठ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा हुने लगानीलाई उद्योग, रोजगारदाता र सरकारले साझेदारीमा हुने प्रबन्ध गरी श्रम बजारको मागबमोजिम सिप विकास र ज्ञान निर्माणको कार्यक्रम सञ्चालन गर्ने ।

## ६. निष्कर्ष

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई उद्योग तथा श्रम बजारको तत्कालीन आवश्यकताअनुरूप कामको संसारमा प्रवेश गर्न उत्पादित जनशक्ति सिपयुक्त हुनुपर्छ । निरन्तरको अद्यावधिक पाठ्यक्रम, पूर्वाधारमा लगानी, डिजिटल सिप विकास, उदीयमान प्रविधिको प्रयोगले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा एक्काइसौँ शताब्दीको श्रम बजारको माग र पूर्ति पक्षबिच सन्तुलन कायम गर्न सक्छ । नेपालमा प्राविधिक शिक्षालाई अन्तर्राष्ट्रिय श्रम बजारसँग तादात्म्यता मिलाउन अद्यावधिक पाठ्यक्रम तथा अभ्यासजन्य सिकाइमा जोड दिनुपर्छ । दोहोरो व्यावसायिक नमुनालाई प्रयोग गरी व्यावसायिक तालिम रोजगारदाता र उद्योगसँगको साझेदारीमा गुणस्तरीय र सान्दर्भिक बनाउनुपर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाले आजको जटिल विश्व परिवेशमा एक्काइसौँ शताब्दीमा सिर्जित असङ्ख्य चुनौतीसँगै अवसरको व्यवस्थापबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारिता र सान्दर्भिकता अभिवृद्धि

गर्न लगानीलाई फराकिलो पार्नुपर्छ । शिक्षा र तालिममा प्रविधिको प्रयोग गरी निरन्तर सिप हासिल गर्ने अवसर वृद्धिले श्रम बजारको माग र आवश्यकतालाई सम्बोधन गर्न सक्छ । यसतर्फ प्राविधिक तथा व्यावसायिक शिक्षालाई लैजान ढिलो गर्नुहुँदैन ।

## सन्दर्भ सामग्री

नेपालको संविधान, कानुन किताब व्यवस्था समिति : बबरमहल काठमाडौँ ।

राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः सिंहदरबार ।

सोह्रौँ योजना, राष्ट्रिय योजना आयोगः सिंहदरबार ।

Guide for Making TVET and Skills Development Inclusive for all. Available from: https//:ilo.org

TVET Sector Strategic Plan -2023–2032 AD_M Ministry of Education, Science and Technology: Singhadurbar

21st Century SkillsM Evidence of Issues in Definition, Demand and Delivery for Development Contexts Available from: *https//:publishing.service.gov.uk*

# सङ्घीयतामा शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्स र भावी मार्गचित्र

हरिप्रसाद लम्साल, पिएचडी*

**लेखसार**

*शिक्षाका विषयवस्तु र सङ्घीयताबिच प्रत्यक्ष सम्बन्ध त छैन तर शिक्षासेवा प्रवाह र शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्स विभिन्न तहका सरकारमा बिचमा गरिने सहकार्य र समन्वयबाट प्रभावित भएको पाइन्छ। सरकारमात्र नभएर यसमा संलग्न सबै कर्ता र निकायका बिचमा हुने सहयोगले समेत गभर्नेन्सलाई प्रभावित गरेको हुन्छ। यस्तो संस्कारले उपलब्ध स्रोत र साधनको समुचित प्रयोग भई स्तरीय सेवा प्रवाहमा सहयोग पुऱ्याइरहेको हुन्छ। प्रस्तुत लेख नेपालको विद्यमान सन्दर्भमा शैक्षिक व्यवस्थापन र गभर्नेन्स के कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर हेर्ने प्रयासमा केन्द्रित छ।*

*नेपालको संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको एकल अधिकार र शिक्षालाई साझा अधिकार सूचीमा राखेको हुनाले तीन तहका बिचमा अधिकार प्रयोगका बारेमा सबैलाई आफ्नो अवस्था अनुकुल व्याख्या गर्न सजिलो भएको छ। तर सङ्घीय शासन प्रणाली भएका मुलुकहरूमा शिक्षा सञ्चालनको अधिकार र शक्ति तीन तहमा बाँडफाँड हुने भएकाले व्यवहारमै यिनीहरूको समन्वय र सहकार्य चाहिन्छ।*

*संविधानले तीन तहमा बाँडेको राज्य शक्तिको स्रोत र अधिकार समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित छ। नेपाल राज्य एकात्मक शासन व्यवस्थाबाट रूपान्तरण भएर सङ्घीयता बनेको हुँदा संविधानमा लेखिएका अधिकार र कार्यक्षेत्र सोही बमोजिम र त्यहाँ नलेखिएका सबै अधिकार केन्द्रीय सरकारमा रहने देखिन्छ। संविधानमै लेखिएका अधिकार र कार्यहरू पनि केन्द्रले हस्तान्तरण गर्ने भएकाले प्रदेश र स्थानीय तहमा कानुन र संस्थागत क्षमता भएपछि प्रयोग गर्न पाउने अवस्था हुन्छ जुन अन्यत्रको अनुभवसँग पनि मिल्छ।*

## १. विषय प्रवेश

सङ्घीयता आफैँमा विभिन्न तहमा राज्यशक्तिको स्रोत र अधिकार बाँडफाँड गर्ने पद्धति हो (Bulmer, 2017)। यो आफैँमा बृहत् शासन प्रणाली पनि हो। तहगत रूपमा राज्यशक्तिको स्रोत र अधिकार दुई वा तीन तहमा बाँडिए तापनि समान तह भएका मुलुकहरूमा पनि फरक फरक अभ्यास भई आएको देखिन्छ (Wong, Knupling, Kolling and Chebenova, 2017)। कुनै एक मुलुकको अधिकार बाँडफाँडको ढाँचा हेरेर सङ्घीयको ढाँचा यस्तै हुनुपर्छ भन्न सक्ने अवस्था छैन् किनकि यस्तो ढाँचा अर्कोसँग मिलेको पाइँदैन।

* प्रमुख सचिव, सुदूरपश्चिम प्रदेश

मुलुक विशेषको राजनीतिक शक्तिको अवस्था र सन्तुलन तथा सोको अभ्याससम्बन्धी इतिहास, सामाजिक परिवेश, नागरिकको सोच र चेतना, समग्र शासनप्रति नागरिकको बुझाइ एवम् स्वीकारोक्ति आदिले सङ्घीयताको ढाँचामा विविधता ल्याएको देखिन्छ । यसैगरी सङ्घीय स्वरूप बन्ने प्रक्रियामा पनि विविधता देखिन्छ । कतिपय सङ्घीय मुलुकहरू छुट्टाछुट्टै ससाना राजनीतिक एकाइ मिलेर वा मिलाएर सङ्घीय स्वरूप बनेका देखिन्छन् भने कतिपय एकात्मक मुलुकहरू दुई वा तीन तहमा बाँडिएर सङ्घीय स्वरूपमा गएको पाइन्छ (Montes, 2014 & Bulmer, 2017)।

नेपाल एकात्मक शासन प्रणालीबाट संविधानतः सङ्घ, प्रदेश र स्थानीय तहमा कायम भएको सङ्घीय मुलुक हो । सङ्घीयता बन्ने प्रक्रियाले पनि अधिकार बाँडफाँड र सोको कार्यान्वयनमा उल्लेख्य भूमिका खेल्ने हुनाले एकात्मक स्वरूपबाट सङ्घात्मक शासन प्रणालीमा जादाँ संविधानमा लेखिएका अधिकार हस्तान्तरण भई कार्यान्वयनमा आउन प्रदेश र स्थानीय तहको सौदाबाजी गर्ने क्षमता र संस्थागत स्रोत एवम् कानुनी पूर्वाधारमा निर्भर गर्दछ । यो सौदाबाजीको विषय Wong, Knupling, Kolling and Chebenova, -2017) ले समेत उल्लेख गरेका छन् । संस्थागत क्षमता र सौदाबाजीको अभावमा तलका तहबाट काम हुन सक्दैन । त्यही भएर अधिकार क्रमशः हस्तान्तरण गर्नुपर्छ भन्ने भाष्य बन्ने बनाउने गरिन्छ ।

अन्यत्र जस्तै नेपालको शिक्षा प्रणाली समग्र राजनीतिक प्रणालीको एक उपप्रणाली भएको हुनाले एकात्मक शासन प्रणाली तीन तहको सङ्घीय स्वरूपमा रूपान्तरण भएपछि शिक्षासम्बन्धी अधिकार पनि तीनै तहका सरकारमा गए र यिनले कुनै न कुनै रूपमा आफ्नो हिस्सा वा स्पेस खोज्ने नै भए । कुन तहका लागि के कस्तो अधिकार छ भन्ने विषय संविधानले इङ्गित गरेको त छ । तर यी अधिकारमा थप प्रस्टता ल्याउन नयाँ कानुन चाहिन्छ जुन अझै बन्न बाँकी छन् । आफ्नो स्पेस बढाउनका लागि बजेटमा विनियोजन गरेर जाने अभ्यास पनि देखिएको छ ।

अहिले शिक्षा प्रणाली बहुतह र बहुकर्ताको गभर्नेन्सबाट व्यवस्थित छ (Burns & Köster, 2016) । नेपालमा यो व्यवस्था साविकमा पनि कुनै न कुनै रूपमा थियो नै । सङ्घीय शासन व्यवस्था अवलम्बन भइसकेपछि यसको गभर्नेन्स र व्यवस्थापनमा अझ धेरै तह र कर्तासँग जोडिन पुगेको छ । यसले पनि अधिकार बाँडफाँडको विषय अझ पेचिलो बनाएको छ, जसलाई संविधानपश्चात् बनाइने कानुनले मात्र व्यवस्थित गर्न सक्छन् । तसर्थ शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्स आफैँमा बहुतह र कर्ताका बिचमा गरिने समन्वय र सहकार्यमा आधारित बन्न पुगेको छ ।

## २. उद्देश्य, विधि र सीमितता

शिक्षामा सङ्घीय शासन प्रणालीको विद्यमान व्यवस्था र अभ्यास समीक्षा गरी नेपालको संविधानले बाँडफाँड गरेको शिक्षासम्बन्धी अधिकार प्रयोगमा उपयुक्त ढाँचा खोजी गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । द्वितीय सामग्रीहरूको समीक्षा एवम् पुनरवलोकन गरी तयार गरिएको यस लेख आफैँमा व्याख्यात्मक र विवरणात्मक बन्न पुगेको छ । समय र स्रोतको सीमितताका कारण पनि लेखमा प्राथमिक तथ्याङ्क समेट्न सकिएन । विषयवस्तुका सम्बन्धमा गहन र सूक्ष्म अध्ययन गरी तहाँबाट प्राप्त विषयवस्तु समावेश गर्न नसिकएको व्यहोरासमेत यस सन्दर्भमा उल्लेख गर्नु उपयुक्त नै हुन आउँछ । तापनि यस लेखले विद्यमान प्रावधान र अभ्यासको चिरफार गरी अबका दिनमा अवलम्बन गर्नुपर्ने बाटो सुझाएको हुनाले यस सम्बन्धमा चासो राख्नेका लागि उपयोगी बन्न सक्छ ।

## ३. सङ्घीय स्वरूप निर्धारण र अधिकार बाँडफाँट

शाब्दिक रूपमा फ्रेड्रालिज्म (Federalism) शब्द ल्याटिन foedus बाट आएको मानिन्छ, जसको अर्थ अङ्ग्रेजीमा covenant हुन्छ भनिन्छ,, यसलाई "सम्झौता" तथा "समझदारी" पनि भन्ने गरिन्छ (Montes, 2014) । नेपालीमा यसलाई "सङ्गीयता" भनिन्छ, जसले राज्यशक्तिको अधिकार बाँडफाँड र प्रयोगमा संलग्न तहहरूको बिचमा समझदारी चाहिन्छ भन्ने सन्देश दिन्छ ।

सङ्घीयता सम्बन्धमा एसपी (२०७९ संवत्) ले प्रस्तुत गरेको मत पनि यस्तै यस्तै खालको छ । उनका अनुसार यो यस्तो व्यवस्था हो, जहाँ एउटै भूगोल वा राज्यलाई दुई वा दुईभन्दा बढी तह निर्माण गरी शासन गरिन्छ । यसमा साझा स्वार्थहरूमा सम्झौता गरेर राज्यहरूलाई एउटामा जोडिएको हुन्छ (Wong, Knupling, Kolling and Chebenova, 2017) ।

सङ्घीयतालाई सामान्य अर्थमा दुई वा दुईभन्दा बढी स्वशासित एकाइ एउटै राजनीतिक धरातलमा रहेर शासकीय प्रबन्ध गर्न राजी भएको व्यवस्थाको रूपमा लिन पनि सकिन्छ (Karmis & Norman, 2005) । यसरी बनेको सङ्घीय राज्यका नागरिक ती प्रत्येक समुदाय वा एकाइ वा समग्र सङ्घको सदस्यका रूपमा रहन्छन् । विश्वमा सङ्घीयता भएका सबै मुलुकमा एकै प्रकारको शासकीय स्वरूप र अधिकार बाँडफाँड भएको देखिँदैन । सङ्घीय मुलुकको शासकीय स्वरूपमा विविधता देखिन्छ । एकै राजनीतिक दर्शनअन्तर्गत रहेका कुनै एक मुलुकले अगालेको सङ्घीयताको स्वरूप अर्को मुलुकभन्दा भिन्न रहेको देखिन्छ (Karmis & Norman, 2005) । सङ्घीय शासनको स्वरूप जे जस्तो भए तापनि सङ्घीय स्वरूपलाई देहायका मुख्य दुई प्रकारमा बाड्न सकिन्छ (Bulmer, 2017) :

- शासकीय तह दुईओटा हुने गरी प्रयोगमा ल्याइएको मोडल : केन्द्रीय वा सङ्घीय तह र स्थानीय तह
- शासकीय तह तीनओटा हुने गरी प्रयोगमा ल्याइएको मोडल: केन्द्र, प्रदेश र स्थानीय तह । यहाँ सजिलोका लागि केन्द्र, प्रदेश र स्थानीय तह भनिए तापनि मुलुकपिच्छे फरक नामबाट सम्बोधन भएको देखिन्छ ।
- यसैगरी मुलुक विशेष दुई वा तीनओटा शासकीय तह के कसरी बने त ? भन्ने विषय पनि आफैँमा महत्त्वपूर्ण छ । विश्वमा सङ्घीय शासन प्रणाली अवलम्बन गरेका मुलुकहरूको प्रक्रिया हेर्दा सङ्घीयता मुख्य तीन प्रकारबाट बनेको देखिन्छ (Montes, 2014 & Bulmer, 2017)।
- आपसमा मिलेर बनेका (ComingTogether) सङ्घीयता : विभिन्न साना राज्यहरू एकआपसमा मिलेर बनेको अथात् ComingTogether को अवधारणाबाट बनेको सङ्घीयता जसलाई जन्मेको सङ्घीयता (Born Federations) पनि भनिन्छ ।

- थपिएर बढ्दै गएको (Aggregation) सङ्घीयता : विभिन्न राज्यहरू एक आपसमा मिल्दै थपिँदै गएको अर्थात् Aggregation को अवधारणाबाट बनेको सङ्घीयता जसलाई बलपूर्वक बनेको सङ्घीयता (Forced Federations) पनि भनिन्छ ।

- रूपान्तरित भएर बनेको (Holding Together) सङ्घीयता : एकात्मक शासन व्यवस्थाबाट रूपान्तरण भएर बनेको अर्थात् Holding Together को अवधारणबाट बनेको सङ्घीयताजसलाई पछि बनेको सङ्घीयता (Became Federations) पनि भनिन्छ ।

एसपी (२०७९) का अनुसार विश्वका १९३ मुलुकमध्ये १२१ ओटाभन्दा बढी एकात्मक शासन पद्धति छ भने २५ ओटा राष्ट्रमा मात्रै सङ्घीय शासन प्रणालीको अभ्यास रहेको फोरम अफ फेडेरेसनले उल्लेख गरेको छ । मोन्टेज (२०१४) ले संसारका १९३ मुलुकहरूमध्ये जम्मा २५ ओटामा सङ्घीय व्यवस्था रहेको उल्लेख गरेका छन् जसले विश्वको लगभग ४० प्रतिशत जनसङ्ख्या समेट्छ । यीबाहेक केही मुलुक सेमी फेडेरेसन स्वभाव वा चरित्रका पनि छन् । क्षेत्रफलका हिसाबले ठुला र साना दुवै खालका मुलुकमा यो प्रणाली रहेको पाइन्छ ।

माथि नै भनिसकियो कि शासकीय स्वरूप र यो स्वरूप निर्धारण गर्दा प्रयोग गरिएको प्रक्रियाले शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्समा प्रभाव पार्दछ । दुई तहको स्वरूप भएमा अधिकार दुई तहका बिचमा रहन सक्छ भने तीन तहको स्वरूप भएमा यस्तो अधिकार तीन तहमा बाँडिने सम्भावना बढी हुन्छ । सङ्घीयता बन्ने प्रक्रियामा सङ्क्रमणकाल हुने भएकाले यस अवस्थामा सबै तहले केही न केही काम गर्न भ्याइसकेका हुन्छन् । फेरि शिक्षण संस्थामा धेरै आवश्यकता भएका हाम्रा जस्ता मुलुकमा राम्रो काम किन गर्न नगर्ने भन्ने भाष्यले पनि शिक्षामा सबैलाई उपस्थिति जनाउन सजिलो भएको छ ।

यसैगरी सङ्घीयता बन्ने प्रक्रियाले कसले अधिकार छोड्ने र कसले लिने भन्ने निर्धारण गर्नुका साथै रेसिड्युअल अधिकार कहाँ छ भन्ने निर्धारण गर्छ । नेपाल एकात्मकबाट सङ्घीय बनेको र तीन तहमा रहेको हुनाले संविधानमा लेखिए पनि कार्यान्वयनमा हरेक तह आफ्नो उपस्थिति खोज्नु अन्यथा भएन । शिक्षाको गभर्नेन्स पनि राज्यशक्तिको स्रोत र अधिकार बाँडफाँड सँगै विभिन्न तहमा बाँडिने भएकाले नेपालको शिक्षा प्रणाली संविधानतः तीन तहका सरकारको अधिकार क्षेत्र पुगेको छ ।

## ४. सङ्घीय स्वरूपमा शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्स

माथि नै भनियो कि शिक्षा र सङ्घीयताको प्रत्यक्ष सम्बन्ध देखिँदैन । एकात्मक र सङ्घात्मक शासन प्रणाली भएका मुलुकमा अध्यापन गराइने विषयवस्तुमा त्यति भिन्नता नहोला । तर शिक्षाको व्यवस्थापन एवम् शैक्षिक गभर्नेन्स मुलुकको शासन प्रणालीबाट प्रत्यक्ष रूपमा प्रभावित हुन्छन् । शैक्षिक व्यवस्थापनको ढाँचा, सङ्गठनात्मक संरचना, अधिकार र जिम्मेवारी जस्ता विषयहरू शासकीय स्वरूपले निर्धारण गर्दछ ।

नेपालको शिक्षासम्बन्धी सङ्घीयताको मुख्य उद्देश्य प्रत्येक नागरिकले संविधानमा उल्लेख गरिएका शिक्षासम्बन्धी हक र अधिकार विभिन्न तहका सरकारबाट प्राप्त गर्ने अवसर पाउन् भन्ने हो । आफूप्रति उत्तरदायी सरकारबाट सेवा सुविधा पाउन भन्ने हो । निर्णय प्रक्रिया र समग्र गभर्नेन्समा आफनो हिस्सेदारिता कायम होओस् भन्ने हो ।

यसको अर्थ जनता सरकारको ढोकामा होइन, सरकार जनताको ढोकामा जानु पर्दछ भन्ने हो । यस शासन प्रणालीलाई जनताको नजिकको सरकार, जनताले चिन्ने सरकारको अवधारणाका रूपमा समेत अर्थ्याउने गरिन्छ । साथै नागरिकले हेर्न, देख्न, छाम्न, सुन्न, सुघ्न, अनुभव गर्न सक्ने सरकार स्थानीय सरकार भएकाले तहाँसम्म शिक्षाको गभर्नेन्स अधिकार लैजाने अवधारणा संविधानले लिएको छ । यसको मुख्य उद्देश्य शिक्षा सेवा प्रवाहमा स्थानीय तहको भूमिका र समग्र विकास व्यवस्थापन, सुशासन र अमनचयन कायम गर्नु नै हो । यसमा केन्द्र र प्रदेशले सहयोग गरुन भन्ने हो । नेपाल सरकारले तयार गरी व्यवहारमा अवलम्बन गरेको कार्य विस्तृतीकरण प्रतिवेदनले पनि यही देखाउँछ ।

Hessand Kelly (2016) ले सङ्घीय व्यवस्थाले जिम्मेवारी, जवाफदेहिता र अधिकारको बिचमा संयोजन गर्छ भनेका छन् । शिक्षा प्रणालीमा सङ्घीयता अनुकुल बनाउनका लागि राजनीतिक सङ्घीयता, आर्थिक सङ्घीयता, वित्तीय सङ्घीयता, प्रशासनिक सङ्घीयता आदि पनि अनुकुल हुनुपर्छ । अधिकारमात्र नभएर स्रोतमा निर्णय गर्ने अधिकार पनि प्रदेश र स्थानीय तहमा जानुपर्छ । कर लगाउने अधिकार, सङ्गठन संरचना र जनशक्तिको व्यवस्था आदिको निर्णय पनि तत्स्थानबाट हुने व्यवस्था चाहिन्छ । सङ्घीयता भनेको राजनीतिक अधिकार मात्र होइन यसका साथमा अन्य अधिकार पनि जानुपर्छ अन्यथा संवैधानिक प्रावधान कार्यान्वयनमा आउन सक्दैन ।

नेपालको सङ्घीयता सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित अन्तरसम्बन्धको संवैधानिक व्यवस्थामा आधारित छ । तीनै तहका बिचमा ठाडो र तेर्सो समन्वय हुन्छ भन्ने अपेक्षा गरिएको छ । एकात्मक शासन व्यवस्थाबाट सङ्घात्मक शासनमा प्रवेश गरेको मुलुकमा धेरै अधिकारहरू केन्द्रले प्रदेश र स्थानीय तहमा क्रमश हस्तान्तरण गर्दै जानुपर्छ भन्ने बहस गरेको हुन्छ । हाल नेपालमा भई आएको पनि यही हो ।

Wong, Knupling, Kolling and Chebenova (2020) ले युरोपका दशओटा मुलुकहरूले शिक्षामा भोगेका चुनौती र नीतिगत कार्यहरूका बारेमा विश्लेषण गरेका थिए । यस अध्ययनमा शिक्षा प्रणालीको डिजाइन, गभर्नेन्स, वित्त व्यवस्था, गुणस्तर र समता जस्ता पक्षहरूमा अध्ययन गरेको थियो । अधिकार बाँडफाडलाई अध्ययनमा समावेश गरेका थिए । उनीहरूका अनुसार सङ्घीयताले शिक्षासम्बन्धी व्यवस्था र यसका उद्देश्य प्राप्तिका लागि एकभन्दा बढी पक्षसँग गरिने सहकार्य र जिम्मेवारी बाँडफाँड गर्ने विषयलाइ सहजीकरण गर्छ । यसले केन्द्रीय निकाय र स्थानीय एकाइहरूका बिचमा ठाडो खालको र विभिन्न मत तथा चाहनाहरूलाई समतलीय ढङ्गबाट समन्वय र सहकार्य गर्दछ ।

## ५. शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्समा हाल देखिएका समस्या तथा चुनौती

राज्य सञ्चालन वा शासन सञ्चालन गर्ने वा राज्यशक्तिको अधिकार दुई वा सोभन्दा बढी तहमा बाँडफाँड गर्ने शासकिय प्रणाली सङ्घीय शासन पद्धति हो (Bulmer, 2017) । यसमा शक्तिको बाँडफाँड, वितरण तथा पुनर्वितरणसहितको संरचनात्मक व्यवस्था अवलम्बन गरिन्छ । एकात्मक शासन व्यवस्थाको तुलनामा सङ्घीय शासन व्यवस्था सहअस्तित्व र सहकार्यमा आधारित हुने भएकाले एकअर्काको स्वीकारोक्ति यस व्यवस्थाको सुन्दर पक्ष हो । तर मुख्यकर्ताहरूको बिचमा बृहत् ढाँचाका सम्बन्धमा समान बुझाइ बनाउन नसकेको अवस्थामा यस शासन प्रणालीले थुप्रै चुनौती सामना गर्नुपर्ने हुनसक्छ । साथै यो प्रणाली आफैँमा महँगो हुन्छ नै यसका साथै विकासका कार्य एवम् नीति कार्यान्वयनलाई सहज रूपमा बढाउने कार्यमा यसले केही सीमितता ल्याउन सक्ने हुनाले यस प्रणालीलाई अलि जटिल खालको पनि मानिन्छ (Bulmer, 2017) ।

प्रकाश शर्मा ढकालले २०७८ पुष २९ गतेको अनलाइन खबर डट कममा “प्रशासनिक सङ्घीयता : कहाँ चुक्यौँ हामी ?“भन्ने शीर्षकमा प्रकाशित लेखका अनुसार “संविधान जारी भएसँगै सुरु भएको राजनीतिक, प्रशासनिक तथा वित्तीय सङ्घीयता व्यवस्थापनको कार्यहरूमध्ये प्रशासनिक सङ्घीयता कुनै निष्कर्षमा पुग्न नसकेको मात्र होइन, निष्कर्ष उन्मुख पनि देखिएको छैन । “यस लेखमा मुलुकको प्रशासनिक सङ्घीयता कार्यान्वयनमा रहेका समस्या तथा चुनौतीहरू र अबका दिनमा अवलम्बन गर्नुपर्ने कार्यहरू सूक्ष्म रूपमा उल्लेख गरिएको छ जुन आजका दिनमा पनि उत्तिकै सान्दर्भिक छ ।

Wong, Knupling, Kolling and Chebenova (2017) जसले विश्वका दश मुलुकमा आधारित भई सङ्घीयता र शिक्षाको समग्र गभर्नेन्स एवम् व्यवस्थापनका बारेमा अध्ययन गरे । यिनीहरूले सङ्घीय व्यवस्थामा केही चुनौतीहरू हुनसक्ने देखाएका छन् । यी चुनौतीहरू समाधान गर्ने नसकिने खालका त होइनन् तर यसका लागि सुझबुझसहितको नेतृत्व चाहिन्छ । यिनीहरूले देखाएका चुनौतीहरू यस प्रकार छन् :

पहिलो शिक्षाको स्तरीय सेवा प्रवाहमा अनिश्चितता आउन सक्छ । दोस्रो कतिपय अवस्थामा राष्ट्रिय प्राथमिकताभन्दा अन्य विषयले प्राथमिकता पाउन सक्छन् । तेस्रो काममा दोहोरोपन पर्ने सम्भावना रहन्छ । सिकाइसम्बन्धी र अन्य डाटाको अभावमा इभिडेन्समा आधारित नीति निर्माण नहुन पनि सक्छ । एक तहको अवस्था अर्को तहका बिचमा तुलना नगर्ने कार्यले कहाँ छौँ भन्ने विषय छायामा पर्न सक्छ । उपयुक्त नेतृत्व चाहिने विषय पनि कहिलेकाहीँ छायामा पर्न सक्छ । यी चुनौतीहरू नेपालको सन्दर्भमा पनि उत्तिकै रूपमा मिल्ने देखिन्छ ।

सङ्घीय व्यवस्थापश्चात् पनि पूनर्संरचना हुन नसकेका क्षेत्रहरूमा उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम रहेका छन् । सङ्घ र प्रदेशका बिचमा समानान्तर रूपमा संरचना बन्ने एवम् पपुलिस्ट हुने धारणाबाट संस्थाहरू खुलेका छन् । यी दुई क्षेत्रमा चुनौतीहरू थपिएका छन्, अझ बढेका छन् । यतिका बाबजुदले मुलुकले लाभ पाइरहेको छ भनेर चित्त बुझाउनु परेको छ । शिक्षामा भौतिक पूर्वाधारको समुचित प्रयोग गर्न सकिएको छैन ।

हाल देखिएका समस्या तथा चुनौतीहरू कति कानुन नबनेर सिर्जना भएका छन् भने कतिपय अभ्यासको क्रममा विधि र पद्धति पालना नगरेर सिर्जना भएका छन् । स्थानीय र प्रदेश तहमा क्षमताको अभावले कतिपय कार्यहरू गर्न सकिएका छैनन । सङ्घमा भद्दा संरचना छ भने तल जनशक्तिको अभाव छ । यस्ता विषयहरू सङ्घीयतापश्चात् भए गरेका अध्ययन अनुसन्धानहरूले पनि देखाएका छन् ।

## ६. शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्समा भएका सबल पक्ष एवम् सम्भावनाहरू

नेपालमा सङ्घीय सन्दर्भको शैक्षिक गभर्नेन्सका बारेमा मूल्याङ्कन गर्ने समय भइसकेको छैन । एकात्मक शासन प्रणालीबाट सङ्घीय स्वरूपमा रूपान्तरण भएको अवस्थामा सङ्क्रमणकाल लामो हुन सक्छ । एकात्मक व्यवस्थामा रहेका संरचना त बदलिए । तर तीनमा प्रशिक्षित जनशक्तिको माइन्डसेट बदल्न समय लाग्छ । मानिस स्वभावैले टाढाबाट गर्भन हुन चाहने भएकाले सेवा सुविधा नजिकबाट र गर्भन टाढाबाट हुन चाहन्छ । जनशक्ति र नेटवर्क छ तर यिनको परिचालनमा ध्यान दिन आवश्यक देखिन्छ ।

छोटो समयमा भए पनि सङ्घीय व्यवस्थाले शिक्षामा केही सकारात्मक सङ्केतहरू ल्याएको छ । विद्यालय शिक्षाले स्थानीय स्तरमा अभिभावक पाएको छ । संवाद बढेको छ । अन्तरक्रियाले बुझाइमा निखारता ल्याउँदै छ । योजना बनेका छन्, केही मात्रामा भए पनि क्षमता विकास भएको छ । पूर्वाधारहरू बनेका छन् । सरोकारवालाहरूको सहभागिता र हस्तक्षेप बढेको छ । तर समयमा कानुन बन्न सकेन, काममा समन्वय हुन सकेन । योजनामा दोहोरोपन बढ्यो, मापदण्ड पालनामा समस्या देखियो ।

कुनै एक सरकारको सफलताले मात्र सङ्घीयता सफल हुने होइन । तर स्थानीय सरकारको सफलता वा असफलता, जस वा अपजस सङ्घीयता र गणतन्त्रको सफलता असफलता र यसको भविष्यसँग जोडिएको छ । त्यसकारण स्थानीय सरकारको भूमिकालाई अत्यन्त महत्त्वपूर्ण मानिएको छ । सङ्घ र प्रदेशले स्थानीय तहलाई जति मात्रामा सहयोग गर्न सक्छन् जति मात्रामा यी स्थानीय तहलाई बलियो बनाउँछन् । नेपालमा सङ्घीय अभ्यासको सफलता यसैमा निर्भर गर्छ ।

नागरिकसँग प्रत्यक्ष रूपमा जोडिदिने स्थानीय सरकार भएकाले यसलाई प्रतिस्पर्धी रूपमा हेर्न हुँदैन र यसले पनि केन्द्र र प्रदेशसँग प्रतिस्पर्धा गर्न हुँदैन । सङ्घीय शासन व्यवस्थामा एकभन्दा बढी सरकार हुन्छन् भन्ने बुझेर नै तीन तहका सरकारका बिचमा साझा बुझाइ बनाउन लाग्नुपर्छ, सहकार्य र समन्वय गर्नेतर्फ लाग्नुपर्छ । एकले अर्कोको सहअस्तित्व स्वीकार गर्न सक्नुपर्छ । केन्द्रले प्रदेश र स्थानीय तहलाई सहयोग गर्नुपर्छ । कुनै एक तहको अकर्मण्यताको असर अरू सबैमा सजिलै पर्न सक्ने भएकाले यसमा सबैले ध्यान पुऱ्याउनुपर्छ ।

## ७. अबको बाटो अर्थात् भावी मार्गचित्र

Wong, Knupling, Kolling and Chebenova (2017) को अध्ययन माथि दिइएका अन्य सन्दर्भ सामग्रीहरू र अनुभवका आधारमा विद्यमान सङ्घीय स्वरूपमा नेपालको शैक्षिक व्यवस्थापन एवम् गभर्नेन्सलाई थप प्रभावकारी बनाउन उपयोगी हुने केही उपायहरू देहायमा सुझाइएको छ :

- सङ्घीयता कार्यान्वयनका क्रममा शैक्षिक प्रशासन एक अवस्थाबाट अर्को अवस्थामा जाने क्रममा केही समय सङ्क्रमणकालबाट गुज्रनुपर्छ । प्रदेश र स्थानीय तहको संस्थागत पूर्वाधार र क्षमता विकासमा समय लाग्ने भएकाले केन्द्रले केही समयसम्म नीतिगत रूपमा मार्गदर्शन र समन्वय गरिरहनु उपयुक्त हुन्छ । नमुना कानुन बनाएर उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग उपलब्ध गराउनु उपयुक्त हुन्छ ।

- केन्द्र, प्रदेश र स्थानीय तहका बिचमा अन्तर समन्वयलाई बलियो आवश्यकताअनुसारका संयन्त्र र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनुपर्छ जसले ठाडो र समतलीय समन्वयमा सहयोग गर्न सकोस् । वित्तीय सन्तुलन कायम गर्न फन्डिङ मापदण्डमा पुनर्विचार गर्नुपर्छ ।

- शैक्षिक प्रशासन पुनःसंरचना गर्न उच्चस्तरीय सङ्घीयता कार्यान्वयन तथा प्रशासनिक संयन्त्र बनाई कार्यान्वयनमा ल्याउनु उपयुक्त हुन्छ जसले कानुनी संरचना तयार गर्ने, कार्यात्मक, प्रक्रियागत तथा कर्मचारी व्यवस्थापनमा तीनै तहलाई सहजीकरण र सहयोग गर्न सकोस् ।

- केन्द्रले क्षेत्रगत मापदण्ड तयार गरी प्रदेश र स्थानीय तहका निकायलाई सहयोग गर्नुपर्छ ।

- विद्यालय शिक्षा संविधानत स्थानीय तहको कार्यक्षेत्रमा परेको हुनाले स्थानीय तहमा हाल कायम रहेको सङ्गठन, संरचना र जनशक्तिको पुनरवलोकन गर्नुपर्छ । केन्द्रमा नीति, मापदण्ड, कानुन, योग्यता जस्ता विषयलाई व्यवस्थित गर्न सानो चुस्त संस्था कायम गर्नुपर्छ । एउटा स्थानीय तहभन्दा बढीमा परेका विषय क्षेत्र र स्रोतले एक्लै धान्न नसक्ने विषयहरूलाई प्रदेश मातहत राखिनुपर्छ । केन्द्र र प्रदेशले गर्ने कार्यहरू पनि वित्त हस्तान्तरणमार्फत जाने व्यवस्था गरी कार्यान्वयन एकीकृत प्रणालीबाट गर्न उपयुक्त हुन्छ ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा नेपाल सरकारले कानुन, नीति, मापदण्डको जिम्मा लिई कार्यान्वयनको जिम्मेवारी प्रदेश सरकारलाई दिनुपर्छ । ठुला प्रविधि चाहिने बहुप्राविधिक शिक्षालयमात्र नेपाल सरकारले सञ्चालन गर्नुपर्छ । गुणस्तरको सुनिश्चितता र सम्बद्धता नेपाल सरकारका निकायसँग राख्नुपर्छ । छोटो अवधिको तालिम स्थानीय तहको नेतृत्व र समन्वयमा गर्न उपयुक्त हुन्छ । यस शिक्षा र तालिमका लागि सानो चुस्त सङ्गठन संरचना केन्द्रमा र आवश्यकताअनुसारको संरचना प्रदेशमा चाहिन्छ ।

- उच्च शिक्षा नीति, कानुन, समकक्षता, गुणस्तरको सुनिश्चितता केन्द्र सरकारले तय गरी सञ्चालन स्वायत्तता सम्बन्धित शैक्षिक संस्थालाई दिनुपर्छ । उच्च शिक्षा प्रदान गर्ने केन्द्र र प्रदेशका शैक्षिक संस्थाहरूको बिचमा समन्वय र राष्ट्रिय मापदण्ड पालना गर्न गराउन केन्द्रीय तहमा बलियो निकाय आवश्यक हुन्छ । उच्च शिक्षामा भर्ना

हुनका लागि इलिजिबिलिटी टेस्ट गर्ने व्यवस्था केन्द्रीय सरकारले मिलाउनुपर्छ । प्राध्यापकका लागि न्यूनतम मापदण्ड केन्द्रीय तहमा तय गरिनुपर्छ । साथै सरकारले शैक्षिक क्यालेन्डर स्वीकृत गर्नुपर्छ ।

उल्लिखित नीतिगत मार्गदर्शनभित्र रही संविधानका प्रावधान र मुलुकको आवश्यकता एवम् अवस्थासम्मलाई ध्यानमा राख्दा शिक्षाको समग्र अधिकार र कार्य विशिष्टीकृत रूपमा देहाय बमोजिम तीन तहमा बाँडफाँड गर्दा उपयुक्त हुन्छ :

(क) निरन्तर शिक्षा, साक्षरता र पुस्तकालयका सम्बन्धमा केन्द्रले राष्ट्रिय नीति र मापदण्ड तय गर्ने । साक्षरताको कार्यान्वयन पालिकाबाट हुने । पुस्तकालयमा तीनै तहले काम सक्ने

(ख) बाल विकास र पूर्व प्राथमिक शिक्षाको राष्ट्रिय मापदण्ड र नीति केन्द्रले तय गर्ने । यिनको स्थापना, अनुमति, समायोजन, सञ्चालन र नियमन पालिकाबाट हुने

(ग) विद्यालय शिक्षाको राष्ट्रिय मापदण्ड र नीति केन्द्रले तय गर्ने, विद्यालय स्थापना, अनुमति, समायोजन, सञ्चालन र नियमन पालिकाबाट हुने तर विशेष विद्यालय, नमुना विद्यालय, विज्ञान विषय सञ्चालन हुने विद्यालय र कक्षा १२ सम्मको सिप विकास गर्ने प्राविधिक र व्यावसायिक विद्यालयका सम्बन्धमा पालिका तहसमेतको अपनत्वमा प्रदेशले समन्वय गरी सञ्चालन गर्ने

(घ) शिक्षक विकास र व्यवस्थापनको राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गर्ने । स्थायी हुने व्यवस्था शिक्षक सेवा आयोगबाट हुने । हालका शिक्षकलाई तहगत प्रणालीमा लैजान केन्द्रले आवश्यक कानुनको व्यवस्था गर्ने । सबै शिक्षकको जवाफदेहिता पालिकातर्फ हुने व्यवस्था गर्ने । पालिकाको सहमति लिएर मात्र एक तहमाथिबाट सरुवा हुने व्यवस्था गर्दा चेक एन्ड ब्यालेन्स हुने । अब खुल्ने दरबन्दी स्थानीय सेवाको हुने । हालका शिक्षकलाइ पनि समायोजन गर्ने । बढुवा र सजायको हकमा काम गर्ने समिति संरचनामा गई एक तहमाथिबाट हुने व्यवस्था गर्ने । शिक्षक सरुवा, बढुवा र सजायसम्बन्धी व्यवस्थाका सम्बन्धमा माध्यमिक तहका लागि प्रदेशसम्म र आधारभूत तहका लागि पालिका तहमा कायम गर्ने विकल्पमा उपयुक्त उपाय खोज्ने । प्रमाणीकरण हुने तालिम कार्यक्रमको कार्यान्वयन प्रदेशबाट गर्ने । पुर्नताजगी तालिम रोस्टर बनाई पालिकाबाट सञ्चालन गर्ने । तालिमका लागि विश्वविद्यालयसँग सहकार्य गर्ने

(ङ) पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कन एवम् विद्यार्थी उपलब्धि परीक्षणको राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गर्ने । ऐच्छिक विषयहरू र स्थानीय विषय पालिकाको सिफारिसमा प्रदेशबाट तय हुने । कक्षा ५ र ८ को परीक्षा पालिकाबाट, कक्षा १० को परीक्षा प्रदेशबाट र कक्षा १२ को परीक्षा केन्द्रले गर्ने । नियमित उपलब्धि परीक्षण प्रदेशले गर्ने र आवधिक राष्ट्रिय उपलब्धि परीक्षण केन्द्रले गर्ने

(च). सिप विकास तालिमको राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गर्ने, प्रादेशिक नीति प्रदेशले बनाउने, कार्यक्रम कार्यान्वयन पालिकाले गर्ने

(छ) बहुप्राविधिक शिक्षालयको राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गरी ठुला उपकरण मेसिन र प्रविधि चाहिने नमुना शिक्षालय केन्द्रले सञ्चालन गर्ने । प्राविधिक शिक्षालय प्रदेशले सञ्चालन गर्ने । पाठ्यक्रमको खाका, समकक्षता, सिप परीक्षण, विद्यार्थी मूल्याङ्कनको ढाँचा केन्द्रले तय गरी कार्यान्वयन प्रदेशले गर्ने । प्रमाणीकरण र समकक्षता केन्द्रले गर्ने

(ज) उच्च शिक्षासम्बन्धी राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गर्ने जसमा शैक्षिक क्यालेन्डर, स्तर निर्धारण, समकक्षता, शिक्षकको योग्यता, विद्यार्थी मूल्याङ्कन आदि पर्छन । समन्वय र नियमन विश्व विद्यालय अनुदान आयोगबाट हुने । सञ्चालनमा स्वायत्वता विश्वविद्यालयहरू र प्रदेश तहलाई हुने । विश्वविद्यालयहरू केन्द्र र प्रदेशको साझेदारीमा सञ्चालन गर्ने मोडालिटी लिन उपयुक्त हुने । नेपाल जस्तो मुलुकका लागि उच्च शिक्षाका प्राविधिक शिक्षा प्रादेशिक रूपमा सन्तुलन केन्द्र र प्रदेशको लगानी र सह व्यवस्थापनमा सञ्चालन गर्न उपयुक्त हुने । नयाँ नयाँ खोल्नेभन्दा पनि भएका संस्थालाई विशिष्टीकृत विधा सञ्चालन गर्ने ढङ्गबाट विकास गर्न उपयुक्त हुने ।

(झ) नो अब्जेक्सनसम्बन्धी र वैदेशिक शैक्षिक कार्यक्रम सम्बन्धन एवम् नियमनसम्बन्धी कार्य केन्द्र सरकारको जिम्मा रहने

(ञ) केन्द्र र प्रदेशले विधागत उच्च शिक्षा कार्यक्रम सञ्चालन गर्दा तत् विषयका क्षेत्रगत मन्त्रालयसँग समन्वय गरेर ती स्रोतसाधन र सुविधाको समुचित परिचालन हुने ढङ्गबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने

(ट) शैक्षिक संस्थाहरूमा सञ्चालक समिति, अभिभावको सहभागिता, सामाजिक परीक्षणसम्बन्धी विषयमा तत् तत् तहको जिम्मेवारीबमोजिम काम गर्ने । तर यसको नीति र मापदण्ड केन्द्रले तय गर्ने

(ठ) फन्डिङसम्बन्धी नीति र मापदण्ड केन्द्रले तय गर्ने । प्रदेश र स्थानीय तहले आफ्नो नीति बनाई कार्यान्वयन गर्ने । फन्डिङ नीति र अनुदान प्रणालीलाई वित्त आयोगले पारदर्शी र अनुमान योग्य बनाउने

(ड) होस्टल सञ्चालन, कोचिङ कक्षा सञ्चालन, सामुदायिक केन्द्र, बाचनालय, भाषाकक्षा जस्ता विषय स्थानीय तहबाट अनुमति एवम् नियमन हुने व्यवस्था गर्न उपयुक्त हुने

(ढ) केन्द्रले मानक कानुन तय गर्ने । सो सँगको तादम्यतामा प्रदेश र स्थानीय तहबाट आफ्नो कानुन जारी हुने । यी कानुनको बिचमा सामान्जस्यता र तादाम्यता कायम गर्न कानुन आयोगले हेर्ने

(ण) तीन तहको बिचमा समन्वयका लागि हालका संयन्त्रलाई नै चलायमान बनाई तहाँबाट संस्थागत निर्णय गर्ने र कार्यान्वयनमा लैजाने व्यवस्था गर्ने । यी संयन्त्रहरूलाई जति मात्रामा क्रियाशील बनायो आपसी विश्वास सोही मात्रामा बढाउन सकिने

(त) तीन तहबाट प्रभावकारी सेवा प्रवाहका लागि हालको सङ्गठन संरचनामा पुनरवलोकन गरी कामको भारका आधारमा सङ्गठन र जनशक्ति रहने व्यवस्था गर्ने । स्थानीय तहमा संरचना र जनशक्ति व्यवस्था गर्न समुचित मात्रामा ध्यान पुऱ्याउनुपर्ने

(थ) केन्द्र र प्रदेशका जिल्लामा रहेका कार्यालयहरूबाट एकीकृत सेवा प्रवाहको अवधारणअनुरूप सेवा प्रवाह गर्ने वातावरण मिलाउन विषयगत मन्त्रालयहरूले केन्द्र र प्रदेशका कार्यालयहरूलाई एउटै छानामुनि राख्ने व्यवस्था अवलम्बन गर्ने । साविकका जिल्लाका कार्यालयहरूमा यस्ता कार्यालयहरूको व्यवस्थापन गरेपछि स्थान अभाव भएमा मात्र भाडामा भौतिक पूर्वाधार लिन पाउने व्यवस्था गर्नुपर्ने

(द) अनुगमन र मूल्याङ्कनको राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गर्ने, प्रदेश र स्थानीय तहबाट समेत आफ्ना नीति, योजना तथा कार्यक्रम तय गर्ने

(ध) क्षमता विकासको राष्ट्रिय नीति र मापदण्ड केन्द्रले तय गर्ने । प्रदेश र स्थानीय तहले नीति, मापदण्ड र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने

(न) अनुसन्धान र विकासको राष्ट्रिय नीति, मापदण्ड र ठुला स्वभावका अनुसन्धान कार्य केन्द्रले गर्ने, आफ्ना विषय र क्षेत्रमा ससाना अनुसन्धान र विकासका कार्य प्रदेश र स्थानीय तहले गर्ने

## ८. निष्कर्ष

शिक्षाको राष्ट्रिय नीति तथा मापदण्ड नेपाल सरकारले तय गरी प्रदेश र स्थानीय तहका साथमा सिटिइभिटी र विश्वविद्यालयहरूलाई नीतिगत रूपमा निर्देश गर्नुपर्छ । विद्यालय शिक्षाको हकमा स्थानीय तहलाई कार्यान्वयन र प्रदेश तहलाई समन्वय गर्ने कार्यमा केन्द्रित गर्न हालको जनशक्ति र सङ्गठन संरचनामा पुनरवलोकन गरी तिनको समुचित व्यवस्थापन गरी क्षमता विकासमा जोड दिनुपर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा नेपाल सरकारको नीतिगत व्यवस्था एवम् मापदण्डबमोजिम कार्यक्रमहरू प्रदेश तहबाट कार्यान्वयन हुने व्यवस्था चाहिन्छ । छोटो अवधिका तालिम स्थानीय तहको नेतृत्व र समन्वयमा कार्यान्वयन हुने व्यवस्था हुनुपर्छ । उच्च शिक्षामा केन्द्र र प्रदेशका विश्वविद्यालयलाई नीतिगत रूपमा केन्द्रले निर्देश गरी यिनका बिचमा सहकार्य र समन्वय गर्ने ढङ्गबाट हालका संरचना र स्वायत्तताको परिभाषामा पुनरवलोकन गरी उपयुक्त कदम चालिनुपर्छ ।

## सन्दर्भ सामग्री

उप्रेती, एसपी (२०७९) । विश्वमा सङ्घीयताको इतिहास : कुन देशमा कति सफल ? नेपाल प्रेस २०७९ चैत्र १३ *https://www.nepalpress.com/2023/03/27/307566/*

नेपाल कानुन आयोग (२०७२) । नेपालको संविधान । नेपाल कानुन आयोगको वेबपेजः *https://lawcommission.gov.np*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७४) । सङ्घ, प्रदेश र स्थानीय एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३ । काठमाडौँ, नेपाल

शर्मा ढकाल, प्रकाश (२०७८) । प्रशासनिक सङ्घीयता : कहाँ चुक्यौँ हामी ? अनलाइन खबर २०७८ पुष २९ गते । *https://www.onlinekhabar.com/2022/01/1065139*

Bulmer, E.(2017). Federalism. International IDEA Constitution Building Primer 12. Sweden: International IDEA.

Burns, T.& Köster, F.(2016). Modern governance challenges in education. In Burns, T. and Köster, F.(eds.)(2016). Governing Education in a Complex World, Educational Research and Innovation, OECD Publishing, Paris.*http://dx.doi.org/10.1787/9789264255364–en*

Hess, F.M. and Kelly, A.(2015). More than a slogan. *https://www.usnews.com/opinion/knowledge–bank/2015/09/15/5–reasons–federalism–in–education–matter*

Karmis, D. and Norman, W.(2005). The Revival of Federalism in Normative Political Theory. In Dimitrious Karmins and Wayne Norman (eds.), Theories of Federalism. New York: Palgrave, 2005, Pp3–21.

Montes, R. N. Jr (2014). Federalism and Multi–culturalism. Understanding Federalism.*https://localgov.up.edu.ph/uploads/1/4/0/0/14001967/montes_understanding_federalism.pdf*

Wong, K. K.; Knupling, F., Kolling, :. and Chebenova, D.(2017). Federalism and Education. Cross–National Lessons on Governance, Standards and Accountability for the 21st Century. Forum of Federations, 2017. Forum of Federations. The Global Network on Federalism and Developed Governance. Occasional Paper Series Number 22

Wong, K. K.; Knupling, F., Kolling, :. and Chebenova, D.(2020). Federalism and Education. Cross–National Lessons on Governance, Standards and Accountability. First Online 16 December 2020. Reformbaustelle Bundesstaat.

# Practicing Project-Based Learning (PBL) in Schools

✍Babu Ram Dhungana, PhD*


## Abstract

*There has been a notable shift in the approach to teaching and learning, moving from a teacher-centered model to one that focuses on the learner. This change has led to the adoption of innovative pedagogical methods such as project-based learning (PBL), where students engage in meaningful learning experiences. PBL is an instructional approach where students actively participate in real-world projects that are personally relevant, enhancing their learning. It is becoming increasingly popular in educational settings, emphasizing critical thinking, collaboration, and communication. Students work on projects over extended periods, addressing real-world issues. The 2077 school-level curriculum mandates the use of PBL to its full potential. Despite its many benefits, implementing PBL in Nepal faces challenges, including the need for teachers to understand and support its implementation.In order to raise awareness about project-based learning and cultivate the skilled workforce required in all schools, it is imperative for all levels of government, the media, and all universities operating in the country to collaborate closely.*


## 1. Context of the Study

In recent years, there has been a significant shift in the teaching and learning paradigm from a teacher-centered approach to a learner-centric one. The reason behind the new curriculum change is not only to align education with the shift from a unitary system to federalism in governance, but also to improve the quality of education at the school level. This includes addressing the evolving needs of contemporary society and fulfilling individuals' needs through foundational learning. The ultimate aim of the curriculum is to effect behavioral change in learners without hindering others. This curriculum is characterized by its focus on competencies, particularly skills rather than limiting theoretical understandings, contextualization, and inclusivity. The key to the success of curriculum implementation lies in the strategies adopted by the system. One noticeable change in the new school-level curriculum is the emphasis on encouraging

* Retired Under Secretary, Government of Nepal

teachers to actively engaged learners in the learning process through enjoyable activities.

Changing by 180 degrees from its original practice of leaning assessment, the provision of internal assessment, diverting the text into context, has been established through innovative pedagogy. Student assessment is replaced by learning assessment, aiming to encourage additional learning by identifying the current position without causing distress to learners. There is also an opportunity for self-assessment, which is crucial for improvement through self-motivation in one's own way. The entire school education system has been transformed into an integrated learning system, with the degree of integration varying by level. Additionally, the foundational curriculum for grades one to three is based on a theme-based approach, where learning is informally assessed through formative assessment. Moving from a multidisciplinary approach to integration, it is now shifting towards a transdisciplinary approach to teaching and learning at this level. This pedagogical shift requires innovative pedagogical approaches such as project methods, where students engage in meaningful learning. It remains largely the same even in higher grades up to the secondary levels. There is a provision for fifty percent internal assessment up to grade eight, while twenty-five percent internal assessment is provided up to grade twelve of the secondary level.

In recent days, the project method has become increasingly popular in various subjects and grades. However, not all teachers are familiar enough with it. In the academic arena, there is less discussion on pedagogical matters, which makes the issue clearer. The teacher professional support system is weaker, hindering the fulfillment of curricular needs. This paper intends to highlight the use and importance of the project-based learning approach for meaningful learning at the school level.

## 2. Meaning and Definitions of the Project -Based Learning (PBL)

Project-Based Learning (PBL) is an instructional method in which students participate in real-world projects that have personal relevance, promoting their learning. It is an approach that enables students to gain knowledge and skills through the completion of projects focused on authentic challenges and issues.

Project-Based Learning (PBL) is increasingly common in educational settings, with diverse implementations. It emphasizes critical thinking, collaboration, and communication. Students undertake projects spanning from weeks to terms, addressing real-world problems. They demonstrate their skills through public presentations, cultivating deep content knowledge and various skills. PBL creates an energetic, creative atmosphere among students and teachers alike.

John Dewey is acknowledged as one of the early advocates of project-based education, or at least its principles, through his concept of "learning by doing." Project-based learning stands with the Swiss psychologist Jean Piaget's "situated learning" perspective and constructivist theories. Jean Piaget expressed, "Knowledge is a result of experience”.

In 2011, Thomas Markham described project-based learning (PBL) as follows:

*"PBL integrates knowing and doing. Students learn knowledge and elements of the core curriculum but also apply what they know to solve authentic problems and produce results that matter. PBL students take advantage of digital tools to produce high-quality, collaborative products. PBL refocuses education on the student, not the curriculum—a shift mandated by the global world, which rewards intangible assets such as drive, passion, creativity, empathy, and resilience. These can not be taught out of a textbook, but must be activated through experience*”.

Project-Based Learning (PBL) is a teaching method where students:

- investigate and respond to an authentic, engaging, and complex question, problem, or challenge over an extended period of time.
- acquire deeper knowledge through active exploration of real-world challenges and problems. Engage in real-world projects that promote deep learning and critical thinking skills.
- address specific real problems through projects that showcase their understanding of class content and yield tangible results.
- construct projects using existing knowledge, problem-solving skills, and determination.

Larmer and Mergendoller (2010) defines a comprehensive project-based learning:

- is organized around an open-ended driving question or challenge.
- creates a need-to-know essential content and skills.
- requires inquiry to learn and/or create something new.
- requires critical thinking, problem solving, collaboration, and various forms of communication, often known as 21st century skills.
- allows some degree of student voice and choice.
- incorporates feedback and revision.
- results in a publicly presented product or performance.

This approach puts the students at the center of the learning process, emphasizing their needs, interests, and abilities (Goff, 2023). It is a powerful educational

philosophy that seeks to empower students and transform them into active learners.

## 3. The Need for the Project-based Learning

Project-based learning motivates students to tackle challenging problems or questions through reflection, developing and devising solutions for an authentic audience. This approach benefits students by offering opportunities for profound learning and skill development, addressing authentic and relevant challenges that reflect lifelong learning characteristics. It serves as an authentic assessment and evaluation method. Each student project aims to respond to an intriguing question, resolve a problem, or tackle a challenge. Ultimately, students showcase their acquired knowledge by developing a public presentation or product for a genuine audience.

In the pedagogical elaboration of various subjects, project-based teaching and learning are emphasized to their fullest potential in developing problem-solving skills, localizing issues, and enhancing critical thinking. Two examples are provided here to justify the necessity of project-based learning in student assessment for grades four to eight and grades nine to twelve. The school-level curriculum of Nepal (2077) allocates fifty percent of the weightage for internal assessment, including attendance and participation in learning, terminal examinations, and experimentation or project work.

| Attendance and participation in learning | Scores obtained from terminal examinations | Experimental work/project work | Total marks |
|---|---|---|---|
| 4 | 10 | 36 | 50 |

Marks for the experimental or project works are allocated as follows:

| SN | Bases | Elaboration for the bases | Scores |
|---|---|---|---|
| 1 | Experimental or project works | Enquiry/observation/experiment/(data collection, entry, analysis, and conclude) | 10 |
